

# लक्ष्मी निबन्धसङ्ग्रह



महाकवि लक्ष्मीप्रसाद देवकोटा

# लक्ष्मी निबन्धसङ्ग्रह

महाकवि लक्ष्मीप्रसाद देवकोटा

प्रकाशक : साझा प्रकाशन
संस्करण : साझा प्रकाशनबाट सत्रौं पटक
वि. सं २०६४ (३१०० प्रति)
आवरणकला : टेकवीर मुखिया
मूल्य : रु. ७०।–
मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६
ISBN: 978-99933-2-615-1

# प्रकाशकीय

उही किताप हो । यही किताप हो ।

संवत् २००२ सालमा यसको 'परिचय' दिँदै ने. भा. परिषद्का अध्यक्ष श्री पुष्करशमशेरले लेख्नुभयो–

"राजर्षि श्री महाराजको उच्च उद्देश्यबमोजिम...डाइरेक्टर जनरलबाट तयार गर्नू भन्ने मर्जी बक्सेबमोजिम...निकालेका पुस्तकमध्येको यो हो ।"

अनि २०१९ सालमा ने. भा. प्र. समिति र ने. भा. परिषद्का संयुक्त अध्यक्ष भएर यसैको परिचयमा श्री भीमनिधि तिवारीले भन्नुभयो–

"बहुमुखी प्रतिभा लक्ष्मीप्रसाद देवकोटाज्यू (द्वारा)...यो किताब त्यसै बेला अर्थात् २००२ सालमा लेखिएको हो । यद्यपि ने. भा. परिषद्ले उहाँलाई केही खुवाउन सकेको थिएन सिवाय किम्बुका हरिया पात । तैपनि उहाँले यस्तो रेशम ओकलेर नेपाली भाषा साहित्यलाई विभूषित गरिदिनुभयो । यो उहाँको उदारता हो ।"

निष्कर्ष निस्कन्छ यसबाट यो–

नमरी देवकोटाले चाहिंदो सम्मान पाएनन्, यो एउटा कटु सत्य हो, र यसैलाई अर्को 'लक्ष्मी-निबन्ध' भने हुन्छ– सबभन्दा छोटो निबन्ध, तर सबभन्दा महत्त्वपूर्ण, महाकविको जीवनको निबन्ध– 'लक्ष्मी-निबन्ध ।'

तिवारीज्यूले भन्नुभएको, देवकोटाज्यूको यो 'रेशम'-को अधिकारी भएर अब साझा प्रकाशन आएको छ । त्यो 'रेशम' नेपालीमात्रलाई सर्वसुलभ गराउने हाम्रो कर्तव्य भएको छ । हाम्रो प्रबन्ध 'लक्ष्मीनिबन्ध' जस्तो नहोला, प्रतिभाले नछोएकाले; तर प्रयत्न हामी गर्नेछौं– महाकविको सेवा गर्न पाएकोले ।

संवत् २०२४ क. दी.

# भूमिका

'कभर्ली पत्र'मा मिष्टर आडिसन साहेबले भूमिकाको परिचायक महत्त्वलाई झल्काएर आफ्नो परिचय पाठकलाई दिएको तवरले मैले यो भूमिका लेख्ने काम गर्नु मलाई ठीक लागेन । कारण, मेरो परिचय मेरै प्रबन्धहरूले साफसँग त्यस पाठकलाई दिनेछन्, जो सच्चा श्रद्धाको आँखा लगाएर तिनलाई पंक्तिका बीचबीचमा पढ्नेछ ।

यहाँ लेखिएका प्रबन्धहरू विभिन्नताको मौजी मसलाको महक लिएर चहकिला बनेका होलान् कि भन्ने आशा राखेको छु । कहीं म प्रबन्धभित्र आफैं घुसेको छु– व्यक्तित्वको रङ रँगाएर आफूलाई चिन्न तथा चिनाउनको लागि । कहीं आफू अलग्ग बनेर प्रकृतिको र जगजीवनको नाटकीय अध्ययन गर्ने दर्शकका रूपमा उपस्थित छु । यहाँ वर्णन पाइने छन्– चित्रात्मक वर्णनहरू– जहाँ गद्यचित्रकार बनेर रङ र छायाद्वारा वस्तु प्रतिविम्बको कलामा अग्रसर पाइनेछ । पाइनेछन् यहाँ समालोचना पनि– जहाँ मानवबुद्धि अरूका कृतिउपर आफ्नो विवेकशक्तिलाई लहडी आनन्दका समयमा तिखार्छ । यहाँ गफ पनि छन् जसको आत्म-अनुभवलाई रसिलो रङ्गिलो बनाएर, बढाएर वा घटाएर समेत श्रोतृवर्गका सामुन्ने रुचिकर बनाउन र अल्सी समयलाई रमाइलो बनाउनु हो । यी प्रबन्धमा म कविजस्तो केही मात्रामा देखिन्छु, किनकि कवितात्मक कल्पना-प्राचुर्य र कविताशक्ति धेरै ठाउँमा स्पष्टतया झल्किरहेका होलान् । मर्दगद्य लेख्न अरूहरू आउनेछन् तर यहाँ शायद पोथी-गुण होला– एक किसिमको रङ्गीचङ्गीपन मनपर्ने सजीव कोमलता जो बौद्धिक शक्तिहरूसँग भन्दा हार्दिक कोमलतासँग सम्बन्ध राख्तछ । मैले 'श्रीगणेशाय नमः' मा नै भनिसकेको छु, रौंचिरा दर्शन होइन; न हो पाण्डित्य-दर्शनको ठ्यासफु ! यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरूरत छैन । यो

एक किसिमको धूर्त बदमाश ठिटो हो– जो सडकमा हिंड्दा कहिले-कहिले ढुङ्गा हान्छ, कतै-कतै आनन्दले फुलेर हेर्दछ, तर घोरिंदैन-पाठघोकुवा, 'हलन्ते'को मिजाजले । यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो । यो टेबिल-गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन, न त वमन-वेदान्त । यसमा ठर्रोपना हुँदैन, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ । चुरोट खाँदै साथीभाइसँग चुट्किलो जेहेन देखाउने ताश गन्जिफा गफजस्तो यो प्रबन्ध हलुका क्षणको शृङ्गार हो । रमरम बुद्धि मात्रको दावा राख्तछ । यो मूर्ख हुनुमा घिनाउँदैन यदि मूर्खतामा पनि एक किसिमको साहित्यक रस भरिएर विनोदकारी बनोस् ।

यस किसिमको रचना नेपालीमा प्रचलित नभएकोले मैले यसतर्फ हातको कुतकुती नोकदार कलमले चुट्किलो तवरसँग मार्ने एउटा मीठो प्रयत्न गर्न खोजेको हुँ । म कति मात्रामा सफल बनेको छु, त्यो ता पाठकवर्गको युग-युगको समालोचनाले अन्दाज दिँदै जाला, तर म हरएक दिन आफूसँग मीठो गफ गर्दै तृप्त भएको थिएँ– त्यस ठाउँमा जहाँ चिसो मेचमा ठण्डा कलम कोरेर मानिसहरू साहित्य लेख्ने गर्दछन्– याने भाषानुवाद-परिषद् अड्डामा । तर यी विषय अड्डाका थिएनन्, म स्वतन्त्रताको बगदादी कारपेटमा बसेर प्रबन्धरानीलाई हावामा उडाइरहेको थिएँ । अनुभवबाट अतीत तथा वर्तमान मैले छानवीन गर्दै रसिला चीजहरूको नाश्ता बनाएँ– या चमेना– अल्छी कोठरीमा हलुका पाठकवर्गका डफ्फा बोलाएँ– केही छैन सादा आलु-तामा ।

**लक्ष्मीप्रसाद**

# निबन्ध-क्रम

श्री गणेशाय नमः/१
पहाडी जीवन/६
मेरी शिशु/१५
सुकुलमाथि/१७
लेख्ने बानी/१९
नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष/२२
पाँचौटा चाहिने कुराहरू/२७
सरिताको कलकलमा/३२
मान्छे-जादू/३६
हाइ हाइ अंग्रेजी/४५
के नेपाल सानो छ ?/५१
वीरहरू/५८
भलादमी/६१
फूल/६५
आषाढको पन्ध्र/७०
कला र जीवन/७५
गधा बुद्धिमान् कि गुरु ?/८७
हास्यरस/९०
कविराजको च्याङ्ग्रे खच्चर/९५
छन्द र लय/९९
कल्पना/१०७

कुम्भकर्ण/१२०
साधुको माहात्म्य/१२७
मसलाको बोटले के हेर्छ ?/१३३
वैराग्य/१३८
आकार र अभिप्राय/१४३
नेपाली गुण्डो/१४८
पण्डित लेखनाथ पौड्यालको विषयमा/१५१
सुस्तरी श्वास फेर/१५८
आमाको दिल/१६५
शिक्षा/१७०
गौरी-शंकर यात्रा/१७७
जूवा/१८१
जुँघा/१९२
एउटी चरीको चिरीबिरी/१९७
मान्छेलाई घडीबाट हानि/२००
सत्य सोझो हुन्छ/२०३

# श्रीगणेशाय नमः

आरम्भ गर्दा अन्त्यको बारेमा त्रास रहनु स्वाभाविक भएको हुनाले हामी हिन्दूहरू गणेशजीको शुभ नाममा हृदयलाई आधार दिन्छौं। सिद्धि र बुद्धि दुवैका मालिक भएका हाम्रा सूँडवाल भुँडे देवता कार्यको आरम्भमा पनि अधिष्ठाता बन्नुहुन्छ। जुनसुकै मनोवैज्ञानिक दृष्टिले हेर्दा देवताको आधार लिन खोज्ने स्वाभाविक प्रवृत्ति मनुष्यको अपूर्णता र त्यसको परिणामरूप आत्मविश्वासको कमीमा नै उत्पन्न हुन्छ। ज़वानीको जोश र सफलताको स्वयंविकासी हौसला पाउने भाग्यवान् सफल साहित्यिकले गणेशजीको त्यत्तिको कदर नगरोस् तापनि मेरो हिन्दूहृदयमा त अनेक न्यूनता र अपूर्णताका चैतन्यको त्रास चिसो भएर पस्तछ र म प्रकृतिवश या त सरस्वतीको चिह्न या त श्रीगणेशाय नमःको रुद्रीचण्डीक्रमको स्मरण नगरी सक्तिनँ। शायद बाहुनको छोरो भएको हुनाले हो कि ?

आजकाल नाटकमा सूत्रधार र नटीको नाक काटिएको युगमा, पचासहाते नालिश छोटचाउने ऐनसुधारको अवस्थामा लर्ड म्याकलेका प्रसिद्ध प्रबन्धहरूलाई 'गन्थन प्रस्तावले चिच्याटलाग्दा' भन्ने समालोचना हुने बीसौं शताब्दीमा, जब चिठीमा 'उप्रान्त' काटिएर 'प्रिय महाशय' लेखिन्छ यस्तो 'श्रीगणेशाय नमः'को आरम्भ सच्चा चश्माबाज आधुनिक पाठकलाई त के मन पर्ला र! तर म के लेख्न लागें, कुन विषयमा कसरी यी कुराको बारेमा केही विवरण यहाँ दिन अनुचित होओइन कि जस्तो लागेर अगाडि बढ्दछु।

सच्चा पाठकले पहिले चाहन्छ–केही लेखकसँगको परिचय यसकारण, मलाई एउटा हरियो बाला हाल्दो चियाबारी नामको हावाको लहरमा सरसराउँदो खेतको फैलावटउपर मसलाको बाङ्गोटिङ्गो अग्लो वृक्षनेर त्रिचन्द्र कलेजको पूर्वपट्टिको रातो झ्यालनेर अनेक लेखकहरूका

बीचमा बसेको कल्पना गर्न सक्नुहुन्छ। विचारशून्य क्षणमा आफ्ना सहवासी लेखकहरूका चेहराहरूको अध्ययन गर्दै वा नीलो पहाडी पर्खालले परिवेष्टित पूर्वपट्टिको दृश्य हेर्दै, बीचबीचमा घोप्टिंदै लेख्दै गरिरहेको भावना चित्रण गर्न सक्नुहुन्छ।

म भन्न सक्तिनँ कि म कहाँ काम गरिरहेछु र के काम ? न यो साहित्यको यन्त्रालय हो न यो नेपाल-संसारको नवजागरणको उद्‌बोधन विभाग। तर यहाँ मलाई कर छैन; दबावट छैन; स्वेच्छाको सजिलो पखेटा फिंजारिन्छ, यन्त्रबृत्तिको कार्य छैन; म यहाँ बसीबसी सारा संसारको भ्रमण गर्न सक्तछु। यो अफिस, अफिस होइन; यो मेरो लेख्ने कोठा हो। नेपाल सरकारको मगजकारखाना हो।

यही घण्टाघरले शासन गरेको 'स्थापित १९१८' अङ्कित त्रिचन्द्र कलेजको कार्यालयभित्र नेपालका प्रमुख मगजहरूको तालीम, पोषण र तयारी भइरहेको छ। यहीं जवानीका सपनाहरू उम्लिरहेछन्, यहीं आधुनिकताले केन्द्र बनाइरहेछ, यहीं नवीन उन्नतिको छामछाम छुमछुम छ, यहीं दाढीवाल विद्वत्ता ती प्राचीन र अर्वाचीन महाविचारीहरूका भाव-उपदेश दोहऱ्याइरहेछन्, बुझाइरहेछन्। यसैमा प्राचीन सभ्यताको भण्डाररूप पुस्तकालय पनि छ, यहीं आधुनिकताका सामग्रीहरू पनि रहेका छन्।

हामी भन्न सक्तैनौं– यो फैलिंदो फुल्दो आँग्लभाषाविद्यालयले नेपाल संसारलाई कति हित गरिरहेछ, खालि हामीहरूलाई आर्यसभ्यता र आर्यसंस्कारबाट वञ्चित गराउन र पश्चिमेका छोटो कोट लाएको, पुतलीजुँघे उल्था बनाउनको मात्र तालीम दिइरहेछ। यस विषयमा भविष्यका समालोचना मात्र काम देलान्।

तर हामी नेपालीलाई अंग्रेजीमा उल्था गर्ने कोशिशमा छौं, जस्तो यहाँका अध्यापकहरू नेपालीलाई अंग्रेजीमा उल्था गर्ने उद्योगमा रहन्छन्। हामी जबसम्म दाढीवाल अध्यापकहरूका व्याख्यानमा थियौं, तबसम्म खालि पश्चिमका यात्री, लन्डनका गल्ली र मिजाजका जिज्ञासु थियौं। अब हामी त्यस ज्ञानलाई भारतवर्षमा ल्याएर हिमालयको काखमा मातृभाषा र मातृभूमिको भविष्य-सपना देख्न लागेका छौं। यहाँ दोतर्फी व्यापार छ, एउटा अंग्रेजी हासिल गर्ने, अर्को अंग्रेजीबाट नेपाली सिंगार्ने र पोस्ने।

तर मलाई त उल्था भन्यो कि वाकक लाग्छ । मैले पनि केही उल्था गरेथें । जस्तो साहित्यको प्राथमिक अवस्थामा गरिन्छ । तर 'प्रसिद्ध प्रवन्धहरू' पातलो भएको कारण उल्थासँगको अप्रसन्नता हो, जो लवज तौलने चिच्याटमा र विदेशी वक्रतामा उठेर आउँछन् । अब म धेरै पंखफुका छु । मलाई कुनै म्लेच्छ पङ्क्तिहरू जबर्जस्ती घिच्याएर नाकडोरी लगाउँदैनन् । म अर्काको भनाइ र शैलीमा नत्थिन्नँ । म सागरपारिका जटिल लवजका छायाभेद तौलेर गर्हुँकाउन्नँ । अब मेरो आफ्नै माकुराजाले मगज छ । जसरी बुन आफ्नै जाल, जति रच आफ्नै स्वादले, जता जाऊ आफ्नै यात्रामा ।

काम पनि क्या मजाको र क्या मिल्दो । लहडदासलाई तरंगभन्दा मजा दिने के होला दुनियाँमा ! बस ! गफ गर । अरूले नसुनून् एक्लै छौ, साथी भए कुरा काट्ने थियो, यहाँ त एक अदृश्य पाठक छ, जो सधैं सुनिदिन्छ, जो चाख लिन्छ, जो 'हाँ' मा हाँ गर्दछ, 'होइन' मा होइन । म यता पल्टाउँछु र उता, न बहस न बहसको बाजे । न न्यायका रौं चिर्ने भेदहरू, न नियमको चौखुऱ्याहट, न शैलीको बाँध ।

म भन्छु 'ए मन, तँ रंगिइजा:–रूपौला लहर झल्काई सिलिङ मिलिङ गरेर सलसली नालाहरू वनमा नागवेली पर्दै पहाडका सजिला फेद कुना खोज्दै समुद्रतिर चलमलाउँछन् । सोझै सागर पुग्ने काम तँलाई छैन, तँ त खेल्न आएको पो ! जीवन भनेको नै लहराउनु, तरंगिनु, चलमलाउनु, गुनगुनाउनु, यो बाटो जा भन्ने नियन्त्रण दिने तँलाई कोही छैन, तँ जा तरंगिई, लहडको लहरीमा, आफूखुशीको आनन्द विश्वमा तैंलाई छ । तँलाई न पुराण भन्नु छ, न गर्नु छ शास्त्रार्थ; कोही किनारडुलुवाको कानमा गुनगुन गर्दै अल्सी क्षणलाई बहलाइदे; केही जीवनको गुनगुने रहस्यझल्का झल्काइदे । एकान्तलाई मीठो पार् र अगाडि बढ्, कतै निर्झरको हाम्फाल्नुले, कतै पतलिएको कलकलले । अहा ! के लहडतरंगले जीवनको सच्चा मुटु छुँदैन र ?

धेरै जना भन्नेछन्, 'यो के गन्थन ! यो के झुत्रे गफाडी गुन्द्रुक हो ?' तर प्रबन्धले र विदेशीले कुरा बुझाउन लिएको बाङ्गो व्यंग्यसहितको मुस्कुराहट साथमा भन्दछ, 'महाशय ! या पण्डितजी, म त हाँस्न, खेल्न र रमाउन मात्र जन्मेको, म एउटा ठट्यौलो रसिलो साथी हुँ । तपाईंको शास्त्र, गर्हुंगो मगज भारी झोक्रयाइ र रौं-चिर्ने बहससँग मेरो गोरु

बेचेको साइनोसम्म पनि छैन । चट्ट एक विषय टिप्तछु लहडी तवरसँग र त्यससँग खेल्दछु म त्यसका कन्सिरीका रौं तताउन्नँ, म त्यसको सीङ पक्रेर पुच्छरको टुप्पोसम्म जाँच्तिनँ । म गहिरो छैन, जुन निसास्सिदो गहिराइमा तपाईंहरू जीवनको सास रोकी डुबुल्की मार्नुहुन्छ, त्यसदेखिन् मलाई प्राकृतिक त्रास छ । म भनेको जीवनको गफाडी टिप्पणी हुँ, म व्याख्यान होइन, न हुँ पाण्डित्य दर्शन । कहिले कहिले एउटा चुरोट च्यापेर टेबिलअगाडि बसेर गफ गर्ने रमाइलो साथी मात्र हुँ ।'

तर त्रिपुंड्रकचन्दनवाला प्राचीनता-प्रेमी गम्भीर महानुभाव बेकोटको पछ्यौरे पोशाकमा बाक्ला आँखीभौं गाँठो पारेर प्रश्न गर्नुहुनेछ–'तब के गफ र गफाष्टक नै साहित्य हो त ? यी आजकलका लेखक असल मगरका नास्ति जुँघा न दाह्री, च्यातेर फ्याँकिदेऊ न यी खोष्टाहरू ! गफ भनेको ता सुन्ने पो हुन्छ । खै यसको साहित्यिक लक्षण ? खै औपदेशिकता र सारात्मक पदार्थ ? न देवाय न धर्माय ? यस्तै बोक्रे खोष्टे छन् आजकल लेखक भनाउँदा ।'

बेचारा हल्के गफाडी प्रबन्धकर्ता कपाल कन्याएर बिन्ती गर्छ, 'खै, यो यस्तै हो । यो टेबिलगफ मात्र हो, शास्त्र होइन । यो एउटा फुर्सतको मनोरञ्जन हो । जब कौमुदीको चिच्च्याहट, दर्शनको लाटोकोसेरो घोराइ, शास्त्रका मगजचक्करीहरूबाट एकछिन पन्छिन र फुर्सत लिन मन लाग्छ, रामेको गफ र चामेको चुट्किलो जवाफ जब सुन्न मन लाग्छ, जो कीराका प्वाल भएका शास्त्रका ठेलीठेलीमा तिरमिराइरहेका थिए, तब यहाँ पाल्नोस् ! यहाँ एउटा रसिलो, हँसिलो, गफाडी, चुट्किलो कुराकानी छ, जसको नाम प्रबन्ध हो ।'

शव्दचातुर्य नै साहित्य हो भन्नेलाई म जवाफ दिन सक्तिनँ । शैलीमा विश्वास गर्नेसँग मेरो बिन्ती यत्ति छ कि म कुनै शैलीका निमित्त लेख्तिनँ, लेख्तछु लेख्नका निम्ति र आफ्ना विचार भावहरूलाई सकभर सच्चा प्रकाशन गर्नका निमित्त प्राकृतिक तबरले जस्तो विषयमा मन जसरी डुल्यो, जस्तो झल्काझल्की फेला पऱ्यो, उस्तै लेखिदिन्छु । राम्रो बनाउने सचेत भावले मनुष्यको कला बिग्रन्छ । म नै तीन मासाको छैन; तीन तोलाको अलङ्कारले के भनूँ ! 'अलङ्कार चन्द्रोदय'का नियमानुसार कविता लेखी, सिंगारी-पटारी राम्रो बन्ने, सचेत अनुकरणबाट सौन्दर्य निकाल्ने मेरो निमित्त रद्दी लेखनदास हुन् । म मै जस्तो छु अरू जस्तो

छैनँ । मैले आफ्नो व्यक्तित्व प्रदर्शन गर्न खुर्सानीको माला लगाउनु पर्दैन; प्राकृतिक भावमा चले मेरो सच्चा रूप निक्लिहाल्छ । म राम्रो बनाएर देखाउन चाहन्नँ, आएको कुरा आओस् । आफ्नो प्राकृतिक पोशाकमा कुराकानी गर्दा अप्राकृतिक भएर कुरा गर्नेभन्दा सोझो, सफा दिल मजाको हो । फरासिलोपनको मनुष्य नै जीवनले रुचाउला ।

प्रबन्ध पनि एक कला हो; तर बनावटी कलाभन्दा प्राकृतिक कला रोचक हुन्छ । मेरो मनमा कला छैन भने खालि तोडमरोड हो । भित्रैबाट संगति मिलाएर कलाको जादूगरी निक्लियो भने त्यसमा दिव्यता देखिन्छ । तर 'म लेख्छु' को भावले कृत्रिम बनोटबाट चमत्कार निकाल्न खोज्दा सचेत प्रयासको पग्लिंदोपना निक्लिहाल्छ ।

यहाँ म जीवनको टीकाकार बनेको छु । वर्णन होस्, वृत्तान्त होस् वा व्याख्यान, जतासुकै पनि म आफ्नो रंगमा आफ्नो ढंगले यो जीवनको घामछायाका अनुभवहरू चित्रण गर्दै सजीव मानव बोलचालमा पाठकसँग कुरा गर्दछु । आफ्नो सुख-दुःख, प्राप्ति-हानि, हार-विजय, आँसु-हाँसो, भाव-भावना, आदर्श सपना, दृश्य-दर्शन झिल्का-झिल्कीहरूका साथ मनोरञ्जन र आत्मप्रकाशन गर्न अग्रसर हुन्छु ।

मेरो श्रीगणेशाय नमः यत्तिकै हो । प्रबन्धको रूप, कला, ढंग, इतिहास, भविष्य इत्यादिमा आलोचना गर्न मलाई ज्यादै थकाइ लागिसक्यो । ओठ चलेपछि कुरा बुझिहालिन्छ भने विस्तृत व्याख्यानको के जरूरत ?

# पहाडी जीवन

मलाई धेरै दिनदेखि पहाडी जीवन हेर्नाको चाख रहेको थियो। मैले गोसाईंथानयात्रामा पहाडहरू देखेको थिएँ, तर पहाडी जीवन देखेको थिइनँ। बाटामा जो देखियो सो प्रतिबिम्बित थिएन। एक दुई झुप्रा, एक दुई बजार, अरू वन, पहाड, बाटोसिवाय देखिएन। माथिमाथि त मनुष्य चरो झैं कहिले लेक-वेसी गर्ने जीवन लिंदा रहेछन्, र जहाँ कटेरो र भेडाहरू रहन्थे उहाँ हिउँदमा खालि तुसाराको निष्कण्टक राज्य मात्र रहने हुँदो रहेछ। अर्को ठाउँमा मैले एउटा आलटालले झोपडीमा सिस्नु पकाएर बच्चालाई खुवाउँदी आमासँग सोधें, 'तिमीहरू यहीं बस्तछौ ?' उसले जवाफ दिई, 'हिउँदमा त यहाँ जमीनै देखिन्न।' केटाकेटीहरू उसिनेको सिस्नासँग ढिंडो खान लागेका थिए, काँढाहरू अलिकति तातोले मर्दा रहेछन्। तैपनि मानव अन्ननलीमा त्यस्तो काँढादार पदार्थले कुकुल्डुक गर्ने ढिंडो घुचेट्दै पुलीसको काम दिएको देख्ता मलाई साह्रै नै दयनीय दृश्य देखेझैं लाग्यो। ती केटाकेटीहरू दुब्ला, ख्याउटे, रातोमाटे रोगनका, चिथरादार बाउन्ने जातिका हाडे मान्छेका नमूना झैं अज्ञानका जङ्गली आश्चर्यदार आँखा उठाएर मलाई हेर्दथे। तिनका निम्ति जीवन दगुर्नु या धूलोमा खेल्नु थियो। आमा रहुञ्ज्याल माग्नेभन्दा एक कक्षाउपर रहने-जस्ता थिए। मलाई मनमा लाग्यो कि बिचरा जङ्गली बिरुवाहरूलाई कठ्यांग्रिंदो फूल खंग्र्याउने तुषारमय अज्ञान र दारिद्र्यबाट निकालेर आफ्नो घरमा लैजाऊँ र विशाल संसारको सभ्य चमत्कृति र जीवनको होश अलिकति हालिदिऊँ कि। मलाई अक्सर त्यहाँ शिशुहरू बटुल्न या तालीम गर्न मन लाग्दछ जो टुहुरा, मरञ्ज्यासे र ज्यादा जङ्गली हुन्छन्। तिनको भविष्य-निर्माणको सम्भावनामा उपन्यास बनेजस्तो देख्तछु र मलाई तिनको संस्कृत आत्माहरूले प्रतिभाशील उन्नतिमा देखाउने कृतज्ञताभन्दा ठूलो प्राप्ति दुनियाँमा अरू लाग्दैन। तर समय र

अवकाशलाई मानव संकल्पहरूले हरहमेशा धिक्कारिरहेकै छन् । मैले तिनलाई शायद सोधेंसम्म, तर त्यहाँभन्दा ज्यादा आफ्नो हितैषितालाई बढाउन सकिनँ ।

म बाटामा तरंग गर्दै जान लागें । यो तुषाराको विशाल शासनमा जहाँ मानवता नै अन्धो हुन्छ र कठांग्रिन्छ; जहाँ जीवन धूलोमा उम्रिन्छ र छोटो वसन्तभरि धूलोमा लटपटिएर फुल्दछ र आखिरमा धूलोमा मिल्दछ, जहाँ खानु, खोस्नुभन्दा ठूलो समस्या छैन; जहाँ घरको नाममा चार घोचा र सुकेका झारको दुईचार महीने छत हुन्छ, जहाँ समाजको नाममा चार जनाको जुटाइसिवाय अरू केही छैन, त्यस्ता ठाउँमा पनि मनुष्य सरुवा डुलुवा जीवन लिंदै घाम र न्यानो हावाको खोजमा हिंडिरहेछ । उसका निमित्त संसार कञ्जूस छ, प्रकृति मख्खीचूस छिन् । पृथ्वीले करबलले सिस्नु र मकै दिन्छिन् । यस्तो ठाउँमा मनुष्य किन आयो होला ? केको मजाले ? कुन आनन्द लिन ? खालि काँढा खान, खालि तुषारोले चिथोरेका थोरै पत्तीहरू झैं उभिन; हावाका दाह्राअगाडि ठकठकाउन; बिजोग देखाउन ! पिडौंला कहिले पनि नछोपिने शिशुहरू निरक्षर बनेर जङ्गली जनावर झैं नाच्तछन्, र जीवन भन्नु खालि कुकुल्डुक र रातोमाटे गाँड बढाउने पानीसिवाय केही देखिन्न ।

मैला चिथरा चेहराहरूले बिजोग देखाइरहेछन् र तिनमा सांग्राको लक्षण र न्यूनता छ । मेरो आँगमा ४० रु. को नीलो कश्मीराको कोट थियो, ती आँगहरू भ्याङ्प्वाल थिए । म ३० रुपियाँको सिलिस्किनको टोपी लगाउँथें तर ती खप्परहरू टुपी देखाउने चिथरे घेरालाई शिरपोश मनाउँथे । मलाई त्यस्तो लाग्यो कि म त्यहीं कतैतिर बसूँ । जीवनको नवीनतालाई, अध्ययनलाई, तिनका सुधारलाई, तिनका जीवन सिकाउनलाई म एक जना त्यहाँ बसे कति गर्न सक्ने थिएँ, कति अँध्यारो हृदयलाई उज्यालो पुऱ्याउने थिएँ । कति कुरा आफैं थाहा पाउने थिएँ । त्यस्तो आत्मसमर्पणमा निष्काम प्रेम र भक्तिको विशाल आनन्द मिल्दथ्यो र शायद यस्ता सेवाहरूद्वारा म मनुष्यजातिको हृदयनजीक पुगेर पछि संसारसामुन्ने केही सच्चाइले बोल्न सक्ने हुन्थें । शायद ईश्वरले मलाई केही अंशमा छोएर धर्मराउँदो सभ्यतालाई ठीक बाटोमा लगेर मानवजाति स्थिर राख्ने तत्त्वहरू यहाँ झल्काइदिने थिए । बी० ए० पास भएर सुधारकहरू तुरही हुन्छन्, योगी हुँदैनन् । उनीहरू भीडअगाडि गर्जन्छन्,

तर कुनाकाप्चा र अखबारले नोटिस नलिने ठाउँमा बोलेर निष्काम भावले अविचलित आनन्दसँग मौनसेवा गर्न चाहँदैनन्, उनीहरू ढोलक पिट्न चाहन्छन्, ठूलो हुनु र भँगेराका टाउका जत्रा अक्षरमा नाम चढाइमाग्नु उनको ध्येय हुन्छ, न कि सुधार। यदि म यस्ता ठाउँमा यिनीहरूसँग बस्न र काम गर्न पाऊँ, म कति मूल्यको बन्दथें। कम से कम आफ्नै नजरमा एक जन्तुलाई विशाल जीवनको राम्रो होश दिन पाए, म एक नवीन संसारको स्रष्टा झैं आफूलाई मान्दथें। त्यहाँ जीवनलाई रेखा दिनु, रंग दिनु, प्रशस्त थियो। आफै त्यसै ठाउँमा घनिष्ठ प्रभावका रूपमा नघुसी त्यहाँ सुधार हुँदैनथ्यो। 'आ !' मैले सोचें, 'माथिबाट ताराहरूले झल्का दिन्थे, म एकान्तमा स्वर्गमा झिल्काहरू टिप्तथें र त्यहाँ जीवनदीपावली बनाएर एउटा जीवनको जूवा खेल्ने थिएँ। म प्रकृतिको नजीक रहन्थें, विशाल र रहस्यमयको छेउमा, र त्यहाँ मानवहृदयपटमा चित्रकारी सिक्तथें र यिनीहरूलाई संसारको उज्यालो देखाएर जीवनको मूल्य लिन्थें।' मलाई एक गरीबलाई सर्वस्व दिन मन लाग्छ, अथवा कम से कम दुईचार सय एकै पल्टमा ! त्यसको कृतज्ञता हेर्न ! त्यसको सम्भावना हेर्न।

मलाई पनि उही कमजोरी छँदैछ जो अरू शिक्षित पुरुषहरू अनुभव गर्दछन्–समयको, स्थानको, गृहस्थी बन्धनको इत्यादि। दुनियाँ हामी कमजोरउपर सदा प्रभावकारी छँदैछ। हामी जित्न सक्तैनौं, दुनियाँले जित्छ। हामी शक्ति बढाऊँ भनेर आत्मशक्ति व्यय गरिरहेछौं, विलास भनेर दुःख पाइरहेछौं, प्रसिद्धि भनेर सुधारलाई उधार बनाउँछौं। समयको बोलावट, स्थानको आह्वान र आत्माका आमन्त्रणलाई हामी कमजोर मनले पर पन्साउँछौं, सदा उनान्सयबाट सयका आशमा र साङ्ग्रा कुराको पासोमा हामी त्यसै विकम्मा भएर जान्छौं। एक जीवन बनाउनु एक संसार रच्नु झैं छ, तैपनि हामी आफ्नै जीवन बनाउन खोजेर खाल्टामा पर्दछौं। चट्ट मनमा राम्रो संकल्प कहिले आए पनि हामी दबाउँछौं, किनकि यसलाई कार्यहरूमा परिणत गर्नु नै कठिनताको उकालो छ भन्ने हामीलाई पहिले नै विशाल याद छ। यसै गरी आत्मा देखिन्छन् र जो ईश्वर दीनका चेहराबाट पुकारिरहेथ्यो, ऊ थाकेर आखिर मौन रहन्छ।

सुधार त्यहाँ हुन सक्तैन, जहाँ जीवन अक्षरको रेखासम्म चिन्न

सक्तैन भन्नु हमेशा मूर्खता हो । तिनै स्याँठिला ठाउँ पनि, तिनै ढुङ्गादार क्षेत्रमा पनि हामी चमत्कार देखाउन सक्ने थियौं । त्यहाँका प्रतिभा पनि फुलेर आउँथे । कोदो अलि मीठो हुन्थ्यो, तीते फापरमा अर्कै स्वाद आउने थियो, ढिंडोबाट पनि अर्कै ताकत । सिस्नाको रस पनि टोल्हाएर पहाडपारिका दुनियाँका चमत्कारहरूको सपना देख्तथ्यो, प्रकृतिका किताप पढ्न मानिस चतुर बन्दथ्यो, र त्यहाँ पनि नेपाली हृदयहरू सत्य र सुन्दरको माधुर्य बुझेर लहराउँथे, मानवकर्तव्य बुझ्दथे, कला जन्मिन्थी, जीवन अभिप्रायशील बन्दथ्यो, विशाल नेपालले स्पर्श गर्दथ्यो । म त यस्तो ठाउँमा एक सारङ्गी लिएर गीत गाउँथें, पृथ्वीनारायणका र पृथ्वीराज चौहानका । धूलोमा अक्षर काट्ने थिएँ, रूखका बोक्रामा चित्रहरू । विहान र बेलुका स्वर्ण दृश्यअगाडि घुँडा टेकेर हात जोडेर आँखामा आँसु भरेर ती पहाडी शिशुहरूलाई बोलीले नभेट्टाउने धर्म सिकाउने थिएँ, अनि रसायनका बोक्सी रङहरूले तिनीहरू चकित हुने थिए । भौतिक शास्त्रका झिलिमिली देखेर ती आँखा तर्कले भरिएर आउँथे, अनि ज्योतिषले तिनीहरूलाई राती राती आकाश हेर्ने बनाउँथ्यो, माटाका पृथ्वीहरू र मैनबत्तीहरूले भूगोल देखाइदिन्थे, तसवीरहरू बनाउँदै या झिकाउँदै तिनीहरूलाई चित्रकुटीमा डुलाउँदथे; अनि कहानी सुनाइदिन्थें, कहिले हँसाउने कहिले रुवाउने ! पहाडका कथा र सागरका कथा, सभ्यताका कथा ! अनि कविताहरू सरल सरल ढंगका सुनाइदिन्थें, तिनीहरू पग्लेर आउँथे र त्यसका प्रवाहमा आफै छन्द टिप्तै आफ्ना मनका भावहरू प्रकाश गर्न सक्ने थिए ! तिनीहरूलाई मुरली र सारङ्गी र प्राकृतिक तवरका बाजाहरू बनाइदिन्थें । म धाई हुन्थें पहाडी शिशुहरूका, र तिनीहरू अतीतको कथामा कान लाउँदा-लाउँदै सुतेर प्राचीन बेबिलोन र सिकन्दरका सपना देख्तथे । यहाँ मेरा निमित्त जीवन निर्माणको आनन्द हुने थियो–उनीहरूका निमित्त फुल्नु, फैलिनु र फराकिलो हुनु । तर मेरो भाग्यमा यो दिइएको थिएन, म प्रेमचन्द्रको आत्माभन्दा धेरै सानो थिएँ, म आदतको शिकार थिएँ, चलनको दास । संकल्पसम्म ईश्वरको निगाहले गरें तर कार्यमा पुऱ्याउन अनेक जीवनको परिष्कृतिबिना आत्मालाई दिएको थिएन । मलाई घरले यता तान्दथ्यो, उता आदतले । बच्चा र स्त्रीहरूका अनेक आवाज र रुवाइ हावामा खँदिलो हुन लागेको मैले देखें र शिक्षाको प्राकृतिक कमजोरी भन्ने आफूलाई सम्झेर अरू

यात्रीहरूकै साथमा अगाडि बढें ।

मलाई यसपालीको यात्रा उस्तो केही मजाको लागेन । आफ्ना बयोवृद्ध मान्यजनहरू साथमा थिए र आफ्नो उमेरका मिल्दा ठिटाहरू कम थिए । न उनीहरूमा प्राकृतिक अध्ययनलाई चाख थियो, न उनीहरूमा औपन्यासिकता नै थियो (बाटामा कहिले तरुनी भोटेनी भेटे जिस्कनुसिवाय) न कुनै वनस्पतिज्ञ थिए, न कसैलाई सोभ्रो बाटोबाट अलिकति यताउता बाङ्गिन टेढिन मन लाग्दथ्यो । 'ठिमिलेयात्रा' भन्ने नाम म यसलाई दिन्छु–सरासर दगुऱ्यो, ठाउँमा पुगेर सरासर फर्किएर आयो । प्राचीन ऋषिहरू यसरी जरूर यात्रा गर्दा होवैनन् । हामीलाई सधैं फुर्सतैको कमी छ । न केही नगर्नुमा नै जीवन बित्तछ; केही नदेख्नुमा नै हामी 'वाहवाह' पाउँछौं । एकदुई कुरा यसो टिप्पणीसम्म वरावर कोही गर्दथे, तर ध्यान, भावना र प्राकृतिक सूक्ष्म अध्ययन उनीहरूमा शून्य थियो ।

मैले बाटामा एउटा भोटेनीहरूको नाच देखें जुन बडो रमाइलो थियो । पुरुषहरूभन्दा स्त्रीहरू राम्रा, गुलाफी रङ्गका बलिया होलान् जस्ता देखिन्थे । तिनीहरू हँसिलो चेहराका, मङ्गोलियन कटका, साना दाँतका, राताराता घिउ-घिउ गह्नाउने, रातो कोट र सत्रन्जी जस्ता जामा लगाएका, पुड्कापुड्का ठिटीहरू थिए । तिनीहरू नाचेको निक्कै रमाइलो देखिन्थ्यो । खुट्टा हलुका तवरले बराबर उचाल्दै झार्दै, बराबर हातले पनि शान गर्दै, मसिनो सुरिलो स्वरले गीत गाउँथे तामाङ बोलीमा र शायद एउटा भोटे मुरली हो कि के बजाउँथ्यो र नाच्तथ्यो । नृत्य नै तिनीहरूको कला र विलासको नाममा एउटा वरदान भएजस्तो बुझिन्थ्यो । अरू तवरले तिनीहरू गरीब थिए तर नृत्यमा बडा धनी र सुन्दर जस्ता देखिन्थे । यी नृत्यहरू प्राकृतिक थिए, पहाडमा लहरा नाचेझैं गुलाफी रङका फूलहरू गालामा फुल्दथे । यहाँ कृत्रिमताको लेश थिएन, प्राकृतिक तवरले हाँस्तथे, प्राकृतिक तवरले नाच्तथे, बोल्दथे त्यसै प्राकृतिक तवरले, तर सब तवर राम्रो थियो र रसिलो । खुट्टाका छिटा बलिया, कामका सिपालु तामाङ्नीहरू पहाड चढ्ने र ओर्लने आदतहरूमा नै नृत्यका अभ्यास पाउँथे । यहाँ तिनीहरूलाई न दम चढ्दथ्यो न कसरत जस्तो लाग्दथ्यो र तिनका स्वरहरू मसिना, चरा जस्ता थिए– पहाडमा जन्मेका र पहाडमा पंख उम्रेका, नबुझिने तर मीठा ज्यादा अनुस्वार भएको स्वर थियो, मानौं–

'एङ्गो सङ्गो झाझे झेङ्गा
राङ्गा राजे तिप्लिङजोङ्गा !'

जस्तो लहरी बडो छिटो तरल पहाडी जल ओर्लिएझैं द्रुत लयमा खुट्टाका चालसँग मिलेर नाचिरहेको छ ! र तिनीहरू हाँस्तछन् मुसुमुसु हामी नौला परदेशी देखेर, मानौं जलका लहरीमा मुस्कान नाची-नाची खेलिरहेछ । वृन्दावन पुगें तर उराठ, धुलाम्मे चिच्याटलाग्दो, मोहनीहीन ! तर यहाँ चढें धेरै उच्चतामा । यहाँ पहाडको झर्नादार काँधमा एउटा रमाइलो कुञ्ज बनोस् त पूर्णचन्द्र उदाउँदाखेरि यिनीहरूसँग नाच्न कृष्णजी ओर्लिन्थे ! तर अपशोच कुञ्ज यहाँ पनि छैन । चार-छ महीना मात्रको वास छ, घाम लाग्दा मात्र यहाँ यिनीहरू चढ्छन् र बराबर यात्रीका अगाडि वृन्दावनका नृत्यकलाहरू झल्काउँछन् । नृत्यमा नै पहाडी जीवनको सभ्यता छ, नृत्यमा नै यसको प्राकृतिक चाल छ, मानिसका गोडा कल झैं ओर्लिन्छन्, हावा झैं चढ्दछन् र कामबाट फुर्सद पाउनासाथ ती गोडा नाच्तछन् । पुराना-पुराना गीतहरू मुरलीमा बज्दछन्, कोरस चल्दछ र श्रमको जीवन सङ्गीतमय बनेर सबै पहाडी चिडियाका स्वर मिलेझैं अविदित अर्थले गुनगुनाउन थाल्दछन् ।

यी शेर्पिनीहरू बडा राम्रा हुन्छन् र बलिया पनि ! तर यिनीहरूमा सफाइको परवाह ज्यादा देखिन्न, मैलाको वास्ता गर्दैनन्, उस्तो नुहाउँदैनन्, वर्षका एकबाजि नुहायो भने चोखो शेर्पा भयो । यिनीहरू साना-साना झुप्रा बनाएर बस्तछन्, खेतीपाती नै यिनको प्रधान वृत्ति छ, सोझा देखिन्छन् र बडा साधु देखिन्छन् । यद्यपि यिनीहरूमा उज्जण्ड बडा डरलाग्दा हरामज्यादा हुन्छन् रे भन्ने किंवदन्ती छ । यिनीहरूलाई नजिस्काउञ्जेल केही गर्दैनन्, तर रीस उठेपछि यिनीहरू सोझाको भयङ्कर क्रोध देखाउँछन् ।

तर, गोसाईंथानको यात्राबाट मात्र मैले पहाडी जीवनको राम्ररी अनुभव पाउन सकिनँ, किनकि यो यात्रा अघि भनेजस्तो ठिमिले तवरको थियो । पहाडी जीवनसँग अलि राम्रो परिचय मैले झिल्टुङमा पाएँ । बाटो बडो राम्रो थियो शायद चैनपुरसम्म त्यहाँपछि अलि खडबडाए पनि उस्तो उकालो पर्दैनथ्यो । तैपनि मलाई तीन दिन लाग्यो, अरू पहाडीहरूलाई एक दिनको बाटो । बाटामा उस्तो रमाइलो दृश्य केही देखिएन । महेशखोलाको लामो रेखा र एक-दुई पहाडका रमणीय

चित्रहरूसिवाय अरू चीज वर्णनीय मैले देखिनँ, शायद मेरो मनको अवस्था ठीक नभएको होला । कोल्पुखोला तरेर एउटा जङ्गल भएको पहाड चढ्यौं । झिल्टुङ भन्ने त्यही रहेछ ।

झिल्टुङ नामको पहाडमा ज्यादा बाहुनहरू बस्ता रहेछन्, त्रिशूलीनदी तलतिर बगेको रमणीय दृश्य देखिंदो रहेछ । यसलाई बाहुनगाउँ भने पनि हुन्छ । ढुङ्गाका एकतले घरहरू ज्यादा देखिन्छन्, खरले छाएका, काला झ्याल भएका, रातो माटोले धेरैजसो पोतिएका, अलि खाइलाग्दा झोपडीहरूका ढोकाहरू बुट्टा काटेर सजाइएका, पिँढीदार झोपडीहरू तल्लो छानामा पाकेका फर्सीहरू पहेंलिएर टम्म रहेका, काँढादार बारहरूले बारिएका, भिराला खेतहरू र साना-साना बगैंचा जस्ता बारीहरू बनाएका, जहाँ केराका बोटहरू, सुन्तला, भोगटेहरू देखिन्छन् र एक-दुई ठाउँमा लिचीका बोटहरू पाइन्छन् । माटो अलि ढुङ्गिलो र रातो किसिमको हुंदो रहेछ । हरेक घरमा गोठ देखिन्थ्यो, जसमा गाई, भैंसी, गोरु बाँधिएका देखिन्थे, कतै केही भेडा र बाखीहरू पनि । तिनलाई चराउन सान-साना आठ-दश वर्षका छाउराहरू पनि निर्भीक तवरले हातमा लठ्ठी लिएर धपाउँदै हिंड्थे ।

पोशाक पनि यहाँ आफ्नै किसिमको थियो । बाक्ला कोराका भोटाहरू नै पोशाकका प्रधान अङ्ग थिए, र तिनीहरूमा नलीदार तुनाहरू सुर्काउने पारिएका देखिन्थे, त्यसउपर कोराको बाक्लो पटुका कसेर हावाको बचाउ गर्ने आदत देखिन्थ्यो, एउटा सेतो कोराको टोपी र घुँडासम्म आउने नै कोराको धोती–यत्तिले पोशाकको पूरापन चित्रण गर्न सकिन्छ । कोही-कोही लबेदा लगाउँथे घरबुना जस्तो कोठे र घुँडासम्म पुग्ने । स्वास्नीमान्छेहरू छीटको ज्यादा प्रयोग गर्दछन् र रातोको रुचि गर्दछन्, एकआँठे कपाल ज्यादा बाट्ने गर्दछन् र काम गर्दा घुँडासम्म फरिया उचालिने गरी बाक्ला पटुकाले बेर्ने गर्दछन्, डोको बोकेर घाँस काटेर वस्तुलाई खुवाउने गर्दछन् । अक्सर स्वास्नीमान्छेहरूको बदला यो काम लोग्नेमान्छेको हातबाट हुन्छ, तर लोग्नेमान्छे नभएका वेलामा अथवा उनीहरूले काम नभ्याएका वेलामा, स्वास्नीमान्छेहरू नै अगाडि सर्दछन् । स्त्रीहरूको अरू काम कूचो बढार्ने, पनेरामा गएर पानी ल्याउने, भकारो सोहोर्ने, बिस्कुन सुकाउने, ढिकी चलाउने, जाँतो पिँध्ने र भात पकाउने हुन्छ । स्त्रीहरू बडा बलियाबाङ्गा र कामले

गठिला हुन्छन् । लोग्नेमानिसहरू बराबर शहर जाने, तेल, कपडा, नून, किनमेल गर्ने गर्दछन् र घरमा बस्ता गाई-भैंसी फुने, गोठाला जाने काममा लाग्दछन् । कामबाट फुर्सत मिलेपछि पिँढीमा बसेर हुक्का टुरटुराउँदै गफ गर्दै रहन्छन्, छिमेकीहरूका मामलो र बन्दव्यापार, मुद्दा र झगडाहरूमा टीका-टिप्पणी गर्दछन् र एक्लै भए भने भानुभक्तको रामायण लिएर फलाक्ने गर्दछन् ।

एउटा चौतारो छ । ठूलो बरको हाँगादार बोटलाई ईंटले बारेर बाटुलो पिँढी उठाएको छ, र त्यसका छहारीमा ती पहाडीहरू बस्तछन् र मध्याह्नको धूपबाट बचाउ लिन्छन् । त्यहाँ कहिलेकहिले नाच र गान पनि चल्दछ । कोही गाउँखाने कथा हाल्छन्, कोही मुरली बजाउँछन्, जब गाईभैंसीहरू यताउति चरिरहेका हुन्छन् । यहाँ केटाकेटीहरूलाई पढ्नको उस्तो जरूरत देखिंदैन र यिनीहरू पढ्नभन्दा कामलाई नै ज्यादा रुचाउँछन् । बराबर यही बरमनि यिनीहरू लुकामारी खेल्दछन्, नाच्तछन् र गीत गाउँछन् । केटाकेटीहरू दूध दुहुने, भैंसी चराउने, घाँस काट्ने काममा बहुत चतुर हुन्छन् ।

यहाँ पानीको कमी छ–एउटा पहाडको कुनामा ढुङ्गा रसाएको जस्तो सानो कुवा छ, खोक्रो ढुङ्गामा पानी रसाएर भरिएको पानी बहुत निर्मल छ, सारा झिल्टुङलाई त्यसैले पुऱ्याउँछ, तर दुई हात गहिरो छैन ।

झिल्टुङ शान्त छ, सोझो छ, लगरीझगरीबाट दूर छ, चाहिने कुरा फलाउँछ, शानरवाफमा विश्वास गर्दैन, सीधासाधा जीवन नै आर्यको आदर्श देख्तछ, सब विश्वास श्रद्धा, भक्ति र सनातन रीतिथितिमा अडेको छ । ब्राह्मणहरू यहाँ गोठाला र किसानरूपमा रहन्छन् । यिनीहरू अरू तलाशभन्दा पृथ्वीलाई कोर्नु, बाट्नु, सिंगार्नु नै निको मान्दछन् । गठिलो शरीर, तन्दुरुस्ती र ऋणमा नडुब्नु नै यिनलाई जीवन जस्तो लाग्छ । यिनीहरू आफ्नै हातले उमार्दछन्, गोड्दछन्, फलाउँछन् र खान्छन् । आफ्ना-आफ्ना टुक्रामा आफ्नो-आफ्नो किस्मत गर्नु नै मुख्य ध्येय छ । ढुङ्गिलो भिरालो पहाडको छातीबाट यिनीहरू आफ्ना चाहिंदा चीजहरू निकाल्दछन् र यिनीहरूलाई खरखुशामद र झूटा, बाङ्गा चालको जरूरत छैन । आफ्ना-आफ्ना टुक्रालाई सानो स्वर्गसमान बनाएका छन्, कोरी, बाटी, सिंगारी र यो आत्मसन्तोषी सौन्दर्यको उचाइमा उनीहरू

दृढविश्वासी, सच्चा नेपाली पहाडका पुत्र बनेर आर्य-सभ्यताको नमूना देखाउँछन् ।

यहाँ शहरको झिलिमिली छैन, न घर्घराहट जसले मानवताका कलपुर्जाहरू थर्थराउँदै घर्घराउँदै जीवनको प्राकृतिक आर्यपना खलबल्याउँछ, यहाँ कृत्रिमता छैन जसले मनुष्यआत्माउपर अत्याचार गर्दछ । जीवन प्राकृतिक छ, चाल रसिलो, फराकिलो । खानामा विष हालिंदैन, पहाडको दूध पोसिलो छ, यद्यपि दुहुन गाहारो होस् । आलस्यका निमित्त अवकाश छैन, काम नगरी खान कसैको बूता हुँदैन, पृथ्वीमाताको दूध दुहुनुभन्दा प्राकृतिक कार्यहरू केही बुझिन्न र यो उच्च हावामा त्रिशूलीको शान्त प्रवाहउपर बसेका यी ब्राह्मणजाति स्वर्गका देवताहरूको नमूनारूपमा देखिन्छन् ।

यहाँ टुना, मन्त्र, मोहनी, जन्त्र, जादू, झारफूक, धामी, वीर इत्यादिमा ज्यादा विश्वास देखिन्छ, धार्मिक कल्पनाले गर्दा बिरामीलाई बिगारसँग सम्बन्धित गराएर शरीरजन्य रोगलाई पनि मानसिक विकारका रूपमा हेर्ने गर्दछन् । यो अन्धविश्वाससँग सम्बन्ध राख्छ तापनि म त्यसलाई विविध अध्ययन पाउँछु । मानवविश्वास, चलन, रीति र रिवाज कति प्रभावकारी हुन्छन्, त्यस कुराको विषयमा प्रशस्त गौड गर्न मौका भेट्टाउँछु । यहाँ न्युमोनिया छैन, थाइसिस भए पनि बिगारको रूपमा विश्वासको भरमा ईश्वरपुकारा, पूजा, मन्त्र आदिबाटै पन्छाइन्छ । खुट्टामा घाउ लागे पनि मानिस फुक्तारहेछन् र मानसिक क्रियाहरूद्वारा धेरै चमत्कार पनि देखिंदो रहेछ र जहाँ विश्वास र हावामा रहेको पत्यार काम गर्छ, त्यहाँ हामी जस्तो वैज्ञानिकलाई उस्तो प्रभाव गर्न सक्तो रहेनछ ।

यो ठाउँ वेदको केन्द्र बनोस्, वैदिक सभ्यतासँग यहाँको आधुनिक सभ्यताको सम्बन्ध राख्तछ । खुला पाठशाला हुँदा ध्यानलाई प्रशस्त अवकाश पाइन्छ, शान्त उचा जग्गामा प्रशस्त उन्नति हुन सक्तछ । यो आर्यग्रामको रूपमा सम्बन्धित रहोस्, विज्ञानमा भन्दा ज्यादा विश्वास र श्रद्धालु कल्पनामा जोड दिएर मानवजीवनको प्रगतिको अध्ययन होस्; सादा जीवन र उच्च विचारको आदर्शमा यसको उन्नति होस्; यसका अभावहरू मेटिऊन्, सानो स्वर्ग बनोस् ।

# मेरी शिशु

जब मैले त्यस वालकलाई नानी भन्न पाएथें, उसको तोतेले म व्यूँझँदै गएँ, ऊ बढ्दै गई । उसले मलाई बाबुको हृदय बुझाउन लागी र मलाई ईश्वर छ जस्तो लाग्यो । बाबु नभएको दुनियाँ कसरी धर्मराउँदो हो, अरण्यमा आधार नपाए जन्तु कसरी जिउँदा हुन् । मलाई नरम र कोमल सब चीज आएर त्यसवेला स्पर्श गर्थे, जब मलाई देखेर उसका दुई-आधारे नजर मुस्काउँथे । म सानो ईश्वर बनेझैं उसको दुनियाँलाई आधार दिन्थें, ऊ प्रकृतिले नै बुझिरहेकी थिई । उसको आफूमाथिको आधार देखेर मलाई लाग्दथ्यो कि हत्यारो हुनु या हिंसा गर्नु मानवप्रकृतिको विरुद्ध रहेछ । मैले कोपिलाहरूलाई चुँड्न सकिनँ, घाँसका मुनाहरू उखेल्न सकिनँ । मलाई गाली गर्न मन लागेन तिनीहरूलाई पनि, जो मेरो भोलापनबाट फाइदा उठाएर मलाई नै डस्न खोज्दथे ।

आफूमा आधार र पूर्ण विश्वास लिने बस्तु पाउनु मलाई कुबेरको जस्तो लाग्यो । मैले जुगानुजुगका प्रेम बुझें । मलाई उसका निमित्त एउटा सानो, रमाइलो दुनियाँ बनाउन मन लाग्यो । त्यसमा फूलको कोमलता र सुगन्ध भर्न मन लाग्यो । मलाई एउटा माली बनूँ-बनूँ लाग्यो र बीउ बिनी-बिनी रोपूँ जस्तो लाग्यो । मेरा भावनाहरू अप्रकट थिए तर हृदयले हृदयलाई नबताए पनि त्यसै बुझ्दथ्यो ।

ऊ बिरामी हुन्थी, बराबर मेरो हृदय जापक बन्दथ्यो । म अविदितको पुजारी बन्न लाग्थें, जब उसको आत्मा दुःखको शब्द निकाल्न लाग्थ्यो ।

मैले मेरो जीवन बुझें त्यस वेला, जब उसले आधार खोज्दथी !

म कथा भन्न लागें, भन्दाभन्दै तिनमा विश्वास गर्न लागें, रामचन्द्र र कृष्णजी साँचा हुन् भन्ने उसैले बुझाउन लागी ।

म आगोमा बसेर पानी भईभई उसलाई हेर्दछु ! म हत्याराहरूसँग

क्रूर लडाइँ गर्दागर्दै उसको चेहरा हेरेर कोमल हुन्छु, मलाई स्वर्गको आगो चोर्न मन लाग्छ, जब उसको नजीक हिंड्दै आउन लागेको देख्तछु !

म अल्सी हुन सक्तिनँ उसका अगाडि, अनन्तसँग हरहमेशा जवाफदेही राख्तछु ।

मलाई आटलास नामको राक्षस बनाएर अनन्त कालसम्म आकाश र नक्षत्रका भार बोकेर बस् भने पनि म बस्न सक्तथें–खालि शिशुको लागि । परमेश्वरका अनन्त दुःख बालकले गर्दा परमानन्द बनिरहेछन् । यत्रो विश्व बनाउनु, यसलाई पाल्नु, के दुःख होओइन ? तर परमेश्वर त्यो दुःख सहनुहुन्छ, किनकि बालकसँग परमेश्वरको प्रेम छ । बालक नभए पृथ्वी हरियो हुने थिइनन् । ताराहरू त्यति टाढा बसेर सानासाना केटाकेटी जस्ता नीलो भूलभित्र छुनुमुनु गर्ने थिएनन् । बालक नभए सूर्यको उज्यालो पृथ्वीमा गिर्न सक्ने थिएन । किन यत्रो भार बोक्छौ ईश्वर ? 'बालकको लागि ।' किन यति रोएको दुनियाँ ?– 'रक्षा गर्नाको लागि ।' हामी यत्रो त्रिताप खप्तछौं किन ?– बालकको 'शिशुलाई रक्षा गर्न, पाल्न, पोस्न ।' बालक हाम्रा देवता हुन् । दुनियाँको सारा कर्म उनलाई पूजा गरिरहेछन् । पृथ्वी अन्न उमार्छिन् मनुष्यका छोरा-छोरी पाल्नाका निम्ति । 'तेरो सबभन्दा ठूलो धन के मान्छे ?'– 'मेरो नाबालक ।' मर्दा के चाहन्छस् मनुष्य ?–'मेरो नाबालकको संरक्षण र तिनको भलाइ ।' हे महायुद्धहो ! हे धर्मसमरहो ! किन तिमीहरू धरातललाई हल्लाउँछौ ? 'बालकको लागि ।' तब, जुन दिनदेखि म पिता बनें, म परमेश्वरको अंश लिएर संसारमा दुःख पाउन थालें । मेरा सब सांसारिक क्लेश शिशुका प्रेमले आनन्द बनिरहेछन् । म दुनियाँ बनाउन चाहन्छु, बिगार्न चाहन्नँ, किनभने म बालकहरूको प्रेमी छु ।

# सुकुलमाथि

मलाई एकदिन टेबिल र मेचको चिच्याटले बगैंचामा गएर एउटा सुकुल ओछ्याएर बस्न मन लाग्यो ।

कोठाभन्दा बगैंचामा मनुष्य प्रकृतिको नजीक भएजस्तो हुन्छ र हरियो रङको समीपमा उसलाई बीसौं शताब्दी छाडेर चटाईको भर्खर आविष्कार भइरहेको युगको दार्शनिक बनेर जाईको बोटनेर घोरिरहेझैं लाग्दछ ।

मलाई त्यस वेला सच्चा नेपाली भएझैं लाग्यो । मेच र टेबिलको अत्याचारबाट छुटेको वेलामा मैले याद पाएँ कि पहिलेको प्राकृतिक अवस्थामा मानवजाति दुई खुट्टा झुन्ड्याएर बनकर जस्तो गरी बस्तो रहेछ ।

मलाई यस्तो लाग्यो कि मेचमा बस्ने व्यक्तिमा चञ्चलता हुन्छ, किनकि अप्राकृतिक तवरले आधुनिक आसनीमा गोडा पिंडौलालाई प्राकृतिक तालीम छैन । ऋषिमुनिहरू पलेंटी कसेर बस्तथे समाहित पद्मासनमा, एक भाग शरीर पनि रौंप्रमाण हिल्दैनथ्यो । उनीहरू मेरुदण्ड सीधा गरेर खटिया राखी पढ्ने या ध्यान गर्ने गर्दथे तर मेचविराजमान भलादमीका कि त खुट्टा हल्लिन्छन् कि पीङ खेल्दछन्, टेबिलको र मेचको बीचमा कुच्चिएका अङ्गहरू ठिङ्गुरामा हालेजस्ता हुन्छन् र अभागी आधुनिकताको कैदीलाई कहिले यता हिल्न मन लाग्छ कहिले उता । फर्कंदा पनि खऱ्याकखुरुक आवाज नगरी फर्कन सक्तैन र यसको मुख्य अवगुण त्यस वेला थाहा हुन्छ, जब भाषापरिषद्मा मग्न भएर मिहीन विचारहरू उब्जाइरहेको लेखनदासका मगजमा गिर्खा खर्खराउँछन् ।

फेरि टेबिलले या डेस्कले मान्छेको शिर घोप्टयाउँछ र छातीको भरले लेख्न लगाउँछ । तर खटिया कति प्राकृतिक छ उसैले बुझ्दछ जसले प्रयोग गऱ्यो । तर आजकालका टिठाहरूसँग खालि घण्टौंसम्म

वहस गर्नु उनीहरू बुझ्दैनन् ।

टेबिल-मेचको भक्तले भन्दछ, 'हामी पनि त के अप्राकृतिक छौं ? कति सजिलोसँग उच्च आसनमा बसेर, रवाफिलो तवरले लेखपढ गर्दछौं, मानौं सिंहासन छ। सुकुल-लेखकका मगजबाट के फूर्ति र रवाफ निक्लन सक्ला ?'

यस्ता मान्छेहरू ती हुन् जो 'संस्कृत' भन्दा नाक चेप्राउँछन् । श्रीकृष्णलाई कथाका गुण्डा राजा भन्दछन् र प्राचीन आर्यसभ्यतामा नफरत देखाउँछन्; जो घाँटीमा कस कसेर हिन्दू हुँ भन्दछन्, थचक्क बस्न सक्तैनन् र टाउको तलतिर फर्केको पुतली आफूलाई अप्राकृतिक सम्झँदैन । ओखल बाँधिदिए पनि गधालाई घाँस खान सजिलै लाग्छ र भारतको आँगनमा भूत चढ्न पाए सबै श्रेष्ठ हुन्छन् ।

महात्माहरू पलेंटी मारेर दुनियाँ बुझ्दछन् तर माष्टरहरू मेचमा डटेर दुनियाँलाई बुझाइरहेछन् । के नक्कल, उल्था, उतार र आधुनिक अज्ञान ?

# लेख्ने बानी

मलाई गरीब हुनाको तिक्तताले बराबर सताए पनि आत्मसम्मानलाई कल्पनासँग विवाह गरिदिन्थें र अभावको उपयोगिता त दरिद्रताको मोहनीमा रङ्गिला लहडहरू निकालेर जीवनको कतुवालाई सपनाका दुनियाँमा डुबाउँथें ।

तैपनि मलाई बराबर लाग्दथ्यो कि यो पापको फलिफापी दुनियाँमा म पापी हुनामा के बेफाइदा होला र ? कलिको राज्यमा बेइमानी र छक्का-पञ्जाहरूपछि लाग्नु के नोक्सान होला ? खान, पिउन, मोज उडाउनको मौका पाउँदापाउँदैको हाड घोट्ने आत्मध्येयी एकलोपनामा शायद फोस्रो मृगतृष्णासिवाय केही हुन सक्ला र ? सत्यको भन्दा भूटोको मोल ज्यादा भएको जीवनमा साँचो बोलेर नाक फुलाउनुभन्दा भूटो बोलेर नाक बचाउनुमा धेरै बुद्धिमानी होओइन ? असत्यद्वारा अरूहरू ईश्वरप्राप्ति गर्दै दुनियाँलाई देखाइरहेछन् र उनको जीवन सफल हुँदो छ । म किन सत्यको सती जाऊँ जब सत्यलाई दुनियाँ आगो हुन्छ र असत्यलाई पानी ?

तर यस्ता विचार आए पनि प्रकृतिले मान्दैनथिन् । मैले भूटो बोल्न खोजें भने त्यसै ओठ लर्बरिन्थ्यो, मिथ्या ओर्लनुअगाडि साँचो कुरा टप्किहाल्दथ्यो । मैले छकाउन खोजें भने छकाउनको इच्छा त्यसै शर्माएर भित्रभित्रै लुक्तथ्यो, मैले मोजमजा गर्न खोजें भने दुई दिनको लहडबाजीपछि दुई वर्ष लामा तरंगहरू निकाल्दथें । आत्माले ढाँट्तथ्यो र भित्रभित्रै म लज्जित हुन्थें । मेरी प्रकृति फेरि अन्वेषण र विश्लेषणको हाडघोटाइमा लाग्दथिन्, तर सत्यको मुहार देख्नासाथ यमकातर जस्ता भएर इन्द्रियहरू शिथिलाउँथे ।

यस्तो प्रकृतिलाई आत्मवेदना, सत्य र सौन्दर्यको असफल खोजसिवाय ईश्वरले केही अरू दिएको बुझिन्न । यो विशाल विश्वमा

उसलाई ठक्कर खानु, च्याँठ पाउनु र तैपनि एकहोरो अन्वेषणमा लागिरहनुसिवाय केही हुँदैन, यद्यपि शरीरका नसा जल्दै-टुट्दै शरीर नै चिता बनोस् ।

तर मानव-आत्माको धुन अनौठो छ । असत्यबाट शान्ति पाउँदैन । अनेक भूलहरूमा पनि सत्यकै खोजमा लागिरहेको हुन्छ । ईश्वरको इच्छाले यो प्रकृतिको जडताले सत्यका झल्का मनाइरहोस् तापनि आत्माले आफ्नो ढिपी छाड्दैन, र सत्य खोज्दाखोज्दै भूलभुलैया पसे पनि उसलाई आफ्नो ध्येयको प्राप्तिमा करोडौं अँधेरा कोठरीका उल्झनमा र ठक्करमा च्याँठ्दिँदै र सेलाउँदै हिंड्नैपर्छ ! यसकारण विचारको ठुँगाइ थाहा हुने पुरुषहरू पनि विचारको खेतीमा लाग्दछन् र विलासका सामग्रीहरू पन्छ्याएर बिचरा मासु र हाडको जीवनलाई सङ्कष्ट दिन्छन् । म एक जनाकै दु:खहरू मेरा निमित्त प्रशस्त छँदै थिए, मेरा घाउ, मेरा नूकचूकहरू, अभावको ऐंडीले नूनतेल खोज्नलाई खुट्टा दौडाउनको काम प्रशस्त छँदै थियो र हजारौं कुराको क्षेत्रमा पसेर तकलीफ पाउन किन मन लाग्यो म भन्न सक्तिनँ । उसलाई अरू मनुष्यको स्वभाव, कर्म र सुखदु:ख विचार गरेर गौर गर्नामा किन चाख लाग्यो, त्यसको बुझाइ छैन । संसारको स्वभाव, यसका दर्शन र आनन्द, यसका वियोग र संयोग, उल्झन र गडबड, त्यसको अतीत र भविष्य, यसका वर्तमान समस्याहरू र तिनका हल इत्यादिमा चाख लिएर अनन्त दु:खकाण्डको अध्ययन गर्न खोज्नामा के मोहनीले मेरो आत्मा अग्रसर भयो भन्न म सक्तिनँ । तर वास्तवमा कुरा त्यही छँदैछ–यो आत्मा खान चाहन्न, सुत्न चाहन्न, पढ्न चाहन्न, सहानुभूतिले डसिन चाहन्छ र अनन्तको वेदना उठाउन चाहन्छ ।

प्रख्यातिको प्रेम भनेर धेरै मनोवैज्ञानिकहरूले साहित्यप्रेमलाई बुझाउन चाहन्छन्, तर जस्तो विज्ञानले पनि वस्तुको सतहसम्म मात्र छोएर बोक्रे बुझावट दिन्छ, त्यस्तै मनोवैज्ञानिक पनि बोक्रे बोधले सन्तोष लिन्छ । मनुष्यका सम्पूर्ण आत्मा बुझाउने विद्या अहिलेसम्म निस्केको छैन, न निस्किएला, तर सूक्ष्म कलाहरू अलिकति त्यसतर्फ मद्दत गर्नेमा नाम लिइन सक्तछन् । खालि प्रख्यातिको प्रेमले मानवआत्मालाई मृत्युको पारसम्म पुऱ्याउन सक्तैन, न त ती जीवनका मीठा प्रलोभनहरू सबै विजय गर्नामा सामर्थ्य दिन्छन्– जसको विजय

एकध्येयीको सफलता हो ।

तर मलाई अहिले लेख्ता-लेख्तै हाँसो उठ्तछ, किनकि यत्तिको कुरा लेख्ता मैले कति छद्मवेषले चलाकी गरिसकें हुँला, म मानौं महात्मा जस्तो आत्मप्रदर्शनको विश्वासकारी माधुर्य देखाउन लागिरहेछु । म जस्ता छट्टू, फटाहा, कथा कथ्ने, सूक्ष्म मनोवैज्ञानिक र सहज ठगहरूको रचनामा सत्यको झल्का ननिक्लिएको कारण नै त्यही होला ।

# नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष

साहित्यिक श्रेष्ठताको नाप जनतामा परेको प्रभाव र सर्वकालीन हृदयस्पर्शितामा निर्भर रहन्छ । नेपाली साहित्यको इतिहास हेर्दा हामीलाई त्यत्तिको प्रभावकारी र सर्वप्रिय रचनाहरू अरू जँच्तैन, जत्तिको भानुभक्त कविको नेपाली रामायण । धेरै यस रचनालाई हेला पनि गर्छन् तर उनीहरू सम्झँदैनन्–यो रचना आफ्नै हृदयको कति नजीक छ ।

हामीहरू ज्यादाजसो साहित्यलाई खालि शृङ्गार देख्तछौं; शव्दलाई फा लगाएको, लाली चढाएको, आधुनिकता निकालेको, अथवा कालिदासको झैं उपमाहरूले झल्लरी-मल्लरी बनाएको एउटा रङ्गिलो आडम्बर, एउटा रसगोले माधुर्य, अथवा संस्कृतको आडम्बर, या खिंचातानी चमत्कार । हामी 'अलङ्कार-चन्द्रोदय'लाई साहित्य सम्झन चाहन्छौं । हामी बौद्धिक र बोक्रे रुचि देखाउँछौं । हामीहरू अनुप्रासलाई किताप भन्दछौं र भडकलाई आधुनिकता । हाम्रो माग रुग्णको रुचि जस्तो छ । निःसारमा हामी सार देख्तछौं, हाम्रो बीसौं शताब्दी ज्यादाजसो कृत्रिमतामै रमाउँछ । हामी मुटु चाहँदैनौं, भुलभुलावटको जरूरत छैन, सच्चा हृदयको स्वदेशी सौन्दर्यको कदर गर्न सक्ने शक्तिको न्यूनता हामीहरूमा अरू सबै दोषभन्दा ज्यादा टड्कारो छ ।

म चाहन्छु हृदय । कविको छन्द भुलभुलावट होस्, न कि तगण र औंलागनाइ । प्रसिद्धिप्रेमको प्रेरणा मलाई निको लाग्दैन । म चाहन्छु हृदयको ऐंडी । कविलाई त्यहाँबाट लेख्न मन लागोस्, जहाँ मानवआँसुहरू प्राकृतिक भावमा पग्लिन्छन्, जहाँ सत्यको आमन्त्रण आत्मामा सुन्दरको ध्वनिमा स्पष्टीकृत हुन्छ । कवि बोलोस्–जसरी चराहरू बोल्दछन्, न कि जसरी वस्तादहरू कसरत गर्दछन्, हृदयले हृदयलाई बोलाओस्

कवितामा, न कि आडम्बरलाई। सोझो-सच्चा-नङ्गा पहाडको महत्त्व होस् कवितामा, जसबाट नालाहरू आफसेआफ भुलुभुलाउँदै उठ्तछन्। धेरैजसो यी कुराहरू भानुभक्तमा पाउँछु, त्यसैले मलाई यी सच्चा स्वदेशी कविहरूउपर जत्तिको श्रद्धा लाग्दछ, उत्तिको अरू कम पुरुषमा लाग्ला जस्तो लाग्दछ। उनले लेखे हृदयको प्रेरणाले र नेपाली हृदयमा प्रेरणा दिन। उनमा नेपाली साहित्यको उत्पत्ति स्वदेशी डोको र घाँससँग सम्बन्ध राख्तछ। भानुभक्तले ढुङ्गाको तकियामा सुतेर ब्यूँझँदा फूलको हृदय भेट्टाए। घाँसीमा उनको परमेश्वर बोल्यो, सच्चा नेपाली हृदयलाई ब्यूँझाइदियो, सुन्दरको देशमा बोलाएर लग्यो। कविले त्यस बेलामा हार्दिक अनुभूति जुन श्लोकमा उद्गार गरेका छन्, त्यसमा भाषा र भाव सत्य झल्किने क्षणहरूको आँसुनजीक आउँदछन्। भानुभक्तको आत्मालाई हृदयको देशमा धारा बनाउन मन लाग्यो। संसारका आतपम्लान यात्रीहरूका निमित्त एउटा पाटीको पौवाली हुन मन लाग्यो। जुन भावले अशोकले बाटामा वृक्ष रोपे होलान्, त्यही भावनाले सच्चा कविहरूलाई पैलो ऐंडी मिल्दछ। घाँसीको कथा हामी सबै नेपालीको हृदयमा गड्दछ अनि हामी प्राकृतिक प्रेरणाहरू र मानवहृदयका प्राथमिक आभासहरूको मुहानतिर फर्कन्छौं।

भानुभक्तले त्यस बेला रामायण लेख्ने विचार गरे, जुन बेला नेपाली भाषा नेपालीको ओठैमा मात्र रहन्थ्यो, जब त्यसमा निश्चित आकार र उद्देश्य थिएन, जब व्याकरण गर्भमा थियो, जब पढेका अहंमानी पण्डितहरू भाषाको नामलाई नाक चेप्राएर नफरत गर्दथे, जब उनीहरूको मनमा 'नेपाली साहित्य' नामक शब्दयोजना नै उपहास जस्तो लाग्यो। त्यस बेला जनताको हृदयलाई पुराण भन्ने चलनमा सिवाय अरू भावुक पोषण लिने आश्रय थिएन। हामी लेखकका कठिनाइहरू ज्यादै कम अनुभव गर्न सक्तछौं। तर सबै निर्माणकर्ताहरू अँधेरामा झल्का पाउँछन्, सूनसानमा आह्वान सुन्दछन्, गोधूलिमा सुन्दर मन्दिरमा यात्री बन्दछन्। मानवात्मालाई पोल्ने भावहरू सजिलैसँग पहाड चढ्दछन्, किनकि उनको हृदयलाई सुनौला चुलीले भेटिसक्यो। अँधेरीमा आकार कुँद्नलाई दिइएको थियो। नयाँ सपनाले उनी छिन्नु लिएर बसे, पूर्वको स्वर्ण-प्रभात मृदुमुख र झङ्कार लिँदै आयो। उनले पहाडको नीलो मसीले लेखे। लेख्नलाई आडम्बर भएन, तर प्रेम र श्रद्धाको यात्रा भयो भने नेपालको हृदयकेन्द्रतिर।

भारतका शिशुकालका मीठा कथाहरू सत्य झैं झल्किएर पहाडी छातीमा भुलभुलावट लिएर बाला-नाला झैं गुनगुनाए ।

भानुभक्तले रामायण लेखे । उनको आत्मवृत्ति भविष्यलाई धाई बनी, हामीलाई केटाकेटी बनाएर काखमा हल्लाएर कथा सुनाउनको लागि । रामचन्द्र जाग्नुभयो, फेरि वनवास जानुभयो, फेरि हामी रोयौं, फेरि सीता हरिनुभयो, फेरि रावण मारियो । हामीले झोलुङ्गाको भाषामा नवरस चाख्यौं । भारतको आत्मा अक्षरारम्भसँग खुल्यो । सच्चा पहाडी आत्माहरूको पढ्दा-पढ्दै कोही हनुमान् लागेर उठ्ने भए । अपठितले पनि आँसु र हृदयको रोमाञ्चसँगै नयाँ पाठशालामा प्रवेश गरे । नेपालीले आफ्ना पुरुखा चिने, श्रम र सत्यले छोइएर बराबर झल्किदै उनका राम्रा क्षणमा सपना देख्न लागे । यहाँ केही थियो–जो अघि थिएन–केही खँदिलो प्राप्ति । नेपाली सभ्यतालाई रामायणका जराहरूबाट नयाँ टुसा हाल्नु थियो । धेरैका हृदय कवि भएर अनौठो छविमय छन्द र लयमा प्राचीनको स्पर्शले मुखरित हुन लागे । यहाँ एउटा बस्ती थियो–देवता र दिव्यताको भारतको रस निचोरिएको थियो । नेपालको बारीमा एउटा सानो कल्पद्रुम रोपियो, जहाँ हाम्रा सर्वोच्च भावना र कल्पनाहरू हामी फुलेका र फलेका पाउँथ्यौं । डाँडाको छातीमा उनको भाषा टक्कराउन लाग्यो, नालाको लोलीसँग लोलिन लाग्यो । घर-घरमा नयाँ दीपावली बले र हामी आधुनिकतारूढ, कृत्रिमताभिभूत, यन्त्रयुगी, शून्यहृदयी, प्रश्नयुगी, वैज्ञानिक प्रवृत्तिपरिकीर्ण आडम्बरपण्डित, मण्डूकगणहरू यी उनको विशाल प्रदानका महत्त्व दूरातिक्रमण बुझ्नदेखि सदा टाढा छौं ।

साहित्यमा सर्वश्रेष्ठ पुरुष त्यही हो, जो राष्ट्रको हृदयमा सबभन्दा तीव्र भएर बस्तछ । भानुभक्त सदाचारी मात्र होइनन्, नेपाली हृदयको श्रद्धालु थिए । हामीलाई उनै एउटा बूढो केटाकेटी जस्तो लाग्छ, जसमा तोतेबोलीको माधुर्य र हृदयको सरलता थियो । उनी संसारको कारागारमा रामायण लेख्थे, तर उनको आत्मा जेलबाहिर थियो । उनको माधुर्य सरलतामा छ–त्यो सरलता जो श्रद्धालु हृदयमा र बालकको विश्वासमा हुन्छ । उनको महत्त्व नै उनको सीधापन हो । उनी आडम्बरबाट त्यति टाढा थिए, जति एक ध्रुवबाट अर्को ध्रुव । उनी सच्चा ब्राह्मण थिए र उनलाई सब नेपालीको घरमा सत्कार छ । उनले जानेनन् उनी के गरिरहेथे, तर हामी जान्दछौं–उनीले हाम्रा निमित्त के गरेर गए । उनको

भाषा नेपालीको जिभ्रोनजीकै आउँछ, उनी व्याकरणवद्ध थिएनन्, उनको व्याकरण नैसर्गिक बुद्धिको नियम थियो, उनका छन्द हाम्रो जिभ्रोमा सजिलोसँग बग्दछन् । उनका झल्का हाम्रा आँखामा सजिलोसँग खुल्दछन् । उनी हृदयलाई आह्वान गर्दछन् । एउटा अज्ञात मोहनी हामीलाई उनको पंक्तितर्फ डाक्तछ । हामीलाई प्राचीन कालमा घुसेजस्तो लाग्दछ, जहाँ रामराज्य छ, जहाँ रामका प्रजा सत्यलाई नै जीवन भन्दछन् । मान्छे उनलाई अनुवाद तुल्याउंछन्, तर हामी अनुवादन देख्तछौं–पुराना ऋषिहरूका प्रतिध्वनि । उनी भाषा त्यहाँ लैजान्छन् जहाँ बालकहरू रमाउंछन्, जहाँ नेपाली निख्खरा हुन्छ, जहाँ जननीहरू पुराना कथा सुनाउंछन् । उनमा क्लिष्टता छैन, न कृत्रिमता; उनी शब्द बटार्दैनन्, उद्धत दृष्टिकोणको प्रदर्शनी उनी जान्दै-जान्दैनथे; उनको कलम सजिलोसँग चल्दछ, कविता नेपाली पहाड नाघेर कहिल्यै उड्दैनन् । उनको भाषा नलेख्ने कविहरूको भाषा जस्तो छ । हामी भानुभक्त पढेर शिक्षा शुरू गर्दछौं र उनलाई हेलाँ गरेर समाप्त गर्ने गर्दछौं, तर बुझ्नेहरू आफ्नो घरको बत्तीमा अर्कै मोहनी देख्तछन् ।

नेपाली साहित्यिक क्षेत्रमा अरू कसैको त्यत्तिको प्रभाव परेको छैन, न त जीवनमा । उनी अतुलनीय छन् । धेरैले समग्र नेपालीको हृत्केन्द्र छुन खोजे उनकै अनुकरणमा, तर सकेनन् । उनी एक्ला छन् । अरूमा ज्यादा विभिन्नता पाउन सकिन्छ–ज्यादा रङ, ज्यादा प्रश्न, ज्यादा शङ्का, तर उनी आफू जस्तै छन्–एकै किसिमका निर्मल । उनले सब समस्या सरल तवरले हल गरिसकेका छन् । उनको भविष्यलाई सन्देश यही छ–सत्यको श्रद्धा र नेपाली हृदयको समीपवर्तित्व नै कविको पहिलो पानी हो ।

उनी हाम्रा आदर्श छन् । मिल्टनलाई वर्ड्स्वर्थले बोलाएझैं धरणीधर कोइरालाको आत्मासँग मिलेर हामीहरू आजकलको युगमा आह्वान गर्न चाहन्छौं । उनी रामायणले मात्रै जाँचिन्नन्, यद्यपि त्यही उनको सर्वोत्तम रचना हो । उनकै फुटकर कविताहरू आफैं बोल्दछन् । तिनमा सरल माधुर्य र सहृदयताको चमत्कार पाइन्छ । तिनमा पाण्डित्यप्रदर्शनी छैन, लबजहरू दिललाई सोधी-सोधी निस्कन्छन् । उनको 'बालाजू' मा चातुरीको नर्तन छैन, खालि हृदयको भुलभुलावट–सानो शीतल स्वर्ग देखे, हावामा अमृत थियो, लहरा र फूल परी झैं नाच्थे ।

चरा मोहनी बोल्थे। जत्ति देखे, उत्ति लेखे। स्वानुभवको आनन्द स्वत: उद्गारित हुन्छ। उनी आधुनिक कवि झैं कवि हुन बालाजू गएका थिएनन्, तर बालाजूमा आइपुग्दा कवि बनेका थिए। त्यस ठाउँले उनलाई छोएको थियो। उनी एकछिन इन्द्र बने। अनि लेखिदिए। उनको 'कान्तिपुरी' मधुरताको सानो झिलिमिली खानी छ, तर त्यो झिलिमिली सत्यबाट निस्कन्छ, यथार्थ रूप धारण गरेर। हाम्रो राजधानी उनलाई कान्तिकी पुरी जस्तो लाग्यो, जस्तो कहिले-कहीं हामीहरू बिहान-बेलुका पहाडचुलीमा देख्छौं। उनी नेपाली स्त्री-पुरुष देखेर हार्दिक प्रेमको कवितात्मक प्रशंसा लेख्तछन्।

गुनकेशरी लाएका अप्सरा र राम्रा रमाइला बन्धुहरूले सुन्दर सानी अमरावती पृथ्वीमा खडा हुन्छिन्। हामी त्यो कविता पढ्नासाथ बुझ्दछौं—कति सरलतासँग उनी कान्तिपुरीको हृदयनजीकै पुगे। आजकालका कविहरू पनि लेख्छन्—विशाल विस्तार र अलङ्कारसँग। कोही-कोही छानबीनको अलौकिक चातुरी चाहन्छन्, तर हृदयले पाएका झल्काहरू त्यसै सुन्दर छन्, सचेत रोजाइको जरूरतै छैन। कवितामा गहिराइ केही छैन जस्तो छ, तर नेपाली नालाहरूमा कसले सागरको गहिराइ देखेन ? गहिराइ नखोज्नेहरूले खाल्टा बनाए। उनकी कविता सरल भएर झल्किन्छिन्। नेपाली पहाडमा उदाउने घाममा, गम्भीरको मौन लिन चाहन्नन्, तर कलकल बोल्दछिन्। झल्किन्छ हामी भन्न सक्तैनौं, तर त्यहाँ सत्य र सत्यको मोहनी छ। उनका धेरै फुटकर कविताहरू हामी पाउन्नौं, तर अर्को एउटा यो सम्झना आउँछ, जहाँ आँसु हाँस्तछ र बिन्तीपत्र लेख्तछ। मलाई उनी प्यारा छन्, मेरा निम्ति नेपाली साहित्यको इतिहासमा उनी सर्वश्रेष्ठ पुरुष छन्।

# पाँचौटा चाहिने कुराहरू

दुनियाँमा पाँचौटा चाहिने कुराहरू छन्–ईश्वर, आत्मा, स्वर्ग, नरक, धर्म ।

ईश्वरविना संसार नै शून्य छ । कारण नभई कार्य हुँदैन । हामी 'उनी छन्' को विश्वासमा जीवन धारण गर्दछौं । यत्रो विश्वको काँट र अडान देख्तादेख्तै यसमा चैतन्ययुक्त महापुरुषको सत्ता देखिँदैन भन्नु अन्धोपन हो । यो अनन्ततामा एक ठाउँ खडबड परे कत्रो विप्लव मच्चिन्छ, तर अणुअणु संगत भएका छन्, ताराको त्यत्रो जगद्वाल चाल छ, तर टक्कर छैन, समय र देशमा अभिप्रायपूर्वकका व्यापार देखिन्छन्, सूर्यचन्द्र नीतिको उचित कालीनतासँग काम गर्दछन् । रूखहरूलाई बीउभित्र हालिदिएको छ, बीउहरूलाई रूखभित्र । दानामा विश्व छ र विश्वमा दाना छ । यो मिलाप, यो तराजु, यो रौंप्रमाण तौल, यी चक्रहरू, यी उचित कालीनताका क्रमहरू सबै भन्दछन्–दिव्य चैतन्य भन्ने कल्पना होइन तर संसारको सत्य हो ।

चित्, संगति, साम्य अभिप्राय–यिनीहरूबाट हामी ईश्वरको सत्ता मान्दछौं । जडबाट चैतन्य आउँदैन भने यो चैतन्यको मुहान कहीं हुनुपर्छ । त्यो विराट् चैतन्यलाई परब्रह्म भन्दछन्–त्यस अवस्थामा, जब विश्वसृष्टि हुन बाँकी नै थियो, जब इन्द्रियहरूको प्रादुर्भाव भएको थिएन उनी व्याप्त थिए, विशिष्ट भएका थिएनन् । जब प्रथम कामको स्फुरणसाथ उनी सिर्जना आभासित गर्न लागे, अनि उनको स्वरूप व्यक्त हुँदा स्रष्टाको प्रादुर्भाव भयो । त्यस अवस्थामा मूर्त भएका विश्वस्रष्टा हाम्रा ईश्वर हुन् ।

ईश्वरसत्ताका प्रमाणहरू धेरै हुँदाहुन्, तर म न दार्शनिक हुँ, न वेदान्ती । म आफैं सहज बुद्धिले फेला परेका कुराहरू बहस गर्दछु ।

चित्, संगति, अभिप्रायको प्रमाण पहिले नै झल्काइसकियो ।

कार्यरूप विश्व भएपछि कारणरूप कर्ता सजिलो न्यायबाट निस्कन्छ। वैज्ञानिकहरू अन्धो काकताली सम्भेर प्रकृतिलाई देखाउँछन् तर विश्वमा अन्धता छैन। त्यहाँ अराजकता देखिन्न। रूखका जरामा पनि दिव्य अभिप्रायको अदृश्य औंला काम गरिरहेको जस्तो देखिन्छ। जडको शून्यताउपर केही अर्कै आभास स्थिति भइरहेछ, मिलाप दिइरहेछ, बनाइरहेछ, आकार मेटिरहेछ। ताराका रेखाहरूमा पनि दिव्य झल्किरहेकै छ। अनि तेस्रो कुरा–हामी विरोधको द्वन्द्वमा साम्य पाइरहेछौं, मानौं ती दुवै विरोधी कुराहरू एकै सत्ताबाट क्रियात्मक रूपमा आभासित छन्। चौथो चीज यो हो कि–जडमा स्वतःक्रिया हुँदैन, क्रिया गर्ने कर्ता सहजसँग प्रमाणित हुन्छ। पाँचौं कुरा– हामी संसारमा दिव्य नीतिको संकेत पाइरहेछौं, यहाँ द्वन्द्वको ऐक्यमा नै शान्ति र सत्य भेट्टाइन्छ। दुःखहरूमा परमेश्वर सम्झाउने र सत्य संकेतक अभिप्राय स्पष्टीकृत छ र हामी असत्यको राहले शान्ति पाउँदैनौं। सौन्दर्य सत्यबाट झल्कन्छ र चराहरूको मधुरता परमात्माहरूको आनन्दको लागि पाइएको जस्तो बुझिन्छ। माधुर्य परप्रेममा आभासित हुन्छ र विश्वोपयोगितामा चीजहरूले सौन्दर्य लिएजस्तो प्रतीत हुन्छ। तब स्पष्ट हुनजान्छ कि–चराचरमा दिव्य नीतिकै शासन रहेछ। छैटौं कुरा–ईश्वरीय चेत नभई मानवमन प्रकृत विकास पाउन सक्तैन, गडबडिन्छ। कट्टर नैतिक पनि टूटफूटको अँधेरीमा पर्दछ। सब तार सुरमा मिल्दैनन्। नास्तिकापत्तिहरूद्वारा संघर्षण र विश्वस्थितिमा गडबडीहरूका प्रणाशक उपाधिहरू उत्पन्न हुन्छन्। सातौं कुरा–परमेश्वरमा विश्वास नगरी कुनै आत्माले संसार छाड्न सक्तैन। यो सबै मनुष्यजातिको त्यस वेलाको अनुभवमा म निर्धारित राख्तछु, जब यिनीहरूको प्राण गलामा आइपुगेको हुन्छ। हाम्रो मरणासन्न प्रकृत आध्यात्मिक ध्वनि 'हे ईश्वर !' को पुकारसँग जीवन समर्पण गर्छ। सार्वजनिक यस प्रवृत्तिले हामी ईश्वरको सत्ता आखिरमा स्वीकार नगरी सक्तैनौं। आठौं प्रमाण–हामी प्रेमको आभासमा पाउँछौं। सिर्जनाको दिव्य अभिप्राय प्रेममा उत्पन्न भएजस्तो देखिन्छ, यो प्रेम अरू ठाउँ अनन्त करुणाको रूपमा देखा पर्दछ। जीवनलाई सच्चा आनन्द दिन सूचना भएका सामग्रीहरू झैं संसारमा सब चीजहरू आभासित भएझैं लाग्छ। तिनमा उपभोगहरूबाट पाइने आनन्दउपर एउटा यस्तो राम्रो दिव्य प्रेमको तत्त्व झल्किन्छ कि त्यसबाट ईश्वरको सहानुभौतिक सादृश्य

(मनुष्यको रूपनजीकको) स्पष्ट भएर आउँछ किनकि उनी हामीलाई आफूबाट टाढा जान दिन चाहन्नन् र टाढा जाने क्रियामा दुःख र अग्नि हालेर हामीलाई वैराग्यमा रुलाउँदै आफ्नोतर्फ ल्याउँछन् । हाम्रो जीवन र आनन्दोपभोगिता त्यही प्रेमतत्त्वमा निर्भर भएको प्रतीत हुन्छ । त्यस प्रेमीको व्यक्तीकरण भावना गर्न बहुत सजिलो पर्दछ मानव आत्मालाई । नवम प्रमाण–विश्वको अनन्त तारुण्य र यसमा रहने अमृतभावमा देखिन्छ । आत्मा अमर छ भन्ने हाम्रो विश्वास छ, भूतप्रेतादिहरूद्वारा यो कुरा सिद्ध गर्न सकिन्छ । त्यसका साथसाथै कोही अमृततत्त्व विश्वलाई परिवर्तनशीलताउपर पनि अमर पोषण दिएर नित्य तारुण्यमा राखीराखी मानवात्मालाई चाहिंदो सामयिक पोषण दिन्छन् । दशौं प्रमाण– मानवात्माको प्रत्येक विचार मात्रको अनन्त उत्तरदायित्वमा पाइन्छ । यो अदृश्यको पर्दाको आड लिएर जवाफ लिने हामीसँग हरेक सूक्ष्म भावानुभावमा घनिष्ठ व्यक्तीकरण पाएको विराट् मूर्ति जस्तो लाग्छ । मनुष्यमा अपूर्णताको चैतन्य रहनु नै पूर्ण चैतन्यको संकेततत्त्वको रूपमा एघारौं प्रमाण रहन्छ । यी केही प्रमाण हुन् र यिनबाट त्यो कोही एक विश्वस्रष्टा रहेछ भन्ने थाहा पाइन्छ । तर हामी बोक्रे वेदान्तीको काल्पनिक शून्यप्रायः चैतन्यमा निर्धारित हुन चाहँदैनौं । हामी मूर्तिमान् घनिष्ठता चाहन्छौं । हामी सजीवता भएका ईश्वरका प्रमाण चाहन्छौं । मूर्तिमत्तालाई टाढा जानु पर्दैन । जुन विराट् चैतन्यले शून्यबाट विश्वलाई मूर्त बनायो, स्वयं त्यही आकृति हुनु सम्भव मात्र होइन, चित्र हुन सजिलो छ । मायाको सबल स्वरूपसम्म हाम्रो कल्पना पुग्दछ । परमेश्वर ढुङ्गा जस्ता छैनन्, तर सजीव सहृदय छन्, यद्यपि उनका हृदयमा अनन्त करुणाका अनन्त कठोरता क्रिया गर्दछन्– सत् शिव सुन्दरका सभामा ।

जहाँ यी पूर्णाभासी ईश्वर रहन्छन् त्यो ठाउँ कस्तो होला ? त्यही स्वर्ग हो, त्यहाँ निर्मल आत्माहरू सान्निध्यमा बास पाउँछन् ।

त्यहाँ अमृत छ, दुःखको अभाव ! मूर्तिमत्ता भएपछि स्वर्ग छैन भन्नु अन्धता र अविवेक हुन्छ । मूर्ति भएपछि स्थान हुन्छ, ईश्वरको स्थान स्वर्ग या वैकुण्ठ हो ।

मनुष्यमा आत्मा छ भन्ने सजिलो विश्वास छ । रासायनिक संमिश्रणहरूको काकताली क्रियाले मानव सन्तुष्ट हुँदैन । मनुष्य अभिप्रायसंपन्न छ । मृत्युभन्दा पारिका कुराहरू हामी थाहा पाउन सक्छौं ।

भूतहरू, भूतविद्याहरूद्वारा मनुष्यको जवाफदेही अनन्त छ भन्ने कुराको उल्लेख भइसक्यो । अमरत्व देखेपछि भौतिक या शारीरिक अस्तित्वभित्र आध्यात्मिक व्यक्तता रहेछ भन्ने स्पष्टै छ, देखादेखी छ । तब आत्माका अस्तित्वको विषयमा झगडा धेरै हुँदैन । जडले मलाई लेखाउँदैन, चित्‌को क्रियाले लेखाउँछ, चित्‌को आश्रम जो म छु, त्यसमा मूर्तिमत्ता र परलोकभागिता स्पष्टै छँदैछ ।

यो अमर आत्मा न पोलिन्छ न भिज्दछ । स्वर्ग चाहन्छ, नरकदेखि डराउँछ । परमेश्वरका मुहानबाट शक्ति पाएर काम गर्छ । अलग व्यक्तित्व राख्दछ, सत्यमा शान्ति पाउँछ, असत्यमा परमेश्वर र शान्तिबाट टाढा पुग्दछ । पापले उसलाई अन्तर्ज्वलन दिन्छ । उसका निमित्त पाप भनेको अन्तःकरणमा सुनिने भित्री ईश्वरका आवाजको विरोध र सत्यको अवहेलन हो । यो जीवात्मा परमेश्वरको हुकुमले यहाँ आउँछ, केही समय सजीव क्रियामा रहन्छ र ईश्वरेच्छाले संसार त्याग गरेर आफ्नो स्थान लिन जान्छ । उसको जवाफदेही अनन्त छ, उसका भाव र विचारहरू सब उत्तरदायित्व भावी फल धारण गर्दछन् र ऊ ईश्वर नसम्झी संसार त्याग गर्न सक्तैन ।

यो आत्मा निर्मल भावले दिव्याभिप्रायको पूर्ण पोषण गरेपछि स्वर्ग जान्छ, नत्र पापहरूको मैला भारी बोकेर नरक जान्छ । व्यक्ति भएपछि स्थान हुनुपर्छ भन्ने स्वयं-सिद्ध तत्त्वद्वारा नरक पनि सिद्ध छ ।

अरू पाँचौं कुरा धर्म हो । धर्म भनेको धारण गर्नुलाई भनिन्छ । जसले मानवजातिको कल्याण र विश्वको सत्यमा धारण गर्दछ, त्यसलाई धर्म भनिन्छ ।

धर्म कोही जातिलाई बताएथे । कुनैलाई वैकासिक क्रमहरूद्वारा ऋषि, साधु, सन्तहरूबाट मिल्छ । तर प्राथमिक अवस्थामा धर्मको मूल प्राप्तिमा ईश्वरवाणी नभई धर्म निक्लँदैन । कुनै सच्चा आत्मालाई दिव्यको जादूले छुन्छ, ऊ मुखरित हुन्छ– जातिको अनन्त कल्याण, सुख र स्वर्गको लागि । ईश्वरवाणी ह्वैन भन्ने वैज्ञानिक शङ्काधारीहरू भूल गर्दछन्, किनकि असत्य दुनियाँका हृदयमा थोरै समय राज गर्न सकोस् तापनि नित्य शासन गर्न सक्तैन र सत्यका ती चमत्कारी ध्वनिहरूमा वाणी सजिलैसँग चिनिन्छ । त्यहाँ ईश्वरीय चमत्कार छ । म सानो झुत्रेमुत्रे कविता सामयिक हृदयस्पर्शितासाथ निकाल्न कति कठिनता र

कति अनन्त सूक्ष्मताहरूको क्रिया अनुभव गर्दछु, तर त्यो बनाएर बन्दैन । सत्यको खोलो छ, हरेक अणुमा काँट र तौल छ, तर दिव्यताको ।

तब धर्मको जरूरत मानवसुखको लागि, परमार्थको लागि हो, स्वर्गको राहको लागि हो । धर्म नभए मानिस अन्धो हुन्छ । अनन्त भूलभुलैयामा धागो पाउँदैन र जातिको सत्यानाश सम्भावित हुन जान्छ ।

तर यी पाँच कुरा जहाँ छन्, त्यहाँ अनन्त जीवन र अनन्त शक्ति, स्वर्गको बाटो र उन्नति रहन्छन् । ईश्वरविना ऐंडी हुँदैन, आत्माविना माटो हुन्छ, किरण हुँदैन, जवाफदेही हुँदैन । नरकविना त्रास हुँदैन र धर्मविना बाटो हुँदैन ।

# सरिताको कलकलमा

हामीहरू सिकारु कविलाई बराबर गिज्याउने गर्दछौं– 'सरिताको कलकल' भन्ने उपनामले, तर ज्यादाजसो भान कविहरूका सौन्दर्योपासक कल्पनाहरू जलको कलकलमा किन प्रथम प्रेरणा पाउने गर्दछन्; यसको पनि त केही मौलिक तत्त्व हुनुपर्छ। हाम्रा जागरूक हृदय त्यहाँ के पाउँछन् ? कुन प्रभाव ? यो पनि एउटा विश्लेषणलाई चाखलाग्दो कुरो हो। हामीहरूले सौन्दर्यका मूलतत्त्वहरूको अन्वेषण त्यहीं गर्नुपर्दछ जहाँ युवावस्थाको प्राकृतिक अभिरुचि आफ्नो आनन्दका सामग्रीहरू खोज्न भ्राम्यमाण हुन्छ। अक्सर सरिताको कलकल ध्वनि कुनै रहस्योद्घाटक या आनन्दोत्पादक तत्त्व लिएर मनमा चढ्ने गर्दैन र तीन् सय खोलानाला तरिरहने या साना पहाडी जलस्रोतका नजीक जीवन बिताउने मनुष्यहरूले यो मधुर निनादद्वारा उस्तो आनन्द अनुभव गरेको सुनिएको या देखिएको छैन। उनीहरूका निमित्त यो कलनिनाद खोलाको आवाजसम्म भन्ने नामले चैतन्यमा आरोपित हुन्छ, त्यहाँभन्दा उपर चढ्दैन। यो सधैंका दैनिक विशेषतारहित अनुभवहरूसँग गाँसिन जान्छ र उनीहरू यसको त्यत्तिको परवाह गर्ने गर्दैनन्। न त उनीहरूको जीवनमा यसद्वारा आनन्द या खँदिलो प्राप्तिको अंशमा केही बढ्ती भएजस्तो प्रतीत हुन्छ, तर जो कवित्वशक्ति भएका कल्पनाहरू छन्, तिनमा चाँडै नै खोलाका मधुर शब्दले विशेष कदर पाउँछन् र शीघ्रतया जीवनसँग गाँसिएर शक्तिशाली प्रभाव बन्दछन्। यस किसिमका भावुकताले रहनु र त्यस भावुकताले आफ्नो आनन्दका निमित्त मधुर निनादिनी गिरिनिम्नगाहरूमा सामग्री भेट्टाउनु केही विचार र विश्लेषणलायकको कुरा जस्तो देखिन्छ।

यस्तो विस्तीर्ण दुनियाँमा कल्पना र विमर्शका निमित्त अनन्त उपादानहरू छँदाछँदै भावुकको सहृदयताले युवावस्थाको उत्साहसाथ अरू चीज छाडेर जलको शब्दमय प्रवाहमा विशेषता पाउनु हाम्रो

नजरमा केही ध्यानयोग्य विषय हो । कवि हुन चाहने व्यक्तिले पहिले नै या त बादलमा सौन्दर्य देख्तछ, या त पातहरूमा या कोइलीमा । तर यी चीजहरू सधैंका निमित्त सन्निकृष्यमाण रहने हुनाले ज्यादाजसो भावुक हृदय ती शब्दहरूतिर लहसिन्छ, जो पहाडका छातीबाट हरहमेशा नित्य नवीनताका सन्देशहरू लिएर आफ्नो मधुर स्रोतमा कलकलाइरहेका हुन्छन् । सलिलस्वरमा केही मनोहारिणी विशेषता रहेको छ । यिनीहरूमा नित्यता छ, हरहमेशा मुखरित रहन्छन् । यसको संगीतको आत्मा शब्दस्रोतमा लयदार बनेर पारावार भज्दै मानव जगत्का निमित्त आनन्दमय सन्देशले सर्वदा लयदार छ । हामी दृश्यमान जगत्मा अरू ठाउँमा यत्तिको टड्कारो लयदार तारल्य र कोमलता पाउँदैनौं– यद्यपि बराबर अनुभवले विश्वको बनोटमा छन्द र लय भएका कुरा तीव्र क्षणमा हृदयग्राह्य गराउँदछन् । शायद हावा अर्को चीज थियो तर यसका तरल लहरहरू त्यस सौन्दर्यको चमक त्यो सुकुमार इन्द्रियमा त्यत्तिको स्पष्ट छैनन्, जसलाई हामी आँखा भन्दछौं । भावुक कल्पनालाई बहाइ मीठो लाग्दछ । तरल प्रवाहमा केही यस्तो हृदयग्राही वैचित्र्य छ, जसको विश्लेषण गरिन मुश्किल हुन्छ । तारल्य यस्तो वस्तु हो, जो विश्वसामग्रीहरूको मौलिक चेहरा र प्रगतिसँग केही सामञ्जस्य राख्तछ । कठोरता, खँदिलोपन त्यसका विशिष्ट रूप जस्ता भासमान छन्, तर हाम्रो मन प्रगतिशील, प्रवाहशील, सम्भावनाढ्य, तारल्य नै रुचाउँछ जो यसको मूल प्रकृतिसँग सादृश्य राख्तछ । हामी चीज बहेको देख्न चाहन्छौं । त्यस बहाइमा, जसमा सौन्दर्यसंकेत रेखाहरू बन्दै, मेटिंदै र सगति पाउँदै जान्छन् । कलाको मौलिक प्रकृति नै तारल्य हो । खडिखडाउपनामा चिच्याहटलाग्दो कर्कशता अनुभूत हुन्छ । स्थित रेखामा हामीहरू मानसिक उत्तेजना पाउँदैनौं । त्यहाँ संभावनाको आढ्यता कल्पनान्तर्गत बन्दैन । एकोहोरो एकत्वले हाम्रो सृजनात्मक अन्वेषणलाई गिज्याइरहन्छ । हामीहरू चाहन्छौं कि रूखहरू चलून् । त्यसै कारण भावी कविहरू पात हल्लेको निको मान्दछन्, मनको तरलायित रेखाले लयहरूद्वारा अङ्कन हरहमेशा मागिरहेछ । उसलाई स्थिर चित्तमा सन्तोषको मात्रा कम रहन्छ । फेरि युवावस्थालाई स्थिरतासँग हरहमेशा वैमनस्य छँदैछ । प्रगतिशीलता नै जवानीको मोहनी हो । जहाँ चालमा सजीवता छ, त्यहाँ जीवनले स्पन्दन पाउँछ र सौन्दर्य भनेको आखिर मधुर सम्भावनाको आढ्यतासँग गाँसिएको

तारल्य नै रहेछ भनेजस्तो लाग्न आउँछ । प्रकृतिका विशाल क्षेत्रमा हामी स्थावरभन्दा जङ्गममा ज्यादा लहसिइरहेका छौं । हामीहरू चाहन्छौं कि पहाडहरूका ओठहरू चलून्, तिनको नीलो दृढमूलत्व अलिकति हल्लियोस्, चलोस् । यस अभिलाषालाई दोलायमान वल्लरी वृक्षहरूले कहिले कहिले सन्तोष पुऱ्याउँछन् र कहिले बादल, हावा र ज्योति-परिवर्तनले । तर तिनको विशाल वक्षस्थलबाट हामीले समुत्सुक समीक्षण गरिएका सौन्दर्य सम्भिएका चीजहरूमध्ये सबभन्दा हृदयाकर्षक ध्वनिहरू तरल अधरवाला महीधरवक्षः प्रवाहित जलधारमा नै अनुभाव्य हुन्छ । यस्तो विदित हुन्छ, मानौं ती विशाल अभ्रभेदी शृङ्गारहरूका प्रतिक्षण प्राप्य उच्चदेशीय अनुभवहरू स्वर्गिक भाषाको अस्पष्ट माधुर्यसाथ जगत्प्रबाधक निनादहरू लहरा, चरा, फूल र हरियालीसँग मिसिएर निम्नप्रवाही बनिरहेछन्– त्यो मधुर शब्दोत्पादक रसिलो करालोमा, जो पारावारतिर जलबाहिनीलाई लैजान्छ । जागरित आत्माले एक सौन्दर्यका जल चन्द्रमानिनादित विशालका ध्वनिहरू कलकलाइरहेको पाउँदछ । विश्वको सागर अरू ठाउँमा यत्तिको मीठोसँग बोलेको थिएन । पहाडहरूका उच्चस्तरमा चढेर उनका हृदय मिलाउँदै र रसाउँदै उचित मात्रामा अविरल स्रोतमा पाषाण तरङ्गको मधुर सप्तकमय पथमा छर्बरिँदै छचल्किँदै लुङ र लुर्कन बन्दै कलमलाउँदै, भिल्मिलाउँदै आएका स्वर-लहरीहरू शीघ्रतया हृदयान्तर्गत हुन जान्छन् । तिनमा नैर्मल्यसँग ज्योति खेल्दछ । पानीको आत्मा भलभल हुन्छ, त्यो धवलायित प्रवाहशीलतामा जहाँ पानीयले पानीयत्व छाडेर ध्वनिमाधुर्यको अग्राह्यता लिन खोज्छ । यो प्रवाहमा आत्मालाई सञ्चालन गर्न सक्ने केही गुण विशेष तवरले भल्की-भल्की सजीव भइरहेछ । आँखा र कान दुवैले यहाँ भेट गर्दछन् र ध्वनि दृश्यमान हुन्छ र दृश्य ध्वनिमय भएर श्रवणग्राह्य बन्न आउँछ । सौन्दर्य भनेको चीज प्रवाहमा छ । नित्य नव-नव नवीनता राख्नु नै कल्पनाको सौन्दर्यचेत हो । परिवर्तन संगीतमय यहीं बन्दछ । संसारको सौन्दर्य यहीं उद्भासित रहन्छ । भाषाले धैर्य र स्पष्टता छोडेर निनादमय माधुरी र अस्पष्टताको मोहनी लिन्छन् । उहाँ वस्तु र हृदयका भावनाहरूसँग केही विचित्र सामञ्जस्य छ । भावी कवि लहराउन खोज्दछ, उसले लय र छन्द खोजिरहेको थियो । प्रकृतिका अरू ठाउँमा यत्तिको कविता चलेको देखिन्थ्यो । सरित्किनारले जति कवि बनाए, उति बगैंचाले बनाएनन्

होला । जलभन्दा सुन्दर चीज हामी साधारण जीवनमा पाउँदैनौं । अरू चीज यत्तिकै बोल्न सक्तैनन्, न त चराहरू नै यत्तिका मधुरभाषी देखिन्छन् । यहाँ एक अधर मात्रै छैन । यहाँ भाषा गद्यमा रहन्न । प्रवाहशील, तरङ्गशील, सूचनाशील सौन्दर्य यिनै नागबेली ध्वनिहरूमा पाइन्छन् । पहाडहरू बोलेको सुन्ने इच्छा यहीं तृप्तिको नजीक आउँछ । यस ध्वनिको सौन्दर्य कहीं फूल भएर फुट्छ, कहीं जमीन भएर लहलहाउँछ, कहीं चराले टिपेझैं बोली भन्दछ । यो प्राण-स्पृश्य छ– विशेष गरेर गर्मीका दिनमा । हाम्रो जीवन वीणा भए सरस्वती खोलाहरू हुन् । हाम्रा शिराहरू सुर मिल्दै आउँछन्– जीवन बज्दछ, तब हाम्रा पहिला कविताहरू नदी-किनारमा निस्कन्छन् ।

कलकलमा चिच्याटलाग्दोपना हुँदैन । पाटनका शब्दबाट यिनीहरू ध्रुव दूर छन्, यहाँ अविरलतासँग नवीनता हरहमेशा गाँसिइरहेको छ । यो ध्वनि एकै किसिमको जस्तो भए पनि विभिन्नता लिइरहेको जस्तो विदित हुन्छ । उहाँ लहर आउँदछन्, तर उनै होइनन्, उस्तै रेखाहरू बन्दछन्, तर भिन्नै-भिन्नै । ध्वनि उही किसिमसँग निक्लन्छ तर नित्य नवीनको अनन्तको बोलीमा दोहऱ्यावटविना एकै सत्य मुखरित भइरहेको जस्तो बुझिन्छ । हाम्रो हृदयले छन्द र लयको पहिलो आभास ज्यादाजसो यहीं पाउँछ अनि कवितको विकासक्रममा उही ध्वनि रूखका जरामा घुम्दछ, फूलमा गएर रङ्गिन्छ, सूर्यको किरणसँग मितेरी लाउँछ, मोती र मुगाहरूसँग गाँसिन्छ, पन्नाहरूमा फुट्तछ, कोइलीले पक्रिन्छ र भाषामा प्रवाहशील बनेर बग्दै आउँछ । ज्यादा-जसो पहाडीहरू प्राकृत कवि हुन्छन् र लयदार भाषामा गीत गाएर डोकोलाई संगीतमय बनाउँछन् । मलाई यस्तो लाग्छ कि पहाडहरूले यिनीहरूलाई कविता सिकाए । कल्पनामा लयदार ध्वनि पैदा गर्नलाई पहाड र सरिताको कलकलभन्दा प्रवल उत्तेजना मैले कतै देखिनँ ।

# मान्छे-जादू

बिचरा दुनियाँले मलाई चिनेन । कर्म खोटो !

मलाई चिनेको भए संसारले दुःख पाउने थिएन । मलाई बुझेको भए बुझेका कुरा बाँकी रहने थिएनन् । तर किन हो ? मायावी जाली दुनियाँको आँखामा रहेकै छ । ऊ चिन्न पनि चाहन्छ, चिन्नदेखि डराउँछ पनि । उल्टिनाको डर चपरीलाई, उब्जिनाको त्रास माटोलाई र पढ्न र बुझ्नाको कठिनाइ भुरभुरे बालकलाई । हामी देख्न चाहन्छौं, तर नानी नै यस्तो छ कि उज्यालो पर्दै खुम्चिन्छ । हामी अज्ञानलाई जीवन बनाउन चाहन्छौं, सीमित हुनामा कट्टरको स्वर्ग छ । अनन्तको म्याउले हरहमेशा अँधेरीबाट तर्साउँछ । छामछाम-छुमछुम नै जीवनको विश्वविद्यालय हो । हामी सागर देख्तै निसास्सिन्छौं । सत्य देख्तै पापी नसा काँप्तछन् र म आएँ स्वर्गबाट, ओर्लिएँ भवन जानाका निमित्त । तर दुनियाँले छाया भन्ठान्यो ! खँदिलो देखेन ! पर्दा लगाएर हेऱ्यो ! मैले भनें, 'तँलाई अज्ञानको मोहनी मीठो लागे म पर्दानशीन भलादमी हुन्छु ।' र मेरो जादू छिप्यो ! 'म' बुझ्नाको चमत्कारलाई मैले समयमा विस्तार गरिदिएँ । दुनियाँले झिल्का-झिल्कीहरू पाएर शिशुको हँसिलो मुस्कानले तिनीहरूलाई आविष्कार, प्राप्ति, अन्वेषण भन्दै उठाएर हेर्न लाग्यो । म धेरैबाजि आएँ र धेरैबाजि बिलाएँ ! तर दुनियाँले मलाई पूरा तवरसँग कहिले पनि बुझेन ।

अहा ! म जादू ! 'पूर्णात् पूर्णमिदम्' म त्यहाँ बुझ्दछु, जब आफूलाई भित्रबाहिर हेर्दछु !

'खै त,' दुनियाँले भन्छ, 'के लछारिस् ?' गर्नु ईश्वर हो, नगर्नु परब्रह्म हो ! मेरो अस्तित्व नै चमत्कार छ !

मैले तीन सय तेत्तीस कडोर डाक्टर पढाएँ । चरक र सुश्रुत मेरा चेला थिए । आज मलाई दूरबीन, सूक्ष्मवीक्षणयन्त्र, अज्ञात किरण, के-के

लगाएर हेरिरहेछन् ! म हेर भन्दछु, कोही फोक्सो हेर्छन्, कोही नसा ! तर म तिनको अहंमानी संकुचिततामा मुसुमुसु हाँसेर बसिरहेछु। डाक्टरहरूले झटारो हानेर मेरा रोगहरू निको तुल्याउँदै आए। अज्ञानको सर्टिफिकेट विश्वविद्यालयले बाँडी-बाँडी तिनलाई मोटर चढाइरहेछ। मलाई तिनले गणित-सूत्रमा बाँध्न खोजे, मेरो अङ्गसंगतिबाट फर्मुला बनाए, तर अत्तर-छालासम्म बुझ्न सकेनन्। मेरा रक्ताणुहरू तिनले परीक्षानलीमा हाली रङ्गाए; तर अझसम्म लाली बुझेका छैनन्। तिनले मेरा आँसुको विश्लेषण गरे; पानीलाई तीन समस्या बनाए र नूनलाई कति म भन्न सक्तिनँ; तर तिनीहरू त्यतिमै हार मान्दछन्। तर दुनियाँका सबभन्दा अनभिज्ञ आशावादी डाक्टरहरू हुन्। उनको पाण्डित्यदर्शन रेखादार ठेली बन्दै दुनियाँ ढाक्न लागिरहेछ। अज्ञानको मुताबिक उनको घमण्ड गरीब र अपरिचितउपर पर्दछ।

उनीहरू मलाई पो पढाउन चाहन्छन्! भन्दछन्– फियो 'समरभूमि' रे ! रक्तसञ्चालन 'लडाइँको बाघचाल' रे, लक्षण 'समरशब्दहरू'। गिर्खाहरूले तोप-बन्दूक पड्काएको सम्म उनीहरूले देखे ? तर अरू मेरा घाउ कहाँबाट उठे, बुझेका छैनन्। फूल र अण्डाको उखानमा घोरिंदै छन्। कीटाणु अघि कि रोग अघि ? मेरो रुधिरसञ्चालनको अदृश्य सिङ्गै माछाहरू पक्रँदैमा उनलाई आकाश-पाताल छ। उनै मेरो हृदयमा 'स्टेथस्कोप' लाएर कान थाप्छन्। मानौं जीवन खालि 'लब-ढब' हो ! मानिसको कलपुर्जा देखेर जिभ्रो काड्ने कोही डाक्टरहरू आस्तिक बने, तर धेरैजसो यन्त्र बनेर रासायनिक सम्मिश्रणका सूक्ष्म लाक्षणिक क्रिया जीवन हो भन्ने भीषण शठसिद्धान्तले दुनियाँको सत्यलाई समर्थन गरिने थैलाबाट मोटाउँदै गए। मृत्युको चापले डाक्टरहरूको चूलो तात्तछ र अभागी दुनियाँ हात जोड्दै अँधेरीका झटारा जस्ता गोली र झोलहरूसँग सम्बन्ध जोडिरहेको छ।

तर हाय ! तिनले के जाने मलाई, जो मेरो जीवनलाई औषधि गर्न आउँछन्। विशिष्टता नै नास्तिकता हो, अज्ञान हो। अझ आँखेपन हो। के डाक्टरका गोलीभन्दा गोलीमा रहने विश्वास तीन चौथाइ खँदिलो होओइन ? बीसौं शताब्दीको विशिष्टता सबभन्दा ज्यादा डाक्टरहरूमा भयङ्करता देखाउँछ। मेरो आँखालाई इलाज दिने त्यो छ मेरो नाक बुझ्दैन। बोक्रे विवेकले सूत्र बाँधेपछि विश्वविद्यालय खुल्दछन्।

(क-ख)[२] ले जीवनलाई व्याप्त गर्न सक्तैन, तर म डाक्टरहरूलाई तारीफ गर्दछु। हाय ! कत्रो अन्धो कोशिश ? मलाई बुझ्न खोज्ने र अन्धा सहानुभूतिका सच्चाइ देखाउने लटमुखाहरूमध्ये पहिला मैले डाक्टरहरूलाई नै देखें। उनीहरू वैज्ञानिक पण्डित हुन् खँदिलोसिवाय अरू चीजलाई दुनियाँ भन्दैनन्। औषधिको प्रतिक्रिया नदेखी ठम्याउने उनलाई के काम ? मानौं अन्धाले जीवनको जरा छामिरहेछ ! र मलाई यन्त्र देखेर यान्त्रिक अध्ययन गर्दछन्। उनका ज्ञानले नै प्रपञ्चलाई प्रशंसा गरिरहेछ ? उनीहरूले जान्ने हुँ भनेर नाक फर्काउनु मेरो बोक्राको अलौकिक कदर छ। उनीहरूले फियोको कुरुक्षेत्र बुझे; मिहीन सूक्ष्मताहरू मिर्गौलामा देखे, र दर्शनको मिर्मिरे झलक गिदी-गिर्खामा केन्द्रित भएका पाए। ईश्वर छ भन्नेहरू खप्पररूपी ढकनीउपर बहस गर्दछन्। प्रकृतिका उपासकहरूलाई पनि ईश्वर-विभूतिको चेत स्नायुजालको चातुरीमा कहिले जिभ्रो काडेर निकाल्दो हो। कति माधुरी ? कति चातुरी ! उनीहरू विकास देख्तछन् त्यहाँ, जहाँ शून्यको राज्य मान्ने प्रवृत्ति डाक्टरहरूमा प्राकृतिक छ। मैले आँखाका खोपिल्टामा संरक्षिणी जादू देखाइदिएथें, तर उनीहरूले प्रकृतिलाई शिरपाउ चढाए। कानको जालीमा मैले टेलिफोनको पूर्वप्रतीक्षा गरिसकेको थिएँ। उनी अझ प्राथमिक तत्त्व बुझ्दैछन्। दुई आँखाका चमत्कार दुनियाँ उल्टो-सुल्टो पाएर उनका ज्योतिकेन्द्रमा झल्काइरहेछु। उनीहरूलाई थाहा छ मेरा रुधिरगानहरूको महत्त्व र संगीतकलाको प्रशंसा मैले धेरै डाक्टरको मुखबाट सुनेजस्तो लाग्छ। 'मगजरञ्जन'-को तत्त्वमा सबै ग्रामोफोन बनिसकेका थिए। मेरा अणुहरूमा डाक्टरहरू विश्वको अनुहार देख्ने थिए, तर विज्ञानले सूक्ष्मवीक्षणयन्त्रलाई हदमा पुऱ्याएको छैन। अनि पाचन, स्पन्दन, सञ्चालन इत्यादि एक-एक विश्वकोष छन्। मेरा थूकमा अभिप्राय छन्, सिंगानमा सौन्दर्य ! दाँतको बनोटमा विकासका क्रमहरू। गम्भीर मगजवाला फीसलोलुपता कम भएका डाक्टरहरूले बुझ्दछन् म के लेखिरहेछु। यिनउपर यो विचार गर्नु कि यो सब कलपुर्जे सूक्ष्मप्रबन्धी नसाको लहरादार विशालभाषी चमत्कारका मिहीन क्रियाहरू अचेत र सचेतका राज्य र दोसाँधमा अनन्तताको मधुर चैतन्य उत्पादन गर्दछन्, जसको नाम मानव-जीवन हो– त्यो जीवन जो आत्मविस्तारका क्रियाहरूमा मानवजातिको फैलावट र प्राकृतिक संरक्षणहरू गर्दै पनि छ र व्यक्तिको

पालनपोषण र नाश पनि। डाक्टरहरू तारामिलनबाट ओर्लेका भारसाम्यलाई रोग भन्दछन्; र दुःखको चेतावनीलाई लक्षण भन्दछन्, तर यो विशाल चमत्कार जातिरक्षणलाई आत्मवेदनाको तत्त्वमा तौलमिलाइ पाएर चम्किरहेछ र आत्मसंहारका सूक्ष्म क्रियाहरूले व्यक्तिलाई समष्टिको वेदीमा अर्पण गरिरहेछ। शायद यसको विरुद्ध डाक्टरको जरूरत थिएन, तर मेरा आत्मजिज्ञासा र त्रासहरूमा अस्पताल बने।

तर मलाई कसैले त्यहाँ देख्यो– सुनधारानिर हो क्यारे ?– जहाँ म कङ्कालको स्वरूपमा किर्लिङ्ग भुण्डिएको थिएँ। के त्यहाँ भीम उग्रध्वनि सबै थिएनन् ? के त्यो बाटो हिंड्दा आमाहरूले केटाकेटीका आँखा छोपेर हिंडेहुन् ? ओहो ! भीषण ! तँ त्यहाँ छस्, जहाँ फाहा लगाउने र गाला मुसार्ने जीवनभिल्के ऐना देख्तैन, तर आफ्नो विकृति, आफ्नो सत्यानाश, ज्योतिशून्यता, मुर्दापन र किर्लिङ्गपनाको ऐना देख्तछ। मलाई बाघदेखिन् डर लाग्दैन यदि बाघले जीवनलाई नखाओस्। त्यो मेरो भग्नावशेष जीवनको मुटु चिसो पारेर ढुक्क गराउँछ। त्यसैले मान्छे साधु हुँदा होलान्। ओहो ! छालाले मोरेको पुतली हुँ कि भनेर क्या वीरताको आत्मा तर्सेर आउँछ। लेप रे त्यहाँ जहाँ कङ्काल किर्लिङ्ग हुन्छ। हाय ! हेज्लिन स्नो ! तँ ती मांसशून्य खडबडे निधारलाई बनेको होइनस् ! त्यहाँ नसाहरू जाली परेर, बटारिएर, बाङ्गिएर गण्ठनमण्ठन परेका छन्, मेरा स्नायुजालको तसवीर मैलाई गिज्याउँछ र तर्साउँछ, मेरो ओडारखोप्ले आँखा देखेर म जुरुङ्ग हुन्छु। मानो जीवनको शून्यको बेपींधे खाल्टो हो। नाशभन्दा खण्डहर नराम्रो छ। म त्यहाँ दुनियाँको जीवनलाई डिच्च परेर गिज्याइरहेछु।' खोइ ! त्यो तकिया ले न, त्यो चाहिने ! अलि असजिलो भयो।' मेरो आरामको दुनियाँलाई परवाह छैन; म सहानुभूतिको विशाल नैराश्यमा ढुङ्गो बनिरहेछु त संसार म जस्तै हुँला भनेर हर-हमेशा मलाई हेरेर तर्सिरहन्छ। त्यहाँबाट के जादू गयो ? कुन अखँदिलो कुन खँदिलो छाया ? त्यसलाई दुनियाँले नाम दिन जानेको छैन। म त्यसलाई कम्पन, स्पन्दन यस्तै नाम दिन्थें। म त्यसलाई पूजा गर्थें– 'तँ मेरो जीवनधन' भनेर। त्यसमा मेरो विश्व पलाउँथ्यो, बोल्थ्यो। त्यसमा यातायातको सिर्सिरिलोपन दिने केही कुरा थियो। ताराहरूबाट यसले भाषा खँदिलो पार्न खोज्थ्यो। 'म प्यासी छु, म प्यासी छु' भनेर रुँदै हात पसार्थ्यो। आँखाभरि कृतज्ञता, ढुकढुकाउँदो सजीवतासँग भन्दथ्यो,

'जय जीवनदाता ! मलाई नछाडे ।' ऊ आफूलाई अमृत पिउने जीव भन्थ्यो । उभिन्थ्यो, माली थियो, बोल्थ्यो, हाँगा-हाँगामा सपना देख्थ्यो । रङ्गहरूलाई स्पर्श गर्थ्यो । किरणहरू तारमा बजाउँथ्यो । ऊ आफ्ना संगीतलहरी सुनेर विराट्का नसा-नसाहरू बल्केको थाहा पाउँथ्यो । त्राससँग ऊ त्यो समतौलमा रहन माग्दथ्यो जसमा ताराहरू रहे । उसलाई फलूँ-फलूँ भन्ने भाव बिरुवाहरूबाट आउँथे । ऊ भन्थ्यो 'वा', जब अँधेरीमा मौनको नबोल्ने गुजुल्टा झर्दथे । उसलाई प्रेम यति सरल थियो कि गला सुके दूधनिमित्त चिल्लाई रोइदिए पुग्छ भन्ने चेतले आँखा भिजाएर हात फ्याँक्तथ्यो । उसमा विश्वास थियो– त्यो विश्वास, छुरीको टुप्पाअगाडि हाँस्तछ । 'मलाई यही कीराले आइँ गर्‍यो' भनेर रोइदिन्थ्यो । खुट्टा निदाए पनि उसलाई बाबुको श्वासले फुकिदिए निको होला भन्ने पत्यार थियो । मरणासन्न वेदनामा पनि आँखा पिर्लिक्क पल्टाउँदै ओठ लेप्राउँदै ऊ बाबुको मुख हेर्ने गर्थ्यो, जबसम्म उसले अन्त्यको बाबुलाई चिनेन । हामी यही तवरले जीउ छाम्छौं; यसै गरी मर्दा छौं र जीवन भन्ने जादू आजसम्म बुझिएन । माछाले पानी बुझेन, जिउनेले जीवन ।

मेरा बाह्य कर्महरूले दुनियाँका इतिहास बनाए, जराले साहित्य । मनलाई बुझ्न आजकल तेत्तीस कोटी मनोविज्ञानका पुस्तकहरू लेखिए । मैले कलेज र स्कूल पढाइरहेछु, किनकि उनीहरू जीवनको अनुभव पढ्छन्, न कि कङ्कालका भीषण जडताहरू । मेरा कानका निमित्त संगीतशास्त्र बन्यो र मलाई सुनाउनका निमित्त तानसेनहरू ? म आफैं गन्न सक्तिनँ कति राग र रागिनीहरू मलाई आनन्द दिन प्रबन्ध गरिए ! मेरा आँखालाई आफ्नै सौखका ठेलीहरूले टट्टाइरहेछन् ' सिनेमा र विश्वसिनेमा यिनकै निमित्त जन्मिए ! मेरो नाकलाई उषाले फूलबाट शीतमय बास्ना निकालिरहिछन्– कृत्रिम अत्तरहरूको विभिन्नता र तिनका कारखानाउपर किन व्याख्यान छाँटूँ ? स्पर्शलाई सिमल फुले ! स्वादलाई सबै घर खानसामा बनिरहेछन् । रौं तलास्न पचास करोड दैनिक खर्च ! मलाई खोल बनाउन तीन सय न्याइन कम्पनी जन्मेर छाँटकाँटको विज्ञान पढिरहेछन् । मेरो जुँघा छाँट्न तीन लाख फ्याक्टरीहरू कुइँ-कुइँ गरिरहेछन् छुरा र डाँठका निमित्त ! यो मेरो बाहिरी सौखले दुनियाँमा उद्योगकला फैलिएर यान्त्रिक युगमा मानवजाति आइपुगिरहेछ । मलाई

रिझाउनमा दुनियाँमा मार्शल जस्ता अर्थशास्त्रीहरू नियम बनाउने खोजमा छन् । म भैंचम्पा खेल्दछु ! आतसबाजी उडाउँछु र जता नजर दियो दुनियाँको मानव राजा भई निरंकुश शासन गर्दछु ! फेरि म कस्तो बाठो छु ! सिगमण्ड फ्रइडहरू हार खाइरहेछन् ! यता हेर्छन्, उता अलमलिन्छन्, यता कुइरामा पर्दछन् ! खँदिलो सत्य निकाल्न के मजा ? नियमले नाप्न खोज्छन् मलाई– जो दुनियाँलाई हरहमेशा नस खुवाउने काममा छु ! बरु आलु रोप्नेले प्रकृतिलाई बुझ्न सकिन्न भनेर ईश्वर-विश्वासका खँदिला उल्लास निकालोस् । उनीहरू आज आविष्कार गर्छन्, भोलि मेट्तछन् । मैले कपाल कन्याएँ भने त्यहाँ बाँदरदेखि मनुष्यको प्रौढतासम्मको विकासको इतिहास छ, तर उनीहरू साङ्ग्रा ताक र सस्ता नाफाका जीवनसँग जोडाइ-घटाइ भाउमा जोडेर बहस गर्दछन् ! दुई-चार कुरा जाने उनलाई चमत्कार छ, चमत्कारी बन्दछन् र आफूलाई दुनियाँका चलाकीका ठेकदार सम्झन्छन् ! म उनीहरूलाई हरहमेशा हँस्सी उडाउँछु । गणितात्मक चेतका पुजारीहरूलाई मानिस विज्ञान बनाउने सोख छ । तर म सधैं अविदितको आड लिएर भन्दछु 'पढ बाबु हो ! खोज ! मलाई राम्ररी बुझ्न एक अनन्त काल बाँकी नै छ !' तर निकै चलाक छन् ठिटाहरू ! दुई-चार कुरामा मलाई हँसाइ पनि दिन्छन् ! हो त ? म कति छकाउँछु दुनियाँलाई, कति गिज्याउँछु । म स्वार्थले महात्मा बन्न खोज्छु, अप्रियले रिसाउँछु, झूटा कुराले आफूलाई बुझाउँछु, सातपत्रे मिथ्याबाट बोल्दछु अनि उनीहरू उल्झन फुकाउनको प्रतिभाशाली सौखमा विज्ञान बनाउन खोज्दछन् ! मैले झल्काइदिएका छकावटहरूले नै उनीहरू पण्डित भए ! उनीहरू भूलभुलैयाका अन्धकारमा हिंड्छन्, विज्ञानका विवेकी धागामा; तर यिनलाई अन्धकारको 'मिनोटावर'-ले खान्छ !

के तिमीले मलाई त्यस वेला देख्यौ, जब म सुनको पखेटा लगाएर हिमालयको चुलीमा पुगेको थिएँ । मलाई विश्वको लयले पक्रेको थियो, म अम्लान बारीका पुष्पहरू टिप्तथें । के कहिले-कहिले तिम्रा अणु-अणुहरू झनझनाएर आउँदैनन् ? ती जादूगर्नी, जसलाई मानिस कल्पना र भावना भन्दछन्–के तिमीले तिनका दीपक रागहरू सुन्यौ ? के तिमीले 'राम-को शब्दमा अडेका विश्वहरू छामेका छौ–तेत्तीस कोटी आत्माको मधुर पुकारहरूले गुन्जित भएका ! मैले त्यहाँसम्म खोजें, जहाँ

'शिशु फूल'[1] फुल्थे । मैले ती खाना खाएँ, जो पीरहरूले फूलको कचौरामा ल्याउँथे । के उषाका दरबारहरू दिउँसै बनाएर तिमीले हेरेका छैनौ ? मेरा छिनाहरू मैले रूखका जरामा राखेथें; चराहरू फुलाउन ! नसुनेका गानाहरू र नखाएका खानाहरू कहाँ खँदिला हुन्छन् ? मेरो मट्टीमा कहाँबाट किरण पस्यो ? विशाल झल्किरहेका शिखरहरू तिमीले देखेका छौ ? म अपूर्णतामा पूर्णता कसरी बोल्छ भन्दै विशालको मुटुमा स्पन्दन सुन्दछु– मभित्र फुलेको फूलको कोपिला सुँघ्दै दुनियाँ सभ्यताको दावा गर्दछ । मेरा अस्फुट भावनाहरूमा यसका अदृष्ट निर्भर छन् । मेरो विश्वासमा दुनियाँले भारसाम्य पाएर अनन्ततामा जीवनता विस्तार पाउन आशा राख्तछ । मेरा मानव-कल्पनाहरूले यस शिशुलाई पोसिरहेछन् । म भित्रबाट शून्य हुनुमा परमेश्वरको गादी थर्कन्छ । मेरो सौन्दर्यचेतमा कल्प सृष्टि भए; मेरा सत्य चेतमा वेदहरू कमलमा फुले । मभित्र अतीतको कम्पन छ; वर्तमानको स्पन्दन र मेरो हतपतमा भविष्यको चित्रण छ । मलाई ज्योतिषीका पूर्वदर्शिताका शक्तिहरू दिएका छन् । म विरोधमा स्पन्दन पाएर तेस्रो तत्त्वमा साम्य लिन्छु ! म र विश्वबीचमा हुने सहानुभूतिको सूक्ष्मता देवताहरू स्वर्गको कल्पद्रुममनि बसेर पढिरहेछन् ! म नीतिको चन्द्र-सूर्य अड्याउँछु र मेरा भावनाहरूलाई अनुवादद्वारा परमेश्वरका संसृताका इच्छाका लहराका शब्दहरूले अदलबदल गरिरहेछन् । मलाई हृदयमा विश्व भत्काउने शक्ति दिइएको छ ! र तैपनि मलाई दुनियाँ बुझ्दैन । दुनियाँका धेरै सूक्ष्म कलाहरू अझ मेरो गर्भमै छन् ! भाव, विश्वास, कल्पना, श्रद्धाका क्षेत्रमा तिनीहरू अग्राह्य रूपमा विचरण गरिरहेछन् । म दुनियाँको भण्डार हुँ र मबाट बजारमा नचिनिने जुहारहरू झल्कँदै बर्सिरहेछन् । म कहिले तिनलाई आँसु भन्छु, कहिले कविता, कहिले परमेश्वरका सूचनाहरू । तर दुनियाँले मलाई खोस्टो देख्तछ; दुईहाते, दुईखुट्टे, दुईआँखे बिकम्मा माटाको खल्लो मूर्ति–जससँग लडाइँ-भिडाइँ गर्नु र स्पर्धा राख्नु उसको दैनिक जीवन हो र कसैले त्यहाँ हेऱ्यो– जहाँ म स्वर्ग र नरक सिर्जना गर्दछु ? त्यहाँ जहाँ समयका लहरहरूका चपतमा मेरो गहिराइ जीवन हो, अभिप्राय शब्द निक्लने अन्तःकरणका ध्वनिहरू क्षण-क्षणका बाजामा बज्दै

---

१. मेरो एक गाइने गीतको शीर्षक ।

स्पष्टीकरणको सतहमा आइरहेछन् । कसैले ज्ञानलाई मानौं मोटर देख्यो, जो बादलको बिजुलीले प्रभावित हुन्छ ! जो अदृश्यको शब्द ल्याउँछ, त्यो यन्त्र कहाँनिर बसेको छ, कसले देख्यो होला ! म सुतिरहेको बेलामा 'भोलि पाँच बजे उठ्छु' भन्ने भावना अनन्तको घडीको सुई ट्वाक्क देख्ने गरी कसरी ब्यूँझिएर उठ्तछ ?

'किरो'[२] हो कि 'चीरो' हो मेरा हातका नसाहरूको अध्ययन गरेर मान्छे भएथ्यो । म आफ्नो मुखमा इतिहास लेखिरहेछु, आफ्ना हस्तरेखामा भाग्य झल्काइरहेछु, आफ्नो बनोटमा आध्यात्मिक अभिप्रायहरूको प्रकाशन गरिरहेछु । मेरो हात पढे दुनियाँलाई एक रहस्यको भण्डार छ, मेरो मुखाकृतिमा पाँच हजार पुस्तकालय छन् । तर संसार मलाई छाया भन्छ र म निराश भएर आखिर यी दिव्य जादूगरीको हातखुट्टा पसारेर अनन्त थकाइ र हताशले लम्पसार पर्दछु । दुनियाँले आगोमा जलाएर एक मुठी खरानी रहेछ भनेर जीवनको व्यर्थताउपर व्याख्यान छाँट्छ ! दुनियाँ अन्धो नभए दिन-दिन चितामा दिव्य चमत्कारहरू खरानी हुने, जल्ने थिएनन् र मानिस अमर हुन्थ्यो ! पढाउनका निमित्त जन्मिएँ, दुनियाँ पढ्नाका निमित्त !

अनि हरेक विचार र भावनाहरू विश्वका बहीखातामा मैले कसरी लेखाइरहेछु ! एक भावमा, दुई सय कडोर नाता छन्, एक विचारमा विश्वको लहरोपहरो तानिन्छ । अनि सूक्ष्मातिसूक्ष्म सबैको होश राखेर मैले जवाफदेहीको भारले विश्वलाई कसरी अडाइरहेछु ! दुई सय कडोर बाजामा सुर बिग्रिएला भनेर म कसरी नसाका तार-तारमा सुरको ठेगाना राखेर प्रशिक्षणमा चलिरहेछु । मेरा निमित्त हरएक भाव र विचारको उचित फलदायित्वका न्यायका अदालतहरू सूक्ष्मका शासनमा कति कडोर छन् । र तिनीहरू सबैलाई प्रवन्ध गराउने, होश गराउने र समतोल मिलाउने सत्य कस्तो चमत्कारी होला, जसले मलाई यो जादूगरीमा चकाचौंध बनाएर डुलाइरहेछ ।

यो मान्छे-जादू दुई खुट्टामा हिंडिरहेछ र संसारको रंगमञ्चमा नाची-नाची आफू दर्शक हुँदो पनि छ र आफ्नो प्रदर्शनी पनि देखाउँदो छ । यसभन्दा ठूलो चमत्कार दुनियाँमा छैन र यो शरीरको भित्र विचित्र

---

२. अंग्रेजी सामुदायिक विद्यामा पारंगत प्रसिद्ध पुरुष ।

कार्यहरू अध्ययन गरी नसक्नाका सूक्ष्महरू देखाउँछ। यो धूलोलाई शहर बनाउँछ र शहरलाई धूलो। यसको मुख्य जादूघर खप्परमा रहन्छ र त्यसका झिल्कामिल्का कहीं लण्डन हुन्छन्, कहीं कान्तिपुरी ! जहाँतहीं यो झल्किएकै छ ईंटदेखि लिएर ताजमहलसम्म। म अरू सबै जादूगरभन्दा आफैंलाई सबभन्दा विचित्रको ठान्दछु।

# हाइ हाइ अंग्रेजी

म जब आठ वर्षको उमेरको थिएँ, तब मेरा दाज्यैजी भर्खरजस्तो इन्ट्रन्स पास भएर त्यस जवानीको टघूशनगिरीमा महीनाको तीन सयउपर कमाइरहनुभएको थियो । म उहाँलाई दुनियाँको आदर्शमा ठान्दथें । माताजी पनि बराबर 'त्यसरी पढ्नुपर्छ बाबै ! दाज्यू जस्तै' भनेर स्नेहको अङ्गुलीले उहाँलाई देखाउने गर्नुहुन्थ्यो । मलाई उहाँदेखिन् डर थियो, जस्तो आदर्शमा पुगेका महात्माहरूदेखिन् ठिटाहरू प्राकृतिक तवरले डर मान्दछन् । उहाँको माष्टरमा हुनुपर्ने जस्तो धाक, रवाफ, दबावट र गाम्भीर्य देख्ता म त्यसै काबू रहन्थें र मेरो आत्मा समयको त्यो स्वर्णयुग पर्खिरहन्थ्यो– जसमा म पहिला पास गरेर बेतको छडी हातमा लिंदै लडकाहरूको अगाडि हप्कावट र दप्कावट गर्न समर्थ बनूँ !

त्यस वेला पहिलो पास भनेको मानौं संसारको शिखरजस्तो लाग्दथ्यो । म विद्याको मोहनीलाई त्यहाँभन्दा माथि चढेको देख्न सक्तिनथें । अंग्रेजी भडभडाउन सक्नुमा नै माहात्म्य हुँदो रहेछ भन्ने लाग्दथ्यो, र म 'पैसा कमाउनुपर्छ, अंग्रेजी पढ्नुपर्छ'को धाईआमाका शिक्षाहरूलाई अक्षरशः अनुसरण गर्न चाहन्थें, तर मलाई याद थिएन, कति दुःख, चिच्याट, कति चिन्ताहरूको साथ त्यो माष्टर भन्ने व्यक्तिले जीवन निर्वाहको निर्मोहनीमा आत्मालाई साधारणको धूलिधूसरतामा राख्नुपर्दथ्यो र उच्च गगन देख्तादेख्तै भूईंमा बसेर झोक्रिनुपर्दथ्यो ।

म पढ्दै गएँ, बढ्दै गएँ, इन्ट्रेन्सको मोहनीले गोसाईंथानले पानी बोलाएझैं कठिन चढाइहरू उकाल्दै लग्यो– शायद म भन्न सक्छु बडा पातला चिसा हावामा र मकै सत्तुका खानामा । म खेल्न चाहँदैनथें । मलाई 'पढ्नुपर्छ, पैसा कमाउनुपर्छ'को मोहनीले यताउति हेर्न नदिई लगिरहेकी थिई । घरका चिन्तित बाबुआमाका मुहारहरूबाट शिशुले

सूचना सहजैसँग पाउँदछ र दरिद्रताको घरमा शिशुहृदयमा पनि आर्थिक अन्वेषण नै जीवन हो भन्ने सजिलोसँग अङ्कित रहन्छ । म माष्टर हुन चाहन्थें, पैसा कमाउन, घर उज्यालो बनाउन, दाइलाई मद्दत गर्न, दूध-भातमा सबैलाई पुऱ्याउन । चाँडै पास गर्नाको धुनमा खेल्न छाडें । म भातमा स्वाद पाउँदैनथें । मेरो मगज हरहमेशा गाँजा खाएझैं बाबुराम माष्टरका भूगोलका पाठहरूमा घुमिरहेको हुन्थ्यो । म अंग्रेजी किताबका पत्रहरूको सपना देख्तथें, किताबका तकियामा सुत्थें । खेलबहाडमा कहिले-कहिले चार र छ बजेको बीचमा भाइको साथ ज्यादाजसो आग्लो ठोकेर कोठैमा बस्तथें र मिर्मिरेसम्म आँखा पट्टाइरहेकै हुन्थें, राती बाह्र बजेसम्म र बिहान पाँच बजेदेखिन् मेरो पढाइ चलिरहेकै हुन्थ्यो र यही किसिमसँग मैले पाँच वर्ष पहिला पासका निमित्त बिताएँ ।

पढाइ थियो नौ वर्षको, मैले पाँचै वर्षमा खतम गरें र यी पाँच वर्षमा मैले भातको स्वाद पाइनँ, अनुहार ऐनामा कम हेरें हुँला, र पहिला पास नहुञ्जेल जुत्ता नलगाउने कबूल गर्ने कुनै स्पर्धाशील साथीसँग आफ्नो धेरै कुरामा सादृश्य राख्तथें । मैले दुनियाँसँग बोल्दैबोलिनँ भने पनि हुन्छ, न त उसको काममा अग्रसर कहिल्यै बनें । स्त्रीसमाजमा म ज्यादै अप्रिय थिएँ, किनकि म उनका किनमेल इत्यादिमा एक पाइला चल्दैनथें । पासको धुन सवार थियो । १९२६ ई० मा पहिला पास पटना विश्वविद्यालयबाट गरेपछि मेरो नाक अलि ठाडो भयो तर दिल बुझेन, म अझ पढ्न चाहन्थें र बी०ए० को मोहनीले मलाई बोलाउन लाग्यो ।

म जब त्रि-चन्द्र कलेजमा आइपुगें, रानीपोखरी पल्लापट्टिका मिजाजहरूद्वारा अलि संकोच फुक्तै गए, अलि बहस गर्न, बोल्न अधि सर्न थालें । तर मलाई त्यस बेलासम्म कम बोल्ने, कपटी, घमण्डीसिवाय कलेजका सहपाठीहरूले केही नाम दिएनन्, त्यस बेला वर्डस्वर्थका कविताले मलाई निकै प्रभावित गरे र म अलिअलि अंग्रेजीमा र नेपालीमा कविताहरू लेख्ने र अध्यापकहरूलाई पनि बराबर देखाउने गर्दथें । र माष्टर हुनमा मजा त्यसै बेलादेखि चाख्न पनि लागें । चार बजेदेखि छ बजेसम्म एक ठाउँमा र बिहान र बेलुका तीन घण्टा अर्को ठाउँमा ट्यूशन पनि गर्नुपऱ्यो र साथसाथै विज्ञान पढ्नुपर्दथ्यो । मैले पढिनँ, क्लासमा कान लगाइदिन्थें र उठ्थें । हप्ताको कम से कम दुई दिन घरमा बसेर कविता लेख्थें ।

जब म बी०ए० भएँ, तब दिनको तेह्र घण्टा जति ट्यूशन गर्न लागें । 'कमाउनुपर्छ, अंग्रेजीमा पढाउनुपर्छ, मास्टर बन्नुपर्छ'को मधुरो गाँजा साइकल चढाएर शहर र पुछार घुमाउँथ्यो । म नेपाली बोल्दैनथें, नेपाली बोल्नेसँग बोल्दैनथें, तर अंग्रेजी बोल्ने बाटामा भेटे गडगडाहटसँग उद्गारित हुन्थें । मलाई यस्तो लाग्यो मानौं नेपालीमा लबजै छैनन्, भावै व्यक्त हुँदैन, मानौं नेपाली विद्वान्को भाषा नै होइन । नेपाली बोल्दा जिब्रो लट्पटिन्थ्यो, जसलाई मैले तेह्र वर्षको तालीममा मालिश लगाइसकेको थिएँ । म अंग्रेजीमा विचार गर्दथें र म अंग्रेजीमै बोल्दथें । नेपाली बोल्दा लाटो-लाटो हुन्थें, अंग्रेजी बोल्दा मलाई प्रशंसाको नजरले मुख ताक्थे । नेपाली बोले विद्यार्थीले मलाई हेप्तथे, अंग्रेजी भडभडाए तिनका घमण्डका नाक भूईंमा जोतिन्थे, मलाई नेपालीको उन्नति नभएको अंग्रेजी शिक्षाको विस्तार नपुगेर भन्ने लाग्दथ्यो । पण्डितहरू देख्ता 'फसिल' जस्तो लाग्दथ्यो; ज्यादै पुराना; आधुनिकताको उज्यालो नपुगेको कट्टर विज्ञानशून्य साइग्रा र सबै भारतीय मध्ययुगी सुषुप्तिलाई तिनका थाप्लामा हालेर मनमनै भन्दथें, 'तिमीहरू कस्ता संकुचित !' तर आफू पनि पण्डितकै छोरो भएको हुनाले मलाई अलि प्राचीन सभ्यता र संस्कृतिमा श्रद्धा थियो तैपनि 'केही पुगेको छैन वा केही थप्नु, सुधार्नु, बढाउनुपर्छ' भनेजस्तो लाग्थ्यो । म भन्थें 'खै फुर्ती तिनीहरूमा ? काउसो जस्तो, टाँसिए टाँसिए ।' अंग्रेजीमा म ती विचारहरूलाई व्याख्यान छाँट्न पाउँदैनथें, अफसोस !

म सुधार गर्न चाहन्थें, नवयुग ल्याउन चाहन्थें । कस्तो ? जहाँ सारा नेपालीहरू अंग्रेजी बोल्न सकून् । अंग्रेजीमा लेखहरू लेख्न सकून्; भौतिक र रसायनका किताबहरू पढेर नवीन आविष्कार गर्न सकून्; मार्शलका अर्थशास्त्रानुसार सामाजिक स्थिति मिलाउन सकून्; जहाँ वैद्यहरू रसायनका फर्मुला जानून्, जहाँ मान्छेको सुखको जीवनको कक्षा बढोस्, जहाँ नेपालीहरू विज्ञापनका राता-राता भँगेरटाउके अक्षरले संसारअगाडि महत्त्वको ढोलक पिट्न सकून् । म के सुधार गर्न चाहन्थें म भन्न सक्तिनँ ।

मैले लेख्ने बानी नगरेको भए म बिलकुल बेकम्मा गधा हुने थिएँ । कलमले मलाई विकास गरेर लग्यो, र अलिअलि देश, काल, परिस्थिति बुझ्दै-बुझ्दै आएँ, तर अंग्रेजीले अझ मलाई अनुवाद र नक्कल

बनाउन खोज्दछ, मलाई बराबर Exploiter (एक्सप्ल्वाएटर– अर्काको रचना विचारको सामग्री बनाएर धनी हुन खोज्ने) भन्ने नाम पनि समालोचकले दिए, मानौं म अंग्रेजीलाई नेपालीमा रूपान्तर ढङ्गले निकाल्थें, यद्यपि मैले सचेत अनुकरण हरहमेशा होशियारीसाथ हटाएको थिएँ। मलाई धेरै कुरा मेट्नु र हटाउनुपऱ्यो। अंग्रेजी आदतका विचार र विचारका आदतहरूसँग नै पहिलो लडाइँ थियो, अर्को अचेत प्रतिध्वनिहरूसँग सचेतको, जो कक्षामा घुस्न-घुस्न खोज्दथे।

मैले त्यसै वेला सम्झें पढ्नुको गफलत। हामी कति अनुवाद बन्दा रहेछौं। उल्था हुनु हाम्रो शिक्षाको किताप बनिरहेको थियो। हाम्रो विश्वासमा भूकम्प लगाउनु हामी शिक्षा भन्दथ्यौं। हामी स्वदेशी मोलतोलबाट वञ्चित थियौं। हामी साहित्यलाई धर्म र जीवनबाट अलग सम्झन्थ्यौं। हामी साधारण र अनपढको घृणा गर्दथ्यौं। हामी आर्यविचारका आदतहरूबाट टाढा रहेका थियौं र तैपनि हामी अज्ञातको कान ठाडो गरेर जनतालाई चश्मा झल्काएर रवाफ देखाउँथ्यौं। हामी मानौं करका प्रवृत्ति थियौं, स्वदेशी स्वतन्त्रता गुमाइरहेका थियौं। हामी आफ्नो भाषाको अवहेलना गर्दथ्यौं।

मैले त्यस वेला साँच्चीकै शिक्षा शुरू गरें, जब मैले कलेज छाडेर जीवन देख्न लागें। तब मैले बुझें कि विश्वविद्यालयका खोस्टामा शिक्षा रहेनछ। पठित भनेका ती हुँदा रहेछन्, जो जीवनको जादूको सट्टा कितापको यान्त्रिकता साट्ता रहेछन्, जो स्वजातिलाई विदेशी ढङ्गमा हाल्न चाहँदा रहेछन्, र आँखा छोपेर सुधार गर्न चाहँदा रहेछन्। पढ्नुमा खालि विदेशी जाली बुन्नु रहेछ, खालि उल्याउनु र उल्था हुनु।

प्रौढ जीवनमा पनि हामी स्कूले आदतहरू लागेर बिग्रिरहेका छौं। हामीलाई अंग्रेजी ज्यादा पढ्ने विद्वान्‌जस्तो लाग्छ, अंग्रेजी शब्दकोषका लामा लवजहरूको प्रियता हाम्रो जीवनमा घुस्तछ। हामी शब्दाडम्बर बन्दछौं, सत्य छाडेर शब्दमा बहस गर्दछौं। तँ ज्यादा जान्ने, म ज्यादा जान्नेमा स्पर्धाशील झगडा विदेशी आदतहरूसँग बोक्रे कुराहरूमा घुस्तछन्। हामी सागरपारिका कुरामा बहस गर्दछौं र आफ्ना मार्मिक र समीपवर्ती विषयहरूमा आँखा चिम्लने गर्दछौं। हामीलाई स्वदेशी भाइहरूसँग घमण्ड गर्न मन लाग्छ, अंग्रेजी साहेब देख्नासाथ ग्रथाजुएटका ठाडा शिर नून खाएको कुखुरोको सिउर जस्तै झुक्तछन्। अंग्रेजी बोल्नु

र अंग्रेजसँग हात मिलाउनु नै आर्य जातिका सदस्यको शिक्षाको पराकाष्ठा सम्भिन्छ। हामी अंग्रेजी लेख लेख्न चाहन्छौं, जब हाम्रो साहित्यले गाइनेको खोक्रो तर टुटेको सारङ्गीजस्तो ऱ्याँइँऱ्याइँ गर्न सक्तैन।

म अहिले विचार गर्छु, अंग्रेजी पढेर मैले के पाएँ ? हाम्रो साधारण जीवन-समय पच्चीस वर्ष पुगनपुग होला। पन्ध्र वर्षको पढाइले हामी बी०ए० बन्छौं। दश वर्षको बाल्यावस्था जोड्दा हामी त्यहीं टुङ्गिन्छौं। पढाइ यति यान्त्रिक, बोधो सुगा छ कि हाम्रो स्वदेशी मगजका गिर्खा खलबल्याउनु मात्र छ। हाम्रो ध्येय नून-रोटीसिवाय छैन। हामी पैसाका निमित्त बेचिन्छौं र दुनियाँका आत्मा बेचिरहेछौं। द्रव्य-धूर्त मिजाजले शिक्षकको हैसियतमा मेचमा डटिडटाउ बनेर दुनियाँका छोराछोरी भाँडिरहेछौं। हामी तिनका जिभ्राबाट सजिलोसँग बग्ने दुधालु भाषा खोसेर अटरपटरले विकृत बनाइरहेछौं, हामी अंग्रेजी चश्मा लगाइदिन्छौं र तिनका सहजविकासी स्वदेशी बुद्धिउपर पाश्चात्त्य रायका अत्याचार लादिरहेछौं। म त पढिदिने लडकाको आपेक्षिक प्रशंसा गर्दछु। अंग्रेजी पढ्न कानमा डोरी लगाएको बयल जस्तो भएर मान्ने लडका जरूर अस्वस्थ हुनुपर्छ। हामी प्राकृतिक बलवा चाहन्छौं त्यहाँ, जहाँ मानव-स्वभावउपर विदेशी जञ्जीर लगाइन्छ र त्यत्तिका दिनसम्म बयल जोतिएपछि के पायो बिचराले ? सुक्खा घाँस ! अरू लेखिएको थिएन ! न यो पहाडको नीलो मसी, न यो वनका हरिया पानी !

बस ! ग्रधाजुएट हुनु यत्तिकै छ। खोस्टो कागजको भरमा दुनियाँमा योग्यता देखाउनु ! सत्तरी रुपियाँका निमित्त हाड घोट्नु ! बाँसको कलम उठाउन नजान्नु ! अंग्रेजीको उल्या हुनु, विचारको आदत बिगार्नु, रोटीमा नौनी लगाउनुको प्यासमा गधा झैं गधाहरू बनाउन बिहानदेखि तोपसम्म पढाउनु, झूटा घमण्डहरूमा ठाँट पार्नु, दुनियाँ ठग्नु र अरू के के, म भन्न सक्तिनँ !

ग्रयाजुएटका निमित्त कृष्णजी पुराना कथाका राजा हुन्छन्। भागवतमा सच्चाइ हुँदैन, व्यास ठग बन्दछन्, पशुपतिनाथ ढुङ्गा हुन्छन्, हेज्लिन चन्दन बन्दछ, गोलभेंडा पथ्य बन्दछ, मनुष्य अत्याचारी हुन्छन्, पुराणहरू चलाकी तर्सावट बन्दछन्, स्वर्ग शून्य हुन्छ, यमराज गफ बन्दछन् र वेदको सत्यता हराउँछ र पुरुखाहरू मूर्ख बन्दछन्।

हामीहरू ग्रयाजुएट भएर पनि कति जान्दछौं ? नदीबाट पानी

उभाउन गएको ठिटो आफ्नै भाँडामा डुबेर मरेजस्तो उखान छ । धेरै जना अंग्रेजी बोल्न डराउँछन्, लेख्न परै रहोस् । परीक्षाको लुगालाई सरस्वतीले खालि यन्त्र-प्रवृत्तिले घोकेका कुरा दोहोऱ्याउन लगाउँछिन् । हामीले परीक्षावैठकबाट बाहिर निक्लनासाथ ज्ञानको टुङ्गो पुग्दछ र नवीन प्राप्ति र नवीन अन्वेषणको ऐंडी खतम हुन्छ । हामी मरीच झै चाउरिन्छौं र सुक्खा बन्दछौं । अनि जीवन छडी, हप्काहट र धूर्तता बन्न जान्छ ।

तर यही अंग्रेजीमा नून छ, यही केटाकेटीको मुखलाई पापाचिची छ । यहीं भारतको बीसौं शताब्दी छ, यहीं आधुनिक आँखा छ, यहीं परराष्ट्र सम्बन्धहरू छन्, यहीं भारतीय अदालत छन् । यहीं सूर्य अस्ताउँदैनन्, यहीं रवाफ र आड छ । यहीं हाम्रो दैनिक जीवन छ । यो अंग्रेजीमा के छैन ?

अंग्रेजी पढ्नेलाई कुलीनका छोरी छन्, बाबूसाहेबहरूका घरमा मेच, स्कूलमा छडी, कलेजमा दाह्री, व्यापारका केन्द्रमा पैसा, परराष्ट्र अफिसमा इज्जत, भाषानुवादमा बोलावट, रोटीमा नौनी, विदेशमा रवाफ, स्वदेशमा धाक, साथीभाइहरूमा नाक, घण्टामा पचास र संसारमा सुवास, हाइ ! अंग्रेजी ! तँ जागीर पाउँछस् दर बसालेको, तैं भाइसरायसँग हात मिलाउँछस्, तेरै रवाफ हामी खाएर बसिरहेछौं, जहाँ विद्वान्-पण्डितजीहरू चाउरिएर बस्तछन् ।

# के नेपाल सानो छ ?

नेपाल !

सुन्दर, शान्त विशाल !

मैले आफैंले एक दिन लेखेथें, 'विशाल' को भावना कसरी आयो म भन्न सक्तिनँ ।

भूमण्डलका नक्शा पल्टाउनुहोस् र हेर्नुहोस् त नेपालको परिमाण कत्रो छ । यो सानो बूँद महासागरमा त्यसै बिलाएजस्तो देखिन्छ । यो सानो टुक्रा हिमालय पहाडको रेखामा सानो कोठा जस्तो लाग्दछ । कति देश र जातिले यसको नामै सुनेका होओइनन् । यो शान्तिको हरियो राजधानी जस्तो पृथ्वीको सानो प्यारो टुक्रालाई अघि बढेर देखाउनुभन्दा आफूलाई छिपाउनुमा ज्यादा रुचि देखाउँछ । त्यसलाई एकान्त मन पर्दछ । संसारको घच्चाघमासानमा पसीना काढी हिस्सा लिनुभन्दा ध्यान र ज्ञानको गङ्गातिर र हिमगिरिशिला यसलाई ज्यादा मन पर्छ । आधुनिकतामा जिज्ञासा राखे तापनि यो प्राचीनको पुजारी हो । आजसम्म लुकामारी खेलेर, हिजोको सुनौला प्रभातको सपना देख्न चाहन्छ । सानो छ तर स्वर्ग छ, अल्प छ तर आँखो छ, खुट्टा छ तर आफैं विश्व छ; दूर छ तर दूरताको दिव्य जादू । यो भारतमाताको मुटु फेला पार्ने थोरै छन्, किनकि यो पर्वतस्तनको भित्र गहिराइमा छिपेको छ ।

हीरा सानो हुन्छ, मोती सानो हुन्छ; मणि सानो हुन्छ; मिष्टभाषी निर्मल शिशु सानो हुन्छ; आँखाको नानी सानो हुन्छ । मुटुको केन्द्रको झल्का झन् सबैभन्दा सानो हुन्छ । यो पृथ्वीको सानो शिरबिन्दु नै होस् तर ओंकारको बिन्दु झैं परमानन्द घनीभूत छ । सानो भनेको के, ठूलो भनेको के ? यो दुनियाँमा तारालाई ठूलो भनौं भने अनन्त आकाश जूनकीरी जस्ता देखिन्छन् । बालुवाका दानालाई सानो भनौं भने एक कणमा सूक्ष्मदर्शी यन्त्रले र विज्ञानले विश्वको झिलिमिली जादूगरी

दर्शाइरहेछन्। संसारमा सानो र ठूलोका दुई दृष्टिकोणका भेद छन्– एक भौतिक, एक आध्यात्मिक। नेपालभन्दा चीन ठूलो कसैले मलाई भन्यो भने त मलाई मान्छेभन्दा हात्ती ठूलो भनेको सुन्दा हाँस्न मन लागेजस्तो लाग्छ। माटोको परिमाणले खेत ठूलो म गन्दिनँ : त्यसको गुण, अवस्था, उब्जनी र भावुक प्रभावको कसीले मात्र। ब्रिटिश म्यूजियमका लर्ड म्याकालेले निलेका सबै पुस्तकहरूको डुङ्गुरभन्दा कालिदासको शकुन्तला धेरै जस्तो ठूलो लाग्छ।

'धत्, नेपाली पनि पढ्नु ? हाम्रा ठिटा लेखक कनीकुथी बोक्रा लेख्छन्।' भनी नाकठाडे मिजासको अंग्रेजीवाज चश्मा झल्काएर भन्दछ। मलाई रुनाको अवकाश नभए पनि दयाको भावले त्यस्ताको देखासिकी उल्टो पाखण्डीपन हेर्न मन लाग्छ। अंग्रेजी लवजहरूउपर सूर्य नअस्ताऊन् तापनि म नेपाली शब्दमा त्यो जादू पाउँछु, जो ग्रीष्म गरम विदेशबाट फर्कँदा शीतल झरनादार पहिलो चढाउको पहाडी वनमा प्रथम स्वागतवासी मधुर हावाको लहरसँग 'को हो ! को हो !' को सौन्दर्य-संसारमा नवजाग्रत् प्रश्नका साथसाथै नेपाली वनको फुट्दो सुगन्धमा मिसिएर आउँछ। शेक्सपियर, मिल्टन, गेटे इत्यादिका कल्पना र महाकाव्यहरूभन्दा मलाई नेपाल पहाडको सरल भाव-वाहिनी व्याकरणविरोधी हृदयनिनादिनी प्राकृतिक कविता धेरै आनन्द दिने हुनेछ। 'वाल्ज' सुन्न चाहन्नँ, तर पहाडको सानो कुनामा झोपडी बनाएर वसन्तकोकिल झैं कता-कताबाट तीनतारे सारङ्गी बोकेर झुलुक्क देखापर्ने गाइनेको 'रानीवनैमा' सुन्न चाहन्छु। विदेशले कति घिच्याएको छ हामीलाई; हामी अरूको नक्कल मातृभाषाका शब्द तोडफोड गरी ककनो झोक्कामा रवाफ देखाउन चाहन्छौं, यद्यपि हामीलाई प्रकृतिले यस्तो संगीत-सरल मुख र नासिका दिएको छ, जो अरूको दोषी रवाफले कहिल्यै नक्कल गर्न सक्तैन, अंग्रेजीका लवज र टोनमै केही यस्तो छ, जो हृदयमा खिरखिराउँछ, जो तारमा मिल्दैन तर किरिङ्गमिरिङ्ग गर्दछ; अप्राकृतिक नक्कलीपनमा रवाफ राख्न खोज्नाका प्रवृत्तिले हामी अरू स्कूले ठिठाको 'कम्ती छु' भन्ने भाव पोषण गर्दछौं भन्ने स्पष्ट देखिन्छ। कोही हिन्दी भन्दछन्, कोही बङ्गाली; म भन्दछु, नीला पहाडहरूको प्राकृतिक भाषा, झर्नाहरू घुसेका मीठा लबज, हिमालयको झल्का पसेका शब्द, अमरवल्लरीहरू ढल्केका बाइमात्रा, चराचुरुङ्गीसँग उड्ने र

बोल्ने अक्षरहरू । मेरो भाषा ज्यादा नफैलेको होस्, तर मेरो इन्द्राणीको झर्ना यही हो ।

सानो, मीठो, शान्त, सुगन्धी, अनुपम–बस ! मेरा निमित्त त्यही हो नेपाल ! यहाँ वाग्नर कोदाली खनिरहेछन्; शेक्सपियर हलो जोत्ता हुन्; टिसियन र टर्नर भेडा चराउँदा हुन्, सोक्रेटिज गुफामा घोत्लिरहेका होलान्, कालिदास आषाढको पन्धमा धाराप्रवाह गीत गाइरहेका होलान्, मकहाँ साण्डोले दाउराका भारी बोकेर ल्याउँछन्, मेरो वनमा हेलेन केलरहरू गीत गाउँदछन्, यहाँ कति सावित्रीहरू छन्, जसका कथा संसारले सुनेकै छैन, यहाँ कति साहित्य छ, जो लेखिएकै छैन, न लेखिनेछ । नालाहरूका प्राकृतिक वेद बुझ्ने आजकल कति हृदय होलान् ! यहाँका सूर्योदयका सुनौला दृश्य कान्तिपुरीमा के जान्ने छैनन् ? के साना चराहरू हृदयाकाशमा अमर वेलीकुञ्ज बोल्दैनन् ? के गुलाबको छातीमा टप्केका रजनीघनीभूत मोतीदाने शीतलव जस्ता प्रेमका कणहरू जो मभित्र खँदिलो भइरहेछन्, के ती साना छन् ?

सच्चा आर्यभावना जसलाई भनिन्छ, त्यस्ता मानवभावनाहरू उत्पादन गर्न सक्ने र हरहमेशा हृदयमा देवसंस्कार जागरण गर्ने वाग्मती तुहिनतरल निर्मल शिशुतरंगहरूको मनोहर कलकले पवित्र शैशवावस्थाको शान्त तरल भाव-प्रवाहमा खेलाएर राख्ने भूमि यदि संसारमा कुनै छ भने नेपाल छ । किनकि यहाँ कारखानाको धूवाँले दूषित वायुमण्डलमा सभ्य माकुराको जालोजस्ता तरंगहरू खेल्न पाउँदैनन् । यहाँ प्रशस्त शैशव नवीन खोज र त्यसको जादू नेपाली हृदय नेपाली आबहवाको र खानपीनका असरले गर्दा सच्चा आर्यभावहरूको स्पन्दन र आर्यसपनाले सजीव छ र अरू देशमा मैले कहिले पनि भावुक नैर्मल्य र सरलता पाउन सकिनँ । यहाँका मनुष्य मनुष्यलाई मनुष्यको दृष्टिले हेर्दछन्; सभ्यमानी देशहरूमा मनुष्य मनुष्यलाई हिंस्रक जन्तुको दृष्टिले हिंस्रक जन्तुलाई हेरेझैं हेर्दछ । जो नेपाली होइन र नक्कलपन चाहन्छ, उसलाई सरलता राम्रो लाग्दैन, पहाडका शिशुहरू सन्तोष अनुभव गर्दछन्, मैदानका ताता मगजहरू खालि असन्तोषमा उम्लिरहेछन् । जहाँ नेपाली नजर देवता देख्तछ, उहाँ अरूको नजर ढुङ्गो देख्तछ; प्रकृतिमा ईश्वरलीला देखेर स्वदेशी हृदय गद्‌गदाउँछ, त्यहाँ विदेशी खालि विज्ञानको अँध्यारो भूलभुलैयाभित्र पस्तछ । यहाँ ईश्वरका झल्काझल्की जताततै छरिएका

छन्, ज्ञान विवेकको अँधेरीमा पाइन्न । विज्ञानभन्दा ज्ञान मूल्यवान् छ, मान्छे जडमा अन्धयन्त्र लगाएर अन्धो विवेकले बोक्रे नियम पत्ता लगाउनमा आफ्नो गौरव सम्झँदैन, अन्धविश्वास भन्नेले आफ्नो अन्धविश्वासउपर आँखा चिम्लिरहेछ, तर हाइ ! हाइ ! नेपाली हृदय ! तँभन्दा सुन्दर, शान्त सजीव कुरा संसारमा के होला ?

म त्यहाँ सब चीज पाउँछु, जहाँ जीव पाएथें, उहाँ मेरो आत्मा जागरित भएर मानवजीवनको जादूका निमित्त आँखा खोलेर उठ्यो । म त्यहीं मानवसंसारको सम्पूर्णता देख्दछु, म केही सौन्दर्यको चीज देख्तिनँ, जो म नेपाल संसारमा पाउन्नँ । यो हिमालयको पवित्र जादू भने नेपाली माटोको मूर्ति जो मै हुँ– जो स्वर्गको झिल्काले घिच्किएर जीवन भन्ने ज्योतिले सजीव भएर जागेथ्यो–यो मनुष्यलाई नेपालमा अनन्तता छ । यहाँ पृथ्वीमण्डलमा हुन सक्ने र भएका समस्त चीजहरूको सूक्ष्म प्रतिबिम्ब टनाटन छ । हिउँदको दृश्यमा ध्रुवप्रदेशको नमूना, ग्रीष्म वर्षाको दृश्यमा नैरक्षिक मुलुकहरूको नमूना यही नजरसामुन्ने छ । यहीं सब आबहवा पाइन्छन्, यहीं छन् बेबिलोनका ह्यांगिङ गार्डेन्स–झूलन बाग, यहीं छन् तीन सय नायगरा फल्स, चीनको पर्खाल सात आश्चर्यमा गन्नेले यी नेपाली किनारका महान् पर्खालमा चमत्कार नदेख्नु नेपाली नहुनुको अन्धता हो । चाँदीको झल्झलाउँदो गौरीशंकर महल नजरसामुन्ने नै छँदै छ । यहाँ के छैन ? मलाई आश्चर्य लाग्छ, के छैन ? स्वर्ग यसैमाथि छ, नरक यसैतल छ । परमेश्वर यहीं दिनभरिभरि र मानव-आत्मा यहीं वरिपरि, आकाशको अनन्ततामा विशाल नक्षत्रहरू यसकै अगाडि जूनकीरी झैं नाचिरहेका छैनन् ? तब म फेरि दोहोऱ्याउँछु यहाँ के छैन ? स्वर्गको चमत्कार कि पृथ्वीको परिपूर्णता ?

मैदानी देश चिच्याटलाग्दो हुन्छ; त्यहाँ आँखालाइं शीतलता केही पाइन्न; जता हेऱ्यो उस्तै । कतै नीचा कलात्मक चुनाउ, चित्रात्मक रेखाहरू, रंग र छाया र फाहरू, शिखरलहरका झलमलाहट, पृथ्वी त्यसै हर्षले उम्लिएर चुलिँदै-चुलिँदै स्वर्ग छोएर टुप्पामा सुनौला मुस्कुराहट लिएर हाँसिरहेकी, पाटा, छविछाया वनको मिर्मिरे मधुर नीलिमा, यो मिठास र मोहनी मैदानमा पाइन्न । मैदान बोधो छ एकनासे लाटोजस्तो, मैदान चित्रकारी हुन सक्तैन, तसवीरको भूइँजस्तो हुन्छ, जसबाट सच्चा तसवीर झिकिदिएको छ, तर पहाडी देशको दृश्यमा विभिन्नताको माधुरी

छ, यहाँका रंग गाढा र रसिला छन्, यहाँ सूचनात्मकता छ, जो कविता र संगीतको मुटु हो, यहाँ जीवन एकोहोरो गाढा सडक जस्तो देखिन्न। यहाँ औपन्यासिकता छ, कतै उच्चाइ, कतै नीचाइ, चढ्नाको जादू, हेर्नाको मोहनी, सुन्नाको माधुर्य। भारत मैदान पहाडको माटोले उब्जनीको शेखीसम्म गर्दछ, तर रित्तो पट बिछ्याएजस्तो मात्र छ, यहाँ हरएक पटमा सच्चा चित्रकारी छ। एक पहाडका कुनामा बसेर हेर्नु, दुई-तीनतर्फ दृष्टि दिंदा, उही ठाउँबाट दुई-तीन संसार देखिन्छन्। म कहिले हेर्दा-हेर्दै देखिरहेछु, एकै पहाडमा चार किसिमका चित्रहरू छाया, घाम, सिमसिमे पानी र कुहिरो।

जुन पृथ्वी यस्ती शस्यशालिनी छन्, जसमा यस्ता सौन्दर्यका विभिन्नताहरू रंगदार छन्, जहाँ एक पहाड एउटा सजीव दुनियाँ छ, चरा, मृग र बाघहरूले परिपूर्ण संसार, जसलाई हेर्दा मानवमुटु विचित्र त्रासले ढक्क फुल्दछ, जहाँ ढुङ्गामा चाँदीजिभ्रा छन्, भ्याउका मोती छरिएका छन्, जहाँ नालामा दिव्य भाषण, जहाँ पत्रहरू सजीव दुनियाँका हलचल झैं हमेशा बोलिरहेछन्, जहाँ प्रकृति रङ्ग-रङ्गका दृश्यचित्र रची-रची रङ्ग रोशनी परेका कुशलता प्रदर्शन गरिरहेकी छन्, जहाँ लहराहरू राष्ट्रिय झण्डा झैं प्राकृतिक पर्खालमा फरफराइरहेछन्, अनेकौं फूलहरूले सुशोभित बनेर जहाँ सर्वोच्च हिमालय शासन गरिरहेछ, के त्यहाँका मनुष्यका कल्पनामा बालरेखा चित्र र कार्यहरू बनिरहेका होओइनन्?

मलाई किन-किन यस्तो लाग्छ कि हिमालयको विशाल उच्चाइको नजीक रहेको जति तिनको गौरव र तिनको उच्चतासँग भित्रभित्र गाँसिएको हुन्छ, शस्याढ्य भूमिका पुत्रहरूका मगजमा उब्जनी-प्रतिभा हुन्छ र उनका कल्पनाचित्रहरू विपिनप्रचुर हुन्छन्, ज्यादाजसो कविहरू फूलबारीको नजीक जन्मन्छन्, महापुरुषहरू पहाडको नजीक। दूधमुखे शावकहरूका चेहराहरूले मान्छे धेरैजसो साधु बन्छन्, बाघ पाल्ने वनका नजीक वीरका झोलुङ्गालाई प्रकृतिमाताले हल्लाइरहेकी हुन्छिन्, धेरै चराहरू बोल्दो देशसँग म कविताको सम्बन्ध देख्तछु, वनका गम्भीर गोधूलिमा मलाई विवेकको अँधेरी र ज्ञानको पूर्ण उज्यालोको दोसाँधमा रहने भावनाहरू व्यक्त हुँदै आउँदछन्। म नेपालमा हुँदा वनकालीमा आनन्द पाउन सक्तछु, तर कलकत्ता जाँदा बिर्सन्छु। पहाड र गानाको नित्य सम्बन्ध छ, जस्तो वाक् र अर्थको। स्वर्ग बर्सन्छ त्यहीं, पहाडी

अविरल झरझरको संगीतद्वारा भावनादोष सुधार हुन सक्तछ, किनकि संघर्षविकृत मानवहृदयहरूका प्राथमिक सुर मिलाउने प्रभावहरू त्यहाँ पाइन्छन् । यी पातहरू सब हरिया भाव बन्दैछन्, यी सरसर हृदयमा दगुर्दैछन् ।

तब म 'विशाल' किन नलेखूँ ? 'विशाल' को भावना हिमालयको श्वासमा थियो, पहाडहरूको नीलो रंगमा प्रकृतिको प्रचुर उदारतामा अनेक नन्दनहरूको चिरबिरमा प्रेमको भूमि, आत्माले रोजेका आनन्द र अन्वेषणको आफ्नो विश्व, जहाँ म पशुभावको मनुष्यबाट पूरा मनुष्य भएर विकसित भइरहेछु, जसलाई शैशव सम्पूर्ण अनन्त सम्झन्थ्यो, म यसको मार्मिक अंश बनेर ब्यूँझेको थिएँ, यसको तातो-रातो गुलाबी कलिलो चैतन्य ! जब पहाडको पीपलको गानादार बोटमनि म बसूँ, तब मलाई विशालताको चैतन्य स्फुरण हुन्छ, जब म वनकालीमा गएर एकछिनसम्म मौन आनन्दमा टोह्लाउँछु, तब म साथीलाई भन्दछु, 'आहा ! क्या विशाल भावना मलाई फुरेर आयो, जता हेर्‍यो विशालभन्दा ज्यादा टड्कारो नेपालमा केही पनि छैन ।'

जति भए पनि आफ्नो मातृभूमि जस्तो ठूलो चीज दुनियाँमा केही हुँदैन । हाम्रो हृदयको स्नेह सानो केन्द्रमा तीव्रता लिंदो रहेछ–जस्तो घामको स्वभाव छ । जति क्षेत्रफल बढायो उति पतलाउनु प्रेमको प्रवृत्ति रहेछ जस्तो ख्याल हुन्छ । म विश्वप्रेम मातृभूमिमा सिक्तछु, न कि विश्वमा । मातृभूमिप्रेम, नेपालको महत्त्व मेरा मगजका गिर्खागिर्खाहरू थाहा पाउँछन्, हृदयमा होऊ झिलिक्क झिलिक्क नेपाल, म विश्वको अनन्त दूर कुनामा अहिले भएको भए 'तँ को होस् ?' भन्ने कुनै भ्रमणप्रिय गन्धर्वको प्रश्नलाई म उत्तर दिन्थें– 'नेपाल', मृत्यु स्वर्गबाट ओलंदा 'तँ के चाहन्छस् ?' को प्रश्नलाई पनि म प्रत्युत्तर दिन्थें, 'नेपालको भलाइ !' अरू मुक्ति खोजून्, स्वर्गपछि दौडून्, म खोज्छु नेपालको तर्फ अविरल शुभकामना र नेपालको अनन्त सेवा । चाहे स्वर्ग होस् चाहे रौरव, अरू देशका गौरव मलाई नबताऊ, मेरो हृदय जान्दछ मेरो हीरा कहाँ छ र उसको झलक कस्तो छ ! हँस्सी उडाउने हँस्सी उडाउँछन्; तर म भन्दछु कि मेरो मातृभूमिमा त्यो आर्यसभ्यता छ, जसले संसारलाई एक विशाल युगसम्म आध्यात्मिक पोषण पुऱ्याउन सक्तछ । अरूका श्रीपेच शिरमा रहून्, मेरो स्वदेशको श्रीपेच हृदयमा रहन्छ ।

विदेश भनेको सपना हो; एउटा कता-कताको कथा हो; नदेखेकै झिलिमिली हो, अस्पष्ट अग्राह्य बाहिरी कुरा हो; जो मेरो क्षितिजभित्र पर्दैन, त्यससँग मेरो नजरको के नाता ! कति थोरै नेपालवासी सम्झँदा हुन् कि यो नेपाली तारामण्डले अर्द्धगोलाबाहिर कुनै दुनियाँ छ ? वास्तवमा साधारण मनुष्यका निमित्त शिरमाथिको आकाशगोलाभन्दा ठूलो चीज केही हुँदैन; र उसले सम्झँदैन कि यो खालि विशालको एक अल्प खण्ड हो । 'पूर्णात् पूर्णमिदं' भनेजस्तै मलाई यसबाहिर अर्को क्षितिज भन्ने बुझ्नमा नै के फाइदा ? सम्पूर्ण अनन्त विश्व देख्ने नजरले सूर्यलाई कस्तो सानो सेतो कनिको भन्दो होला, तर पृथ्वीवासीलाई सूर्य सेतो रापको जीवनदाता भगवान् नै ठहरिन्छन् । मेरो स्वदेश नै मेरो विश्व हो; विपना हो; मेरो सत्य हो; एउटै खँदिलो अस्तित्व हो ।

जब म विदेशमा हुन्छु तब बोलचित्र र नाटक हेरिरहेको हुन्छु जब म स्वदेशमा हुन्छु, म जीवन अनुभव गरिरहन्छु । स्वदेशप्रेम संकुचित गुण हो भन्ने लेखकहरूले आजकालको साङ्ग्रोपनादेखि वाक्क भएर कलम लिएका हुन् । तर ठाकुरबाबाको देखासिकी गर्ने सबै सिकारु विश्वप्रेमी विश्वसिद्धान्ती लेखक र कविहरू भुल्दछन् कि विश्वप्रेम भनेको चीज स्वदेशमै विकासिन्छ; र जसले आफ्नो जाति, आफ्नो राष्ट्रको प्रेम राख्न सक्तैन, त्यसले विश्वप्रेम राख्छ भन्नु ताती गर्न सिक्नुअगाडि दगुर्न जान्ने हुनु मात्रै हो, बालुवामाथि घर बनाउनु भनेको त्यही हो । मेरा सपना पनि नेपालीपनको ग्राह्य गुण छाडेर उड्न खोजे भने नबर्सिने बादलभन्दा बेकम्मा हुन्छन् । सजीव अनुभवहरूको कलात्मक प्रकाशन साहित्य हो भने जो सच्चा नेपाली छैन, त्यसले नेपाली साहित्य लेख्न सक्तैन । नेपालको हरएक दृश्य र अनुभूत वस्तु मभित्र मिलान लिएर विचार, भाव र सम्झनाका स्वरूपमा अनेक क्रियाहरूद्वारा आत्मप्रकाशन लिइरहेछन् । सार्वजनिक विश्वसत्यात्मक जातिकल्याणकारी तत्त्वहरूका सम्बन्धको आधारमा म लेख्तिनँ; लेख्ने नेपाल हो, म बोल्दिनँ; बोल्ने नेपाल हो, मेरा विचार होइनन्; नेपालका अनुभूतिगम्य दृश्य र श्रव्य सामग्रीका प्रभावहरू हुन् खालि मभित्रको अमर तत्त्व । यी सामग्रीहरूद्वारा नवीन-नवीन झल्का र सन्देश पाउँदै, आफ्नो सेवाको मार्गमा चलिरहन्छु ।

# वीरहरू

तिनीहरूका पङ्ख थिए । अरू मान्छे घस्रिएर बसे । तिनीहरूको हृदयमा बिजुली थियो, देशको तुसारोले भिलिक्क भिल्केर उठ्यो । अरूहरू काँपे । तिनीहरू पोस्तछन् स्वर्गबाट–जहाँ तिनका हातमा अप्सराहरू अमृतका प्याला चढाएर पर्खिरहन्छन् । अरूहरूले माटो खेती गरे । तिनीहरूले हामीहरूलाई आफू सम्फेर आफूलाई हराइरहेछन् ।

दुनियाँ तिनलाई आँसु लिएर युग-युगसम्म सम्फँदै रुँदो छ, किनकि हाम्रा परमेश्वरको चरणमा छिटो खुशीसँग चढेका स्वदेशी भाइहरू तिनै हुन् । हामी तिनकै भल्काले बाँचिरहेका छौं, तिनीहरू नजीक हुनु हाम्रो आशाको चरम चुली छ ।

मृत्यु नै संसारको विशाल त्रास छ । हामी मर्दा स्वदेशी मुटु नकामेको देख्न चाहन्छौं । नकाँप्नुमा हाम्रो जातिलाई विश्वासको स्थिरता छ । हामी आफ्नो स्वर्ग र ईश्वर सच्चा रहेछ भनेर शङ्का र त्रासहरू पन्साउँछौं र हाम्रो मुटु अर्को युगसम्म सञ्चोसँग हाँस्न र खेल्न लाग्छ ।

वीर भनेको त्यो हो जो आफू सम्फँदैन । कीर्तिपिपासु बत्तीको भिल्के पुतली हो । स्वार्थनामेट नै वीरता हो । 'म बहादुर हुँ' को चैतन्य मानौं आत्महत्याको आत्मप्रदर्शनी हो । समर्पणको भावना ईश्वरमा बिजुली मिल्दछ । एक इशारामा उफ्रने आत्मालाई म वीर भन्दछु–जो यताउति हेर्दैन, पछाडि फर्कंदैन ! उसका पूँजीका काँट नै त्यस्तै छन् । उसलाई केन्द्रमा छोड्देऊ । वस, भिलिक्क भल्किहाल्छ अनन्तताको मोहनी, अमृतको बिजुली !

सच्चा वीरमा विश्वासको जादू हुन्छ । ऊ एक भिलिकमा पुरुखा देख्तछ । दुश्मनको हाँकमा भन्दा अमरत्वको सहज विश्वासमा वीरको सच्चा टुना छ । उ ! आत्मा उचालियो ! खुट्टा पृथ्वीबाट उठे, समुच्चा जीवन भल्कियो ! उसले सत्य देख्यो । एकै निमेषभर पनि अनन्तको

अमृत चाख्यो ! अनि हेर, दुई सय कडोरका आँखा आश्चर्यमा टुल्टुलाएँ। ऊ मान्छेभन्दा कति माथि एक निमेषको पखेटामा उड्दछ।

हामी ऋणमा डुबिरहेछौं। दूधको भारा तिर्न हिचकिचाउनु कातरता हो ! के तिमीलाई विश्वास छैन कि तिमी माटो होइनौ ? के अनन्त साठी वर्षको रालसिंगानभन्दा पर छैन ? उताको अनन्तता यताको बोक्रे झोक्राइमा खेर फाल्नु ! डुब नानी ! गहिराइले अतासिने मोतीहरूबाट वञ्चित छन्। तर हाय ! एक अनन्तको झिलिमिलीले मलाई यतातिर तान्दछ ! म उठ्नु एक विशाल मायाजालबाट मुक्ति पाउनु छ ! कातर आत्मा मान्दैन ! भोलिको पर्सिको होश नहुनु नै मेरो पार्थिवता हो। टाढाको नहुनु नै मेरो अन्धता हो। म खुम्चिन्छु। कम रोकावटको पथमा हार खाएर भागिरहन्छु। नजीकका क्षणहरू लोलाइरहन्छन् र क्षणलाई अनन्तको सर्वस्व सुम्पँदै त्रास र विकम्मापन साटेर दीनताको प्रदर्शनी देखाउँछु !

म किन झल्किनँ ? के वीरलाई परमेश्वरले सुनौला मौका पठाइदिएका हुन्छन् ? होइन, आत्माले मौका त्यहाँ पाउँछ जहाँ यसको भावना सँग्लिएर अनन्तको प्रतिबिम्ब धारण गर्छ। परमेश्वरले नदिएको होइन ! मेरो स्वार्थले सबै क्षणहरू फुस्रो, धुस्रो बनाएको र तिनका टुनामा ध्वाँसो हालेको हो। के अस्ति भैंचालो गएन ? के एउटा केटाकेटी एक घरको भग्नावशेष पनि रोइरहेको थिएन ? मैले ती सुन्दर क्षणका आवाजहरू पर पन्साउँदै लोलुपताको वधिरता ग्रहण गर्ने राह लिएको थिएँ। के त्यो दिन आत्मा मसँग पुकार गरिरहेको थिएन ? त्यो पेटको भोको र आशाले वञ्चित ! मसँग धन थियो। ममा आत्मबल थिएन। ज्यान दिनुभन्दा सर्वस्व दिनु ठूलो कुरो हो र मलाई घीनलाग्दो लोलुपताले अघि सर्न दिएन ! अस्ति मात्र मैले फोस्रो इज्जतका निम्ति झूटो बोलें ! ममा वीरको ताज लगाउने जोश थिएन। म सत्यका निम्ति कति कम दान गर्न सक्तछु–सत्तरी रुपियाँको जागीर जाला भन्नेमा सत्तरी हजार नसा काँप्तछन् ! समाजको अन्धता खप्नुभन्दा सत्यको घाँटी रेट्न मलाई सजिलो लाग्छ र म मेरो आत्मासँग झूटो बोल्छु र दुनियाँसँग सच्चाइको सच्चरित्रताको दावा राख्तछु। अनि मेरो मुटु किन नकाँपोस् ?

मलाई रुनै मन लाग्छ, कहाँ-कहाँबाट आँसु भुलभुलाएर आउँदछन्, जब म आफ्ना स्वदेशका वीरहरूको नाम सम्झन्छु। मलाई त्यस्तै हुन

मन लाग्दो हो । म यो मट्टीधूसर जीवनसँग तिनीहरूलाई हरहमेशा दाँजिरहेको हुँदो हुँ ।

नेपाली माटोमा किरण त्यहाँ झऱ्यो, बीउ त्यहाँ रोपियो र सुगन्ध त्यहाँ फुल्यो, जहाँ तिनीहरू जीवनको गुलाबी लाली पोख्तछन्; तिनका बास्नाहरू हावाले दूरतासम्म पुऱ्याएर अरूहरूलाई फुल्नको प्रेरणा गर्दछन् ।

छि: ! मलाई बराबर लाग्दछ, यो के जीवन ? माटो मुसारेझैं, आँखा बन्द गरेर मुख उघारेझैं सिंगानेले ऱ्यालधूसरता ! यहाँ के छ ? मेरो आत्मा त्यहाँ खोज्छ केही खँदिलो कुरा, जहाँ तिनीहरू बसेका छन् ।

म अविदितको यात्रामा जान चाहन्छु । स्वर्गको फिलिङ्गो चोर्न चाहन्छु ! महको माखा हुन चाहन्नँ ।

# भलादमी

विकासको सिद्धान्तअनुसार कुनै जाति ओह्रालो लागिरहेछन्, कोही उकालो लागिरहेछन् । कसैलाई खिइनु छ, कसैलाई फुल्नु र फैलनु छ । व्यासजीको सिंह आजकलको भारतवर्षमा गर्जन गर्दैन । बाघको हुकूम चलिरहेछ । त्यस्तै भाषाको देशमा लवजको दशा हुन्छ । कोही-कोही शब्दहरू दुब्ला-पातला भएका छन्, तिनीहरूको प्राचीन महत्त्व उडेको छ । ज्यादा पुरानो टकमा खिया लाग्दछ । 'पण्डित' र गुरु भन्ने लवजमा केही फिक्कापन चढ्न लागेको छ । त्यस्तै 'भलादमी' भन्ने शब्दमा पनि अर्थको यति अपभ्रंश भएको छ कि भलादमीपनले भडक र पोशाकसँग नाता जोडिसक्यो । भलादमीपन हृदयबाट बाहिर निस्केर शरीरउपर विज्ञापन छाप्न लाग्यो । खाँडी र कोराले अब भलादमी बन्न सक्तैनन्: घरबुने भलादमीलाई पनि यस युगले बागमतीमा सेलाइसक्यो । चरित्रका भलादमी अतीतका अँध्यारा कोठरीमा छन्, रङ्ग र रेशमका भलादमी काठमाडौंका गल्लीमा खुश्बू उडाइरहेछन् । जमाना रङ्ग बदलन्छ ।

नोटको भाउ बढेको भए तापनि आजकल भलादमीपन सस्तो मोलमा पाइन्छ । भलादमीपनलाई सूचीकार र मारवाडीले बिक्री गरिरहेछन् । तिमी भलादमी बन्न चाहन्छौ भने सीधा-साधा मानिसको कोरापनलाई दर्जीकहाँ गएर काट-छाँट गरिमाग । दुई-चार रुपियाँ बढाइदेऊ, तब तिमी कुँदिएको पानीदार हीरा बन्दछौ, छाँट मिलेको कोट पहिरेर, एक छरितो छडी घुमाएर, सडकमा टल्कने जुत्ताको चुरुम-चुरुम आवाजमा फुर्तिलो कदम बढाऊ: तब गल्लीको कुकुरले पनि तिमीलाई चिन्दछ । तिम्रो भलादमीपन स्वीकार गरेर तिमीउपर भुक्न आउँदैन । चोरीको शङ्काले सम्बोधन गर्नु भलादमीको अपमान हो भन्ने उसले पनि जानेको छ । सफलता जस्तो हौसला दिने केही छैन । तिमी झन् फुर्तिलो कदम बढाउँछौ । समाजमा तिम्रो भलादमीपनलाई 'हजूर'

ले गजूर लगाउँछ। जति काँट छाँटिएको हुन्छ, उति फुर्ती लम्बिएको हुन्छ। त्यसमा चश्मा चढायौ भने त बिचरो दुनियाँ तिम्रा नजरको के सामना गरोस्।

विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ। भलादमीको प्रमाणपत्र सधैं उसका शरीरउपर विज्ञापन जाहेरी गर्दछ। पोशाक मात्र पहिला पास हो। त्यसमा पनि रेशमी रुमालको फूलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ। कपालको छाँट र जुङ्गाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ। फेरि आँखीभौंको मसिनो डोरोले, ओठ र गालाको फिक्का हलुका लालीको सुस्त चढाइले उत्तम श्रेणी जनाउँछ। सबको शिखर, एउटा सौन्दर्यवर्द्धक कोठी र अत्तरको हरहराउँदो खुश्बूले सडकमा हिंड्नेहरूको नाक र नजरमा आक्रमण गरेको हुनुपर्दछ। यसमा पनि विशिष्टता हिंडाइको कला, लच्काइ, हाउभाउ, हास्य र बोलीमा निर्भर रहन्छ।

उच्च दर्जामा पुगेपछि विशेष गुणहरू सबैसँग हुन्छन्। त्यस्तै कोही भलादमीहरू नआएको भकभके भिक्तछन्। गुलाबको जस्तो भलादमीको पनि ढङ्गको रङ्ग रहनुपर्दछ। साधारण जनताबाट भेद जनाउनलाई भलादमीको हाड नभएको जिभ्रो बोलचालमा वैज्ञानिक तवरले लटपटिन्छ। यस्तो भकभकाउनु पनि एउटा शोभा बढाउने अलङ्कार हो। कोही भलादमीहरू चेहराको अनौठा ढङ्ग निकाल्दछन्। कसैको रेशमी रुमाल भिकेर रुघा नलागेको नाक पुछिरहने बानी हुन्छ, यो पनि रवाफको एक काइदा हो, दुनियाँको नजरलाई लोभ्याउने रेशंमी झलक हो। कोही भलादमीले ग्रामोफोनबाट हाँसो उतारेका हुन्छन्, सभ्य पाश्चात्य हाँसोको अप्राकृतिक रूप धारण गरेका हुन्छन्, कसैको हाँसो कलकत्ताको सडकबाट ल्याएको हुन्छ। ओठ लम्याएर सुनले बाँधिएको एउटा दाँतले निकालेको मीठो मुस्कान सडकको शिष्टाचार बन्दछ। कोही भलादमीहरूले असाधारण नम्रता लिएका हुन्छन्, विनयको बोझाले भोटेनीको कानमा चक्कीले जस्तै यिनीहरूलाई शोभा दिन्छ। कोही बोलक्कड हुन्छन्। बकबकोपाध्यायको सर्टिफिकेट विश्वविद्यालयले कुनै दिन निकाल्नेछ। कोही बडा गफी हुन्छन्। कलकत्ता र बम्बई उनीहरूका हावाखोरी थिए। कसैलाई आफ्ना कुरा माथि पार्ने प्रभुत्व रुच्दछ। तर कोही हुन्छन् बडा बुझक्कड, सुकरातको गम्भीर भाव, रवीन्द्रबाबूको

चेहराको उडान, उनकै आकृतिमा बसेको हुन्छ । बहुत कम बोल्दछन्, दुनियाँले उनीहरूलाई तौलन सक्तैन ।

आकर्षण-शक्तिको सिद्धान्त भलादमीउपर घट्तछ । भलादमीको नजीकमा एउटा नदेखिने चुम्बकले तान्दछ । जबसम्म तिमी भलादमीहरूको छायाँमा रहन्छौ तबसम्म तिमी आफूलाई मानिस भन्नमा दोधारमा रहन्छौ । तिम्रो आदर या प्रशंसा उनको तर्फ खिंचिएको हुन्छ । उनका गफलाई तिमी सफेद सत्य भनी ठान्दछौ । फेरि उनीहरूको मोहनीबाट पचास गज दूर नभईकन तिमीलाई साँचो कुरा झल्किदैन । अझ यस्तो शक्तिले स्त्रीजातिको उपर ज्यादा काम गर्दछ । आकर्षण-शक्तिको नियमअनुसार भिन्न वस्तुहरू परस्पर खिंचिन्छन् ।

प्रशंसा-प्रेमको जिउँदो आकार भलादमी हो । हामी अरूलाई आफ्ना पुजारी बनाउन चाहन्छौं । यो भाव भलादमीमा सबभन्दा चर्को तवरले देखिन्छ । दुनियाँको नजर नभए भलादमीपनको दरकार थिएन । पूजा गर्दा हामी देवतालाई सिंगार्दछौं, भलादमी आफैंलाई सिंगार्दछ, आफै आसन जमाउँछ, लोकप्रियता र प्रभुत्वको कला भलादमीले स्वभावैले लिएर आएको हुन्छ । मानिसको देखावटी चातुर्य भलादमीको प्रतिमा हो । भलादमीपन चरित्रको एउटा विचित्र प्रदर्शनी हो ।

भलादमीको दुनियाँ बाहिरी देखावटमा हुन्छ । भलादमी र फुस्रा सिद्ध मनोवैज्ञानिकको दुई छेउमा रहेका हुन्छन् । पहिलाको दृष्टिगोचर दुनियाँसँग सम्बन्ध रहन्छ, पछिल्लाको जगत् आँखाको पहुँचपार हुन्छ । एउटाले चर्मचक्षुको हद देखाउँछ । अर्कोले मनको आँखाको सीमा देखाउँछ । एउटालाई अर्को पागल जस्तो हुन्छ । यसलाई वस्त्रजस्तो ठूलो चमत्कार केही छैन; उसलाई परिधानको बेपरवाही हुन्छ । एउटा भन्छ, 'हेर, रमाइलो दुनियाँ जीवनको आनन्द कहाँ छ ? खानु, पिउनु, हाँस्नु, मोज उडाउनु मानिसकै जुनीको अधिकार हो ।' अर्को भन्छ, 'दुनियाँ रडमगाइरहेछ । म दुईटै चमत्कार देख्तछु–ताराङ्कित आकाशको महिमा र भित्रका नैतिक नियमको विभूति !' यी दुईको सधैंको झगडा छ, भलादमी भौतिकवादको प्रतिनिधि हो, महात्मा अध्यात्मवादको वाङ्मुख हो । सत्य बीचैमा रहन्छ भन्दछन् ।

भलादमीका अरू किसिमका सूक्ष्म रूपहरू छन् । जसको नजर आफूबाहिर छ, भलादमी भनेको त्यही हो । बोक्रेपन सबै भलादमीको

चिह्न हो । साहित्यको क्षेत्रमा पनि यस्ता भलादमी हुन्छन् । जब तिमी लोकप्रियता र देखावटमा लाग्दछौ, तिमी बोक्रे कवि या बोक्रे लेखक बन्दछौ । विचार आत्मा हो, शब्द शरीर हो, अलङ्कारादि वस्त्रभूषाहरू हुन् । जब तिमी शब्द र अलङ्कारपछि दगुर्दछौ, तब तिमी साहित्यिक भलादमी बन्दछौ । जनताको आधुनिक रुचिले तिमीलाई शिर चढाउँछ, तर फुस्रा बाबाका छातीमनि पनि विचित्र शृङ्गार रहेको हुन्छ । यो भित्रको वैचित्र्य, त्यो बाहिरको । तर भलादमी जति रङ्गीचङ्गी भए पनि, नङ्गा सिद्धको चेहरामा भित्रबाट निस्किएको ज्योति नै प्रभावपूर्ण हुन्छ । भलादमी ! तिमी प्रसिद्ध हुन हतपताउँछौ, पैसा जस्तै नाम पनि सच्चा तबरले कमाउनुपर्दछ । तर तिमीलाई प्रशंसा-प्रेमले मात्र कर्मक्षेत्रमा ल्याउँछ । रंगीचंगी भडकले आउँछौ तिमी हृदयमा आसन जमाउँदैनौ, आँखा मात्र तिरिमिर्‍याउँछौ । भित्र हेर्न छाडेर बाहिरको विचार गर्नासाथ तिमी साहित्य-देशमा गल्लीको बोक्रे भलादमी बनिहाल्दछौ । काँचको चश्माको ठाउँमा तिमी किताबका चश्मा चढाऔला, पाउडरको सट्टा तिमी कालो चरित्रको चेहरामा सफेद लगाऔला । लालीको बदला तिमी नक्कली रंग रचाऔला ।

त्यस्तै अरू क्षेत्रहरूमा पनि भलादमीहरू छन् । चित्तशुद्धिभन्दा शरीरशुद्धिको विचार राख्ने पुजारी, भावभन्दा शब्द याद गर्ने पाठक, मानिसको हितभन्दा आफ्नो नामको ध्यान राख्ने सुधारक, मासु खाएर सहभावको कविता लेख्ने कवि, बुझाउनभन्दा हात लगाउन जान्ने शिक्षक, गर्नभन्दा बोल्न जान्ने नोकर, अर्काको लेखमा हँस्सी उडाएर कलम सुताउने पाठक–यी एक-एक किसिमका एक-से-एक भलादमी हुन् ।

# फूल

कविहरू किन फूलतर्फ ज्यादा आकर्षित हुन्छन् ? प्रकृतिमा जस्तै फूल नफुलीकन काव्यमा मधुमासको विलास पाइन्न । सुन्दर रूपको उपमा दिनुपऱ्यो भने कविजीको कल्पना कुसुमतर्फ खिचिन्छ । सुन्दरताका उपासक कविजीहरू कवितालाई अनेक रङ्गका कुसुमहरूले सिंगार्दछन् । वास्तवमा प्रकृतिको मोहनी मृदुल अधरबाट बोल्दछ । अनन्त सौन्दर्यका झिल्काहरू वसन्तको नवजागृतिमा वसुन्धराउपर छरिन्छन् । फुलेको बगैंचाले हामीलाई भित्र-भित्रै उचाल्दछ । रहस्यको देशबाट आएका वैशाखका पाहुनाहरूले जीवनको निकेतनलाई रमाइलो गराउँछन् । यसकारण सबै कविहरू वसन्तका पुजारी बन्दछन् । कविता पनि त शरीरको माटोमा जरा हालेर फुलेको सौन्दर्यको पुष्प मनको जागरणकालमा प्रादुर्भाव भएको न हो ! त्यो सच्चा कविता हो, जसमा माटोले सौन्दर्यको कोमल रङ्ग लिन्छ र हृदयलाई कहाँ-कहाँ पुऱ्याउँदछ । सच्चा कवि वसन्तको फूलबारी हो । मानिसले साहित्यमा नै प्रकृतिको उचाइ र सौन्दर्य लिन्छ । नत्र बिचरा मानिस प्रकृतिका फूलबारीमा घस्रेर चल्ने कीराको रूपमा देखिन्छ । साहित्यका आदर्शले नै जीवनलाई बीभत्स रूपबाट बचाएका छन् । मानिस पनि एउटा फूलको कोपिला हो, जसमा भावको रङ्ग चढ्दछ, सहृदयताको कोमलता आउँछ, विचारको संगतिद्वारा सौन्दर्य विकासमान हुन्छ र भित्रको सुगन्धले घरबारी मगमगाउँछ !

कृष्णजीको नाभिबाट कमल फुलेको छ, कमलका फूलमा चार वेद हातमा लिएका ब्रह्माजी प्रादुर्भूत हुनुभएको छ । हरेक फूलमा नजर भएकालाई चारै वेद फुलेका छन् । हेर यो गुलाब ! एकान्तमा हृदयअगाडि यसले हजार कलिला ओठ खोलेर बोल्दछ । कालो, खस्रो गन्हाउने माटोबाट यो सौन्दर्य, यो सुवास कसरी आयो ! कुन गहिराइबाट यो

अर्को रंग, यो अनुपम कोमलता ! कुन जादूले हरिया काँढावाल बोटको श्रीपेच गराएर यस सौन्दर्यको लाली चढायो । कुन स्थिति, कुन नियमले आविष्कार गऱ्यो–पत्तीहरूको यो कारीगरी, यो मिलाप, यो फुकाइ, यो लच्कँदा बाटुला घेरा, यो सूक्ष्म शरीर, यी मसिना मधुर धर्सा र धर्का, यो स्थानको औचित्य र प्रफुल्लताको वैचित्र्य ! फेरि खरिलो कलिलो डाँठउपरको लच्काइ ! यो परागकेन्द्रको मिहीन तमासा ! हावा र घामतर्फको यो उत्सुक बढाइ कुन सूक्ष्म चैतन्यले दिइरहेछ । यी हरिया पातहरूको घरमा प्रलयसमीरको झुलौनामा केले हल्लाईहल्लाई हँसाइरहेछ । यो पवित्र सजीव चाल र बाललीलाको सरसता र जीवनको तिलस्मी नाटकको खेल हो । फेरि यो मधुर सुगन्ध, मानौं त्यही सुन्दर रूपको सूक्ष्म सार, कुन जलको अगोचर बाफ उठेको हो, कुन हृदयको भाव वायुमण्डलमा फैलिरहेको हो ! अहा ! यसलाई कुन अविदित हातले स्पर्श गरेर खिलायो ! पृथ्वीको वक्ष-स्थलमा दूध चुसिरहेको यो शिशु, वसन्तको प्रवाहमा श्वास फेरिरहेछ । यसले यो मुस्कान कहाँबाट चोऱ्यो ! यो कहाँको झल्का देखिएको हो ! उषा र साँझको लालीले रंगीनको भाव झैं यो फूल मेरो नजरसामुन्ने छ । म यसलाई हेरिरहेछु, अन्तमा छालहरू हृदय छुँदै छचल्किन्छन्, म कहाँ-कहाँ पुग्दछु । सिर्जनाको पहिलो हरियो रंग फैलिँदा यो कसको साथमा पृथ्वीको वाटिकामा आएथ्यो ! कहाँ अल्पिन्छ यो रंगीन छाया, कहाँबाट फेरि झल्किन्छ !

फूलमा सौन्दर्यसँग सजीवता मिलेको छ । घरको, पहाडको, आकाशको, पृथ्वीको सुन्दरतामा ज्यान नभएको जस्तो लाग्छ, तर पृथ्वीलाई रंगीचंगी जीवनको चाल दिने फूलहरू हुन्, आकाशको एकोहोरो गाम्भीर्यमा सजीव गौरवको चाल थप्ने आकाशैका मोती फूलहरू हुन्, अथवा ती सुनौला गुलाबी फूल जसलाई हामी बादल भन्दछौं । सुन्दर प्रभात गुलाबको फूल भएर फुल्दछ, मनोहर संध्यामा गुलाब र सुनगाभा मिसिन्छ । प्रकृतिका सुन्दर दृश्यमा फूलहरूमा झैं तीन विशेषता देखिन्छन्–रंगको लालित्य, हृदयस्पर्शी कोमलता र अंगसंगतिको विचित्र माधुर्य । सबै राम्रा चित्रहरू चित्रकारको मगजका फूलहरू हुन् । रंग भर्न खोज्नेलाई फूलहरूमा सब किसिमका रंग र छाँट मिल्दछन्– फीका गाढा, मिहीन, चड्का, हलुका गहिरा, तर फूलहरूमा सरस चाल छन् । यी सजीवताको माधुर्य सबै चीजमा पाइन्न, कुनै चीजमा यो वैचित्र्य लिएको देखिन्न ।

चित्रमा सौन्दर्यको यो चलेको जिउँदोपन पाइन्न । सजीव सौन्दर्य त्यहीं छ फूलको मोहनी अहा ! भँवराले गुलियो रस चुसिरहेछ । म अर्को अमृत पिइरहेछु, अर्कै विचित्र मादक रस ।

एक अंग्रेजी कवि भन्दछन्, 'सौन्दर्यको चीज सधैंको आनन्द हुन्छ । सुन्दर चीज कहिल्यै मर्दैनन् । आज जुन गुलाब फुलिरहेछ, त्यसलाई परिवर्तनको हातले छुँदैन । मेरो नजरद्वारा हृदयमा घुसेर सधैं हाँसिरहन्छ । फूलबारीमा समय र अवकाशले परिबद्ध थियो, हृदयको वाटिकामा यसले ऋतु र स्थानको सीमा नाघ्दछ । पृथ्वीमा तुसारो परोस् तर मभित्र यसलाई प्रेमको अमर वसन्त छ जुन रूपमा देखिएथ्यो, उही रूपमा फुलिरहनेछ । मानिसको जीवनलाई फूलहरूले रंगाइरहेछन्, खुशबू दिइरहेछन् । फूलहरूले हृदयलाई सुन्दरतिर खिचिरहेछन् । यिनीहरूद्वारा हामी त्यस सौन्दर्यको देशमा पस्तछौं, यहाँ हरेक कदममा विचित्र आनन्द छ । परमानन्दको आभास फूलको मुहारमा झल्कन्छ ।

फूल देखेर मानिस आफ्नो असुन्दर जीवनउपर शरम मान्दछ । मेरो हृदय सुन्दर रूप लिएर फुल्न खोज्दछ, तर साधारण मूलसडकको मैला छारोले यसलाई दिनदिनै मैल्याइरहेछ, धूलोले छाइरहेछ । मेरो फुल्ने आकांक्षा फुट्न नपाएको कोपिला भइरहेछ । मेरो विकासलाई अनेक धन्दाले हावा छेकिरहेछन् । म बाहिर निस्कन छटपटाइरहेछु, तर मेरो जरामा कीराले शिकार खेलिरहेछ, मभित्र फुल्ने सम्भावना रहेको छ, तर कोपिलैमा वैलाउन लागिरहेछु । आफ्नो असुन्दर जीवनमा म घृणा मान्दछु, जब म प्रफुल्लित फूलको सौन्दर्य देख्दछु । हे मानिस ! फूलसँग आफ्नो जीवनको महान् उपदेश सिक, हृदयमा कोमलतालाई अवकाश देऊ; सुन्दर भावहरूको रङ्ग चढाऊ, भित्री जीवनमा त्यो दिव्य सङ्गति त्यो लयदार मिलाप आउन देऊ ।

हामी फूलहरूलाई हेर्दा सजिलैसँग फुलेजस्तो मान्दछौं । तर यिनको विकासलाई प्रशस्त समय र प्रयास चाहिएको थियो !

अघिल्लो वर्षको हावाले छरेको एउटा सानो बीज माटोभित्र कतातिर लुकिरहेको थियो, हिउँदको शासना खाएर तुषारोमनि यसले जागृतिको काल पर्खिरहेको थियो । तब उचित समयमा यो आच्छन्न जीवनशक्तिले, माटोको कलिलो अवस्थामा मौका पाएर खुला घाम-हावातर्फ यो उज्यालो जगत्तिर फैलिन कोशिश गऱ्यो । माटोतल जरा

हाल्दै बलियो जग बसाल्दै गयो । माथितिर ढीलो नथामिने उद्योगले माटोको रोकावट छिचोल्दै पृथ्वीको गर्भबाट पैदा भयो । तब हावामा सास फेर्दै, जल पिउँदै अब्बल माटोको पोषक पदार्थको स्वाद लिंदै यो सानो अङ्कुरले सूर्य र चन्द्रमनि हरियो रङ्ग लिएर उचाइ र फैलावट लिन थाल्यो । तब दिन-दिन बढ्दै फैलिंदै यसले यो रूप लियो, यस्ता पातहरू फैलायो, यी काँढाहरू जीवनका संरक्षक शस्त्र झैं निकाल्यो र तब वसन्तलाई सुस्वागत गरेर एउटा झीनो डाँठको टुप्पामा सानो गिर्खा निकाल्यो, त्यसलाई बढायो, रङ्ग चढायो, फुकायो, उचाल्यो, फैलायो । हेर, यो मनोहर गुलाबको सौन्दर्य ! यो पनि परिश्रमको उज्यालो श्रीपेच हो । बीजको फूलतर्फ बढ्ने कोशिशमा मानवसभ्यताको तसवीर खिचिएको छ ।

यी फूलहरू पनि सबै प्राणी जस्तै सन्तान पैदा गर्दछन् । यिनमा पनि भाले-पोथीको नैसर्गिक भेदले विचित्र क्रिया पैदा गर्दछ । मानिसको जीवनमा प्रेमको जुन स्थान छ, यिनको समाजमा पनि सुगन्धको उही स्थान छ । यिनको सुवासमा परस्पराकर्षण शक्ति छ । हावाले उडाएर दूर-दूरसम्म यो सौरभ फैलिन्छ र पोथीहरूमा मधुर रोमाञ्च पैदा गर्दछ । यिनीहरूमा पनि प्रफुल्लित हुने हृदय छ, स्पर्शको आनन्द लिने इन्द्रिय छ । जीवनको जादूले यिनलाई छोएको छ । यी सुकुमार परीहरू मलयसमीरको प्रभाव याद पाउँछन्, वसन्तले यिनलाई पनि मोहनी लगाउँछ । त्यही समय, अरूले पालुवाको पर्दा उठाएर पंछीलीलालाई स्थान दिन्छ, मानिसको छातीलाई के गरी के गरी समाउँछ, त्यसैले यिनलाई पनि पुलकित गराउँछ । अहो ! यो जीवनको वैचित्र्य, यो अद्‌भुत तमाशा ! अहो ! यो विचार गर यो सब इन्द्रजाल, त्यो सानो आँखाले नभेट्टाउने जस्तो बीउको दानामा लुकेर काम गरिरहेको थियो ? यो फैलावट, यो जीवनको गौरव त्यसभित्र कसरी अटायो ? यो स्पन्दन र यो कम्पन कुन सूक्ष्म रूपले त्यो बीजको कुन गहिराइमा लयदार चालमा हलुका तवरले झल्किरहेको थियो ।

तर यिनीहरू पनि परिबर्तनका चक्करमा घुमिरहेका छन् । छओटा डण्डी भएको पाङ्ग्राको एक-एक चक्करमा यिनीहरू एक-एकबाजि झल्केर जान्छन् । जाति स्थिर रहन्छ, व्यक्तिको बूँद-बूँद अविरल धारामा बराबर फुल्छ, फुट्छ, हराउँछ । यो फूल झर्दछ, तर फूल न वैलिन्छ, न

मर्दछ । चन्द्रमाका कला झैं प्रकृतिको स्थितिमा यो कुनचाहिं कला हो ? संसारलाई रहस्यले छाइरहेछ । हामीलाई हेर्न र आश्चर्य मान्न दिएको छ । हृदयमा संसारको सूक्ष्म चित्र रहन्छ । उज्यालो रजनीको जुनेली हावाको रस शीतको थोपामा जमेर फूलमा झल्किएझैं हृदयमा संसारको वैचित्र्य झल्कन्छ । हाम्रो हृदय नवीन चैतन्यको प्रभातमा मुस्कुराएर उठ्दछ ।

यो रंग र रूप, रस र गन्धको अनौठो खेलमा केही सार छैन ? हामी भन्दछौं–यो सब नजरको भ्रम हो । तर यसो भन्नाले हाम्रो नजरको सानो पहुँच देखाउँछ । तिनमा पनि सत्य र सौन्दर्यको सूक्ष्म आभास छ । नत्र मानिसको कविता एउटा अल्पी तरङ्गको निस्सार ताना हुने थियो । दृष्टिगोचर जगत् सपना होइन विपना हो । परिवर्तनको खेलभित्र भए तापनि यसमा असीम र परमसुन्दर विचित्र झल्काहरू छन् । जुन सौन्दर्य म एउटा फूलमा देख्दछु, त्यही म मानिसको मुखमा, स्त्रीजातिको लावण्यमा पनि देख्दछु । संसारलाई सौन्दर्यका लहरीहरूले रंगाइरहेका छन् । त्यो अनन्त सौन्दर्यलाई हरेक फूल, हरेक सुन्दर वस्तुले द्वार खुला गरिरहेछ, मानिसको हृदय यिनद्वारा सुन्दरको विचित्र देशभित्र पस्तछ । पवित्र जीवनको सौन्दर्य फूलको नातादार हो । रूप र रंगको सौन्दर्यले मानिसलाई मुटुमा छुन्छ । कविको उन्माद बहुलट्ठी होइन, सच्चा कवि भनेको सौन्दर्यवाटिकाको भमरो हो । उसको भुनभुनमा पनि मानिसलाई उत्थान र पवित्र आनन्दको सङ्गीत छ । सुन्दर सन्देश जीवनको सच्चा पौष्टिक व्यञ्जन हो ।

# आषाढको पन्ध्र

नेपालमा खुशियाली छ । हृदयले नवागत पाहुनाको प्रेमपूर्वक स्वागत गरिरहेछ । क्षितिजको किनारमा पूर्वका डाँडामाथि आजको प्रभातको मनोहर मुहान देखिनासाथ टुक्रिएका बादलका छिरबिरे फैलावटमा आनन्दको गुलाबी रङ्ग चढ्यो, एकै छिन पृथ्वीलाई स्वर्गको रङ्गले हलुका तवरले छायो । आजको लालीमा विशेष मोहनी थियो । आजको उदयमा हृदयको विशेष उल्लास थियो, प्रेमको अवलोकनले प्रकृतिका सौन्दर्यमा वैचित्र्य थप्तछ, भावको रङ्गले दुनियाँको रङ्ग चढाउँछ, नेपालको हृदयमा आज मधु तरंगहरू खेलिरहेछन् । पुकारा सुनेर स्वर्गको प्रत्युत्तर आउँदा हुने कृतज्ञता र आह्लाद आजको दिनमा छ । ईश्वरको आज्ञाले तथा सन्तानउपरको करुणाले पृथ्वीले कलिलोपन लिएकी छन् । हामी सुनौला बोलीको आशाले बीउ रोप्न जान्छौं । हातमा हरिया धानका बीउ छन्, हृदयमा आनन्द र आकांक्षा, मुटुमा हलुका लयदार स्पन्दन, गलामा उर्लंदो दिलको मधुर गान । आज हामीहरू दबदबे, कलिला खेतमा पस्तछौं । आज नेपालमा खुशीको रोपाइँ छ, आज आषाढको पन्ध्र हो ।

कृषिप्रधान देशमा रोपाइँको दिनभर देशको महोत्सव हुन्छ । यस दिन अलग-अलग कुनामा खुम्चिएर रहेका झोपडीहरूलाई जीवनको जादूले छुन्छ । किसानको आँगनमा झिसमिसे बिहान भई वनस्पतिको देवदूतले आवाज दिन्छ । किसानका बालबच्चाहरू साना हातका खुशिला थपडीले बिहानको स्वागत गर्दछन् । खेतीवाल पनि बिहानीपखको मीठो सपना सपनामा आँखा चिम्लेर उत्तिकैमा मीठो बिपनामाथि आँखा खोल्दछ । बालकहरूको मीठो बोली, मधुर हास्य तथा उफ्रनु देखेर खसा ईमान्दार हातले जोडदार चुड्की बजाउँदै गाउँले गीतले उनीहरूलाई एकै छिन नचाउँछ । बालकहरूकी आमाचाहिं निर्दोष खुला चालले हाँसेर चमकदार आँखाका ज्योति जगाउँछे, तब रोपाइँका निमित्त तयारीको शुरू हुन्छ ।

अरू दिन विभिन्न काममा लागेका गाउँले, खेतीवालहरू सबै खेत-खेत, फाँट-फाँटभरि कोदाली लिँदै नाच्दै उफ्रँदै जान्छन् । बैंसालु ठिटीहरू बीउका मूठा लिएर गानाका टुक्रा-टुक्रा मात्र केही खुला, केही लजिलो चालले बराबर पक्रेर बीच-बीचमा यौवनको स्वभावले मुखामुख गर्दै हाँस्तछन् । वायुमण्डल गानाले गुञ्जायमान हुन्छ । यिनीहरूको सुरिलो सहज आवाजले हावाका सिरिला लहरमा हृदयको सुवास चढाइदिन्छ । यस्ता गलाको प्राकृतिक माधुरीले सारा गानविद्याका कठोर तरज, सास पसीना काढ्ने वस्तादहरूका रफत, महफिलका विकृत चेहरादार गवैयाहरू, सारा गानविद्याको चेहरा शरमले लाल गराइदिन्छ । यिनीहरूको खुला आवाज अभ्यासको कमारो हुँदैन; ती शब्दहरू हृदयका उद्‌गार हुन्छन्, तिनीहरूलाई आनन्द र भावको जोडले नै सुरिलो माधुरी दिन्छ । कुनै कोइलीलाई तानपुरा लिएर पसीना काढ्नु पर्दैन । यी प्रकृतिका छिमेकीहरूलाई पनि आदिगानाको आभास मिलेको हुन्छ, जो आउँछ दिलको पींधबाट, यै हार्दिक ध्वनिले आजको दिन डाँडाकाँडा, पहाड, खाल्टा, फाँट-फाँट सारा गुञ्जिरहेछन्, हृदयका आवाजहरू हावामा चक्कराइरहेछन्, पत्थरको छातीमा समेत टक्कराइरहेछन् । नेपालको हृदयका सच्चा आवाज आजका दिनमा उठिरहेछन्, लहराइरहेछन् ।

यो खुशियाली र यो आनन्दले, प्रकृतिबाट पन्छिएर अलग रहन खोज्ने शहरलाई पनि नछोएको छैन । आज आषाढको पन्ध्र हो भन्ने चैतन्य शहरिया सबैमा राम्रोसँग जागरित भएको छ । उनीहरूलाई पनि एक किसिमको नवीन आनन्द आएको छ । शायद हाम्रा पुरातन पुरुखाहरू पनि यसै गरी जमीनमा पसीना चुहाउँदथे । यस दिनमा आनन्द लाग्नु केही अंशमा तिनैबाट आएको प्रवृत्ति होला । केही भागमा पारस्परिक प्रभावको सिद्धान्तले खेतीवालहरूका असर सबैको छातीभित्र घुसेको पनि होला ।

लिनु र दिनुको जिन्दगीबाट हामी केही फुर्संद लिन खोज्दछौं । आजका खेतमा हाम्रो हृदयले प्राकृतिक बोलाहट आवाज सुनिरहेछ । हाम्रो शरीर पनि त्यही माटोको रसले भिजेको छ, जहाँ आज रोपाईं चलिरहेछ । दूर रहे पनि हामी प्रकृतिका नातादार हौं । आजको खुशियालीमा हामीलाई पनि निमन्त्रणा छ । हाम्रो जीवनमा पनि हामीले अनेक रोपाईंको आनन्द अनुभव गरेका थियौं । साहित्य र कलाको क्षेत्रमा पनि रोपाईंको

केही उल्लास मिल्दथ्यो । हाम्रो सर्वप्राथमिक प्रयासमा पनि यही रोपाइँको सादृश्य र सौन्दर्य थियो । हामी आज रोपाइँको पहिलो सहज दर्शन गरिरहेछौं । आषाढको पन्ध्र शहरको पनि सुस्वागत पाहुना छ ।

यही निमन्त्रणा पाएर एक जना मित्रका साथमा म पनि आजको दिनको विलास उपभोग गर्न बाहिर हिंडें, चार गारो र छानाले ढाकेको साङ्‌ग्रो जीवनलाई चौडा आकाशमनि तथा खुल्ला हावामा फैलिने अवकाश मिल्दछ, म यही विचारको मधुर चैतन्यले बाहिर हिंडें । कुनै विशेष उद्देश्य थिएन । कुनै ठाउँमा जाने ताकले खुट्टाको चाललाई बाँधेको थिएन । बाटामा एक परिचित व्यक्तिले सोधे, 'कता जान लाग्नुभयो ?' मैले उत्तर दिएँ, 'कता, कता ।' 'कता कता' को 'ता' मा लामो दूरतादर्शक प्लट थियो । भ्रमण गर्दा-गर्दा हामी कुनै ठाउँमा पुग्यौं, जसलाई प्रचलित नाम दिएर म मेरो अनुभवको मोहनी पाठकबाट उडाउन चाहन्नँ । हामी उच्चा जग्गामा बस्यौं । पूर्वका डाँडा हरिया भएका थिए, तिनका नीलो चेहरा विचित्र अस्पष्टताको मोहनी थियो । बादलको छरिएका टुक्रामा बीचबाट सूर्य भगवान्को उज्यालोले दृश्यपटलाई टाटापाटा गराएको थियो । दूरवर्ती पहाड पाटा-पाटामा घामले छोएर हरियालीको सौन्दर्य देखिन्थ्यो, फेरि छाया पर्दथ्यो र उही नीलो अस्पष्टताको मोहनीतलतिर रोपाइँ चलिरहेको थियो । निहुरिएका ग्रामीण युवतीहरू मूगाका मालालाई चचहुई खेलाउँदै बीउ रोपिरहेका थिए, गीत गाइरहेका थिए । अर्कोतर्फ किसान युवकहरू पनि सोही काममा लागेर प्रत्युत्तर दिइरहेका थिए । अलि टाढा दुइटा झोपडी शान्तिका कुटी झैं सफा आँगन लिएर निदाएका झैं देखिन्थे ।

यहाँ गाना थियो, कविता थियो । आशुकविहरूको कलम त्यत्तिको छिटो चल्न सक्तैनथ्यो, जत्तिको यिनका जिभ्राको सरस्वती । एकतर्फ प्रश्न उठ्थ्यो, अर्कोतर्फ तत्काल उचित जवाफ आउँथ्यो, फेरि लयदार सुरिलो छन्दमा । यस्तो विदित हुन्थ्यो, मानौं 'शारदा'-का कविताहरू त छन्दका कठिन कसरत मात्र हुन् । त्यहाँ अटूट प्रवाह थियो, भुलभुलावट थियो, जो त्यस पत्रिका आउने जमेका साह्रा टुक्राहरूमा देखिन्न । तिनको आवाज सुन्दा त अलङ्कार, अनुप्रास, उपमाका बोझाहरू कविताका गलफन्द मात्र हुन् भन्ने लाग्दथ्यो । यिनमा त्यो सरल माधुर्य थियो जो भावको भाषामा मात्र हुन्छ, विचारका भाषामा पाइन्न । सर्वसाधारण

मानिसलाई पनि जब उत्तेजित भावले छुन्छ, तब तिनीहरूका उच्चारणमा विचित्र रसको प्रादुर्भाव हुन्छ। मानिसका रुवाइमा सधैं कविता हुन्छ, त्यस्तै सच्चा उल्लासमा। हामी कविता बनाउन चाहन्छौं, निकाल्न चाहँदैनौं। यिनीहरू बनाउँदैनन्, भित्रैबाट झिक्तछन्। हाम्रो शव्दको चातुरी छ, यिनको भावको माधुरी। जडाउरी शव्दका माला गाँस्ने कविहरू मसँग आषाढको पन्ध्रमा आऊन्। चर्को कृत्रिम रङ्ग चढाउन खोज्नेलाई पनि, मेरो निमन्त्रणा छ। म दही-चिउरा खुवाउन चाहन्नँ, गीत सुनाउन चाहन्छु।

हाम्रो तलतिर रोपाइँ पनि चलिरहेको थियो, केही खेलबहाड पनि। साथसाथमा एउटीले अर्कीलाई अलिकति हातको हिलो छ्यापिदिइन्। आजको दिन हिलो छ्याप्नु पनि प्रेम र आनन्दको बहाड सम्झिइन्छ। हिलोका छिर्का र बुट्टाहरू आजलाई ग्रामीण युवतीका वस्त्र र वदन दुवैको सुन्दर शृङ्गार छन्। प्रेम र खुशियालीको हिलो, द्वेष र ईर्ष्याको दाग जस्तो देखिँदैन । किसानका ठिटाहरूका निधारमा पृथ्वीले आशीर्वादको टीका लगाइदिएजस्तो भान पर्दछ। मानिसको प्राणलाई वर्ष दिनको थमौती मिल्दछ। आलीका केही हरिया झरीहरू एउटीको केशमा लगाइन्छन्, केही धानका हरिया बीउहरू अर्कीको कपालमा चढाइन्छन्। कसैले असारेका राता फूल सिउरेका छन्। कसैले एक-दुई मकैको कलिलो चमर पनि। यहाँ जीवनको मनोहर दृश्य छ।

जब खाजा खाने वेला भएको थियो, खेतको किनारामा प्रकृतिका हातबाट बान्किला भएर बनेका कमलका हरिया वाटुला थलियाहरू बिछ्याइए। केही चिउरा र नून, अदुवाका सितन साथमा अलिकति आलुको तरकारी पनि राखिएको थियो। सब आएर ठाउँ-ठाउँमा शिष्टाचारका नियम र कानूनको आविष्कार हुनुभन्दा अगाडिको युगमा बसेझैं बसे। मनमस्ती चालले खाजा खान थाले। यस्तो देखिन्थ्यो मानौं यिनीहरूले अलकापुरीका व्यञ्जनका स्वादमा दुनियाँलाई आधा घण्टासम्म बिर्सिरहेका थिए। परिश्रमले हद से हद खस्रा, रूखा खानामा पनि विचित्र स्वाद दिंदो रहेछ, अपूर्व माधुरी भर्दो रहेछ। हामी स्वाद बाहिर खोज्दछौं, यिनीहरू भित्रैबाट निकाल्दछन्। हामी मसलामाथि सुगन्ध थप्तछौं र कलेजामाथि अत्याचार गर्दछौं। यिनीहरूको खस्रो चिउराको मर्मराहटमा परिश्रमी जीवनको विचित्र आनन्द देखिन्थ्यो। गरीबलाई

ईश्वरले विलासका सामग्री नदिए पनि विलासका स्वाद र आनन्द दिएको छ । ती कमलमा पातका परिकारहरूलाई अंग-प्रत्यंगको सदुपयोगले मसला दिएको थियो, व्यायामका बाबर्चीले आनन्दको भोजन बनाएको थियो । खाँदा अनेक ठट्टा, हास्य, कटाक्ष चले । चिउराको मर्मराहट झर्कोलाग्दो क्रिया बन्न पाउँदैनथ्यो, बीचबीचमा हाँसोले विश्राम पनि दिन्थ्यो, स्वाद पनि बढाउँथ्यो । यिनीहरू नेपाली पहाडरूपी ओलम्पिसका यूनानी देवताहरू थिए । पहाडभित्रबाट तर्किएर आएको पानीलाई बारीको पाटोमा धारोद्वारा सानो उज्यालो रेखामा गिराइएको थियो । त्यही यिनीहरूको तिर्खालाई शीतल अमृतको धारा थियो ।

फेरि उनीहरू काममा लागे । हामीहरूले धेरै बेर हेरिरह्यौं, सुनिरह्यौं । आकाशमा बादल बाक्लिएर आयो, दुई-चार थोपा गिऱ्यो, झन् अँध्यारो भयो र घनघोर वर्षा आयो । हामीहरूले छाता लगेका थिएनौं । पहिले त दौडेर भाग्ने विचार गऱ्यौं तर वर्षाले छोपिहाल्यो, रुजाइहाल्यो । दगुर्नुमा केही बचावट थिएन । हामी सुस्त-सुस्त घरतर्फ लाग्यौं । खेतमा उनीहरू भने झन् खुशीले रोपाइँ गरिरहेका थिए । अलि टाढाबाट हामीहरूले सुन्यौं:–

*'रोपाइँको वेला, बिजुली चम्क्यो, झरीले गीत गायो,*
*बादलको तल खोला है उफ्र्यो, दिल मेरो नचायो ।*
*आजको राम्रो यो हिले बुट्टा चोलीमा छिपेको,*
*आज र हाँस्यो, आज र गायो ।*
*भोलि ता कठै ! को रुन्छ देखी कालले टिपेको !'*

हामीहरूका लुगा पनि लफलफाउँदा भए, हिलैले पनि रङ्गिए । हामीहरूलाई पनि आजको आषाढको पन्ध्रको उत्सव राम्रोसँग मनाएजस्तो लाग्यो । हामी पनि आज रोपाइँ गरेर सडकमा आएका थियौं । जब म घरभित्र पसें, मलाई विचित्र आनन्द अनुभव भयो, घरमा मुसुमुसु हाँसो चलेको थियो । मैले भनें, 'आज आषाढको पन्ध्र हो ।'

# कला र जीवन

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन हो । निरञ्जन सत्य हाम्रो जीवनको उपर छ र निराकारबाट आकारमा नआउञ्जेल हामीलाई इन्द्रियगोचर हुँदैन । 'एकोऽहं बहुःस्याम'को स्फुरणमा विश्वकला त्यो प्रेमको आधारमा जन्मिई जो ब्रह्माभासमा झलमलाउँदै उठेका अनेक जीवात्मालाई अनन्त मायाश्रयले विस्तारमा विलास दिन चाहन्थ्यो । निराकारमा स्फुरण छ, तर साकारमा कला छ । सिर्जनाको मूल तत्त्व प्रेम हो र प्रेमको मूल क्रिया आनन्द दिनु हो । स्रष्टाको दिव्य प्रतिभामा विश्व जन्मियो र हामी यस रचनाको अध्ययनद्वारा दिव्य चैतन्य, दिव्य सत्य, दिव्य सौन्दर्य र दिव्य ज्ञानका स्पष्ट संकेतहरू पाउँछौं । परमेश्वरको सिर्जनात्मक कल्पना पूर्णतामा काम गर्दछ र ईश्वरीय सत्यलाई सुन्दर रेखा रंगरूपमा प्रकाशन गर्दछ । हामी 'सुन्दर' भन्ने चेत पाउँछौं सत्यको आभासद्वारा र जहाँ सत्य छैन, त्यहाँ सौन्दर्य पनि छैन । कीट्स्ले भनेका छन् कि 'सत्य नै सौन्दर्य हो र सौन्दर्य नै सत्य हो ।' यो ईश्वरको आत्मप्रकाशनरूप कलात्मक सिर्जनामा यस्तो विदित हुन्छ कि सत्य सुन्दर हुँदै इन्द्रियग्राह्य रूपहरूमा ओर्लिरहेछ ।

सत्य पनि धेरै किसिमको हुन्छ, जस्तो– काल्पनिक सत्य, व्यावहारिक सत्य र दार्शनिक सत्य । जुन चीज त्रिकालबाध्य छ, त्यसलाई सत्य भनिन्छ र ईश्वर नै प्रथम र अन्तिम सत्य हुन् । तर व्यवहार-जीवनमा सत्यले धेरै स्वरूप लिन्छ र इन्द्रियगोचर दुनियाँको कडा ग्राह्य सत्यलाई म व्यावहारिक सत्य सम्झन्छु । विवेकको अन्वेषणद्वारा प्राप्त हुने चाहिंलाई दार्शनिक सत्य भन्दछु र मनका सूक्ष्म चित्रणहरूद्वारा झल्किनेलाई काल्पनिक । ढुङ्गा कडा हुन्छन् भन्नु व्यावहारिक सत्य हो, एक-एक जोडे दुई हुन्छ भन्ने र सृष्टिका अस्तित्वद्वारा स्रष्टाको अस्तित्व छ भन्ने कुरालाई म दार्शनिक सत्य भन्दछु र सरस्वतीलाई देखेर

उहाँसँग कुरा गरें भन्ने किसिमको चीजलाई म काल्पनिक सत्य सम्झन्छु ! मेरा निमित्त व्यवहार सीमित छ; दर्शन, विवेक अन्धो छ; म काल्पनिक सत्यलाई नै सबभन्दा ज्यादा रुचाउँछु र त्यसैद्वारा ईश्वरको झल्काझिल्की पाउँछु ।

मेरो विचारमा मानवकलाहरू काल्पनिक सत्यमा निर्भर रहन्छन् । खालि व्यवहारको सोझो चित्रण कलाको रूप लिन सक्तैन, न त मेरो रायमा फोटोग्राफी कुनै कला हो, यद्यपि धेरै जना मोटामोटी चीजलाई कलाका नाम चौडा अर्थले दिने गर्दछन्, ती चीजहरू कला नै होइनन् जहाँ यन्त्रहरू मात्र सफल हुन सक्दछन्; जहाँ विवेक मात्र काम गर्दछ; र जहाँ कल्पनाको कारीगरी र सीपको जरूरतै छैन । मानव-रचनाहरू कलानजीक त्यति मात्रामा आउँछन्, जति मात्रामा तिनउपर सिर्जनात्मक कल्पनाको रंगरेखा देखिन्छ र जति मात्रामा हिसाब र विवेकनजीक पुग्दछन् उति यान्त्रिक रचनाहरू बन्दछन् । गणितका सूत्रले हुने कामहरू मगजका काम भए पनि कला भन्न सुहाउँदैनन् । चित्रकारी कला हो, फोटोग्राफी होइन । साधारण टेबिलमा सिकर्मीको काम हुन्छ, कला हुँदैन; तर यदि कुनै सिकर्मीले टेबिललाई एउटा सौन्दर्यको सपना जस्तो पारेर बनायो भने त्यहाँ कलाको प्रादुर्भाव हुन्छ । न त नक्कल गर्नु कला हो, यद्यपि कालिदासको अनुकरण नै होस् ! 'अलङ्कार चन्द्रोदय'को नियममुताबिक बनाइएका कविता यान्त्रिक श्लोक हुन्, तर ती न कला हुन्, न कविता । जब सिर्जनात्मक कल्पना नक्कल गर्नु उतार्नुबाट उपर उठेर आफ्नो नवीन सपना देख्दछ र आफ्नै शैलीले आफ्नो छिना चलाउँछ, त्यहाँ कला निस्कन्छ । न त खालि मौलिकता नै कला हो, यदि काल्पनिक सत्यको सुन्दर क्रिया त्यसमा छैन भने ! सत्य र सुन्दरको सीमाभित्रका रचनाहरूलाई हामी कला भन्दछौं, यदि तिनीहरूमा जीवनको हृदयलाई प्राकृतिक प्रभाव छ भने । न त खालि सपना मात्रै कला हो; किनकि प्रकाशनको क्षेत्रमा नआई सपनाले कलाको रूप धारण गर्दैन ।

कलाको उत्पत्ति मनुष्यको अनन्त चेतको प्रतिभाबाट हुन्छ । पशुको कला हुँदैन, न त जडका ! तर आध्यात्मिक प्रकृतिले सम्पन्न भएको विश्वकलाकारका मिहीन सूचनाहरू सम्झन र थाहा पाउन सक्ने मनुष्यलाई अलिकति दिव्य कारीगरीको अनुकरण गर्ने शक्ति दिइएको छ । कला उत्पादन गर्ने शक्ति खालि वस्तुको बोक्रो दर्शनबाट आउँदैन;

न खालि विवेक या ज्ञानबाट; तर यो निक्लन्छ ती सूक्ष्म चेतहरूबाट, जो पाशविक हेराइको उपर चढेर दिव्यको अनुभूतिले भावुक स्पन्दन पाउँछ। पशु खालि हेर्दछ र सन्तुष्ट रहन्छ, तर मानिस सब चीजको मुटु छाम्न खोज्दछ। उसलाई बाहिरी बुझावटैले सन्तोष दिँदैन, आकृति-सङ्गति र चैतन्य भएको दुनियाँमा ऊ दर्शनले चित्त बुझाउन सक्तैन। आफ्नो मन र बाह्यप्रकृतिमा देखाएका र अनुभव गरिएका कुराहरूको अनन्त र सत्यसँग नाता जोड्न खोज्दछ र तिनलाई मूल कारणका सम्बन्ध र सहयोगमा छाम्न खोज्दछ। विज्ञानले जिज्ञासालाई पूरा गर्न सक्तैन र मानिस भावुक र काल्पनिक जगत्‌का जादूगरीहरूद्वारा यो विज्ञानपरका झल्काहरू खोज्दछ, जहाँ सत्यको नजीक भएझैं मानव-आत्मालाई सन्तोष लाग्दछ। उसलाई उपस्थितउपर चढेर अनुपस्थितका अन्वेषण गर्ने मोहनी हरहमेशा रहेकै छ। उसको चेतले बताउँछ कि रूप-रंगको पछाडि अर्कै रस छ, र रेखा र चित्रहरूपछाडि सूक्ष्म सत्यहरू काम गर्दछन्। ऊ नैसर्गिक र प्राथमिक सम्बन्धहरूको सूक्ष्म क्रिया अध्ययन गर्न चाहन्छ, भावुक र काल्पनिक नजर लगाएर खँदिला वस्तुहरूबाट अग्राह्यको महिमा हेर्न जान्छ, र आफ्नै प्रकृति र बाह्य जगत्-प्रदर्शनहरूमा पनि तिनै उपकारको मूल तत्त्वको आभास र सूक्ष्म संकेतहरू छाम्न पुग्दछ। मनुष्यलाई अनन्तको आह्वान छ, र ऊ आफ्नो अनन्तको चेत झल्का र चित्रण र मानव-रचनाहरूद्वारा अरूको नजरमा झल्काउन चाहन्छ। उसलाई आफ्ना सूक्ष्म अनुभवहरू आत्मप्रकाशनको प्रेरणा दिन्छन् र आत्मविस्तारमा त्यही आनन्द पाउँछ, जो स्रष्टाको पहिलो अनुभव हुँदो हो। ऊ सिर्जना गर्न खोज्दछ, प्रकृतिलाई टिप्न चाहन्छ; दुनियाँ सुधार्न नवीनताको जादूपछि दौडन्छ, अविदितको आह्वान सुन्दछ, दृश्य र श्रव्यलाई नाघेर अन्तर्झल्का र अन्तर्ध्वनि खोज्दछ। ऊ रूपलाई ध्वनिमा उल्था गर्दछ र शब्दलाई चित्रमा। उसलाई सीमा मन पर्दैन, ऊ उड्न चाहन्छ र टिप्न चाहन्छ, अँध्यारोबाट चियाउन चाहन्छ र स्वर्गको आगो चोर्न चाहन्छ।

मेरो विचारमा मनुष्यले कलामा अविदितसँगको आफ्नो परिचय झल्काउन चाहन्छ र विदितको दुनियाँमा अपरिचितको राज्य देखाउन खोज्दछ। कति जनाले यस दुनियाँलाई देखे तर यसमा मिहीन सौन्दर्य र गूढ रहस्यहरू उनका आँखामा अन्धकारै बनेका थिए। प्रतिभाले त्यहाँ

नव प्राप्ति गर्दछ, जहाँ अन्धसंसार चतुर आँखालाई कुनै खँदिलो सत्य हुँदैन । कति जना वृक्षका छायामा सुतेर आनन्द अनुभव गर्दै आइरहेछन् तर कति थोरैले त्यसमा अलौकिक सूचना, त्यो मिठास, त्यो जीवनको रहस्योद्घाटक सूक्ष्मभाव पाइरहेछन् । ती मिर्मिरे भावनाहरूको सत्य जो प्रकाश र अन्धकारको बीचमा रहन पाए होलान्, जो पन्तजीको 'छाया' नामक जादू जस्तो कवितामा पाइन्छ, कतिले टुहुरालाई भेटे होलान् तर टुहुराको आत्मा उघारेर देखाउन 'रतन'-का दादालाई मात्र थियो । कति आकाश देखिरहेछन् तर रस्किन साहेबको 'आकाश' नामक प्रबन्धमा त्यो आकाशको अपरिचित टुना झलमलाउँछ, जो हेर्नेले हेर्दै हेरेन, सुन्नेले सुन्दै सुनेन । मानिसहरू टेबिलमा कबाबको रिकापी लिएर जुगानजुगदेखि स्वाद लिँदै आएका छन्, तर 'रोस्कपिग' नामक ल्याम्बसाहेबको प्रबन्धमा देखिने कलाको हँसिलो सर्वयुगी टुना कसैले त्यसमा देखेनन् । चीजहरू बाहिरी रोगन र झलमलावटले राम्रा हुँदैनन्, जस्तो हनुमान्ले हीराको मालालाई टोकी-टोकी मिल्काएर रामजीलाई बिन्ती गरेथे रे 'यो झिल्के टुक्रामा त 'राम' कहीं पनि पाइनँ !' त्यस्तै कलाको भक्तलाई भित्री मोहनी नभई कुनै चीज राम्रो लाग्दैन र बोक्रे बाह्य कुराहरूमा केही सौन्दर्य त्यसले पाउन सक्तैन, जो भित्रको झल्का खोज्दछ । तर रामजीको जवाफ यस्तो हुनुपर्ने 'मैले दिएका टुक्राहरूमा म हरेक दानामा झल्किरहेकै थिएँ नि !' बस, परमेश्वर हाम्रो आत्मालाई त्यसै भन्नुहुन्छ । तर हामी बनकर झैं सब चीज मामुली देख्तछौं र हीराहरू झैं मिल्काउँछौं, तर झल्का र मोहनी पाउने आँखाहरू संसारमा कम हुन्छन् । मनुष्यको हृदयमा झूटो परिचयको अत्याचार छ र उनीहरू बोक्रे सन्तोषले अत्तर-छ्यालामै अड्दछन्, तर कल्पनाशील व्यक्ति बालुवाको दानालाई विश्व पाएर अनन्त समयको विलास देख्तछ र रस्किनसाहेबको नजरमा मकैमा यस्तो मोहनी देखियो कि उहाँ भन्नुहुन्छ, 'ईश्वर र संसार बुझ्नुपरे मकै उम्रिरहेको हेरे पुग्छ ।' वास्तवमा हामीले दुनियाँमा बहुत थोरै कुरा राम्ररी चिनेका छौं र एउटा कमिला पढ्नुमा तीन सय वर्षको शेभियन् जीवन पाए पनि हामीलाई कम हुने थियो, तर भावुक हृदयलाई चिरसमयको जरूरत छैन, सच्चा अवलोकनमा एक युगको सन्देश मिल्दछ, र सच्चा लक्षणहरू अनन्तका झिल्काजस्ता छन् ! दीर्घ जीवन पाए पनि हामीहरू न तारा देख्दछौं, न आकाश, न वायु, न फूल ।

आवरण छ हामीमाथि धूवाँको ढकनी । आँखा पखाल्नुपर्छ, कान माभ्नु र हृदयलाई किचिएको बालक झैं घुरानबाट निकाल्नुपर्दछ ।

यस विषयमा हामी भन्न सक्तछौं कि दुई किसिमका क्रियाहरू साथसाथ चलिरहेका हुन्छन्, जसको सम्बन्धलाई 'मौन सहानुभूति' भन्ने वर्ड्स्वर्थले 'लुसी' कवितामा नाम दिन्छन् । संसार बोल्दैन भन्ने बहिरा हुन्, र पहाडहरू र रूखहरू र ताराहरूमा जीव छैन भन्ने मुर्दा हुन् । सच्चा दार्शनिक भन्दछ, ढुङ्गामा पनि त्यही सच्चिदानन्द चैतन्य रहेकै छ, तर जीवनको कक्षामन्तिर, जसले आकाश बोलेको सुनेकै छैन, बादल भएको वेलामा मात्र होइन, सूनसानमा पनि त्यसले हाम्रो हृदय डस्न कलम नै नउठाओस् । तब यी दुई किसिमका क्रियामध्ये एक चीजहरू बोल्नु झल्कनु र आफ्नो हृदय खोलेर देखाउने क्रिया हो, अर्को मानवहृदयले र कल्पनाले तिनीहरूमा आफ्ना अन्तस्करणसम्बन्धी रङ्ग र रोगन हालिदिनु हो, जसका प्रभावमा तिनीहरू घनिष्ठता लिएर व्यक्तिगत जीवनलाई सन्देश दिन्छन् ! प्रभाले चिरपरिचितसँग नव परिचयको आनन्द लिन्छ र यो नवीन पहिचानमा चीजहरू चीज लिएर भेट गर्न आउँछन् ! कविको हृदयअगाडि ढुङ्गा बोल्दछ र पातमा जिभ्रा हुन्छन् ! साधारणमा कल्पनाको मिहीन सूत भएको जादू-जालीले नौलोपन डाल्दछ र सच्चा क्षणमा कलम चरो भएर गीत गाउँदछ । आमाको फोटो शैशवको ढुकढुकाउँदो संसार बन्दछ, र दर्शनढुङ्गा फूल झैं फुलेर ओठ हाल्दछ, मानौं बोल्नाको प्रयासमा । सरस्वतीसँग त्यस वेला बोल्दछु, जब मलाई उनी सजीव सत्य बन्दछिन्, म्लेच्छ कल्पना भनेको त्यही हो, जो हाम्रा देवदेवताहरूसँग न सहवास पाउँछ, न संभाषण ! पशुपतिको ढोका सधैं म्लेच्छउपर बन्दै छ र सोमनाथलाई फोरेर महम्मद गजनीले केही दौलत पाएनन् । हावामा र जलमा ईश्वर नबोल्नु पाश्चात्य सभ्यताको असर हो र हामी बहसभन्दा तीव्र निश्चयसँग भन्दछौं कि इङ्गलिस्तानका कला र साहित्य भारतभन्दा त्यति मात्रामा तल छन्, जति मात्रामा अंग्रेजहरू सूर्यमा ईश्वर देख्तैनन् र पहाडमा देवता ! अरू जति खालि ईश्वर छ भन्ने अस्पष्ट चैतन्यमा अविदितको होश दिव्य वाणी र धर्मपुस्तक मात्र हुन् । तर म हिन्दू हुनाले छायासँग कुरा गर्छु, मलाई दृश्यजगत् भित्रको प्रकाशन मात्र हो र सब खँदिला वस्तु तरल पदार्थ हुन् । देवताहरूले वास गरिएको त्यो भरिलो जगत्मा हामी वास गर्दछौं जो भारतका

सच्चा पुत्र हौं। पन्तजी र ठाकुरजी 'निराला'का देशमा मानवआत्मा अन्धो छैन, न चीजहरू मूक छन्।

'माकुराको जालो' देखेर साधारण मनुष्य रमाउँदैन त कोइलीको गानाले वनकालीको बाँदर भंडारखालमा सपना देख्दछ, तर स्विफ्टसाहेबले माकुरा र माउरीको कथा सर्वयुगरोचक कथा बनाइदिए, र लेखनाथ कविजीले 'कोइली' को 'कुहू-कुहू'मा जीवनको क्या भुलभुलाउँदो सुगन्धी आनन्द निकाले ! फूलदान फुट्नु मामुली कुरा हो तर बालकृष्णशमशेरको आँखाले हेर्न सक्नु असाधारण कुरा हो। ज्यापुनीको गानाबाट वर्ड्सवर्थ भए जादू निकाल्थे र यो नेपाली खाल्डो त्यस शब्दले भरिएर गुञ्जायमान हुने थियो। तर तीन सय अप्सरालाई रङ्गीन पोशाक लगाएर बचाए पनि कानो मामालाई न एक सूझ न बूझ मिल्दछ; प्रतिभाको चमत्कार यही छ कि अविदितसँग हाम्रो चिनाजानी गराइदिन्छ, र हामीलाई यही दुनियाँभित्र अर्को आश्चर्य र अर्को मोहनी देखाइदिन्छ। हामीले पनि देखेका थियौं तर हाम्रो भित्री आँखा थिएन, शान्तिको शय्यामा पल्टँदा अँध्यारोले बोलाइहाल्दथ्यो, हामी आँखा चिम्लिहाल्थ्यौं तर त्यो हृदयको नाच हामीले पाएनौं। शेक्सपियर, कालिदासले लेखेको देख्दा चीजहरू नौला र झन् सच्चा भएको लाग्दछ, र पटको चियाबारी दैनिक दृष्टिको चियाबारीभन्दा रमाइलो लाग्दछ। कविको चरो झन् मीठोसँग बोल्दछ, चित्रकारका आलु बडा गजबका स्वादिला हुन्छन् र गायकको कानेखुसी अरूको भन्दा मीठो हुन्छ। मोहनी, माधुर्य र प्रकाश ! त्यहाँ छ सब कुरा। कलाले संशयको द्वार खोल्दछ, घामको उज्यालोले नभेट्टिने केही झल्काइदिन्छ, खँदिलो नभएको कुरा छमाइदिन्छ; तुङ्ग्ना सपना बनाइदिन्छ र हावाको सन्देश सुनाइदिन्छ।

म भाग्न पनि पाउँछु, र म नजीक पनि पुग्दछु। जति दौडायो, उति ठेगानामा राख्तछ। कलालाई मधुर मगन्ती सम्झने पनि छन्, र म खालि एकोहोरो दृष्टिले हेर्दिनँ। एकतर्फ कर्कशता र अन्धोपन र चिच्याहटबाट म बच्न पाउँछु, अविदितको देशमा विहार गर्दछु, विदितको परदेशीयता पाउँदछु र ग्राह्यको सम्बन्धमा अग्राह्यसँग नाता जोड्दछु। तर मेरा बादलकिल्लामा खालि मगन्ती मात्र छैन तर जीवनको घनिष्ठ मोहनी पनि देख्ता आत्मा विरोधी छ, तर विरोधका दुई विपक्ष यहाँ आएर अनौठा तबरसँग जुट्तछन्। किनकि कलाले अनन्तलाई छुन्छ र

रेखागणितको विवेकविरुद्ध उच्चतर गणित भन्दछ, अनन्तमा समरेखाहरू भेट गर्दछन् । मगन्ता भनेको बोक्रेपनसँगको सम्बन्धमा हृदयको दूरता जनाउने अतिरेखित शब्द हो । तर यहाँ जीवनको मुटुनेर पुऱ्याउनु भगुवाको सच्चा अवस्था हुन्छ । यसकारण कला र जीवनको सम्बन्ध छैन भन्नेसँग मेरो वैमनस्य रहन्छ तर म मान्दिनँ कि कला भनेको जीवनको निर्देशन हो, जस्तो कोही कलाकट्टरपन्थीहरू भन्न चाहन्छन्; न त म भन्दछु कला जीवनबाट बिलकुल अलग हुन्छ ।

सत्यता, सौन्दर्य, सिर्जना, हृदयस्पर्शिता र सूचनात्मकता यी कलाका मुख्य गुणहरू हुन् । हामीले भनिसक्यौं कि कला कल्पनाको सत्यमा निर्भर रहन्छ, व्यावहारिक या दार्शनिक सत्यसँग यसको अहार्य सम्बन्ध रहेको हुँदैन । सत्यता सत्य गुणको नाम हो, जो यथार्थबाट अलि पर गए पनि काल्पनिक क्रियाहरूको सच्चाइ राखेर भित्री सम्बन्धहरूमा सत्यको झल्का खोज्दछ । सौन्दर्य निस्कन्छ सत्यको तीव्र चैतन्यबाट, मानौं सत्य जीवनमा तरलिंदै सजीव रूपरेखामा ओर्लिरहेछ । सौन्दर्य रहन्छ अंगसंगति, लयदार मिलाप, झल्कादार दर्शन र सूक्ष्म सम्बन्धहरूको मिहीन होशमा, यो त्यो आत्मकर्षक गुणको नाम हो, जसले सत्यतरफ मानवचेतनालाई बलैसँग पक्रेर लैजान्छ । सिर्जना त्यस मौलिक गुणलाई भनिन्छ जसमा नव-नव रूपहरूको उत्पादन र आभास पाइन्छ र अनाविष्कृतको खोजी र पत्ता लगाइएको आस्वादन मिल्दछ । हृदयस्पर्शिता स्पष्टै छ, आनन्ददायित्वको गुण हो जो केन्द्रमा प्रभाव गर्दछ । 'सूचनात्मकता' म त्यसलाई भन्दछु जसले थोरैमा सानो संसार झल्काइदिन्छ र लवजलाई साधारण अर्थबाट उचालेर सम्बन्धात्मक जादू भर्दछ, कल्पना र स्मृतिबाट तत्सम्बन्धी विषयहरूको झङ्कार निकाल्दछ । यी पाँच गुणविना कुनै चीजलाई कलात्मक सिर्जना भन्न सकिंदैन र जहाँ यी सबै ठीक तबरसँग देखिन्छन्, त्यस रचनालाई अत्युत्तम ठहऱ्याउनुपर्दछ । हामी जान्दछौं कि सुन्दर-असुन्दरका बीचमा स्वर्ग र नरकका बीचमा हुने सबै कुरा छन् र संसारमा दुई चीजको विरोध हरहमेशा जीवनलाई अकमक्क पार्दै यसका समस्याहरू बनाइरहेछ । यी दुईको भेद जान्नु ज्ञानको टुङ्गो हो र हामी हरहमेशा त्यो भेद बुझ्ने अवस्थामा हुँदैनौं । कोही-कोही क्षण (जब दिव्य अवभास र अनुग्रह पाइन्छ) हामीहरू नबुझिने कुरासँग कुरा गर्दछौं, र सत्य कहाँ-कहाँबाट

ओर्लेर मुटुमा चट्ट छोएर बिलाउँछ मानौं बादलको टुक्रामा सूर्यराशि सुनौलिएर बिलाउँदो छ जुन कल्पनाले प्रकृतिका मूल तत्त्वहरू सत्यको झल्कामा पक्रेकी छ, त्यसका प्रकृत र अचेत क्रियामा पनि नव-नव सिर्जन त्यसै बन्दै-बन्दै आउँछन् र विश्वको मुटुमा त्यही कुरा चुभ्छ, जो मुटुको केन्द्रको अनुभव थियो । अनि पछिल्लो गुणको बारेमा जीवनका अनुभवहरू सहानुभौतिक थर्कनले निकाल्न सक्नु अनुभूतिको परिपक्वता र विभिन्नताहरूउपर सूक्ष्म चेत राख्नेको मात्र सामर्थ्यमा छ, र ऊ लबज र रेखाको मुटु छामी टुक्राटुक्राले आकाश थर्काइदिन्छ ।

जीवन र कलामा यही फरक हुन्छ कि जीवन हरबिन्दुमा सुन्दर देखिन्न, कला देखिन्छ । जीवनको सत्य याथार्थिक या व्यावहारिक हुन्छ, कलाको काल्पनिक जीवनमा ज्यादा विवेक काम गर्दछ र हामी रेखागणित र बीजगणित जीवनमा पाठशालाहरूबाट लिएर जान्छौं । तर कलाको क्षेत्रमा ज्यादा कल्पना काम गर्दछ, त्यो सूक्ष्म चेत जो मिहीन सम्बन्धहरूको भित्री होश राख्तछ । जीवनको सौन्दर्यमा आविष्कारको आनन्द हुँदैन, जीवनको सिर्जनामा यान्त्रिकताको आधिक्य देखिन्छ, र हामी हृदयलाई आँसु नखसाली अक्सर छुन सक्तैनौं । कलाले हरहमेशा हृदय छोइरहेछ । जीवन धेरै बोधो छ तर एक कुराबाट एक संसार झल्काउन उसको अक्सर चातुरी देखिंदैन । कला जीवनउपर चढ्दछ, कर्कशताउपर, चिच्याहटउपर, यान्त्रिकताउपर र उसमा 'नवीनताको नव जादू' देखिन्छ । जीवनमा झल्काझिल्की मिल्दछन्—टाढाको क्षणका अन्तरमा । तर कला हरहमेशा तिनैले भरिइरहेको छ । तब बहसीले भन्दछ कि जीवन र कलाको कत्रो अन्तर रहेछ ? तर म कलाको कल्पद्रुम जीवनकै जरामा बढेको देख्तछु, जीवन माटो भए पनि फूल पोख्ने त्यही हो, यद्यपि स्वर्गका चिडिया र रंगहरू पनि हाँगामा आऊन् ।

'कला कलाकै निमित्त हो' भन्ने पक्षीहरू जस्ता छन् । अस्कार वाइल्ड भन्दछन् 'कला सपनामनि हिंड्छ; जादूसँग खेल्दछ, नवीनतासँग मित्यारी लाउँदछ र आफ्नो आनन्दमा आफैं मस्त छ । ऊ आफ्नो जगत् आफ्नै निम्ति बनाउँदछ, चिच्याहटी आत्मालाई तृप्ति दिन नसक्ने फुङ्ग परेको धूलो उडेको प्रकृति यान्त्रिकता देखाउँदछ, दोहऱ्यावट, सिर्जनाको धीमा झल्काझुल्की, एक-दुई अस्त-उदय प्रदर्शन वा जुनेली जादू ! पृथ्वी सबै ठाउँमा राम्री छैनन् । सिर्जिइसकेका कुरामा दोहऱ्यावट देखाउनु

या परिणति, यसभन्दा ज्यादा काम प्रकृतिमा देखिँदैन । तर कलाको देशमा ! नव सिर्जन, नव उमङ्ग, नव उच्छ्वास, सपनाको दौलत र नव-नव सौन्दर्य पाइन्छ । प्रकृतिको अनुकरणमा कला वैलिन्छ, जब म मनको गुलाफ जस्तो लेख्दछु तब कलात्मक सौन्दर्य निस्कन्छ तर जब जीवनको गुलाफ जस्तो लेख्दछु तब म तल्लो कक्षामा ओर्लन्छु, इत्यादि ।' उनीहरू नीति र कलाको सम्बन्धविच्छेद गराउन चाहन्छन् र चाणक्यनीतिलाई सब कविता मान्दैनन्, न त पोपलाई महाकवि ! औपदेशिकता र कलाको आह्वानमा उनीहरू आकाश र जमीनको अन्तर देख्दछन् र भन्दछन् कि कला पवित्र निक्खरा सौन्दर्यात्मक चेतको सन्तोष र आनन्दका निमित्त हो तर चालचलनको काइदाउपर समालोचना छाँट्नु कलाको कर्तव्यको बेबूझ हो । उनीहरू कलामा उच्चतर जीवन पाइन्छ भन्छन्, पार्थिव जीवनको साङ्ग्रो सीमालाई उल्लङ्घन गर्ने; जहाँ देउताहरूसँग सहवास पाउँछ । क्षणमा अनन्तका धिप्का र साना-साना अवकाशमा असीमको नृत्य चाहने कलाकारलाई उनीहरूको मतमा बाह्य जीवनसँग थोरै सम्बन्ध छ र प्रकृतिको अनुकरण या जीवनका याथार्थिक दर्पणका रूपमा निस्कने रचनाहरूलाई उनीहरू तल्लो दर्जाका मान्दछन् । कल्पना, उनका रायमा जीवनभन्दा रसिलो र सत्य सुन्दर छ र काल्पनिक सत्य व्यावहारिक सत्यभन्दा चौडा र प्रकाशिलो देखिन्छ ।

तर अरूहरू भन्दछन् 'कला र जीवन छुट्टिन सक्तैनन् ।' जीवन र प्रकृतिको दर्पण नै कला हो । कल्पना सम्भवको सीमाभित्र काम गर्दछ र जीवनको मुटु छुन नसक्ने कलामा मानव-उपयोगिता देखिन्न । कलाको आत्मसमर्थन जीवनको उल्लासकता जीवन र भावुक उत्थापनमा निर्भर रहन्छ । कलाकार खालि हावामा उडेर रचना गर्दैन तर जीवनका सामग्रीलाई लिएर नव-नव सिर्जना गर्न रङ्ग-रङ्गेली कल्पनाको सहायता लिन्छ । अनि सपनाहरू पनि बिपनासँग सम्बन्ध राख्दछन् र बाह्य तथा आभ्यन्तरिक जगत्को घनिष्ठ अविच्छेद्य सम्बन्ध हरहमेशा रहेकै देखिन्छ, जस्तो शरीर र आत्मा छुट्ट्याउन सकिन्न, उस्तै कला र जीवनलाई अलग गराउन सकिन्न । सजीवता नहुनु कलाको दोष हो र जति मात्रामा जीवनको निजी आनन्दको रहस्य उद्घाटन गरेको देखिन्छ उति मात्रामा कलाले उच्चपना लिन्छ । त्यसउपर राष्ट्रिय जीवन कलाद्वारा

अनुभूत हुन्छ र ग्रीस, रोम हामी ज्यादा त्यहाँ बुझ्छौं उनका कलात्मक रचनाले ती जातिका जीवन र आदर्शको उद्‌घाटन गर्दछन् । हामी ग्रीक स्ट्याच्यू हेरेर त्यसलाई हरहमेशा ग्रीसको जीवनसँग नाता जोडिने तबरले अध्ययन गर्दछौं, र रोमका कलात्मक सिर्जनाहरूलाई हामी रोमनहरूको जीवनबाट अलग सम्झँदैनौं । अझ यसो भन्न सकिन्छ कि कला जीवनको सुन्दरतम अध्ययन हो; किनकि हामी कलाद्वारा जातिको जीवन र आदर्श बुझ्न खोज्दछौं, प्राचीन सभ्यताको विषयमा हामीलाई कलात्मक निर्णयहरूभन्दा राम्रो रहस्योद्‌घाटक तत्त्वहरू अरू केही मिल्दैन ।

न त, उनीहरू भन्दछन् 'कला कलाकै निमित्त प्रादुर्भूत भयो', किनकि यस्तो आत्मसमर्थन नै जीवनको मुटु उल्लासिनु र मनुष्यको भावुक उत्थापनमा रहन्छ । कला जीवनकै आँखाअगाडि झल्किएर आउँछ र जीवनकै आँखालाई उल्लास दिनका निमित्त । जो मानव-हृदय राख्दैन, त्यो कलाकार हुनु असम्भव छ । जीवन र प्रकृतिलाई नाघे पनि कलाले आफ्नो सूक्ष्म निर्माणतत्त्वहरू तिनैबाट पाउँदछन्, र तिनैका सदस्यहरूको सूक्ष्म चैतन्यद्वारा नवरूपको सिर्जना र यथार्थताको काल्पनिक परिणति देखाउँछन् । कला कलाकै निमित्त भन्नु एक दृष्टिकोण हो; तर कलाको बारेमा सम्पूर्ण सत्य होइन, किनकि जीवन-मुटुमा आनन्द दिनु र सौन्दर्यको चेत जगाउनु कलाको कर्तव्य हो; र बोझे नीतिसँग सम्बन्ध नराखे पनि हृदयशिक्षणद्वारा हुने भावुक औपदेशिकता कलाको साथमा हरहमेशा रहेकै छ । जहाँ निख्खुरा काल्पनिकता र कथाकौतूहल मात्र पाइन्छ, त्यहाँ पनि मानव-कल्पनाको उत्तेजना र सृजनात्मक बुद्धिको पोषणद्वारा जीवनलाई कलाले पोषण दिइरहेकै छ, र यही कलामा पौष्टिकताविना कलाको आत्मसमर्थन हराएर अस्तित्व नै कायम रहँदो होओइन । कला कलाकै निमित्त भन्ने पनि उच्चतर जीवनको अन्वेषणमा सौन्दर्य र काल्पनिक सत्यको देशमा पदार्पण गर्दछन् । 'म आफ्नै निमित्त गाउँछु र दुनियाँदेखि बन्दछु बागी' भन्ने किसिमका व्यक्तिहरू पनि जीवन खोज्दछन्; र उनीहरूको कलात्मक आनन्द तीव्र छ भने, दुनियाँले आफ्नो जीवनका निमित्त तिनलाई पनि आफ्नो गराउँछ ।

तब के खालि जीवन र प्रकृतिको चित्रण कला हो ? भन्ने प्रश्नलाई मेरो क्षुद्र विचारमा फोटोग्राफी कला होइन; र जहाँ मान्छे

खालि ऐना हुन्छ, जहाँ आफू जिउँदैन; तर टक दिन्छ, आफू लेख्दैन तर फोटो खिच्तछ। अक्सर यथार्थवादीहरू साना कक्षाका कलाकार हुन् भन्नेजस्तो लाग्दछ तर जीवन पनि असीम अर्थ र सूचनाले भरिएको हुनाले सच्चा आँखादार यथार्थवादी ठूलो कलाकार हुँदैन भन्न असजिलो कुरा छ। तैपनि उल्था र सोझो उतारी कलाको दर्जामनितिर रहेका छन् र बोक्रे चित्रणमा वस्तुको भित्री आत्मा बोल्दैन। अनुकरणबाट बच्नै पर्दछ नत्र प्रकृति र जीवनले पनि हँस्सी उडाउँछन्। चुनौती चातुरी, झल्का टिप्ने आँखा, अन्तःसम्बन्ध होश गर्ने भावुकता, मुटुको धड्कन छाम्ने हात, भित्री ध्वनि सुन्ने कानविनाका सर्वसाधारण चित्रकारीहरू फूललाई फूल मात्रै देख्तछन् र त्यसभन्दा बढ्ता केही भेट्टाउँदैनन्। उनीहरू मोटा रङ्ग भन्दछन्; रङ्गको मिहीन बाँडफाँड जसका सच्चा जादू छ, त्यो भेट्टाउन सके परब्रह्मबाट धेरै टाढा मानवआत्मा रहँदैन। हरेक चीजमा रहस्यको मात्रा नदेख्ने यथार्थवादी बोक्रे हो। जीवन भन्नु सर्वसाधारण चेतको सांसारिक बोक्रेपन होइन, तर सत्य र रहस्य मिलेको त्यो सासफेर्दो चीज हो, जो सच्चा कलाले देखाउँछ। उच्चतर जीवनको प्रदर्शन कला हो भन्नु शायद सत्यनजीकै आउन सक्तछ। तर जीवन एउटा अस्पष्ट शब्द हो।

आखिरमा हामी यत्ति आलोचना गर्न चाहन्छौं कि कला र जीवनमा अहार्य सम्बन्ध छ र बोक्रे सतहको जीवनसँग सम्बन्ध थोरै देखाए पनि कलामा उच्चतर जीवनको चित्रण पाइन्छ। कलाको आत्मसमर्थन जीवनलाई उचाल्नु र भर्नुमा छ; र आनन्द दिनु र हृदयकेन्द्रलाई छोएर उच्च बोधद्वारा नैतिक शिक्षण बन्न जानु उच्च कलाको लक्षण हो। हामी कल्पनालाई जसरी जीवनबाट छुट्ट्याउन सक्तैनौं तर हरहमेशा कल्पनाको पोषणद्वारा पुष्टि दिन्छौं त्यस्तै कलाको जीवनबाट बिलकुल विच्छेद गर्न सक्तैनौं, कलामा मनुष्य आफ्नो अत्युत्तम अवस्थामा देखा पर्दछ, आफ्नो जीवनको सारांश झल्काउँछ र आफ्नो घामपानीको हिस्साबाट फुलेका चीजहरूबाट सुगन्ध फैलाउँछ। व्यक्तित्वविना कलाकार हुनु, सिर्जनात्मक कल्पनाविना रचयिता हुनु, दुवै असम्भव कुरा छन्; र जहाँ मेरो रचना कलाको दर्जा पाउँछन्, त्यहाँ जीवन आफ्नै रहस्यचेती भावहरूको ऐंडीमा आत्मप्रकाशन लिंदै गद्‌गदाएर दुनियाँको भविष्यसँग बोल्दछ। त्यस्तै कुनै जातिका जीवनको अध्ययन गर्नलाई मलाई त्यस

जातिको कलाभन्दा उद्बोधक सामग्री कहीं छैन र हामी प्राचीनको चित्रण र वर्तमानको पूरा ज्ञान तथा भविष्यको झल्का मानवकलामै पाउँदछौ र जीवनमा तीव्रता र चौडापन नाप्तछौं। कलामा उत्तम जीवन छ, उत्तम जीवनमा कला छ र सिर्जना नै सभ्यताको ताजा मुहार हो।

# गधा बुद्धिमान् कि गुरु ?

संसारमा ज्यादा अवहेलित जन्तुहरूउपर सहानुभूति बराबर उम्लेर आउनु स्वाभाविकै कुरा हो र जुगानजुग बोधोपनको प्रतिनिधि सम्भिएको जनावरलाई देखेर आज मेरो हृदयमा अनौठो दया उत्पन्न भइरहेछ। जब गुरुले मलाई गाली गर्नुहुन्थ्यो तब यही चौपायाको नाम दिएर मेरो नूर गिराउनुहुन्थ्यो र सहपाठीहरूको खिसीटचूरीको मर्मभेदी क्रूरता हृदयमा बिभन्न जान्थ्यो। कुनै-कुनै मानिस त भन्दछन् कि यसको नाम लिए दिनभरिको धर्म पनि जान्छ रे ! जब मानिसले काम बिराउँछ तब हरेक मालिक यही उपाधिभन्दा राम्रो केही देख्तैन, जसले आफ्नो सेवकलाई शरम र आत्मनिन्दाको भाव उठाउन सकोस्। अंग्रेजीमा गधाजस्तो बोधो भन्ने उखानै छ, तर हिन्दूहरू अरू ज्यादा अवहेलनाको तीव्रता देखाएर 'गधा' भन्ने शब्द अदृश्य विस्मय-चिह्नका साथ नाराजको मुखारविन्दबाट प्रयोग गर्दछन्; मानौं 'गधाजस्तो बोधोपन' पनि हुँदैन। अनि म सम्भन्छु शेक्सपियर, जसको सहानभूति सबभन्दा चौडा र कोमल थियो। उनले 'मिड समर नाइट्स ड्रीम' भन्ने नाटकमा निकबटमलाई हास्यपात्र बनाउँदा गधाको टाउको लगाइदिएका छन्।

यस्ता उपहास र अवहेलनाका पात्रहरूमा सहानुभूति राख्नु मानवस्वभावको लक्षण भए तापनि आजसम्म कुनै लेखक या कविले यस निर्दोष सहनशील जनावरउपर दयाको हृदय नदेखाएको हुनाले मेरो क्षुद्र कलमद्वारा सकभर यस दयनीय पात्रको समर्थन गरूँ भन्ने विचारले आज कलम उठाइरहेछु। तर बस ! मान्छेका स्मृति कति कमजोर हुन्छ। के ष्टिभेन्सनसाहेबले 'गधासँगको सफर' मा मोडेस्टिनउपर प्रचुर सहानुभूति प्रदर्शन गरेका छैनन् र ? मैले गधाको साथ भ्रमण गरेको छैन, ती अनुभवहरू मेरा निमित्त असंभव छन् किनकि म कट्टर सनातनी हिन्दू उपाध्याय ब्राह्मणलाई गधा छुनुसम्म पनि निषेध। तर सनातनी

धर्ममा जत्तिकै क्षुद्र र पतित जन्तुहरूउपर अवहेलनाको दृष्टि देखिए पनि म जान्दछु कि हाम्रा ऋषिहरू हृदयशून्य थिएनन् र कृष्णजी जस्ताको वाक्यमा गधा, बाहुन, कुकुर, चाण्डाल, कुन्नि के के हुन् समता राख्छन् रे भन्ने पाउँदा मलाई गधाको उपर सानो व्याख्यान छाँट्न आश्वासन मिल्यो, सनातनधर्मउपर श्रद्धा प्रादुर्भाव भएर ।

म सोच्तछु कि हामी चलाक हुन खोज्ने मान्छेहरू के वास्तवमा चलाक छौं र ? बुद्धिमत्तामा दावा राख्न चाहनेहरू वास्तवमा बुद्धिमान् छन् त ? मानवमगजको चातुरी बेकाममा खेर गएजस्तो लाग्छ र दुनियाँमा सच्चा गधा (मानव-प्रयोगको अर्थमा) तिनीहरू नै हुन्छन् जो आफूलाई ज्यादा बुद्धिमान् ठान्दछन् । सभ्यताको दौडधूपले मनुष्यलाई चौपायाभन्दा तल गिराएजस्तो प्रतीत हुन्छ र प्राकृतिक अवस्थाबाट कृत्रिममा पदार्पण गरेर चक्कराउनु नै सभ्य जनावरहरूको बुद्धिमत्ता ठहऱ्याइन्छ । सभ्य संस्थाहरूको कारीगरीले मानव-बुद्धि हरहमेशा महती समस्या उठाएर चक्करमा परेभैं हरहमेशा देखिइरहेकै छ र हामी जातिनाशका त्रासहरूमा आइपुगिसक्यौं । जब गधाहरूको नैसर्गिक बुद्धि ठेगानामा रहेर आनन्दसँग आफ्नो क्रिया गर्दै छ, तब हामी गधाहरूभन्दा कति बुद्धिका कक्षामाथि चढ्यौं भन्ने विषय विचार गर्दा, मलाई ती गाली गरिने नामका चौपायाहरूअगाडि घमण्डको ठाडो शिर भुकाउनैपर्दछ ।

गधा गुरु मानेको भए मेरो दुनियाँमा यत्रो आत्मपतन हुने थिएन; तर मेरो गुरुजीले मलाई यस्ता शिक्षाहरू दिनुभयो, जसले अनन्तको मगजमा बोझा पर्दछ र मानवजाति भूलभुलैयाहरूको अँधेरी चक्करमा घुम्दै हराउँछ । रौंचिरा भेदहरूले बाँध लगाइएका गात्रा शास्त्रहरूले मान्छेलाई आखिरमा बेकम्मा बनाउँदा रहेछन् भन्ने कुरा त्यस बेला मैले बुझें, जब तिर्मिराउँदा आँखाहरू अन्धा भएर काला अक्षरका अत्याचारमा मानवआत्मा प्राकृत सत्यको अभावले संकुचित हुन लाग्यो । मानवदर्शनहरू भुमरी खेल्दैछन् तर प्रकृतिको सीधा सत्य ताजा हावामा झल्किरहेछ । मैले गुणन र भागहारले के पाएँ जब म पढाइ र अन्वेषणको पुछारमा खालि शून्यता र अन्धकारको कालो कुइरो मात्र पाउँछु ! मलाई यस्तो लाग्यो कि संसार नबुभ्नु नै ज्यादा हो र विद्वत्ता, पाण्डित्य भनेको त्यस मूर्खताको नाम हो, जसले खालि शब्दाडम्बरको तुरही दुनियाँमा बजाउँछ ।

हामीले बेत खायौं, गधाको उपाधि पायौं र थुकियौं; तर हाम्रा गुरुजीले हामीलाई कति गधाजस्तो बनाइरहनुभएको थियो, त्यो जान्ने या त हृदयभित्रको आत्मा होला, या स्वर्गमाथिको परमेश्वर !

मलाई यस्तो लाग्दछ कि मानवजाति संसारभरको अन्धो र अभागी जाति हो । ऊ ज्ञान खोज्दछ र हरहमेशा अज्ञानमा रहन्छ र साधारण विवेक छाडेर कुकुरकै पुच्छर सोझ्याउने काममा लाग्दछ । मानिसले ज्ञानको वृक्षको तीतो फल चाखेर धूर्तता जान्यो, तर के फाइदा भयो ? हामी अन्त:करणको टुङ्गाइमा हरहमेशा रहन्छौं भने अन्त:करण पाउनु नै कर्तव्याकर्तव्यको नाटीकुटी बढाउनु नै के हाम्रो भस्माभुटीको चिह्न होइन ? घाँस खानेले प्रकृतिको पथ छोडेन, तर अन्न खाने पाप र धर्मका उपर रौंकेलाइ गर्दा-गर्दै अधमुण्टो लागेर नरकमा हामफाल्दो छ । संसारमा धनको लोभ गर्ने मानिसको शिरमा चक्र घुमिरहेछ । तर निरुत्तरदायित्वको मजा चाख्ने बुद्धिमान् आनन्दसँग झोक्रिएर बीचबीचमा मानवजातिका सभ्यतालाई हँस्सी उडाउने 'ही ही ह ह !' को शब्दको स्वतन्त्र उद्‌गार गरिरहेछ । उसलाई यमराजले दण्ड दिने बाटो छैन, चित्रगुप्तले बहीखाता पल्टाएर सोध्ने कुरा छैनन् । तर को बुद्धिमान् ? दुनियाँ मगजमा बोझा बोक्ने र सहज बुद्धि त्यागेर अन्त:करणको दर्शन स्वीकार गर्ने मानव कि निरुत्तरदायी संतोषमा बेदर्शनी अन्त:करणशून्यताको वरदान प्रकृति र परमेश्वरसँग माग्ने, हाम्रा बुद्धू ठानिएका चारखुट्टे दार्शनिक ! हामी असन्तुष्ट विद्यार्थीहरू गुरुजीसँग नम्र प्रश्न गर्दछौं–हाम्रो मानव नाटीकुटी र अनन्त वेदनाको तीनपुछ्रे शास्त्र गधाभन्दा कति उपर होलान् ? के त्यो दार्शनिक होइन जो मानवसेवा गर्दछ, तर पछिलाई कुमारीचोकको बहीखाता राख्तैन, जो प्रकृतिको नदेखिने औंलाको इशाराले हिंड्न जान्दछ र शिरमा भैंचाले धरापको चक्कर नराखेर रौरव र गौरव दुवैबाट बच्तछ ।

# हास्यरस

हास्यरस त्यहाँ निक्लन्छ, जहाँ स्वाभाविक तथा आदती रूप-रङ्ग-ढङ्गको अभावले हाम्रो विरोधको चैतन्यलाई कुतकुत्याउँछ । हामी आफूलाई कहिले आफ्नै मोलतोलमा उपहासपात्र पनि बनाउँछौं, त्यसकारण स्वाभाविक र आदती तवरहरूमा पनि हास्यरसको प्रादुर्भाव हुन सक्तछ; तर विरोधको चैतन्यको साथ मात्र । हामी भन्न सक्तैनौं कि प्रकृतिमा विरोधहरू छैनन्; तर तिनीहरूको साम्यभाव झल्कँदा त हामीलाई हाँस्न मन लाग्दैन । हामी कुतकुतिन्नौं तर शान्त चेष्टा राख्तछौं । तैपनि एकै कुरामा एक टक्करको ध्यान लगाउँदा हामीलाई प्रकृतिले पनि हँसाउन सक्तछिन् जब जीवनका साम्यभावसँग नमिल्ने केही खडबड र विरोध हाम्रो होशमा टङ्कारिँदै आउँछ । मानिसले आफ्नो मुख ऐनामा हेर्दा हाँस्न मन लाग्दैन, त्यहाँ साम्य देख्तछ; तर आफ्नो नाकको ऊँचा रेखामा र घोक्रिलोपनमा धेरै बेर एकोहोरो ध्यान चर्को पारे हामीलाई हाँसो उठ्तछ । 'छिः के होला यस्तो मुरली जस्तो या तोरियाधोक्रोजस्तो । त्यो पनि प्वाल परेको दुई ठाउँमा, सिंगान आउने, झुस्मुसे, डाँडीदार, लम्बे हाँसोउठ्तो चुच्चेपना र बराबर छिक्का उठ्ने–कुतकुती लागेर !' मान्छे एकोहोरो ध्यानमा भन्दछ, त्यस्तै समुच्चा शरीरको चित्रमा केही उपहास पाइन्न, तर जब हामी हिंड्दाखेरि हातहरूमा एक टङ्कारको ध्यान लगाउँछौं तब मान्छे कस्तो उपहासपात्र जस्तो लाग्दछ । चचहरी-चचहरी मानौं दुई लम्बे झुण्डन सधैं पीडै खेलिरहेछन् । बीचमा भाँचिने पाँच औंलाका बेमिल्ती पुछारहरू तर्लङ्ग परिरहेछन् । अनि पयर ! मानौं हरहमेशा दुइटा खुट्टाले भकुण्डो खेलेझैं छ; यो उचाल्यो, त्यो थचाऱ्यो, यल्ले हान्यो, त्यल्ले हान्यो 'मानौं सधैंको ढिक्किच्याउं छ' अनि यस्तै विचार गर्दै हिंडुवा जन्तु आफ्नै उपहासिताले हाँसेर हिंड्छ तब हाँसो कसरी उठ्तछ ? जब हामी हाम्रो स्वाभाविक सौन्दर्यको चैतन्यसँग

विरोध खाने कुराहरू अनुभव गर्दछौं र अनौठोपनाले के के कुतकुती लागेजस्तो पाउँछौं । यसबाट विदित हुन्छ कि हाम्रो जीवन केही मार्मिक तत्त्वहरूमा निर्भर छ, सौन्दर्यको समझ ती मार्मिक तत्त्वहरूसँग सम्बन्ध राख्तछ । हामी त्यसलाई सुन्दर देख्तछौं जो ती तत्त्वहरूको पोषण गरेर जीवनको समर्थक हुन्छ । अरू कुरा हामीलाई अनौठोपना जस्तो लाग्दछ– जीवनको मार्मिक तत्त्वसँग केही ठक्कर खाएजस्तो या परिवर्तनसूचक । हामी आदत परेका तवरहरूमा जीवनका संरक्षक तत्त्व देख्दछौं अनि तिनबाट भिन्नता लिने कुराहरूमा केही खडबड लाग्दछ । अनौठोपन हामीलाई त्यहाँ अनुभव हुन्छ, जहाँ हाम्रो आदती भाव या मोलतोलसँग सम्बन्ध राख्ने मार्मिक तत्त्वहरूको क्रियासँग गाँसिएको नैसर्गिक सौन्दर्यको समझमा केही खडबड थाहा हुन्छ र हामी त्यो अनौठोपनको कुतकुतीले हाँसेर उठ्तछौं । परिवर्तन नै हास्यको नजीक आउँछ, जस्तो फेशनको परिवर्तनमा हामीलाई हाँसो उठ्तछ । बानी परेका मोलतोलको तराजुमा उपस्थित विषयहरूसँग तुलना गरे यस्तो कुराले भेदको चैतन्य दिलाएर अनौठोपनको अनुभव गराउँछ र ती कुराको प्राकृत रेखाबाट भएको दूरता या परिवर्तनको प्रमाणमुताबिक कुतकुती लागेर हाँसो उठ्तछ ! नेपालीको पोशाक नेपालीअगाडि हाँसो उठ्ने चीज हुँदैन, तर लण्डनमा अंग्रेजहरूलाई अनौठो लाग्दछ र उनीहरू हाँस्तछन् । यहाँ आदती कक्षासँग विरोध पर्नगयो । कुनै मनुष्यले आफूले टेकेको हाँगो बञ्चरोले काट्न लागेको देखे हामी पहिले डारउँदैनौं, हाँस्तछौं ! 'कस्तो मूर्ख !' यही आश्चर्यको उद्गार त्यसको अनौठोउपर निस्कन्छ, हाम्रो स्वाभाविक विवेकसँगको विरोध देख्तछौं; त्यसमा साधारण समकक्षको कमी । त्यस्तै डार्विनमहाशयका पुरुखा पुच्छर भएका बाँदर थिए भन्दा हामीलाई हाँसो उठ्छ र किन आफ्नो प्रकृतिसँग त्यस अवस्थाको तुलना गरेर अनौठा भूलहरूले भुलाउनुभन्दा हामीलाई ज्यादा हँसाउँछन् । यहाँ विकासपूर्ण प्रकृतिले आफ्नो शैशवको न्यूनताउपर आफैंमा हँस्सी उडाइरहिछन् । त्यस्तै पछि मानिसको मुखले बोल्दैन र खालि हाउभाउले मात्र भाषण हुन्छ भन्ने कसैले भन्यो भने हामीलाई अनौठो लागेर मुस्काउन मन लाग्दछ । यसकारण हाँसो धेरै मात्रामा आदतसँगको विरोध हो । हामी त्यहाँ हाँस्तछौं र त्यस्तै सबै मनुष्यको प्राकृत कक्षाबाट विरोध लिने चीज या चालले हामीलाई हाँसो उठाउँछ ।

हाम्रो हाँसो परिवर्तनको चैतन्यसँग सम्बन्ध राख्तोरहेछ । मनुष्य अक्सर कट्टर हुँदारहेछन् । उनीहरू परिवर्तन चाहँदैनन् । परिवर्तनमा हामीलाई त्रास छ । 'त्यसरी पनि हुन्छ !' भनेझैं मनुष्य अदल-बदलको सूचनालाई हरहमेशा हँस्सी उडाइरहेछ । साधुलाई नास्तिकको बहसले हाँसो उठ्तछ, त्यस्तै नास्तिकलाई साधुहरूको सिद्धान्तले । यसबाट हामी अनुमान गर्न सक्तछौं कि प्रतिष्ठित आदतहरू ज्यादा बलवान् हुनाले तिनका विरोध सत्य नै भए पनि हँस्सी उडाउँदा रहेछन् र मनुष्यको यो जातिको सब प्रतिष्ठित ध्येय या चलनसँग ठक्कर खाने विषयहरू उपहासतिर जाँदारहेछन् ।

तब के हास्य रस प्रकृतिको विरोध हो ? होइन । आदतसँग विरोध होला, तर हामी भन्न सक्तैनौं कि हाम्रा आदत र आधुनिकताहरूमा मिथ्या छैन । जतिसुकै हामी हाँसेर उठे पनि तिनीहरूसँग विरोध राख्ने विषयहरू हाम्रा प्रकृतिका मार्मिक तत्त्वहरूको नजीक आउन सक्तछन् । तर मार्मिक तत्त्वहरूभन्दा पनि तिनको व्यक्तिगत चैतन्य नै जीवनमा ज्यादा काम गर्दछ । यस्तो चैतन्यसँग ठक्कर खाने विषयहरू सहज उपहासका विषय देखिन्छन् । सौन्दर्यको समझ पनि विकासशील छ, तर आदती भावसँगको विरोध नै कुतकुतीको कारण हो । यसकारण हामी हाँस्तैमा परिवर्तनलाई मिथ्या बनाउन सक्तैनौं; यद्यपि त्यहाँ मिथ्याको भान होस् । तब हास्यरसमा पनि सत्यको उद्‌घाटन हुन सक्तोरहेछ । यदि हामी मनुष्यलाई त्यहाँ लगेर हँसाऊँ, जहाँ उसले सच्चा सौन्दर्य र प्रकृतिको होश पाओस्, त्यस ठाउँमा मनुष्य आफ्नै न्यूनता र मूर्ख्याइँहरूउपर पनि हाँस्न सक्तछ । त्यहाँ सुधारको अवकाश छ । जर्ज बर्नाडका लेखहरू हास्यरसलाई त्यहीं लैजान्छन् र धेरै जना आफ्ना आदती समझसँगका विरोधले मात्र हाँस्तछन् तथा खालि हँस्सी मात्र सम्झेर त्यत्तिमा छाडिदिन्छन् । अरूहरू आफ्नो शैशवी न्यूनता र गधेपच्चीसीका मूर्ख्याइँहरू देखेर हाँस्तछन् र तिनबाट झल्केको शिक्षा र परिवर्तनको होश पनि पाउँदछन् । तर बर्नाड शा विरोधहरूको व्यापार गर्दछन्, आत्म-विरोध, आदती विरोध, कक्षाविरोध इत्यादि । तिनमा दृष्टिकोणको विभिन्नता र परदेशीपनबाट आउन सक्ने हास्यरस निकालेर साहित्यिक संसारलाई चकाचौंध बनाउँछन् । तैपनि उनी आफूलाई सामाजिक दार्शनिक भन्दछन् र सत्यको उद्‌घाटक भन्ने सम्झन्छन् ।

तब हास्यरस सत्यनिर्देशक हुँदा-हुँदै आदतका विरोधमा धेरैजसो निर्भर हुँदोरहेछ । कम से कम औपदेशिक साहित्यिक क्षेत्रमा मानिस मिथ्याउपर पनि हाँस्तछ, सत्यउपर पनि; तर आफ्ना आदती ध्येय, कक्षा र प्रकृतिसँगको विरोधको होशले । हास्य-रसप्रधान रचनाका लेखकको लक्ष्य मानिसलाई आफ्ना आधुनिक न्यूनताहरूउपर हँसाएर मनोरञ्जन गराउनु हो ।

हाम्रा समस्याहरू दृष्टिकोणको ढङ्गमा निर्भर रहन्छन् । हामी मनुष्यलाई वाउन्ने, अति सुकुमार, नराम्रो, धनी कूँजो, यान्त्रिक, मूर्ख व्यर्थजीवी देख्न पनि सक्तछौं र उसैलाई अनन्त शक्ति भएको संसारविजेता चमत्कारपूर्ण जीव पनि देख्न सक्तछौं । मान्छे मरेको र रोएको देखेर हाँस्ने दार्शनिक पनि छन्, त्यसैमा रोइरहने पनि छन् । उही दृश्यलाई आँखाको कुनाबाट हेरे एक किसिमको छ, दुइटै नानी खिचेर हेरे अर्को किसिमको र सोभ्को दृष्टिले हेरे अर्कै ढङ्गको छ । चार्ली चेपलिन त ढुङ्गो पनि हाँसिरहेको देख्ताहुन्, मानौं पाषाण पनि समाजको उडिल्लो-बुडिल्लोपनालाई हँस्सी उडाइरहेछ । विदूषकको दृष्टिकोणमा पनि सत्यको एक पाटा हुन्छ र हामी त्यसलाई हेर्न चाहन्छौं । एक कोणको सत्यपूर्ण स्वरूप हुँदैन; यद्यपि साधुहरूको सिद्धान्तसंग ठक्कर नखाओस् । हामी विभिन्न दिशावाट उही चीज हेर्न चाहन्छौं र एक अनौठो अनेकताको अध्ययन गर्न चाहन्छौं । पूर्वस्थित विश्वास या विरोधको नजरले विश्वभ्रमण गरे पनि मनुष्यले सत्यको अनुहार देख्न सक्तैन । जो देखेथ्यो उसैको अन्धो ढिपीमा लाग्दछ । तर कट्टर छँदाछँदै नास्तिकको दृष्टिकोणले समेत संसार हेर्न सक्ने साधुमा हृदयको विस्तृत उदारता हुन्छ । एकध्येयीसमेत व्यक्तिगत आफ्नो आदती दृष्टिकोणको त्यागदेखि रिसाउँछ र सत्यले कट्टरलाई सधैं गिज्याइरहेछ । अनन्तको राज्यमा अनन्त दृष्टिकोण छन्; नत्र साहित्यिक क्षेत्रमा असङ्ख्य लेखकहरू शैली र सन्देश पाउने थिएनन् । सार्वजनीन सहानुभूतिको सर्वोत्तम चौडाइको साथमा हास्यरसको सर्वोत्तम प्रधानता देखाउने प्रतिभा शेक्सपियर हुन आए ।

दृष्टिकोणको विभिन्नताभन्दा दुई किसिमको अर्थ बुझिन्छ । पहिलो– एक ध्येय लिएका मानिसले आफ्नो सत्यलाई अनन्त कोणहरूवाट निरीक्षण गर्दै भिन्न-भिन्न रूपमा देख्नु र आफ्ना सत्यसंग अरूहरूको राय र भेदहरूको तुलना गर्नु, अर्को हुन्छ– सत्यलाई एक नसम्झेर अनेक ठानेर अनन्तको प्रदर्शनीमा अनन्त दृष्टिकोण लिँदै अनन्त विभिन्नता

र विरोधहरूको अध्ययन गर्नु। पहिलो किसिमको आदत साम्यतर्फ दौडन्छ र गम्भीर हुन खोज्दछ। पछिल्लो आदत विरोधका झल्काहरूमा सत्यका हाँगाबिङ्गा पक्रिनुमा मजा मान्दछ, मनोविरोध देखाउनु नै सत्यतालाई नवीन रूपमा प्रदर्शन गर्नु हो, अपूर्णताको हँस्सीमा पुऱ्याउनु नै सत्यान्वेषकको एक स्वस्थ क्रिया हो। ऊ मोलतोल उल्टाइदिन्छ, हाम्रा कुरा काटिदिन्छ, हाम्रा प्यारा प्रतिष्ठाहरूको अङ्गभङ्ग गरिदिन्छ, स्थितिलाई कुठारको धारले परीक्षा गरेर देखाउँछ, अभिप्रायको क्षेत्रमा पदार्पण गरेर हामीलाई हँसाउँछ, हाम्रा सत्यलाई मिथ्या देखाइदिन्छ र ज्ञानी बुझेर हाँस्तछन्, अज्ञानी खालि हाँसोको निमित्तको हाँसो भनिठान्दछन्।

हामीलाई किन हाँस्न मन लाग्दछ? हामीहरू खालि भूलको गाँजा खान चाहँदैनौं, सधैं मूर्ख हुन चाहनु प्रकृतिविरुद्ध छ। हामी बराबर विदूषकसँग बसेर 'कस्तो लाग्यो हँ? भनेर सोध्न चाहन्छौं। हामीहरू अलि सम्हालिएको बेलामा अरूहरूले उडाएको हँस्सीमा उपदेश लिन चाहन्छौं, अरू बेला रिसाउँछौं, हाम्रा मूर्ख्याइँहरू नत्र कसले बताइदिनु? हामीहरू अरूबाट तिनको उपहासित्व बुझ्न चाहन्छौं। हामीलाई त्यसमा स्वास्थ्य छ।

तर कोही समालोचकहरू भन्दछन् कि हास्यरसमा गाम्भीर्य हुँदैन र हास्यरसको तल ओह्राल्ने अवगुण कविताको क्षेत्रमा झल्किन्छ। कविताहरू प्राकृत तवरले गम्भीर हुन्छन् तर जब उनीहरू हलुका क्षणहरू पाउँछन्, तब हास्यरसमा छन्द छेड्दछन्। यो भनाइमा सत्य छैन भन्न सकिन्न। कविता साम्यभावमा लहर छुटेर आएकी हुन्छिन्। सब विरोधहरूको खडबडे उपहासक चेतसँग ठक्कर परेर कवित्व गुण बिग्रनु स्वाभाविक हो। तैपनि कविताको पनि विभिन्नता छ र उपहासमा कविता हुनै सक्तैन भन्नु खालि कट्टरपना हो। सुधारक चैतन्यले सामाजिक वास्तविकताहरू उपहास बनाउँछ र हृदयस्पर्शितासँग भावुक प्रेरणाले लहराएर त्यहाँ कविताको प्रशस्त मात्रा रहन सक्तछ। नत्र ज्यादा उपहास छन्दतिर मात्र ओर्लन्छ। नाटकका क्षेत्रमा र वर्णनको क्षेत्रमा हास्य कवितामा घुस्न सक्तछ।

# कविराजको च्याङ्ग्रे खच्चर

कविराज च-प्रसादको मुख्य चिह्न भुस्मुसे दाह्री थियो– त्यस बेला जब एक शंक्याहा बडाआदमीका छ महीनाको कपालदुखाइ उनले गोडाका बूढीऔंलाको नङमा कापालिनी बूटी लगाएर बिलकुलै निर्मूल गराउँदा चङ्गा भएका उनले हरियो दोसल्ला ओढाएथे । बनारस विश्वविद्यालको प्रमाणपत्रमा काने चित्रकारीलाई फूलबुट्टा सिंगार्न लगाएर, डाक्टर द्रव्यरञ्जन सेनको हस्तलिपिमा अंग्रेजी प्रशंसापत्रसमेत टाँसी उनी हरेक घरका बिरामीकोठारीमा हेर्न आउनेहरूको नजरलाई 'ओहो !' 'ओहो !' पार्दथे । हामी भन्न सक्तैनौं कति मात्रामा मनोवैज्ञानिक प्रभावहरू औषधिमूलोलाई मद्दत दिन्छन्; तर प्रमाणपत्रमा चित्रकारी नभएको भए यो कुरा वज्रलेप निश्चित छ कि धेरै बिचरा मनुष्यहरूको स्वदेश सेवानुरागी प्राणले दुःखको दुःखमै यमपुरीको बाटो लिन्थे अनि उनी कुरा गर्न खूब सिपालु थिए र आकाश-पाताल जोड्नेहरूले स्वर्गमा पुगिसकेको प्राण पृथ्वीसम्म फर्काएर ल्याउन सक्तैनन् भन्ने कुनै व्यक्तिको अनुमान हुन सक्तैन ।

तर आफ्नो सफलताको हरियापाती लगाएको अधवैंसे कविराजलाई घोडा चढ्नमा ज्यादा अभ्यास नहुनाले र आफ्ना हड्डी र जोर्नीको समेत होशियारी जबर्दस्ती हुनाले अरबीको त कुरै भएन, ताजा तेजिलो खच्चरको पीठमा सवार हुनेदेखिन् पनि स्वभाववश उनी डराउँथे । तैपनि जजमान धेरै हुने पुरोहितलाई ज्यादा कामको भीड परेझैं चिताका नजीक पुगेका अभागीहरूले बचत पैसाले प्राणलाई आशा राख्ने कविराज बाजे सम्झनाको कारण, उनी बेफुर्सदी भएर साँके सार्कीका जुत्तालाई चाँडै खियाउनुभन्दा बरु रवाफ र धाकसमेत रहने हुनाले एउटा च्याङ्ग्रे खच्चर खरिद्नको बुद्धिमानी राखेका थिए । पहाड नचढ् त पर्खालै सही ! र अरबी भनेको ज्यादै अग्लो जन्तु थियो र वायुपङ्खी सिलिङ चढ्न् भने ताजा र तेजी भए

धोबखिोलामा टिपेर मुन्टचाउन कति बेर ? चौपायामा अरू किसिमका जन्तुहरू उनलाई सुझ्दै सुझेनन् र बल हाँक भएका घोडाहरूको कथा सम्झँदै उनको चिकित्सक रोगतरासी आत्मा तर्सिहाल्दथ्यो । आखिरमा धेरै बेर जुँघा बटारेर गौड गर्दा ज्ञानकोष धीमा तबरसँग खुल्यो कि उनको पुड्के छोटखुट्टे मूर्तिलाई सकभर सानो किसिमको वाहन सुहाउँथ्यो । के गणेशजी मूसामा चढ्दैनथे र ? तब एक दिन उनले खोज्दा-खोज्दा वामन बनजरको घरमा बाँधेको च्याङ्ग्रे खच्चर देखेर उनको चित्तले सन्तोषको घुट्को पियो । पैसा पनि थोरै पर्ने र चढ्न पनि भऱ्याङ लाउन नपर्ने, न पर्खाल-पेटीबाट उक्लनुपर्ने । तब टिप्नेका बारेमा त्यसको बाबुको के मजाज ? उनी सानो भए पनि च्यवनप्रास खाएर निक्कै गठिला थिए । तब त्यतिको च्याखुरेले टिप्न खोजे दुई हात र पयरले च्यापेर पनि अथवा ह्याकुलाले मिचेर पनि त्यसलाई अडाउन सक्तथे ! यस किसिमको खरीदमा उनलाई बिलकुल खतराको सम्भावना देखिएन र पैसा सोद्धा बिचरो गरीब वामन बनजरले दमको औषधि गरेको बापत सित्तैंमा टक्र्याउँछु भन्ने निवेदन गऱ्यो । अनि त्यस दिनदेखि त्यही च्याङ्ग्रे खच्चरमा विराजमान भएका हाम्रा कविराजजी सबैभन्दा एक कुरामा ज्यादा सुबिस्ता देख्तथे कि सडकमा हुँदा ढोग्ने र टाउको थाप्ने पहिचानहरूलाई आशीर्वाद दिन धेरै निहुरनु या हात लम्ब्याउनको जरूरत थिएन, अरू लम्बा-चौडा अरबी सिलिङ भए त्यो पनि त मुश्किलकै कुरो थियो ।

'बाजे ! के बोको चढ्नुभएको यस्तो !' भन्ने टीकाकारहरूलाई उनी मुखभरिको जवाफ दिन्थे । 'बोको र घोडा त चिन्नुहुन्न तपाईं, खै ! दूध-पेडामा झुक्किने मान्छेका जस्ता कुरा नगर्नोस् न ए ? कि खसीलाई गधा बनाउने ठगहरूको किस्सा दोहऱ्याउन आँट्नुभयो ? कहाँ भन्नुहुन्छ ! सानो भए पनि निक्कै पो छ त यो पनि ! खुर-खुर खुर-खुर गर्छ ! खालि सिप्कनो चाहिन्छ ।'

शङ्कर साँढेमा चढेर कसले निन्दा गर्न सक्यो ? गणेशजी मूसामा चढेर साना भएनन् । सरस्वती हाँसमा चढेर पनि संसारको पूजा पाउँदैछिन् भने हाम्रा कविराज बाजेलाई च्याङ्ग्रे खच्चरमा चढ्दैमा नचिन्ने र ढोग्न नआउने को होला ? फेरि 'पहाड चढ्दैमा मान्छे ठूलो हुन्न । नत्र लेकका मान्छेहरू सर्वोच्च सम्झिनुपर्ने हो । अनि वाहनको काम बोक्नुभन्दा

टाढा कहाँ हुन्छ र ? च्याङ्ग्रेले बोके पनि मेरा खुट्टा गल्दैनन्, न त थाकेका पयरमा धनेश तेल लगाउनको जरूरतै पऱ्यो । पादचारीहरूको अगाडि कमसे कम मेरो फूर्ति र रवाफ त रह्यो कि !' भन्ने यस्तै सन्तोष तरङ्गहरूले आनन्दित भएका हाम्रा कविराजजी जुँघामा ताउ लगाएर फेरि एक हात कम्मरमा अडयाएर च्याङ्ग्रेझोक्रुवा मिजासको जन्तुलाई पयरको ऐंडी र लगामको झटारोले अगाडि बढाउँथे– लिखे टुकुर टुकुरमा– र यो मीठो चैतन्य उनमाथि गद्‌गदाएर चढ्थ्यो कि हजारौं गोडाहरू उचालिँदै पछारिँदै ठक्कर-ठेस खाँदै वाहनबिना बागबजारको सडकमा रंगमगिइरहेछन् ।

जुन दिनको हामी उपाख्यान गरिरहेछौं उस दिन जुँघामा ताउ लगाएर यस्तै रसिला तरङ्गहरू मनमा भरिएका हाम्रा भिषगराज बिजुलीघरको नजीकै सालिकको सामुन्ने हरियो दोसल्ला ओढेर आइपुग्नुभएको रहेछ । दुर्भाग्यवश ठीक त्यही ठाउँमा एउटा काले धम्मरधुस धोबीले दुईतर्फ विशाल पोका चढाएर गधा धपाउँदै ल्याएको रहेछ । त्यस बिचरा ज्यादा लादिएको गधाले आफूमाथिको अत्याचारउपर स्वजातिसँग उजूर गर्न मन लागेको बेलामा न झुसमुसे दाढीवाल कविराजलाई देख्यो, न उहाँको गधामुखे वाहनलाई, हामी निश्चित तवरले भन्न सक्तैनौं । दुईतर्फबाट यस कुराको फैसला हुन सक्तैन । तर त्यस गधाले यसरी त्यस दिन गर्जन निकाल्यो कि (कविराज बाजेको भनाइमा) मानो पहरा थर्काउने यालदार सिंह नै हो; र यो तीव्र उजरातको गर्दभगुहारमा कहिल्यै नझस्किने, आफैले सधैं छेउ लागेर बागबजारको छहारी खोजेर हिंड्ने, यस्तो शान्त जन्तुलाई अकस्मात् वनको बाघ आएझैं डर पसेर सातो-पुत्लो उडेको बेलामा कहिले उत्तरतिर, कहिले दक्षिणतिर, कहिले स्टयाच्यूतिर, कहिले बिजुली-अड्डातिर सहारा खोज्न रंगमगिएझैं आतसमा हिंड्न थालेछ । ठूलो घोडा भएको भए साँच्चिकै टिपिहाल्ने र ज्यानको आईं न काईंको सोझो खतरा हुने– तर भाग्यवश सानो खच्चर हुनाले यस्तै गरी उतर्सिइरहेको थियो रे– तैपनि त्यस बेला घण्टाघरले चार हान्ने बेला भएछ र त्यो पनि झन् रन्थनिएछ– अनि सबउपर त्यसै बेला (कत्रो दुर्भाग्य !) घण्टाघरतिरबाट एउटा कुन्नि कति सय उनसट्ठी हो कि उनन्तीस हो नम्बरको अजङको मोटर हर्न दिँदै भ्वाँक् ! भ्वाँक् !! भ्याँक् !!! गरेर ड्राइभरले जाँड खाएजस्तो दौडमा

आइपुगेछ। अब बिचरा च्याङ्ग्रे खच्चरका होशहवास उडेछन् र कविराजजीलाई मुश्किल पो परेछ। न कविराजजीकै पहिले होश बतासिएका हुन् हामी भन्न सक्तैनौं। तर ज्यानको खतरा स्पष्ट देखेर 'सर्वनाशे समुत्पन्ने अर्द्ध त्यजति पण्डितः' भन्ने शास्त्रवाक्यअनुसार उहाँ त्यस अजङ्को जनावरको पीठबाट सडकमा एकदम नर्भस भएर कुद्नुभएछ। हुन त धेरै ठूलो हाम्फाली परेन होलाजस्तो पाठकलाई लाग्ला। हुन पनि दुई हात र अढाईसम्मको हुँदो हो। तर मान्छेको घनघोर भीड र हँस्सी लागिहालेछ; मोटर आफ्नो बाटो चलिहालेछ र बिजुलीघरका सारा कारिन्दा कानमा कलम लिएर हेर्न निक्लिएछन्। चोटपटकको बारेमा चश्मा चकनाचूर ! आँखा ज्यौंका त्यौं। तर बायाँ हातको हड्डी खुस्किएछ ! र आज मकहाँ काम्रो बाँधेर डाक्टर द्रव्यरञ्जन सेनको प्रेस्क्रिप्शान लिएर 'कस्तो ओखती हो ? रसादि हो कि काष्ठादि ?' भनी सोध्न आउनुहुँदा मेरो कलेजै रहेन ! अनि मैले उहाँलाई सम्झाएँ कि घोडामा ठूलो र तेजिलो नै मजाको हुन्छ र बाउन्ने खच्चरहरू च्याङ्ग्राको सट्टा कालिकास्थानमा चढाइदिनु धेरै बेस हुँदो हो ! उहाँले मान्नुभएन र मैले यति थपें कि 'यो च्याङ्ग्रे खच्चर संसारको सबैभन्दा अलच्छिना उल्लू रहेछ !' भनी जन गिल्पिनको किस्सा त्यहीं सुनाइदिएँ र उहाँले हाँसेर भन्नुभयो कि घोडाबाट खतरा खाने उहाँ एक जना मात्र हुनुहुँदो रहेनछ। तर फेरि निको भएपछि त्यही च्याङ्ग्रे खच्चर चढ्न लाग्नुभएछ; र म भन्न सक्तिनँ यस कुराको कारण न प्रेम हो, न बहादुरी हो, न कातरपन ! तर अझसम्म उहाँ बागबजारमा कहिले-कहिले भेट्टिँदै हुनुहुन्छ– च्याङ्ग्रे खच्चरमा झुसमुसे कविराज।

# छन्द र लय

मैले कविता लेख्न कसैसँग सिकिनँ । तगण र मगणको रगड मलाई मन पर्दैन । न त छन्दोमञ्जरी या श्रुतबोधको पाना मैले कहिल्यै पल्टाएँ । मलाई कविता लेख्न प्रवाहले आयो, पढाइले आएन । पिताजी संस्कृत र नेपालीमा कविता लेख्नुहुन्थ्यो र उहाँलाई करीब असी वर्षको उमेरमा पुरानो सौख पुनर्जागरित भएको थियो । वृद्धले काव्य-रचना गर्नुमा हामी मानव-आत्माले यात्रा गरिसकेका क्षेत्रहरूको दृश्यउपर वैराग्य र भक्तिको भावना उठिरहेको देख्छौं; र मेरा प्राणदाता पिताजी अक्सर ईश्वरको स्तुति संस्कृत र नेपालीमा लेखिरहनुहुन्थ्यो । म साफी गरिदिन्थें– रातो मसीमा बाँसको कलमको सफा टड्कारा टाँका लगाएर । स्कूलबाट फर्किएपछि चार र छ बजेको अन्तरमा मेरो यही काम ज्यादा हुन्थ्यो र मलाई पनि कविता लेख्ने सौख त्यसैबाट बढेर गयो ।

केटाकेटीमा कविता कण्ठ गर्नु र सुन्नु कति हृदयमा असर गर्दो रहेछ मैले सम्भिरहेछु । पिताजीलाई संस्कृत कविताहरूमा सौख थियो र 'रसगङ्गाधर' का पाना पल्टाएर बराबर मलाई कविका राम्रा राम्रा अलङ्कारमण्डित पंक्तिहरू देखाउँदै अर्थ लगाइदिनुहुन्थ्यो । त्यसका साथसाथै स्तोत्रकलापका मीठा स्तुतिहरू मलाई कण्ठ गराएर भन्न लगाउने उहाँको सौख थियो । 'पुराण' भन्नामा बडो चित्ताकर्षकतासाथ सुरिलो सङ्गीतमय स्वरले भन्न सक्ने हुनाले उहाँले भागवतका श्लोकहरू उच्चारण गरेको सुन्न मलाई बहुत मीठो लाग्दथ्यो । यिनै प्रभावहरूले कता कताबाट मेरो हृदयमा छन्द आफैं घुसेर आयो, जस्तो गानाको लय कुनै कुनै केटाकेटीको कानमा सच्चाइसँग घुस्दछ ।

तर शायद अझसम्म मैले मगण र रगणको भेद छुट्टयाउन सकेको छैन, किनकि मलाई तिनको जरूरतै छैन, जहाँ हृदयले छन्द पक्रेर टिपिसक्यो, उहाँ रगणको व्यायाम गर्नु गाना जानिसकेपछि सुरहरूका

निमित्त सारेगममा रफत गर्नुतुल्य थियो । मलाई कविताको व्याकरण मन परेन; तर त्यसको लयदार मिठास र मोहनीले शिशुहृदयलाई इन्द्रेणीले पक्रेर लगेझैं लग्दथे । मीठो कविताको बोली चराको बोली झैं लाग्दथ्यो; वनमा बोलेजस्तो । तर चराको प्वाँख मैले कहिल्यै गनिनँ । कल्पनामा सुर चढेपछि त्यसै अक्षर मिल्दारहेछन् र लय घुसेपछि, हावाले बाँसमा मुरली बजाएझैं त्यसै प्राकृत तवरले मान्छे मुरलीको हृदय बन्न थाल्दोरहेछ ।

यस विषयमा म विचार गर्दछु कि पढाइभन्दा प्रकृति उत्तम रहेछ र नियमभन्दा नियति । मानव-आत्माको चाखले आफ्नै दिशा देखाउँदो रहेछ र जहाँ ज्यादा मन गड्यो उहीं मानिस आफ्नो विलास पाउँदो रहेछ । कितापमा लेखिएका नियम र सूत्रपछाडि विश्वमा सूक्ष्म झल्का र अनुभूति पाईंदा रहेछन्, जसले ती नियम, लय र तालमा हिंडाउँदा रहेछन् । सानो क्षुद्र श्लोक-गुँथुवाको सम्बन्धमा मात्र यी कुरा घटाउन चाहन्नँ तर अल्पज्ञका अल्प अनुभूतिहरू पनि विशालका सूचना दिने सारहरू राख्तारहेछन् ।

मलाई आजकाल यस्तो लाग्दछ कि यो छन्द पक्रिने सूक्ष्म बुद्धि र लय पक्रिने सूक्ष्म जेहेन मानव-आत्माको अभिरुचिमा उत्पन्न हुँदारहेछन्; र हाम्रा प्रवृत्तिहरू आभ्यन्तरिक अभिप्रायहरूसँग सम्बन्ध राखेर जहाँ सत्यलाई सुन्दरद्वारा देख्तारहेछन् उतैतिर लाग्दा रहेछन् । मेरो सिद्धान्तमा सुन्दर भनेको सत्यको मोहनी हो । मानव-आत्मालाई सत्यतरफ आह्वान गर्ने र सत्यको ओर्लनुमा त्यही लयदार किरणप्रतापको रङ्गिलो मोहनी पाइन्छ जो सूर्यको प्रभाती प्रदानमा देखिन्छ । अनि मानव-चैतन्य त्यसको टक हेरेर आनन्द पाउँछ र त्यसको लयको सूक्ष्म चेत पाएर छन्दको ज्ञान पाउँदो रहेछ, जस्तो चराहरू नवोदयमा उद्गार गर्न त्यसै जान्दछन् । कोइलीले गुरु नराखी गान सिकी; सरितालाई त्यो लयको राहमा चल्न वस्ताद चाहिएन ।

म ता रेखागणित किताबभन्दा प्रकृतिमा टड्कारो तवरसँग पाउँदछु; र जब आकाशमा हेर्दछु तब सब ज्योतिषका पाना त्यसै पल्टिरहेको जस्तो लाग्दछ । गुलाफका पत्तीदार लाल कितापमा जति ज्ञान छ, मैले पुस्तक पढेर पाइनँ र वस्तादका सब रफतभन्दा रमाइला सङ्गीतहरू आफूखुशी बालुवामाथि बगिरहेको देखें । मानवशिल्पकला विशाल

रचनाअगाडि दिनको चन्द्रमा झैं धूसर बन्दछ । चित्रकारी यो अनन्त रङ्गदार कलाभवनअगाडि श्वास र ढुकढुकीबिनाको जँच्दछ । ज्ञानका शिखर पनि शिरोबिन्दुअगाडि बाउन्ने बन्दछ र हाम्रो क्षुद्र रचना महासागरको मीठो रङ्गिलो बुदबुदभन्दा बढ्ता देखिदैन । जीवनको जादूले सब चीजलाई हराइदिन्छ, र लटमुखाजस्तो बनेर शिक्षितको घमण्ड विशालको मुख ताकेर अँध्यारैमा बस्तछ ।

**समुद्रकै तरङ्ग हो, तरङ्गको समुद्र होइन ।**

मलाई त्यसै कारण किताबहरूदेखि झर्को लागेर आउँछ र जब नवीन छन्द खोज्नुपऱ्यो म वनको या पहाडको नजीक गएर नालाको गुनगुननेर लेट्तछु या त तारादार नीलाकाशको छायाछवि मधुर दृश्यमनि बसेर अनन्तको लहरदार प्रगति सुन्न खोज्दछु । तब उहाँ कहाँबाट मौनको मुटुबाट सन्देश जस्तो हृयदभावना अस्पष्टको मधुर कोपिलामा सुवास झैं भएर निस्कन्छ र ताराहरू मिल्न जान्छन् । अनि जीवनले मीठो बोली बोल्दछ जस्तो चिडियाहरू आकाशको शीतदार हावामा छातीले उडेर आएपछि बोल्दछन् ।

जुन आँखाले विश्वमा छन्द देख्तछ, त्यसलाई नियमावलीका यान्त्रिक तालीमहरू निको लाग्दैन, सहस्ररजनीको मिठासबाट अलङ्कारमञ्जरी र तगण तारतम्यहरूमा पुगेजस्ता लाग्दछन् । किताबका नियमहरू साङ्ग्रा, साना, टुक्रे, टेढा विदित हुन्छन् र विवेकी छर्लङ्ग कठोरतामा रहस्यको लयदार प्रगति ल्याउन खोजेजस्तो देखिन्छ ।

म भावलाई प्रथम मान्दछु र हृदयलाई पहिला स्थान दिन्छु । भाषा भनेको भुलभुलावट हो । स्वर्गको रस भरिएको छातीलाई शब्दशास्त्र पढ्नुपर्दैन, त्यसै झर्झराउँछ । सिर्जनाको प्राकृत ऐंडी मलाई त्यसै मुखरित गर्दछ र शब्दकोषको मलाई त्यतिको महत्त्व छैन जतिको राबर्ट ब्राउनिङ्गलाई शुरूमा थियो । म भाषाहीन युगको पहिलो जन्तु भए पनि पहिला गुलाफ देखेर चूप रहन सक्ने थिइनँ । रङ्ग-रेखाबाट शब्दहरू बन्दै आउँथे र मानव-भाषा पछि त्यसैलाई भन्ने थिए । मेरा अनुभूतिहरू कविता भए मलाई कविकला सिक्नाको जरूरत छैन र कलेज-स्कूलहरू बन्नु मानवहृदयको पक्षपात युगमा हुँदो रहेछ जस्तो मलाई शङ्का लाग्दछ । शब्दहरू अनुभूतिबाट बन्दछन् जस्तो अनुभूति विभूतिबाट । शायद हामीहरू बाइमात्रा र तर्कुल्याका विज्ञान बनाउन सक्ने थियौं । मलाई

'को हो ?' भन्ने प्रश्न कोइलीबाट निस्केको जस्तो लाग्दछ र 'क' अक्षर पृथ्वीको पहिला वसन्तसँग सम्बन्धित भएजस्तो विदित हुन्छ । हृदयको आफ्नो भाव तर हृदयले पहिला थाहा पाउँछ क्यारे । अनि त्यसका स्पर्शहरू लम्बिँदै जाँदा दर्शनशास्त्र बन्दाहुन् ।

विश्वमा छन्द नभए म कवि हुन सक्ने थिइनँ, चैतन्य नभए म अनुभूति पाउने थिइनँ, स्वर्ग नभए खोज्ने थिइनँ, नरक नभए डराउने थिइनँ, सिर्जना नभए मुखरित हुने थिइनँ । गाना सितारमा बज्दैन, तर पहिलो सूर्यरश्मिमा चित्रकारी पहिला गुलाफमा निस्किएको थियो, नाटक पहिला प्रभातको तरङ्गमा ! मेरा नसामा नाला छन्, हृयदाकाशमा ताराको झिलिमिली छ । गोधूलीबाट म दोसाँधी दुनियाँको मिठास पाउँछु र मेरा छन्द र लय छन्दोमञ्जरी र संगीतपरिचयमा छैनन्, तर अनन्तको फूलबारीमा जलको कलकल बनेर म बराबर निदाउँछु, संसारबाट ... अनि म जागृत पक्षी झैं गाउन खोज्छु, किन किन ?

विश्वकवि नभए साना कवि हुने थिएनन् । हामी खालि हावामा रुनझुनाइरहेका टुक्रा टिप्तछौं । महासागरका स्वातिबूँद करुणामा पिउँछौं । साना नीदमा सपना देख्तछौं र हाम्रा भाषा व्याकरणबाट निस्कँदैनन् तर हृदयको प्रथम राशिबाट हाम्रो विश्वमा शीतकणमा झल्किरहेछन् र अनन्तको सामुन्ने आँसुका दानाजस्ता छन् । सिर्जनाको पहिलो सुख प्रेमद्वारा हामीलाई दोहोऱ्याउन र भाव लिन दिइएको छ । हामी अपूर्णता र लय सुन्दछौं र क्षणमा अनन्तको स्पर्श गर्दछौं । पहाडहरूमा नीरका शिल्पकारी छन् । विश्व नृत्य, गान र मदिराले बनेको छ । अमृतबाट रूपरेखाहरू निस्के । धन्य ! त्यसको आनन्द जो आफ्नो मीठो रुनझुनीमा मस्त छ । म उसैको नक्कल गर्दछु । पर्दापछाडिका मरमरे झल्काहरू कानमा बराबर पस्तछन् र हृदय परदेशी बन्दछ । म आत्म-समष्टिको होश पाएर स्पन्दन लिन्छु । मेरो मट्टी थाकेर उड्दछ र म भाषा आविष्कार गर्दछु । त्यही भाषामा छन्द हुने थिएन, यदि विश्वनेता बेलयको अन्धो काकताली हुँदो हो । हर मेरा तार मिलेर आउँछन्, तारकित तार-तम्यको जुहारदार झलमलाहट पनि अनन्तका बिन्दुहरूको नूपुरमा छन्दको आह्वान सुन्दछु ।

अनि त्यस होशले गुलाफ गाना बन्दछ, त्यसका कोमल अधरहरू बोलेर उठ्दछन् । माटो र रश्मि छिरेर सजग बन्दछ, मधुर कम्पमा थर्कन्छ । मलाई वृक्ष लयदार जस्ता लाग्दछन् र पत्ती र कोपिलाहरू र

बास्नाहरू सुरिला तारहरू झैं झुनझुनाउँछन् । चराहरू प्रार्थित प्रदेशमा स्वर्गका खबर ल्याउँछन्, सम्पूर्ण वस्तुहरू कानमा स्पर्श गर्दछन् र तरल बन्दछन् । दृश्य-जगत् गानामा परिणत हुन्छ । लहरदार आनन्दसागर पुकारको राहमा कलकल र झलमल लिएर मुखरित हुन्छ । पहाडका नीलरेखा खँदिला संगीतशाला बन्दछन् । ग्राह्य वस्तुहरू बज्दछन्, सबमा आत्मचेतको रङ्गिलो भाषा स्पष्ट बन्दै आउँछ । त्यस बेला भाषाभेदहरू व्यर्थतामा पुग्दछन् । म झल्का र शब्द पाउँछु । मलाई यस्तो लाग्दछ कि हृदयमा एक केन्द्र छ, जहाँ छुनासाथ वस्तुहरू बोल्दछन् । यो अगाध शब्दसागर अनियत, बेताल र बेलयको हुँदैन । दिव्य अभिप्रायको संगति मिहीन सम्बन्धहरूका टुनाले टुक्रा-टुक्रा जोड्दछ, जस्तो सुरहरू पहिला गवैयाको प्रतिभाका सूत्रमा अभिप्रायबद्ध भएर माला गाँसिन्छन् र अल्प भागहरूमा पनि एकसूत्री ऐक्य देखाउँछन् । मलाई बराबर त्यसैले लाग्दछ कि लेख्नेभन्दा नलेख्ने कवि बेस होलान्, किनकि हृदयमा प्राकृतिक कम्पन र स्पन्दन पाउनु र भित्रभित्रै चित्रकारिनु र शब्दित हुनु, आफ्नै दिव्य संगीतमा संसारको समझउपरको अप्रकाशित अविरल काव्य हो किनकि भित्री शब्दहरू मानवभाषामा सबै व्यक्त हुँदैनन् तर आफ्नो स्वानुभवी दृष्टिमा सदा आत्मप्रकाशिनी र आत्मभाषी, सच्चा कविहरू मानवप्रेमले लेख्ताहुन्, सिर्जनाको प्रेरणा मानवप्रेरणाबाट निस्कँदो हो । निराला अकेला ढङ्कालाई के कलम लिनु पृथ्वीमा ओर्लनु होवैन र अक्षर बनाउनु रहस्यलाई गिजाएजस्तो लाग्दो होवैन ?

आखिरमा म वेदान्ती बन्दछु । यो फल्दो, फुल्दो, रङ्गिलो झिल्किदो प्रगतिशील संगीतको आत्मा नै सिर्जना रहेछ । ॐकारी अमृत स्पन्दनमा विश्वनिर्माण भयो भन्नेतिर मेरो विश्वास ढल्किन्छ । सूर्योदय जस्तै त भयो होला नि ! पहिले स्तब्ध सुनसान हुँदो हो निराकार र निरञ्जनको नीरव एकान्तमा । अनि 'उनी खै ? उनी खै !' भनेर अकेलाले सोधे होलान् । प्रश्न तीव्र हुँदाहुँदै कला जन्मिन्छन् र त्यो प्रथम कामको उत्पत्ति म ठीक बुझ्न सक्तिनँ ! तर मलाई घाम जस्तो उज्यालो छ कि त्यसपछि परमेश्वर आफ्नै प्रेममा मुग्ध भए । प्रेमले लीला सिकायो र लीलाले सिर्जना गरी । सिर्जना प्रेमको पूजासामा भयो होला । यी मेरा क्षुद्र अनुमान हुन् र कत्तिले बोक्रे वेदान्ती बनाउलान् भन्ने डर छ । तर अहिले लेख्तालेख्तै यस्तो लाग्यो । आफूलाई परमेश्वरको सानो टुक्रा

सम्भन्छु जो टुक्रा होइन । अल्पद्वारा अनन्तलाई हेर्नुको आनन्द मलाई छ । एक अकेला अनेक हुँदा म भिल्किएर उठेहुँला । के सब देवदेवता आखिर दीप्ति नै हैनन् र ? हामी ईश्वरले सीमित हुँदा भिन्नताको होश राख्छौं र विवाद पनि यादमा परिणत हुने ठाउँमा एकसिवाय दुई देखिन्न होला । तर मलाई सिर्जना मीठो छ; प्रेम रसिलो छ; र म आफूलाई भिल्का बनाएर छर्न चाहन्छु । म छन्द र लय टिप्छु जस्तो सुकुमारी पहाडकन्याहरू ऐंसेलु टिप्छन् ।

छन्द र लयविना म केही कुरामा ऐक्य देख्तिनँ । कविता र गानाले सारा संसारलाई एक सूत्रमा गाँस्तछ । बेछन्दी हुनु विक्षेप हो । बेलायकको बोली अन्धकारबाट उठ्छ । छन्द र लय समय र अवकाशको अनन्ततामा विश्वकविको प्रतिभा झल्कन्छ, किनकि अल्पांशी विभिन्नतामा एकले गाउँछ । म परमेश्वरबाट अलग पनि हुन चाहन्छु र बराबर मिल्न चाहन्छु नत्र खोज्नुको मोहनी र वियोगको मधुर रोदन र मिलनको तीव्र आनन्दविना जीवन खल्लो हुन्थ्यो र रुनुमा, हाँस्नुमा, च्याँठिनुमा, रिस देखाउनुमा छन्द र लय छैन म भन्न सक्तिनँ । कृष्णको मुरलीमा सबै रिसका पनि राग छन् । उनको छन्द हामीले बुझ्नुपर्छ, उनको लयमा आत्मा रहनुपर्दछ । जब परमेश्वरलाई आफूबाट अलग बनाउन चाहन्छु तब रूप र रङ्ग व्यक्त गर्दछु । उनी प्रेमले ओर्लेर आउंछन्–त्यही रूपमा जो प्रेमको हृदयले भावना गर्दछ र सपनाका देशका चित्रहरूमा सत्य रङ्गिँदै ओर्लिरहेछ; र त्यस ओर्लनुमा म छन्द र लय देख्तछु ।

छन्दसँग हामीलाई किन ज्यादा प्रेम भएको होला । मेरा कारणका विवरण विवेकसंगत हुँदैनन् र मलाई बताउन असजिलो लाग्दछ । छन्दमा प्रथम रश्मिको कम्पन भएझैं लाग्दछ । शायद जीवन हृदयबाटै विस्तार भएको हो । म परब्रह्ममा पहिले भाव भएर जन्मेंहुँला र भावको लक्षण छन्द हो । जीवन अरू बेला बिदा पाएर गुनगुनाउँछ, तर समूचा जीवन आत्म-चेतना एकत्रित भएर आउँदा हृदयमा घनीभूत भएर सरररर पर्सिएर आउँछ, खँदिलोपना पग्लिएजस्तो लाग्दछ, जस्तो आँसुमा कडा संसारको सब कठोरता पग्लिएर आउँदछ । तरल माधुरीमा म विश्व बुझ्दछु, त्यहाँ प्रेम र सिर्जना घुम्टो खोज्दछन्, कणाकणासँग बेरिँदै, अङ्गमाल गर्दै बहन्छ र एउटाको हृदय अर्कोसँग झुनझुनाउँछ ! म नाला जस्तो स्वर्ग बर्सिंदा जन्मेहुँला–यी पहाडहरूको मुखतिर पार्ने मीठो ओरालीमा । अनि

बहनुमा अविरल आनन्द छ त्यस जीवनलाई, जो बहन र कलकलिन चाहन्छ । मलाई स्रोत मन पर्दछ, छरिन मजा लाग्दैन । ढुङ्गा छन् छन त, तर तिनैउपर चल्नु मेरो हीरा र मोती भएर झल्कन्छ । त्यसैमा मेरो प्राकृतिक गान पाउँछु । रक्तसंचालन लयदार नभएर मेरो जीवनको मुटु रुग्ण रहन्छ । अक्षरले अक्षर बोलाउँछन् र शब्दले छाया र सहानुभूति खोज्दछन् । भाषा अड्दैन तर बग्दछ । हावा गह्रौं हुँदैन तर लहराउँछ । सच्चा शिल्पकलामा रेखाहरू तरल हुन्छन्, जस्तो ताजमहलमा । म बोल्नुभन्दा मीठो बोल्दछु, अर्थ रहस्यवादी बन्दछ । अक्षरका छायामा लेटेर सपना देख्तछु । पहिले मान्छेले गाए अनि लेखे, जब कुराले मुटु छुन्छ मान्छे गद्य छोड्दछ र गाउँछ । तीव्र वेदना र तीव्र आह्लाद छन्दलाई वाहन बनाउँछन् । भाषाले सुन्दरको झल्का त्यहाँ पाउँछे जहाँ सत्य सरल हुन्छ । शिला शालिग्राम हुन्छ जहाँ कल्लोलहरू खेल्दछन् । मानवप्रति चकित बनेर नौलो देशको भावना पाउँछे र गद्यको साधारणपनबाट सपनाको देशतिर विदेशिन्छे । पङ्क्तिहरू अल्पको विशालता लिन्छन् र हृदयसँग कानेखुसी गर्दछन् । दिव्य बन्धनमा बस्नेले बन्धन नाघेझैं पाठकले साना सीमाहरू पार गर्दछ । कम्पनहरू त्यहाँ भेटिन्छन् । अनि गिरिगह्वर गुञ्जेझैं अनुप्रासहरू गुञ्जाएर दिलले दिल बोलाउने अक्षर र शब्दहरू बोल्दछन्, सिपीहरू सागरलहरले थर्कन्छन् । दोहोरो 'कुहुकुहु' गरेझैं विचित्र दोहोरावट पुछारमा हुनाले बोल्दछ, मलाई त्यो आनन्द मिल्दछ जुन जल लाद्ने हावालाई मिल्दछ ।

जहाँ वार्णिक छन्दहरू छैनन्; त्यहाँ मात्राहरूमा संगतिको मिष्टभाषिता लयदार बनेर निक्लन्छ । वार्णिक छन्दहरू प्राचीन सिलसिलाजस्ता विचित्र बहाव लिएका देखिन्छन्, मानौं प्रकृतिका मुटुबाट कसरी-कसरी निक्लिएका थिए । मात्रिक छन्दहरू फुका र रमाइला हुन्छन्, ज्यादा लच्किला, लस्सादार र कल्पनालाई खेलबहाड गर्न प्रशस्त ठाउँ दिने । वार्णिक छन्दहरूमा मधुर बन्धन छ, तापसपना बडा गाम्भीर्य उनीहरू पाठ गरिने र पढिने चीज हुन् । मात्रिक छन्दचाहिं संगीतसँग सम्बन्ध राख्तछ र विभिन्नता धेरै-धेरै देखाउँदछ । उसमा अर्कै सौन्दर्य छ, यसमा अर्कै विभिन्न माधुरी । 'कालिदास' का पङ्क्तिहरू आफै बोलेर चल्छन् । 'पंत' का पङ्क्तिहरू गीत गाएर चल्दछन्; 'निराला' का बेसाँध रबर पङ्क्तिहरूमा म संगीतको चैतन्यले भावमा लय खोज्दै गीत

गाउँछु र बाह्य नियम-शून्यताभित्र भित्री भावुक लयहरू देख्न सक्तछु, आफ्नो आफ्नो रुचि हो ।

लय पाइँदै नपाइनु दोष हो, छन्द देखिँदै नदेखिनु अपराध हो । छन्द र लयविना कवि र गायक हुँदैन । भावुकको सच्चा उद्गार त्यसै छन्ददार र लयदार हुन आउँछन् क्या र ! प्रकृतिकै नियमले छाउरे नाचउपर नचढी कविता हुँदैन । मीठोसँग शब्द लहराए कि– अन्धोले पनि कवि र गायकको नाममा सच्चा अधिकार राख्तछ । तालले नै बाँधिनु भन्नु र वार्णिक छन्दमा मात्र लेख्नु भन्नु एकै किसिमको कुरा हो । तर हृदयको चरोले सुनौलो रङ्ग देखे पखेटा उड्दा जता उडे पनि गाना बनेरै उड्दछन् ।

# कल्पना

१. *'तिनीहरू त्यो भित्री आँखामा झल्कन्छन् जो एकान्तको आनन्द हो;'*– **वर्ड्स्वर्थ**

म त्यही भित्री आँखालाई कल्पना भन्दछु ।

२. वास्तवमा कल्पना आँखा जस्तो छ; त्यसले वस्तुका रङ्गरूपको चित्रण ठीक त्यस्तै किसिमसँग गर्दछ, जस्तो आँखाले गर्दछन्, तर जहाँ आँखाको काम खालि उपस्थित दृश्यमान वस्तुको प्रतिबिम्ब यान्त्रिक तवरले दिनु मात्र छ, कल्पनाको क्रिया अनुपस्थित वस्तुको याथार्थिक या परिवर्तित रूप दर्शाउनुमा रहन्छ । मेरा आँखाले भएको कुरा मात्र देख्तछन्; ती नजरसामुन्नेका, तर म काठमाडौंमा हुँदा डिल्लीबजारको दृश्यमा मेरा बाह्य आँखा अन्धा हुन्छन्, र डिल्लीबजारमा हुँदा काठमाडौंको तरफ कुहिरा हुन्छन्, भौतिक प्रकाशका लहरले जहाँ छोइन्नन्, त्यहाँ यी चर्मचक्षुलाई न रङ्ग छ, न रूप ! यी मासुका लेन्स हुन्, यन्त्र हुन्, दर्शक होइनन् । तर त्यो भित्री आँखा जसलाई म कल्पना भन्दछु– दार्शनिक दृष्टिले जड ठहराइए पनि कविताहरूको भावुक चेतमा सजीव र सुन्दर छ, उसलाई वस्तुको उपस्थितिको जरूरतै छैन, स्मृतिपटमा परेको छाया जगाएर र ऊ अनुपस्थित वस्तुहरूको सूक्ष्म स्वरूप सत्यप्रदर्शन गर्दछ । ऊ काठमाडौंमा डिल्लीबजार अन्धो छैन, न त उसलाई वस्तुको याथार्थिक सीमितत्वले बाधा बनाउन सक्तछ, किनकि सृजनात्मक परिवर्तन गर्नु उसको सहज सामर्थ्यभित्र छ, आँखा भएको मान्छे अन्धो हुन सक्तछ, यदि उसमा कल्पना शून्य होस् तर कल्पना भएको मान्छे अन्धो हुन सक्तैन यद्यपि उसमा आँखा नहोस् ।

३. कल्पना भन्ने शब्द क्रिया र शक्ति दुवैको सम्बन्धमा उत्तिकै प्रयोग गर्न सकिन्छ, तर क्रिया होस् या शक्ति होस्, कल्पना उत्तिकै जादूगर्नी छ, यसको एक चुट्कीमा सहस्ररजनीका जीवहरूले अन्धकारभित्र

अजङ्का दरबारहरू निर्माण गरी झिलिमिली पारेर देखाइदिन्छन् । यसको एक झल्कामा अविदित देशहरूका दृश्यपटहरू रोज फिल्मी तमाशा बन्दै झिल्मिलाउँदै उठ्तछन् । यसका एक आह्वानमा अनन्तको रङ्गदार भण्डारले विशाल प्रदर्शनीहरू उद्घाटन गर्दछ । स्वर्गदेखि पातालसम्मका सम्पूर्ण चीजहरू यसका पहुँचबाहिर छैनन् । यसको हुकूममा स्वर्गका पङ्खदार, सुकुमाराङ्गिनी, कोकिलकण्ठी, दिव्यपरिधाना, सुन्दर, लमकोशे, जादूडालका नृत्यकलाकुशला अप्सराहरू सजीव स्पर्शसामीप्यस्वरूपमा झीना, रहरलाग्दा, चपलताले रजतझुनझुने रुचिरदर्शन चरणहरू चलाउँदै, सुरभवनको कलाप्रदर्शनीमा मधुर अपार्थिव मुस्कानसँग मनुष्यका आँखाअगाडि नाच्तछन् । त्यस्तै अतीतका मुर्दा जीवन नाटकीय सजीवतासँग रङ्गदार याथार्थ्य लिएर वर्तमानको रङ्गमञ्चउपर विभिन्नता प्रचुर माधुरीसँग, काल र स्थानका बाँधहरू उल्लङ्घन गरेर नजरसामु बन्दछ । जस्तो सर वाल्टर स्कटका मध्ययुगी उपन्यासहरूमा अथवा जयशङ्करप्रसादका ऐतिहासिक नाटकहरूमा यसको एक स्पर्शले नभएका देशहरू गुल्जार बन्दछन् र सुनसानको रिक्तता आबाद भएर जीवनमा अनेक मधुर ध्वनिहरूले सजीव भएर र गुञ्जित भएर आउँछन् । दूरताको क्षणमा विजय गरेर, विशाल भेदसागरहरूले नियुक्त भएका प्रदेशहरूसँग नङ्मासुको नाता जोडिदिने संसारमा केही छ भने मानवकल्पना नै हो । ध्रुवप्रदेशका तुहिनविस्तृत सफेद फैलावटहरू यसका जादूले आँखादेखि टड्कारोपना लिन्छन् र अफ्रिकाका विशाल अन्धकारनिविड अरण्यहरूका अविदित अनाविष्कृत गहिराइहरू जन्तुप्रचुर वैचित्र्यमा फिल्मी ताजापनले दृष्टिगोचर बन्दछन् । यदि कल्पना मनुष्यमा नहुँदो हो त अतीत र भविष्य दुई अँध्यारा पाटा बन्ने थिए, खालि दृश्य वर्तमानको सानो चोइटामा संकुचित भएर मनुष्य कुइराको काग जस्तो हुने थियो, तर म मिर्मिरे प्राचीन समयको जीवनलाई 'चित्रमयं जगत्' बनाएर आफ्नो नजरसामु गर्न उत्तिकै सक्तछु, जति अविदितको पर्दाले ढाकेको जीवनलाई चित्रण गर्ने सामर्थ्य ममा छ । वास्तवमा मानव-कल्पनाले तीनै काल जोड्दछ र दूरतालाई विजय गर्दछ, र सपना र सुनसानमा विलीन भएका दृश्यहरूलाई सजीव जागरण दिन्छ ।

४. कल्पना भनेको त्यस दिव्य शक्तिको मानव-आभास हो, जसको जादूगरी विशाल सिर्जनाका विभिन्नता र चमत्कारमा दृश्यमान

छ । परमेश्वरको मौलिक सृजनात्मक स्वप्नशक्तिको सानो झल्का–जो मनुष्यमा भरिदिएको छ–कल्पना भनेको त्यही हो । परमेश्वरले बनाउन र नवीनताको प्रदर्शन गर्नको शक्ति आफ्नो ठेक्का सम्झनु हुन्न । तर प्रेमको तत्त्वले सृष्टिको स्वरूप खडा भयो । त्यही दिव्यप्रेमले मानवजातिमा कल्पना गर्न सक्ने र ईशनिर्मित पदार्थहरूबाहिरका अनेक नवीनताहरू कल्पना गर्न, खडा गर्न सक्ने सामर्थ्य दिनुभएको छ । 'अलिकति तँमा पनि सिर्जनाको चाख राखिदिन्छु, जिज्ञासा र नवीनताको प्रेम, शून्यलाई रङ्ग र रूपले सजीव बनाउने शक्ति र संभवको सीमाभित्र रहेको असृष्ट वस्तुहरूको आभ्यन्तरिक उद्घाटन गर्न सक्ने मौलिकता, तँ मेरो नक्कल गर्न पाउनेछस् र मेरा अनुकरणमा तँ पनि सानो स्रष्टा बनेर आत्मरञ्जन र आत्मप्रदर्शनका निमित्त साना-साना जगत्हरू निर्माण गर्दै विशाल जादूको सानो टुना देखाउन पाउनेछस् ।' परमेश्वरको हुकूम यस्तो भएजस्तो लाग्दछ, जब एक मुठी माटोबाट मानव-मूर्तिको रचना गरेर प्रेमसँग उसमा दिव्य वरदानहरू दिने विचार गर्नुभएथ्यो ।

५. हामी त्यस बेला सृष्टिकर्ताको नजीक पुगेकाजस्ता हुन्छौं, जब हाम्रो अन्तर्जगत्मा त्यो आँखा खुल्नेछ, जसले अनुपस्थित र अनियमितको रूप खडा गरेर रङ्ग भर्न सक्तछ । ईश्वरसँग मनुष्यको सादृश्य जताउने कुनै चीज छ भने, ती मानव-कला र मानव-कल्पना हुन् । म आफूलाई कुनै अरू चीजमा देवतासँग तुलना गर्न सक्तिनँ– कुनै अरू विषयमा उनीहरूको आनन्दनजीक पुगेजस्तो मलाई लाग्दैन । कुनै ठाउँमा पृथ्वीवासी हुँदा स्वर्गीय सौख्यको नजीक पुगे जस्तो लाग्दैन । त्यस कलाबाहेक जब ईशेच्छाले उद्भासित भएर झलमलाउँदै उज्यालो कल्पना चित्रमय जगत्को उद्घाटन गर्दछे र नवीन सुरपुरीको निर्माण गरेर मलाई दोस्रो नन्दन-वनको सुगन्ध शीतल कुञ्जहरूमा फिराउँछे, त्यसै बेला म ढुङ्गामय पार्थिवतालाई सजिलैसँग उल्लङ्घन गर्दछु, परुष कटुताको जीवन छाडेर पंछीपङ्खे सुनौला हावामा सास फेर्न लाग्दछु, मानव-सीमाहरूको बाँध टुट्तछ, मलाई संकुचित इच्छा र साङ्ला ताकहरूको चिच्याहटबाट सुरको स्वतन्त्र फुर्सत मिल्दछ, म चिडिया बन्दछु र उड्दछु कि बहीखाते जीवनको मेचडेस्की बन्धनमा बाँधिएर बसेको हुन्छु, यथार्थताको बोधो अत्याचार ममाथि रहन्न । वास्तविक सत्यको कटु कानेखुसीबाट म अमलेख बन्दछु, घण्टाघरको समयतौली

शासनबाट म स्वतन्त्र रहन्छु र गोडामा जञ्जीर लाग्ने कर्तव्यहरूका तानातानीबाट फुक्का रहन्छु, म माटो-अन्नको दुनियाँमा रहन्न । म हावामा बस्ती बसाउँछु, आकाशखेती गर्दछु र संसारका न्यूनताहरू पूर्ण गर्न खोज्दछु । म सानो स्वर्गमा हुन्छु र सानो ईश्वर जस्तो । मेरा सूक्ष्म प्राणीहरू मेरा प्रजा बन्दछन् र म ती रोशनीले मेरा प्रासादहरू बनाउँछु जो न समुद्र न जमीनमा पाइन्छन् ।

आखिर हेरिल्यायो भने दुनियाँमा अरू चीजद्वारा त्यस्तो उच्च कक्षाको आनन्द मिल्न सक्तैन जति कल्पनाबाट मिल्दछ । हामी आनन्दको अनुभव गर्छौं हाम्रा पञ्चेन्द्रियद्वारा र नाकका निमित्त सुगन्धको व्यापार र रसनाका निमित्त व्यञ्जनहरू, नजरलाई सुन्दर दृश्यहरू र फिल्मी नाटकीय कलाहरू, श्रवणेन्द्रियलाई संगीतकलाको त्यो विशाल क्षेत्र, र स्पर्शेन्द्रियलाई नरम र कोमलको दुनियाँ । यो सब कल्पनाविना बाह्य विषयी बोक्रे आनन्द बन्छन् । कविले अम्बा खानु र वैयाकरणले अम्बा खानुमा धेरै फरक छ । 'लघु' देखि 'शेखर' सम्म मेशीन भएको मगज सूत्रबद्ध घोकन्ती स्मृति, अक्षरको चिच्याहटलाग्दो नृत्यले तिर्मिराएका आँखा, नियमबाहिर चल्न नसक्ने पखेटा कुँजिएको वैयाकरणी व्यक्तिलाई अम्बा खाँदा अम्बै हुन्छ, जस्तो वर्डस्वर्थले कसैका निमित्त भनेथे 'उसलाई परगिस नरगिस मात्र थियो, र त्यसभन्दा ज्यादा केही थिएन ।' जस्तो गन्धका चेहरा भएका पुरुषहरूलाई र व्याकरणबुद्धलाई त्यो मिठास दिएको छैन जो कल्पनाप्रचुर पङ्खदार कविहरूले अनुभव गर्दछन् । यता अम्बा एउटा बीयाँदार पहेलो रूखमा फलेको रातो कोठी लागेको डल्लो फलविशेष (खोइ के भनूँ) गुलियो-गुलियो चीजसिवाय केही हुँदैन । उता कविको कल्पनामा अम्बा अम्बा हुँदैन, तर एक अमृतफल हुन्छ—जसमा सिर्जनाको सब माधुर्य भरिइरहेको छ । कल्पनाको कल्पद्रुममा फल्ने परिपक्व 'गलित फल' को तरङ्गको लहरमा हरेक रसद्रव भावुकको कोमल हृदयलाई भिजाउँदै-भिजाउँदै भित्र घुस्छ । उसलाई यस्तो लाग्दछ कि मानव-जीवन नै हातहाँगे, औंलापाते, पयरफेदे, नसाजाले, भावरङ्गी, सपनाचर वृक्ष जस्तो छ—जसमा अमृतस्वादी फलहरू परमेश्वरको आभासोज्ज्वल घाम, हावामा फैलिरहेछन्; रङ्गदार बादलहरू हृदयाकाशमा आउँछन् र आफ्ना चित्रविचित्र पखेटाहरूबाट अग्रशीतल शीतलबहरू झारेर बालवृन्तका शिशुहरूको पोषण बाह्य प्रकृतिबाट अनेक किसिमका

सूक्ष्म प्रदानहरू पाएर खँदिलो भएका रङ्गदार धनुबाट मिठासका सूक्ष्म प्रेरणाहरू ओर्लेर आउँछन् । अनन्तको संगीत स्तब्ध निशाको मुटुबाट उच्छ्वासित भएर अनाकर्ण्य मिठास उसको फस्टाउँदो जीवनभित्र घुस्तछ, र त्यो विशालको मोहनी जसलाई छुन सकिन्न तर भाँच्न सकिन्छ, त्यसका चारौं तरफबाट आउँदै, स्पर्श गर्दै, दिव्य आकृति, दिव्य संगति र दिव्य मिलाप (जस्तो रस्किनसाहेबले भनेका थिए) त्यसको रूप र रेखा मिलाउँदै लैजान्छ । उषाका आँसु मोतीको सुगन्ध रसनेन्द्रियमा कस्तो स्वाद दिन्छन् त्यो उसले याद पाउँदै जान्छ, जूनको रसिलोपना, मट्टीजरे, हावा खेलाडीको फलरूप प्रदानमा कुन किसिमसँग स्वाद बनेर आनन्द दिन्छ, सो कुरा कविले अनुभव गर्न थाल्दछ । उसले सूर्यरश्मिस्पर्शको स्वाद चाख्तछ, वर्षाको शीतलोपन, हावाको सन्देशको मिठास अनुभव गर्दछ, र अम्बाको पार्थिव स्वादउपरको स्वर्गीय प्रभावसारहरूमा उसको कल्पना घुस्न थाल्दछे। उसलाई टोक्नुमा क्रूरता देखिन्छ, एक टुका मुखमा हालेर स्वाद लिँदै उसले कमसे कम पाँच मिनेट त्यसको कोमलता र माधुर्यउपर समालोचना गर्न थाल्दछ । उसलाई त्यहाँ दिव्य मिठास ईश्वरमाधुर्य सच्चिदानन्दको केही आभासिक भौतिक खँदिलो रस मिल्दछ । न एउटा नन्दनवनकै पहाडी स्वर्गको कल्पना गर्दछ जहाँ कुनै चाँदीचञ्चला निनादिनीउपर बादलबूँदे रसले भिजेर पारिलो घाममा पाको भएको अमृतफलको हात-अटाउ शीतल डल्लो, रङ्गिलो चुरीदार कोमल करले टिपेर, राता छिर्का र कोठीउपर शावकलोचनी पहाडकन्या नजर लगाएर हेरिरहेकी बडो राम्रो लागेर एकै छिन डोकामा हाल्नुको अगाडि ! अनि तिनी गीत गाउँछिन्, मोतीलहरे दन्तले कोइलीपातले जिब्रो आधा नौला पहाडी शब्दहरू जो सुरिला माधुर्यमा उच्चताको हावादार प्रवेशलाई प्रसन्न गर्दछन्–चरीचतुर, सरल तरल कुर्लन र त्यो गाना त्यो स्वादसँग मिल्दछ र मधुर ध्वनिको कम्पन रसनेन्द्रियबाट मगजमा पुगेर स्वादिलो बन्दछ ।

त्यस्तै तवरले हामी भन्न सक्तछौं कि जहाँ कल्पनाको जादूगरी छैन त्यहाँ आनन्दको सच्चा आत्मा रहेको हुँदैन । कल्पनाहीन मनुष्यहरू जीवनका उच्च कक्षाका मोजहरूबाट हरहमेशा वञ्चित छन् । गद्यगद्यौं मगजहरू जीवनका साधारण मौरी भुनभुनाहटमा छन्, खालि चुस्तछन् स्वाद लिन जान्दैनन्, रङ्गीन चीजहरूको आस्वानसम्म सहज बुद्धिले

बुझ्दछन् र रस लिन जान्दछन् । तर तिनमा सूक्ष्म सूचना भएको दीर्घविस्तारक कल्पना हुँदैन बरु केटाकेटीहरूमा आनन्दको मात्रा बढ्ता हुन्छ । किनकि चित्रात्मक शक्तिहरू र आत्मसूचनाहरू ताजा, रसिला र आत्मविस्तारक हुन्छन् । उनीहरू दर्शनढुङ्गासँग कुरा गर्दछन् र जाईको फूललाई कथा हालिदिन्छन्, हलुवाबेद खाँदाखाँदै उनीहरू सुनकेश्री रानीको बगैंचामा पुग्दछन् । प्रौढ पुरुषका विभिन्न सौखहरूबाट वञ्चित गराइए तापनि प्रकृति माताले शैशवलाई त्यो जादू दिएको छ जसले खेतका झारहरूमा विशाल जञ्जाल देख्तछ, चन्द्रमामा देवता र तकियामा पहाड र जसलाई एक कोइलीको आवाजमा अविदितको आह्वान छ ।

**'हे आनन्दी चरा ! जुन पृथिवीमा हामीहरू टेक्तछौं,**
**फेरि यस्तो भएझैं विदित हुन्छ–**
**एउटा स्वप्निल परीप्रदेश**
**जो तेरो निमित्त उचित निवास छ !!'**

तर प्रौढ हिसाब गर्ने मगजलाई न त यस दुनियाँमा सपना छ, न जादू, यो दुनियाँ उनका निमित्त सधैं खँदिलो छ, यो जीवन सधैं जोड्नु र घटाउनुमा ल्याउन सकिन्छ, उनीहरू संसारका सब समस्याहरू गणितसूत्रद्वारा हल गर्न खोज्दछन्, उनका आनन्दहरू इन्द्रियका मोटामोटी तृप्तिमा रहन्छन्, उनीहरूलाई त्यो रहस्यको भावना छैन, जसले संसार छाउँछ । उनीहरूको आत्मामा संसारको ज्यादा अत्याचार हुन्छ । रोटीभन्दा रसिलो कुरा केही देख्तैनन् । उनीहरू कल्पनाको प्रशस्तता देखाउनेलाई या त केटाकेटी या त छटाएको भन्दछन्, उनीहरूलाई इन्द्राणीका रङ्गमा दौलत छैन, न त पहाडको पल्लापट्टि मोहनी छ । उनीहरू जीवनलाई ढुङ्गाजस्तो देख्तछन्, दृश्यहरूको सूक्ष्म संदेश र प्रकृतिका साना भौम शब्दहरू उनका पकडमा आउँदैनन् । उनीहरू पक्रिने गल्तीनेर छामिने कुराहरूमा व्यस्त हुन्छन् । न त उनीहरू ताशको राजारानीको मुलुकमा पस्न सक्तछन्, न त उनका अन्धा आँखाहरू त्यो भाग्ने देशको द्वार फेला पार्दछन्, जहाँ जीवनबाट फुत्केर हामी भगुवा केटाकेटीहरू आराम लिन र लहड गर्न चाहन्छौं । यी साधारण कक्षाका संसारस्वाँगे मानिसहरू या त फुस्रा इज्जत र रवाफका जुँगाबटारीमा जीवनको सफलता देख्छन्, या त टकसारका खबटा बटुल्नामा : यस्ताका निमित्त संयमको द्वार खुल्दैन, यिनलाई दौलत भनेको सन्दूकको भारी छ, प्रकृति भनेको

मोहनीरहित । आँखा देख्नु शून्य छ, र जीवनमा त्यो जादू छैन जो कला र कल्पनाले साधारणको दैनिकको मुलुकभित्र सिर्जना गर्दछन् ।

तर सच्चा तवरले बढेका शिशुहरू कवि बन्दछन्, कलाकार बन्दछन्, उनीहरू आफ्नो चमत्कार मगजका झिलिमिलीमा विचारशील उपल्लो कक्षाको दुनियाँलाई जीवनभन्दा ठूलो जीवन, संसारभन्दा मोहन, संसार र दौलतभन्दा विशाल दौलतहरू सिर्जना गर्दछन्, जसमा भावुक रसिक जुगानुजुगसम्म देवताको मगनमस्ती पाएर पृथिवीमा स्वर्गको मिठास अनुभव गर्दछन् । मानवजातिको सभ्यता भन्नु बाह्य सामग्रीहरूमा रहँदैन, र म न लण्डनलाई सभ्य भन्दछु, न पेरिसलाई यदि त्यहाँका पैदावारीमा म त्यो दौलत देख्तिनँ, जो मेरो आभ्यन्तरिक सौन्दर्यात्मक चेतले प्राकृत तवरले प्रशंसा गर्दछ । यस जातिको विकासको अवस्था परीक्षा गर्ने कसी खालि त्यस जातिको काल्पनिक वर्ण र सौन्दर्यमा पाउँछु । मेरा निमित्त विज्ञानवक्र यूरोप भारतको सभ्यतामा अझ आइपुगेको छैन । किनकि भारतीय कल्पनाका विशालपनासँग आजसम्म यूरोप कुनै कुरामा दाँजिन सक्तैन । पूर्व वनस्पतिको प्रचुरता र रङ्गीनपनमा प्रशस्त छ, पश्चिम साधारण नातिशीतोष्ण पैदावारीमा रवाफ लिन्छ । एक-दुई यूरोपियनहरू भौगोलिक भूल जस्ता देखिन्छन्, जस्तो अमेरिकन एमर्सनको बारेमा कोही भन्दछन्, तर साधारणत: भारतीय कल्पनाको श्रेष्ठता स्वयंसिद्ध छ ।

हामी अलि अर्कैतिर ढल्यौं । अँ साँच्ची ! म भन्न लागिरहेथें कि कल्पना नै आनन्दको आत्मा हो । प्रकृति देवीले सहानुभौतिक भावसँग मानवनजरअगाडि सूर्योदयको सुनौलो दृश्य उद्घाटन गरेर विहङ्गमगुञ्जित शीतसुगन्धी प्रभातजागा समयमा रोमाञ्चकारी प्रभाव पैदा गरिरहिछन्, तर यदि मेरो कल्पना छैन भने म खालि चाकरीमा दौड्दछु अथवा वागमतीको किनारतिर । त्यो दैनिक नवजागरणको छविलो जादू मेरो आँखालाई कानो गोरुलाई पूर्णिमा जस्तो हुन्छ । न मेरो जिज्ञासा उत्तेजित हुन्छ, न मेरा चर्मचक्षु प्रशंसाको मुस्कुराहट लिन्छन्, न म त्यहाँ केही दौलत वा सन्देश देख्तछु या पाउँछु ! मेरो मुर्दा हृदयमा पार्थिव व्यवहारको जटिल चाप छ, र मेरो भावुक प्रकृतिमा पक्षपात छ । म त्यसलाई एउटा मामूली दैनिक दर्शन ठहऱ्याउँछु, एउटा सधैंको बेपरवाहले देखिने घटना जसमा न आनन्द छ, न जीवन ! यो मानव, पशुत्व, यो अन्धता देख्ता

स्वर्गका देउताहरू रुन्छन्, किनकि दिव्य प्रेमको सुनौला प्रदानलाई तिनै आँखा निरादरको दृष्टि दिन्छन् जसद्वारा देवताहरू मानव-हृदयमा सानो स्वर्ग दिनदिनै बनाउन चाहन्थे। सूर्योदयबाट मिल्ने आनन्द छाडेर म टक्सारको पछि दौड्दछु र प्रकृतिको जादूलाई नदेखेर भन्दछु कि 'मानव-जीवन खालि दुःखको भण्डार हो।'

त्यस मनुष्यले के आनन्द अनुभव गऱ्यो जसले फूललाई फूलभन्दा बढ्ता केही देखेन, जसले सपनाको विमान चढेर र तरङ्गहरूका मधुर लहरहरूमा गुलाफको फूल झैं ढलीमली खेल्दै चलेन ? जसका निमित्त हावामा बस्ती छैन र बादलमा शहर छैनन्। 'एक टुक्रा खरी' को उपर प्रबन्ध लेखेर संसारलाई चकित गराउन सक्ने मनुष्यहरूसँग दाँज्दा ती मनुष्य मनुष्य नै होइनन् जो खरीका पहाडहरू पाए पनि बोधो व्यापारको दृष्टिले मात्र हेर्दछन्। मलाई यस्तो लाग्दछ कि कुवेरभन्दा गरीब व्यक्ति दुनियाँमा कतै पनि छैन, र गरीब-धनीका भेदहरू मनुष्यभित्र रहने नासमझको सहज बुद्धिमा निर्भर भएको जस्तो लाग्दछ। अक्सर गरेर ती धनीहरू ती गरीबभन्दा धेरै गरीब हुन्छन् जो बाह्य रङ्गदार सामग्रीहरूका अभावउपर दिव्य कल्पनाले भूषित झोपडीका हरेक फूलमा स्वर्गका परीहरू नाचेका देख्तछन्, जसलाई जूनमा सपना ओर्लेर आउँछ, जो उदय-अस्तका सुनौला दृश्यमा हृदयलाई कुवेरभन्दा धनी बनाएर परमेश्वरको सोझो चैतन्यले गद्‌गदाएर उठ्तछन्। कल्पनाको कमी हुने पुरुषहरू भित्तामा रङ्गरोगन लगाउन चाहन्छन्, चित्रकारीले सिंगार्दछन् तर कल्पनादार धनी-गरीब आफ्नो झुत्रेझात्रे कोरन-किरिन लिउन उप्केको बुट्टे भित्तामा सहस्ररजनीभन्दा रमाइला कथाहरू देख्तछ र तिनैद्वारा आलस्यको लहडीपनमा अनेक चित्रकारीहरू पाउँछ। प्रकृतिले 'अदला-बदला' को नियम लिएजस्तो विदित हुन्छ र जहाँ धनीहरू बाह्य झिलिमिलीमा बोधा यन्त्र झैं रमाउन्नन्। गरीबहरूलाई त्यो जादू-जोशिला कल्पना दिएको छ जसले दारिद्र्यउपर हँस्सी उडाउँछ र मनुष्यलाई देवताहरूको विलासनजीक पुऱ्याउँछ। हामी सूर्य उदायो भन्दछौं तर ज्यापू भन्दछ 'स्व स्व ! भगवान् कस्टो सुन जस्टो भएर उडायो !' गरीब बाहुनचरीहरू श्राद्धको चुकानीलाई तारीफ गरी गरी, कहिले चौरासी व्यञ्जनमा एक व्यञ्जन बनाउँछन्, कहिले भन्दछन् कि स्वर्गका देवताहरू यत्तिको मीठो चीज खान पाउँदैनन् र यो पृथिवीको

विशेष अधिकार हो ! तर उनले तारीफ गरिएको चीज धनीले मुखमा हाल्दा दुई आँखाबाट बैराग्य र ज्वलनको पानी निक्लन लाग्दछ, कपाल दुखेर आउँछ र जिब्रोले प्रकृतिवश आफूमाथि चढेको भूतलाई भूईंमा फ्याँकिदिन्छ । ढिंडो र महीलाई कुकुल्ढुक गाँस लाउँदै गरीब भन्दछ : 'अहा ! माइली ! आजको कुरौनी त के भन्नुपर्‍यो खै ? स्वर्गको गाईको दूधबाट बनाएको जस्तो पो छ ।' हामी ती परमेश्वरलाई धन्यवाद चढाउँछौं, जसले दरिद्रको हृदयमा खस्रो-धस्रो बेस्वादिलो खानाबाट यत्रो कृतज्ञताको उद्‌गार निकाल्छ र म त्यस बासलाई सधैं सम्झनेछु जहाँ घरपट्टीले मकैको फूल ल्याएर लगाउँदा मैले भनें, 'अहा ! यी सुनका पहेंला भैंमा चाँदीका बुट्टा काटेका चीज ! स्वर्गका फूल कहाँ फुल्दछन् भन्दै थिएँ अब थाहा पाएँ– फुल्दा रहेछन् हाँडीमा ।'

कल्पनाले साधारणलाई असाधारणको मोहनी लाई आभूषित गर्दछिन्, क्षुद्रलाई विशाल बनाइदिन्छिन्, क्षणिकबाट अनन्तको झल्का निकाल्दछिन्, र पत्थर जस्तो कर्कशतामा कहानी भरिदिन्छिन् । कल्पना तीव्र हुनेलाई यही संसार स्वर्गभन्दा रमाइलो छ, शून्य हुनेलाई पशुको घाँस चपाउने अनुभवको भन्दा ज्यादा मिल्न सक्तैन । संसारका वस्तुहरू सामग्री मात्र हुन् र तिनलाई मानवकल्पनाले नसमाउञ्जेल मुर्दाभन्दा मरेका जस्ता हुन्छन् । ताजमहलको अगाडिको गधालाई शिल्पकलाको जादूगरी बोलाउँदैन, महलअन्धो विलासीलाई झोपडीको मोहनीले आकर्षण गर्दैन, संसार उही हो सबैलाई तर यसको आस्वादन गर्ने सामर्थ्य भिन्न-भिन्न व्यक्तिमा भिन्न-भिन्न तवरको हुन्छ । उही रात ताराहरूका झिलमिलाबटमनि बसेर अनन्तसँग कुरा गर्दै कुनै कवि खुला हावामा अनिर्वचनीय अनुभवहरू प्राप्त गरिरहेछ र उही रात एक अँधेरो गल्लीमा एक्लो भलादमीलाई चोरले ठुन्क्याइरहेछ । दीपावलीको आनन्दमा जुवाडेहरूले कौडीका खबटामा जो देखे ! कति घोप्टिन्छन्, कति ठडिन्छन् भन्ने प्रतिक्षण उत्सुकतापूर्ण चनाखा नजरले परीक्षा गरिरहेछन्, र चुरोटको धूवाँ मार्राको बुर्लुक्कीको वातावरणमा उनलाई जादू झल्किन्छ । तर उही रात एउटा भावुक बसेर लक्ष्मीपूजाको मुटु उद्‌घाटन गरेर भारतको भाग्य र दुर्भाग्यउपर समालोचना गर्दै कहिले रुन्छ, कहिले हाँस्तछ । फेरि कविले 'लक्ष्मीपूजा' जस्ता नाटक निकाल्छन्, तर कानो काजीले जूवा खेले खालि खालेको कन्तुर बज्दछ, र काजीको हात टकटकिन्छ ।

मनुष्यको जीवन पैसाले बन्दैन, न घरले न जनले, बन्दछ कल्पनाले। यही नेपालमा 'लेखनाथजी पौड्याल' कुन क्षेत्रमा वास गरिरहेछन् र कुन जादूका कुनाबाट के के देखेर झिल्कामिल्का पठाइदिइरहेछन्, जसलाई हेर्दा एक करोड मनुष्य छक्क पर्दछन्। 'सत्य' लाई तिनले कहाँ भेटे ? र 'कलि' लाई कुन बाटोमा फेला पारे ? वसन्त ऋतुको त्यस्तो सुन्दर राज्य कसरी देखे ? ती ऋतुहरूसँग उनले कहाँ कुराकानी गरे ? ऐंसेलुका दानामा टुना हालिदिन्छन्, कोइलीका गानामा संसार ! अहिले मलाई कसैले यस्तो प्रश्न गरोस् सबभन्दा धनी पुरुष नेपालीमा को छ ? म सजिलैसँग उत्तर दिन सक्तछु कि हाम्रा कुबेर 'लेखनाथजी पौड्याल' हुन् र अर्का बालकृष्णशमशेर। यी दुवै नेपालका साहसी जहाजी हुन्, हाम्रा निमित्त दूरयात्रामा– कहाँकहाँ पुगेर नव-नव प्रदेशहरू खोज्दै, पत्ता लगाउँदै, प्रकाश गर्दै गर्दछन् र अनेक 'खजाना द्वीप'हरूका खबर ल्याइरहेछन्। नेपाल यिनले गर्दा चौडा र विस्तृत हुँदो छ, हाम्रा सिमाना बढाइरहेछन्, नयाँ उपनिवेशहरू विजय गरिरहेछन् र हावाको सुनसानमा यिनीहरू जीवनका चमत्कारी दृश्य र नाटकहरूका नयाँ-नयाँ नेपाली बस्ती र पात्रहरू पैदा गर्दछन्।

तरङ्गहीन, लहडशून्य, लटमुखा गद्‌दू पुरुषहरूभन्दा त गाँजा खाने थर्डक्लास भलादमीहरू धेरै मजाका हुन्छन्। तिनीहरूको सानो कोठरीभित्र एउटा अलिखित साहित्य छ। त्यहाँ बसी-बसी तिनीहरू अविदितको यात्रामा चल्दछन् र यस्ता-यस्ता चुट्किला रसिला खोज पत्ता लाउँछन् कि साधारण श्रोता चकित भएर उठ्दछन्। 'कुनै हिंड्दा-हिंड्दा यति हिंडेछ रे कि उसको सब जीउ पैतालादेखि खिइएर खालि टुप्पी लिखुर-लिखुर गर्दै घर आइपुगेछ रे !' अब यस्तो कोठरीमा बसेर संसारयात्रा गरेर यात्रा चमत्कारी कल्पना गर्न सक्ने तपाईं र हामीहरूमध्ये कति थोरै होलान्। गाँजा खानेले हामीहरूलाई बताइरहेछ कि जीवन रसिलो हुन या रमाइलो हुन धेरै सामग्रीको जरूरत रहेनछ। तर शिवबूटीका भक्तहरू तल्लो कक्षाका कृत्रिम साहित्यिक हुन्। हामी त्यही झुलनतरङ्गी समाज बन्न चाहन्छौं, त्यस्तै नशामा; त्यस्तै कल्पनाको झिलिक-मिलिकमा; त्यस्तै टुप्पीलिखुर यात्री बन्न चाहन्छौं तर हामी चाहँदैनौ, 'यो बारीको क्या मिठो गाँजा।' गँजडीसँग नाता नजोरी कुनै लेखक बन्न सक्तैन, तर हाम्रो गाँजा बारीमा उम्रने चाहिँ होइन, हातले मलिने चाहिँ होइन,

तर मगजमा उम्रिने कल्पनाको सानो कल्पद्रुममा फल्ने साना-साना झिल्काझिल्की मिलाउने एउटा बूटी छ, जो साहित्यको सिर्जनालाई अत्यावश्यक हुन्छ। कोलेरिजले अफीम चढाएर 'प्राचीन जहाजी' र 'कब्लखाँ' लेखेथे तर मादक पदार्थको उत्तेजना कृत्रिम तवरले कहिले यस्ता सुन्दर काव्यरत्नहरू पैदा गर्न सक्तछ, कोलेरिज जस्ताको जादूमगजलाई कुतकुत्याएर, तर मद्यमदिराले मगजलाई हानिसिवाय लाभ गर्दैन। हामी नन्दनबारीको बोटको गाँजा मल्न चाहन्छौं, हामी देवताहरूको अरखबाट मादक उत्तेजना लिन चाहन्छौं र पृथिवीको प्रेरणाभन्दा उपरका प्रेरणाबाट पृथिवी-पोषणको कलामा लाग्न चाहन्छौं।

हामीलाई सत्य भनेको चीज कल्पनाभन्दा झूटो लाग्छ, र इन्द्रियग्राह्य वस्तु काल्पनिकभन्दा फोस्रो लाग्छ। खँदिलो भनेको त्यसको नाम हो जो हातले पक्रन सकिंदैन। देखिने र बनिसकेका चीजमा त खालि परिचितको निर्मोहनी छ, नभएका र नदेखिएकामा अविदितको जादू छ। परमेश्वरले बनाएको संसार साधुहरू झूटा भन्दछन् किनकि त्यो अविदित, केही वस्तु जो कल्पनामा झल्केला जस्तो हुन्छ, यो विदितको वास्तविकतामा पाइन्न। सत्य शायद सत्य रहन सक्तैन जब आँखाले देखिन्छ र कानले सुनिन्छ। तीन कालले बाँधिनासाथ सत्यको बोझा दुनियाँमा रहन्छ तर भित्री आत्मा उडेर जान्छ। दर्शन विज्ञानको जेठो दाज्यू हो, र विवेकको बीजगणित हो; हामी दर्शनका दार्शनिकतामा सत्य देख्तैनौं न सौन्दर्य; दर्शन भ्रम हो, कविता सत्य हो; कल्पनामा सत्यले सजीवता लिन्छ र त्यो सुन्दरता जहाँ सत्य जस्तो देखिन्छ र सत्य जस्तै रहन्छ। दृश्य-संसारभन्दा मनको दुनियाँ झन् विशाल छ र यसका स्पर्श र अनुभूतिहरू झन् सत्यका नजीकमा पुऱ्याउँछन्।

तर हामी भन्न चाहन्नौं कि हरएक किसिमको कल्पनामा उपर्युक्त भनाइहरू घटित हुन सक्तछन्। हामी उच्च कक्षाका सत्याभासित कल्पनाका बारेमा मात्र ध्यान दिइरहेछौं। पागलका कल्पना र विकृतका भावनाहरू भिन्नै किसिमका हुन्छन् तर प्रतिभासंपन्न पुरुषहरूको कल्पनामा सत्य आउँछ, जीवनको रङ्ग लिन्छ र लयदार झिलिमिलीमा फुटेर निस्कन्छ। सच्चा प्रतिभा कल्पनाको क्रियामा देखिन्छे र सच्चा क्रियामा उच्च कक्षाको कल्पना संगति, साम्य, मिलाप, आकृति र अनन्द लिएर काम गरिरहेकी देखिन्छे। सच्चा कविले भावनाहरू

मिलाइरहनु पर्दैन, सच्चा चित्रकारलाई रेखाहरूका सच्चाइ प्राकृतिक तवरले नै निक्लदै आउँछन्, तर कच्चा किसिममा खडबडी देखिन्छ। प्रतिभा भनेको त्यस्तो गुण मालूम हुन्छ जो विश्वको लय र बनोट र यसका मुटुका सत्यहरू एक झल्कामा समष्टिरूपले सूचना पाउँछ र तिनका सूक्ष्म संकेतद्वारा काल्पनिक दुनियाँ यस्तो निर्माण गर्न सक्तछ कि सब चीज सत्यका हाँगा झैं आफै सुन्दर भएर फैलिएर जान्छन्।

मलाई भारत भनेको त्यो माटोको थुप्रो होइन जो हिमालय हो र उत्तरमा पर्खाल भएर तीन तरफ सागरले बेरिएको छ। म भारत देख्तछु त्यसलाई, जो हृदाकाशमा चित्रित हुन्छ। व्यासको कल्पना, वाल्मीकिको कविता, कालिदासका रचना, ऋषिमुनिहरूका काल्पनिक अन्वेषण र सत्य निर्णयहरूमा सच्चा भारत झल्किरहेछ। मेरो भारत विशाल छ र त्यसका दाँजा कुनै देश छैनन्। हाम्रा पुरुखाका सुन्दर उत्पत्तिका कथाहरू, हाम्रा वेद सत्यका स्फुरणहरू, पुराणपुरुषहरूका सत्य झल्काहरू, ती करोडौं अमर सत्य प्रतिबिम्ब मूर्ति र प्रतिभाहरू, शिल्प र चित्रहरू, ती भक्ति र भावनाका अनुपम उद्गारहरू जो भारतीय संस्कृति र सभ्यता छन्– तिनैमा सच्चा भारतको अनुहार म पाउँदछु। मलाई शकुन्तला काल्पनिक स्त्री छैनन् न मेरा निमित्त युधिष्ठर खालि एक छाया हुन्। श्री रामचन्द्रको सजीवता र सत्यतामै भारतीय जाति अहिलेसम्म जिइरहेको छ। कृष्णजीलाई ऐतिहासिक पुरुष या पुराना राजा भन्ने अंग्रेजको चातुरीले हामीलाई सिकाउन लागिरहेछ, तर कृष्णजीको सत्य व्यापकत्वमा भारत बलिरहेछ। कृष्णजी छैनन् भन्ने विश्वास पूरा तवरसँग म यदि पार्न सकूँ तब म बीसौं करोडौं हिन्दूहरूको प्राण यस संसारबाट विदा गराउन सक्तछु। मलाई वृन्दावनमा त्यही सत्य छ जो व्यासजीले बताउनुभएथ्यो। म सरस्वतीलाई आध्यात्मिक शक्तिको काल्पनिक प्रतिमा भन्ने विश्वासले हिन्दू संसारमा जिउन सक्तिनँ। मेरा निमित्त हंसवाहिनी माता त्यत्तिकै सत्य हुनुहुन्छ, जुन सत्यको चेतले र विश्वासले मैले कुनै दिन उहाँसँग सपनामा कुरा गरेथें। उहाँले मलाई भन्नुभयो, 'कविता लेख,' मैले उत्तर दिएँ, 'म जान्दिनँ!' तब आफैले मेरा स्वर्गवासी पिताजीका हस्ताक्षर जस्तोमा रातो अक्षरले एक श्लोक लेखेर सुनाउनुभयो जो मलाई तत्कालै कण्ठ आयो। आहा! त्यो श्लोक-सिर्जनाको वेदना! शायद दुनियाँले सत्यलाई सपनाको श्लोक भनेर नबुझिने हुँदा आश्चर्यको

दृष्टिले हेर्ने थियो, तर मेरा निमित्त सत्यमा एक विशाल टुना रहन्थ्यो, म त्यहाँ अनन्तको अर्थ लाग्न नसक्ने बोली बराबर प्रेमले पढ्ने थिएँ, तर हाय ! मन्त्रभन्दा मसिनो र अर्थभन्दा गहिरो मेरो चार पंक्तिको दौलत मेरै बेपरवाहीले गुम भयो !

मलाई यस्तो लाग्छ कि मनुष्यको तत्त्वसंगत कल्पनाको सच्चा विकासमा परमेश्वरप्राप्ति र मुक्ति पाइन्छ । कल्पनाका चित्रहरू बराबर हाम्रा आँखाअगाडि झल्किन्छन्, र तिनलाई तेत्तीस कोटि देवताहरू बनाउनु साधुको धर्म हो । हामी कल्पनाद्वारा आँखा चिम्ली-चिम्ली बाह्य संसारका वस्तु र तिनका सम्बन्धहरू भेट्टाउन सक्तछौं र तिनमा ठीक आत्मा र आलोचना पुऱ्याएर हामी सत्यको मुटु फेला पार्न सक्तछौं ।

तर एउटा विचित्र क्रिया म आफूभित्र देख्तछु जसमा विवेकको खोजीले म केही पत्ता लगाउन सक्तिनँ । बराबर म जाग्रत् वा सुषुप्तिको अवस्थामा सपना देख्तछु गजब-गजबका, केके कहाँबाट । एक किसिमको ध्वनि निस्कन्छ मेरा सचेत क्रियाहरूबाट । म त्यस चित्रण वा ध्वनिउपर केही प्रभाव राख्न सक्तिनँ । क्षणक्षणका असरहरू कसो-कसो घुम्दै-घुम्दै भनभनिँदै मिल्दै एक चित्रमा शान्तिका समयमा ऐक्यमा आइपुग्छन्, र तिनको सूक्ष्म त्रियाउपर हामी विवेकसंगत व्याख्यान गर्न सक्तैनौं, समय-समयमा ती सपना निक्लन्छन्, प्रकृतिले रहस्यको पर्दामाथि के बनाउँछिन्, के बनाउँछिन् ! जीवनको झल्का त्यहाँ पाइन्छ, त्यसको सजीवता अङ्गसंगति, तर त्यो चित्रण सचेत क्रियाबाट म पाउन सक्तिनँ । संस्कृत भावनाहरू प्रतिक्षण लहराउने मनमा यिनको क्रिया चमत्कारी हुँदो हो, तर अपशोच ! हाम्रा निमित्त संसार ज्यादै अत्याचारी छ ।

आखिरमा म त्यस कविलाई धन्यवाद चढाएर यो लामो गन्थन खतम गर्दछु जसको कल्पना खँदिलो भएर म जादू बनें र यो विशाल चमत्कार– जहाँ अणुमा विश्व र विश्वमा अणु छ ।

# कुम्भकर्ण

संसारमा निद्राका उपासकको उस्तो कुरा सुनिँदैन र कुनै सूर्यको उज्यालो महिमा देख्ने र ताजा हावाको स्पर्श पाउने जीवले परमेश्वरसँग वरदान माग्दा निद्रा मागेको कुरा देखेजस्तो लाग्दैन । उज्यालोको दुनियाँ छाडेर अँध्यारोको संसारमा राज्य माग्ने 'प्लूटो' नामक रोमन देवता थिए र सधैं अँध्यारो गुफामा जगल्टा फिंजाएर बस्न चाहने देवी 'विषादिनी' थिइन् । तर उनीहरू निद्राको आनन्द हरहमेशा गर्दैनथे । उनीहरूलाई पनि कर्तव्यको बोझ वा विषादको जाग्राम थियो । तर निद्राको पूर्ण तवरका उपासक हाम्रा घनघोर सुताहा कुम्भकर्ण थिए । उनले समयद्वारा मूर्खता मागेनन्, उनलाई अरू वरदानभन्दा निद्रा नै सबभन्दा गहकिलो र खँदिलो लाग्यो ।

हामी अनुमान गर्न सक्तछौं कुन कारण कस्तो समझले कुम्भकर्ण वीरले निद्रालाई यस्तो मूल्यवान् ठाने । विशेष गरेर यो हाम्रो बीसौं शताब्दीमा जब डेभिज जस्ता कविहरू एक-एक क्षणको जनावरको फुरसतउपर आँसु र उत्सुकता भरिएका कविता लेख्तछन् । आधुनिक आँखा टट्टाइरहेछन्, अङ्गहरू घ्यार्रघुर्र र संघर्षहरूले थर्किरहेछन्, र निरर्थक अति परिश्रममा कृत्रिमताले कूँजा बनिरहेछन्, दृश्यहरू नक्कलीपनाले झिलमिलाउँछन् र तिर्मिराउँछन्, रातमा सूर्यभन्दा आँखाफोर उज्यालोले हामी अन्धा बनिरहेछौं र बेफुर्सतीको निसास्सिंदो हडबड हाम्रो जीवन छ । यसकारण बीसौं शताब्दीले कुम्भकर्णको तत्त्वको जत्तिको प्रशंसा र कदर गर्न सक्तछ अरू शताब्दीहरूले त्यत्तिको गर्न सकेनन् ।

कुम्भकर्णले शायद यस्तो शोच गरे होलान्– 'यो संसार सुखको स्वरूप कहाँ छ र ? जति हेर्‍यो उति दर्शन न हो । यता चिल्छ, उता पोल्छ, अनि अर्कोतिर ठुङ्छ, सब स्वार्थको प्रदर्शनी मात्र न हो । रित्ता मुस्कान, बेकम्मा कुरा, कर्तव्यको बन्धन, बहीखाता खुद्रे मिजास, बोक्रे

महत्त्व, यिनैहरूको तमाशा न हो । जति हेऱ्यो उति जल्नु । जब जागरण नै विषाद र उन्माद छ तब सुषुप्ति नै आनन्द र विवेकवाद हो ।'

हामी यी कुरा त्यस बेला बुझ्दछौं जब सिमलको तकियामा शिर अडाएर तीन हात बित्तालाई दिउँसैको उज्यालोमा नरम सेतो तन्ना कसिएको बिछ्यौनामाथि लम्पसारको विलासमा चङ्गा बनाउँछौं, 'आलसपनको मोहन-वनमा' भन्ने कविता स्फुरण हुँदा म कुम्भकर्णको चेला थिएँ र संसारको कटु कार्यक्रमलाई मीठो हँस्सी उडाउँदै बादल-बिछ्यौने बनेको थिएँ । र त्यस बेला मैले बुझें कुम्भकर्णले किन निद्राको वरदान मागे । स्वानुभवमा नअडेको कविताले सजीवता लिन सक्तिन र जब अनेक विचित्र चरित्रका दृष्टान्त पाउँछु तब अनुकरणद्वारा तिनलाई बुझाउने गर्दछु, र शायद पाठकलाई पनि मेरो अनुगमन गरेर त्यस्तै अवस्थामा यो प्रबन्ध हेर्नु ज्यादै नै लाभकारी होला भन्ने मेरो क्षुद्र राय छ ।

संसार गोडामा पाङ्ग्रा लगाएर गुडिरहेको थियो, जस्तो लादिएका बयलगाडीहरू मध्याह्नको धूपमा हिंड्दछन् । म सुतुवालाई न शिरमा जाँतो थियो न पयरहरूमा ढिकीच्याउँ ! मेरो श्वास आँधी बनेको थिएन, मेरा गाला फलाम झैं राहा बनेर तातेका थिएनन्, बाबा आदमउपरको शाप आँखीभौंमा थिएन । कुकुरको झैं जिभ्रो चलाउनको परिश्रम मलाई पर्दैनथ्यो । यो संसार त्यत्तिको विलासभवन अरू बेलामा हुन सक्तैन, जत्तिको आफ्नो एकान्त कोठरीमा ? पयरमा खुम्च्याइ थिएन, मनले बादशाहको अदब मान्दैनथ्यो । म कलमले नलेख्ने कवि जस्तो थिएँ, अक्षर घृणा गर्ने लेखक जस्तो तर्कुले जीवन बोल्दैनथ्यो, खालि झन्झन गर्दथ्यो । वाह विलास, इन्द्र पनि त्यस बेला हिंडिरहेकै हुँदाहुन् ! तर मेरी कल्पना त्यस ठाउँमा सुत्थी जहाँ शकुन्तलाले प्रेमको विलास र विषाद दुवैबाट हृदयमा अनौठा भाव पाइन् । म भन्न सक्तिनँ नयाँ मुनामा हो कि फूलको शय्यामा हो । त्यसै बेला नीदनजीक हुँदा मबाट नलेखिएका कवितामध्ये एउटा स्फुरण भयो, मन अचेत र विचेतको दोसाँधमा स्वयं गीत गाउन लाग्यो:–

**"अलसपनाको मोहन वनमा,**
**रुनुझुनु रुनुझुनु जीवनसार !**
**नसाहरूमा मधुर नशाको,**

बज्छ अनाहत मृदु झङ्कार ! ॥
फिल्मी जीवन बन्दछ मिरमिर;
झर्दै अर्धनिमीलन सार ।
लहरीहरूमै श्रवणसिपीमा
समरहरूको पारावर ॥
ढकनी-परीका पातला पंख
आधा-विपना-सपना-सार ।
चेत विचेतका दोसाँध-जगत्मा
ओर्लिन्छन् मृदु झङ्कृतिदार
जलमा थलमा नहुने ज्योति-
हरूको बन्दछ मधु संसार ।
गोधूलिका अप्सरगणहरू
रुनुझुनु गर्छन् तार हजार !"

यो कविता त होइन, मानो छायावादी हुन खोज्नेको कृत्रिम भावको झिलमिलावटसम्म मात्र हो तर ती कविता जो अनायास निद्रानेरको गोधूलिमा स्फुरण लिन्छन् र अलिखितका संसारमा मात्र लहरिन्छन् । अर्के रुनझुनीसँग त्यस बेला बोलिरहेका थिए जब म अलमस्तीको माधुर्य अनुभव गर्दथें । मेरो क्षुद्र कुम्भकर्णका सपनाहरू र अलिखित कविताहरू प्रकाशित गर्ने छापाखाना भए, हाम्री 'शारदा' संसारको अत्युत्तम साहित्यधन बन्दथिन् । उनका निद्राअगाडि कति लामो गोधूलि हुँदाहुन् र कति लामा विलास !

जब कुम्भकर्ण मस्त निदाएका हुन्थे त्यस बेला पनि उनमा प्रशंसनीयता नै हरहमेशा रहन्थ्यो ! रावण लङ्काको राजा रहन्थ्यो । उनी पलङमाथि ! उनीलाई राज्यसीमा विस्तार गर्नको प्रयास पर्दैनथ्यो । दृश्यजगत्भन्दा ठूलो असीममा उनको शासन हुन्थ्यो । यथार्थ आई सहजै नाच्तथे । मानवजातिले सुन्दै नसुनेका विशाल बस्ती विचरण गर्दै उनी कहिले भैंसीको सूँड देख्तथे र कहिले हात्तीको याल । अति अपरिचित आत्माहरू उनलाई सलाम गर्न आउँथे, यद्यपि सलाम भन्ने शब्दमा हामी त्यो आनन्दपूर्वकको प्राचीन झुकाइ देख्न सक्तैनौं । उनको आत्मा आनन्दको स्वतन्त्रतामा आफूखुशी सिर्जने सुनसानलाई झिलमिलाएर बराबर आफ्नो राज्य नामेट पारेर अनुभव गर्दथ्यो । अनि फेरि रावणका

दरबार निभेपछि निशाले स्तब्ध सुनसानको मजाको अनुभव गरेझैं उनी शून्यको विलासमा लाग्दथे । कति राजाले आफ्नो राज्य अनुभवी तवरले ध्वस्त पार्न सक्तछन् । कति राजाहरू सुनसानमा स्वेच्छाभासिनी नवीन नगरीहरू निर्माण गर्ने सामर्थ्य देखाउन सक्तछन् । उनी रक्तपातविना, कल्पनाका सूक्ष्म क्रियाहरूद्वारा सुषुप्तिको देशमा ब्रह्मा, विष्णु, शिव तीनौटैका अंश बनेर सिर्जन, पालन र विनाश गर्ने गर्दथे । यस्तो नवजगन्निर्माणको रुचि देखाउने एक विश्वामित्र मात्र थिए क्या र ? तर उनी विपनाद्वारा विफल भए, हाम्रा कुम्भकर्ण सपनाद्वारा सफल हुन्थे रे ।

हामी त्यस्ता राजालाई हरहमेशा प्रशंसा गर्दछौं जो अनायास राज्य सृष्टि गर्दछन्, जो एक झिमिकमा शहर रच्तछन्, जो निमेषमा नामेट पनि गर्न सक्तछन् । मलाई एक दिन नभएको एउटा आदर्श राज्य बनाउन मन लाग्यो र बिछ्यौनामा पल्टें । आँखा चिम्लेर सिर्जनाको सचेत भावनाले चित्रकार खँदिलो पार्न खोजें, अलि-अलि बन्ला-बन्लामा आफै बालुवाको घर झैं मेटिएर गयो । मनोवैज्ञानिक विश्लेषण गर्दा मैले बुझें कि सचेतको दोष थियो । किनकि सपना सचेत तवरले विकास लिंदारहेछन् र हाम्रा आदर्शान्वेषक सृजनात्मक अन्तर्लोचनमा विपनाको निक्कै दबावट रहँदो रहेछ । त्यसैले कविले लेखूं भनेर लेखिंदो रहेनछ, र सब आनुभाविक 'मानववाद'हरू हरहमेशा विफल हुँदारहेछन् । तर कुम्भकर्ण प्राकृतिक क्रियामा यस्ता सपना पनि देख्ताहुन् जहाँ हामी बीसौं शताब्दीलाई झक मार्न र तरङ्गित हुन फुरसतै छैन ।

**"हे निद्रा, तिमी हौ सुशील सँगिनी**
**प्यारो सबै देशको ।**
**जादू स्वर्गिय जो सुटुक्क छ छुने**
**एकान्तकी उर्वशी ! ॥"**

भनेर कुनै अंग्रेजी पढेका नेपाली कविले कतै लेखेको देखेजस्तो लाग्छ ! हामी प्राचीनका जहाजी बन्यौं भने कुम्भकर्णको आत्माले यसै गरी गीत गाइरहेको सुन्नेथियौं । त्यस बेला जब लङ्का खलबलाइरहेकी थिइन्, रावणकी राज्यश्री ढलमलाइरहेकी थिइन् र सीता तुलबुलाइरहेकी थिइन्; त्यस बेला रावण गालामा हात लगाएर आसन्न मरणको विषादमय तरङ्गमा थिए, राक्षसहरूका जननी बच्चाका कपाल मुसार्दै आँसुका ढिका

खसाल्दथे, तर आनन्दी कुम्भकर्ण वीर वाग्लेको ढिकी झैं सोत्राड परेर संसारको अलौकिक विशाल अनुभोग गर्दथे। उनीलाई महाष्टमीको कालीबाट हुने बोके त्रास थिएन, कल्पना हाँसिरहेका हुँदीहुन्, भयभीत रावण राजाले भाइलाई उठाउन हात्ती पठाए, गाडा पठाए, शायद पहाड पनि, तर उनकी निद्राले हात्तीलाई भुसुनो बनाइन्, गाडालाई कुतुकुती र पहाडलाई रायो।

बस, हामी त्यस्तो समाधि चाहन्छौं ! जसमा हठयोगको जरूरत छैन, नशाहरू आफैं चढ्दछन्, शरीर अस्तित्वशून्य बन्न जान्छ, आँखा ज्योति-केन्द्रतिर झल्को खोजी फर्किन्छन् र संसारको भौतिक कर्कशता अँध्यारोमा विलीन हुन्छ ! आत्माले वेदान्त सिकेर भनोस्, 'सुखेन अस्वाप्सं नकिञ्चिदवेदिषम् !' न हामी आफ्नो मुटुको त्रासदार ढुकढुकीमा सचेततासम्म राख्तछौं ! बिलकुल अनन्त सुनसानमा एकान्त तपस्वी बनोस् ! किनकि आनन्द त्यहाँ मिल्छ जहाँ चित्रगुप्तलाई विचेत अन्तःकरणले जित्तछ र बहीखातामा अक्षर चढ्न कम या बन्दै हुन्छ।

आखिर सुख भनेको कहाँ छ–यदि आँखा चिम्लनुमा छैन भने ! संसारका कठोर होशहरू विषयका दर्शन जस्ता छन् ! हामी असुन्दरका अत्याचारमा बस्नुभन्दा अँधेरो आलस्यको अलमस्तीमा उग्राउन सोख पाउँछौं र नव-नव झल्काहरू लिएर ! आलुपसलेको आलुभन्दा कल्पनाको आलु मीठो हुन्छ, चराको प्वाँखभन्दा बिछ्याउनाका पखेटाहरू स्वर्गनजीक पुग्दछन्। म जति कुम्भकर्णको नजीक आउन लागेको हुन्छु, उति नवीनको परिधान न्यानो हुँदै आउँछ ! कविहरू जस्ता सुताहा कोही हुँदैनन्। उनीहरू संसारलाई भुलेर नन्दनवनमा उग्राइरहेका हुन्छन्। ऋषिहरूलाई दिन सबै निशा थिए 'सा निशा जाग्रतो मुनेः।' जति बाह्य विषयबाट निदाउँदै गयो, लोलाउँदा-लोलाउँदै नयाँ उज्यालोमा आत्मा जागरण पाउँछ, मलाई बिछ्यौनामा सरस्वती बस्छिन् जस्तो लाग्दछ। आँखा खोलेर डुल्नेहरूले संसारमा धूलोसिवाय पयरले के उडाए ? म आँखा चिम्लेर सुनको लङ्का बनाउँदै छु ! सपनाको मूल्य जान्ने तरङ्गीहरू मेरा कुरा बुझ्लान्, अरू झिसमिसे मगजमा कहाँ विवरण दिन सकिन्छ र ! त्यसैले जान्यो त्यो तत्त्व, जसले संसारको अँधेरीमा आँखाका ढकनी ओढाल्यो र कुम्भकर्णको देशमा लङ्का घुम्दै पलङ्गसम्म विचरण गर्दै गयो ! आनन्दको आत्मा सपना उग्राउनमा छ, त्यो मीठो रोमाञ्चभाव

जो कामधेनु अम्लान पुष्पहरू नन्दनमा उग्राउँदा पाउँदी होलिन् र यस्तै सुतुवा र तरङ्गदेशीहरू मात्र संसारमा दुहुना गाई हुन्छन् । पञ्चतत्त्वका पाँच थुनबाट हामी त्यो अमृत दुहुन्छौं, जो देवता पिउन खोज्दछन्, त्यही उग्राइको रस । तर जब आनन्द ज्यादा हुन्छ र संसारको विस्तार गर्न हामी अपूर्णभाषी हुनाले हताश हुन्छौं तब हामी मौनमा निदाएर मौनमा पस्तछौं । त्यहाँ 'न किञ्चिदवेदिषं'को विशाल नगरी छ जहाँ कुम्भकर्णसँग हात मिलाउन पाइन्छ ।

बिछ्यौनामा लेटेको वेलामा तपाईं बुझ्नुहुन्छ उर्वशीहरू कस्तो चालसँग हिंड्दथे र कुन किसिमको हलुकापनले, जब उनीहरू सखीसँग आँखमिचौनी खेल्न पछाडिबाट सुस्तसँग अगाडि बढ्दथे तिनका नूपुरहरू चाल मार्ने चरणले स्वर्गका मुनाहरूलाई हावालहरले शेष ढल्काएझैं गरेर चल्दा झीनो रुनुझुनुसँग कसरी बज्दारहेछन् भन्ने कुरा आफ्ना मनका तरङ्गहरूको मधुर आवाजमा झन्किएर अनुभूत हुन जान्छ र त्यसै बेला कोमल अदृश्य करले ढकनी छोपिदिन्छ । कसले होला भन्ने अनुभव काम गरिरहेकै अवस्थामा, अनेक अप्सराका नाम र रूपहरू ध्वनित हुन्छन्, झल्किन्छन्, बिलाउँछन् र हाम्रा अनेक प्रश्नहरूलाई उद्घाटनको उत्तर निस्कँदैन । त्यसैले त हाम्रा नेपाली उटपटयाङ कविले (तपाईंले नाम सुन्नुभएकै होओइन) लेखेका छन् :–

**'नीद परी !**

**तकिया–पहाडको तन्ना–बागमा रुनुझुनु नूपुर सुस्त झरी पङ्ख भरी !**

**हलुका परेला पुतलीहरूका स्वर्ण धूलीमय रङ्ग भरी । अधर भरी !**

**कुसुमहरूको अम्लानपनाको इन्द्रेणी झैं मधु बिखरी !**

**चुम्बन दिन्छिन् मदमस्त बनाई मग्नपनाको जादू भरी । भुलीवरी !**

**जगको लहरी, मन कति सिहरी, सपना मधुर मधुर परी !**

**कसले जान्दछ मोहन–वनमा कुन जून–किरणमा नाद झरी ?**

**परीहरूको 'आँखमिचौनीहरूका जादू भरी'**

तब न सुत्न जान्नु ! हाम्रो रायमा सुत्न जान्नु पनि एक सूक्ष्म कला हो ।

तर हाम्रा कुम्भकर्ण वीर निद्राको प्रेममा अति लागेर यसरी संसारमा अपवादित भएका हुन् । सुताहाहरूको परीक्षामा उनी हरहमेशा

स्वर्णपदक पाएर अविदितको विश्वविद्यालयमा दोस्रो कहिल्यै भएनन् रे ! ज्यादा विशेषताका अधिकार राख्नेलाई हामी प्राकृत डाहाडको साथसाथै उपहास गर्न पनि कहिले कहिले चाहन्छौं । जब ठूलो गर्धन, ढ्वाँगे भुँडी, घनटाउको र गोफ्ले गाला भएको कालो जन्तु मानव-संसारमा हामी पाउँछौं–त्यसलाई हामी कुम्भकर्ण भन्ने नामकरण गर्दछौं । ज्यादा सुत्नु र मोटाउनु एउटा अनौठाको चीज जस्तो हाम्रो दुब्लो कल्पनामा लाग्दछ, मानौं मानिस निद्रामा बोसो हाल्दछन् ! 'कति कुम्भकर्ण जस्तो सुतिरहेको ?' भन्ने हाम्रा संरक्षकहरूको गाली सधैं हामीलाई घच्घच्याइरहेकै हुन्छ । कुम्भकर्णकी स्वास्नी कस्ती थिइन् भन्ने अर्को अनुमान नदेख्नेलाई हुनजान्छ । हाम्रो व्यावहारिक कुम्भकर्ण मूर्ति-निर्माण सत्यको समीप भएदेखिन् लङ्कामा उनलाई कति खिसी हुँदो हो ।

# साधुको माहात्म्य

अंग्रेजी अर्थशास्त्रले हामी बहस गर्दछौं र आफ्ना संस्था र परम्परालाई बुझ्दैनौं । हामी गेरुको निन्दा गर्छौं र वैरागीउपर अपमानका शब्द उच्चारण गर्दछौं । जटाभन्दा हामीलाई टोप सुहाउँछ र लट्टामा शोभा छैन । हामी केशको तलाश र फुर्तिलो रवाफीपन चाहन्छौं । जीवनको कक्षा बढाउनमा हामी सभ्यता देख्न चाहन्छौं । चाहहरूको गुणन, परिश्रमको बाँड र विशिष्टलाई आर्थिक पैदावारी, औद्योगिक विस्तार, बेकारीको निर्मूलता यिनीहरू हाम्रा नवयुवकका आदर्श छन्, पतलूनवाला अंग्रेजी एक्सेन्ट र टोनका चश्मादार अध्यापकहरू नवयुगका सपनाको तालीम गर्छन् । हामी बेलाइतद्वारा भारत देख्तछौं र यस्तो विदित हुन्छ कि हाम्रा आँखा बलिया हातले छोपिदिएका छन् । विज्ञानको झिलिमिलीमा नवीन मोहनी पाएका हामीहरू ऋषिमुनिका जटासँग विरोध र बहस गर्ने प्रवृत्ति देखाउँछौं । हाम्रो नजरमा भस्मलेपन केही विभूति होइन, र ढोकामा पात्र थाप्न आउनेहरूलाई अर्थशास्त्रको व्याख्यान दिएर हटाउने चेष्टा गर्दछौं ।

हाम्रा दृष्टिकोण पश्चिमतिर ढल्कनु स्वाभाविकै हो । हाम्रा अध्यापकहरू नेकटाई लगाएका हुन्छन् र एक खुट्टा मेचमा राखेर अर्को भूईंमा टेकेर अंग्रेजी झोक्कासँग बेकारी र मगन्तापनको आलस्यउपर व्याख्यान दिएको सुनेर विद्यार्थीले मनका आँखाउपर नयाँ चश्मा चढाउँछ । हामी साधुउपर ईसाका अनुयायी वर्गहरूको दृष्टिले हेरेर भन्दछौं, काम नै ईश्वर हो । मगन्तेपन लिएर सजिलो वृत्ति लिने आत्माहरूलाई कामदार दुनियाँअगाडि लाज लाग्नुपर्ने हो । यो कैला लट्टा पारेर के गर्छौ ? म सित्तैमा दिन चाहन्नँ । म आर्थिक पुरुष हुँ र ? मेरा पैसा सित्तै आउँदैनन्, राम-राम जपेर खान पाए दुनियाँ आलस्यको प्रजा बन्दछ । हामी लेनदेनको दुनियाँमा पसीनाका दानाले रोटी कमाएर खान्छौं । विनादेनको मागलाई

हाम्रो नफरत छ। 'हट, हट, साधुजी ! म तिमीलाई पैसा दिन पाप सम्झन्छु ।' अनि बिचरा भारतका आत्माका कलेजा काँप्तछन्, र साधुजी आँखा बडा लगाएर नवीन सभ्यताको वाङ्मुखलाई मूक घृणाले हेर्दछन् । 'के आँखा पल्टाउँछौ, महात्माजी ! चल आफ्नो बाटो ! आजकलको जीवनसंग्रामको घच्चा-घमासानमा पेट सजिलोसँग पुरिंदैन बुझ्यौ ? तिमी जस्ता रिसाएर हामी डराउँदैनौं ।' अनि साधु सराप्नु खराब सम्झेर मनमनै भन्दछन् : 'अंग्रेजी भूत सवार भएछ तेरो शिरमा ! बिचरा ! कुन दिन ठक्कर पाएर बुझ्लास् ।'

हामी यस्तै संघर्षणमा छौं । कलेज र संस्कृत पाठशाला मिलिसकेका छैनन् । प्राचीन र नवीनको आँखाजुधाइ परिरहेछ । गाल्ने भाँडोमा जीवन परेको छ । नयाँ विचार र पुराना आदर्शहरू दुई लहरी भएर दुईतिरबाट जुधिरहेछन् । साधुका आँखामा त्यत्तिकै घृणा छ, जत्तिको अर्थशास्त्रको विश्वविद्यालयका अध्यापकको उसका छात्रवर्गहरूको नजरमा । यता जटा छ उता तलाश, यता राम छ उता काम, यता मालामा विश्वास छ उता भालामा, यिनीहरू भस्मलेपन गर्दछन्, उनीहरू पाउडर, यिनीहरू चिसो पानीमा नुहाउँछन्, उनीहरू तातोमा । यिनलाई रिट्ठा काफी छ, उनलाई चाहिन्छ साबुन, उनीहरू भन्दछन्–'दतिउन असभ्य, खस्रो चीज हो ।' यिनीहरू भन्दछन्–'तिम्रा दाँत चाँडै झर्दछन् ।' एउटालाई नवीन सभ्यताको बोक्रे झिलिमिली जँच्तछ, अर्कोलाई प्राचीनपना बूढो गोरुको पुच्छर । कन्दमूल एक पुछारमा छ, प्लेट र कटलेट अर्को पुछारमा ! र यिनीहरूको काटाकाटबाट हाम्रो भविष्य कुन रूप धारण गरूँ भन्दै धर्मराइरहेको छ ।

भारतको भविष्य राम्ररी देख्नलाई मेरो नजरमा योग्यता छैन तापनि मलाई प्राचीनको अवहेलना सुनेर कहाँ-कहाँ के-के बिझ्दछ । ऋषिमुनिहरूकै पुत्र हुँ र तिनकै शोणित पवित्र राख्नुमा मेरो जाति र जीवनको प्राण छ । मलाई अंग्रेजीले मेरो सुवर्ण परम्पराबाट अलग गराएर आफ्नो कदममा चलाउन चाहन्छ । म भन्दछु कि कुनै-कुनै विषयमा मैले सिक्नु, देख्नु र खोज्नु बाँकी छ र पाश्चात्य समुद्रयात्रा पनि शिक्षाको एक अंश हो । तर म मेरा पुर्खाहरूलाई बिर्सन चाहन्नँ । मलाई बाइबल साहित्य जस्तो लाग्दछ अलि मीठो, तर धर्मपुस्तक मेरा वेद नै हुन् । ऋषिले शनिश्चरबार घर नछाड्नू भनेको कुरामा मेरा

रक्ताणु प्राकृत तवरले लाग्दछन् र भित्रबाट तिनका निषेध नाप्नामा के-के चिसो स्पर्श पसेभ्कैं हृदयनिर काँपेर उठ्तछु । म ज्यादा अन्धविश्वासी हुन चाहन्नँ, तर बाबुलाई दुष्ट र विदेशीलाई इष्ट सम्झन सक्तिनँ । मलाई वैज्ञानिक झिलिमिलीहरू अझसम्म 'पराईका पाप' जस्ता लाग्दैछन् । म तिनलाई ग्रहण गर्नमा आधा तर्सिएकै हुन्छु । म विदेशसँग प्रेम राख्न चाहन्छु तर अन्धविश्वासले जीवन समर्पण गर्न सक्तिनँ । अंग्रेजी अध्यापकहरूका मीठो कथाकुथुङ्ग्री सुनेपछि पनि मलाई संस्कृत पण्डितजीहरूसँग पढ्न मन लाग्दै थियो । पादरीको व्याख्यान मलाई राम्रो लाग्छ तर साधुको एक बोली भए पनि सत्य जस्तो लाग्दछ, र बालकले औंला समातेझैं मेरो हृदय आखिर ऋषिकै पछि लाग्दछ ।

म आधुनिक हुन पनि चाहन्छु । बोझे अन्धविश्वासदेखि बलवा गर्नु विवेकको स्वभाव हो र प्राचीन सब कुरा बेभूल सत्य होलान् भन्ने कुरामा अन्वेषक आत्मा बराबर शङ्का गर्दछ र समाधान खोज्दछ । मलाई त्यो नास्तिकता होइन, जो ईश्वर छैन भनेर ईश्वरमा आइपुग्न चाहन्छ । नत्र मेरो जेहेनको के काम ? मेरो जीवनका शक्तिहरू निदाइराखे म के मानिस ? म उधिन्न पनि चाहन्छु, उघ्रन पनि, उघार्न पनि ! मलाई मुटुमा के छ भनेर हेर्न मन लाग्दछ ! प्राकृत जिज्ञासा !

**'शान्त सरोवरका उर**
**किस इच्छासे लहराकर**
**हो उठता चञ्चल, चञ्चल ?'**

–पन्तजी

शङ्का गर्नु बेस हो, किनकि बुझिन्छ, खोतलिन्छ । प्रश्न सबै हो, उत्तर परिपक्वता हो । शिशुलाई गुलाफको फूल चुँड्न मन लाग्दछ, मानौं पत्तीभित्र केही रहस्यमय प्राप्ति छ, तर मेरो आर्यप्रकृति आखिर आड र भरोसा त्यहीं लिन जान्छ जहाँ ऋषिमुनिहरूका जस्ता भस्मलेपन र धैर्यको शान्त मुहार झैं भएर सहज श्रेष्ठताले आत्मालाई शासन गर्दछन् ।

किनकि तिनमा साधुता छ । म शिशु झैं आमा-बाबुलाई लच्छ्रतै-चुँड्दै बढिरहेछु, तर हाम्रो झगडा होइन । उनीहरूलाई लात मारे पनि आखिर हाँसिदिन्छन् ।

मेरो हृदयमा त्यस व्यक्तिसँग के प्रेम, जो मसँग पैसाको नाता जोड्दछ, जो उपदेश बिक्री गर्छ, जो अहंमानी फुर्ती देखाउँछ ? मपाईंलाई आफैसँग प्रेम छँदैछ, उनी मेरो हृदयमा बस्तैनन् । सिकन्दरको अहंकारभन्दा एरिस्टोटलको हितैषिता मानव-हृदयनजीक आउँछ र पकड लिन्छ । अक्सर मानिसहरू आफ्नै निमित्त हुन्छन् अस्थिपिञ्जर रङ्गाउँछन्, सिंगार्दछन्, 'म' अक्षरलाई राम्रो देख्तछन् र मेरो नजरमा धक्कु लगाउँछन्, म-अगाडि टिम्किन्छन्, मानौं म तिनको पयर मल्न सुहाउँछु । रित्तो हाँसोले मलाई सडकमा स्वागत गर्दछन् । सुन बाँधेको दाँत देखाउन चाहन्छन् ! म बिरामी भए 'ज्या अपशोच !' भन्ने बोक्रे सहानुभूति देखाउँछन् । मेरो मन दुखेको भए विषादको व्यर्थतामा व्याख्यान दिन्छन्, तर मेरो आत्मा जान्दछ कि तिनको छाती खोक्रो छ । म उन्नत भए मित्रहरू मुस्काउँछन् अवनत भए भन्दछन् 'ज्या ! मैले ता भनेको हो कि ?' मानौं उनीहरू नै सर्वज्ञ थिए ! मेरा आत्माको दुःखउपर म उनीहरूअगाडि मुस्काएर हिंड्दछु व्यवहार तानाशाही छ । उनीहरू आफ्नो दुःखलाई रायोको पर्वत बनाउँछन् । मेरा निमित्त शरीरबाटै फुत्त निक्लन सक्ने एउटा भलादमी छैन,जोडका तोडमा छन् । के म तिनसँग हृदयले प्रेम गर्न सक्तछु ? तिनका इज्जत मलाई थिच्तछन्, तिनका उपाधि मिच्तछन्; तिनका आर्थिक स्वार्थिताहरू कैंची काट्तछन्, तिनको गर्व मलाई ठुङ्दछ अनि तिनै मेरा दोस्त रे !

मलाई दुनियाँका हितनिमित्त कोट र पोशाकको गर्हुंगो शिष्टाचार छोड्नेउपर प्राकृत श्रद्धा उठ्तो छ । ऊ मेरो हृदयलाई थिच्तैन । हलुका हुन्छ । ऊ दुनियाँको छोटो ताक र सस्तो नाफा छोडेर मेरो आत्मानजीकै आउँछ, ऊ ज्यादा माग्दैन, मेरो ध्यान मेरो जाँगर र मेरो सजिलो प्राकृतपनमा अत्याचार गर्दैन । ऊ मसँग फोस्रो हाँसो माग्दैन । न बोक्रे मिजास ! त्यसको नङ्गा महलमा म त्यसै आदर राख्तछु । ऊ प्रकृतिनेर छ र उसको सीमा नाघ्ने सहज स्वतन्त्रता देखेर म आह्लादित हुन्छु । ऊ रङ्गीन चश्मा लगाउँदैन, उपदेश बेच्तैन, पैसा बोक्सीको ऐंठनबाट बचेको छ । उसका जिभ्रा, कान, नाक, आँखा, छाला बिगटिन पाउँदैन; ऊ हप्काइहाल्छ । उसका आँखाले पच्चीस करोडको फिल्म माग्दैनन्, उसका जिभ्रालाई तीन हजार होटेल र परिकारको जरूरत छैन, ऊ थोरैको आनन्दमा हलुका पयर चाल्दछ र दुनियाँको हृदयमा बजन बनेर

बस्तैन । आँखामा हाल, विभाउँदैन, ऊ मासु खदैन, काटमार लडाईबाट दूर, शान्ति र प्रेमको जिउँदो चल्दो मूर्तिजस्तो देखिन्छ । उसको नैतिक पराक्रम र साहसअगाडि मेरो पार्थिव ममता र नाटीकुटी प्राकृत तबरले शिर झुकाउँछ । ऊ संकीर्ण-विकीर्ण छैन । म पत्थरमा छाती फोरेर मरिरहेको मान्छे जस्तो छु । म झूटा झल्कापछि दगुर्दछु, ऊ मट्टीतेलको बत्ती बाल्छ । म उसको नजीक प्राचीन भारतनेर पुग्दछु ! र उसको विश्वास, धैर्य र आत्मबल देखेर म चकित बन्दछु, ऊ गङ्गा छ,जहाँ सब नाला मिल्दै शान्त प्रवाह देखिन्छ । म कालो बादल झैं गडगडाउँदै छरिन्छु र शून्य राखेर बिलाउँछु !

मैले के त्याग गर्न सकें ? जब यी काँचका आँखा हुन्; यी माटाका कान हुन् । म बेहोशमा छु । मृगतृष्णामा जिद्दी गर्नु मेरो बाटो हो । मलाई तेरा रचना रद्दी बोझा हुन् भने रिस उठ्छ, म जुँघामा ताउ लगाउन पाउनु जीवनको सफलता सम्झन्छु । ठुङ्गा खैंचाखैंचीको झगडालाई जीवन भन्दछु । मैले जानें भन्ने मलाई घमण्ड छ, र मेरा ज्ञान भन्नु खालि धूर्त्याइँ लुच्च्याइँ र भौतिक सामग्रीसँगको परिचय छ । मलाई दाढी बडे गिज्याउँछन् भन्ने डर लाग्दछ, कोट नलगाए 'हा हा' गर्लान् भन्ने त्रास छ र गलबन्दीलाई सौख मान्दछु, ढिकी र जाँतो बोकेर संसारबाट जान चाहन्छु । विष पिएर त्यसको ज्वलनबाट 'बच् बच्चा' भने म रिसाउँछु ! म पाँच मिनेट आँखा मुँदेर एउटा चित्र बनाउन सक्तिनँ, तीन करोड तेत्तीस लाख कुराले मेरा नसा-नसामा जञ्जीर लगाइरहेछन् । म 'आगो खान देऊ ! आगो खान देऊ !' भनेर परमेश्वरलाई रुवाउँदै विष मागिरहेछु, मलाई आफूभित्र कल-पुर्जासिवाय केही छैन जस्तो लाग्छ र दुनियाँको हितभित्र प्राण अर्पण गर्नुपरे शिरका रौंदेखि पयरका औंलासम्म कम्प र थर्थराहट प्रतीत हुन्छ । म विदितसँग कुरा गर्न जान्दिनँ, अस्तु ।

त्यो त्याग जस्तो भस्मलेपी, विषयजेताको मूर्ति मकहाँ एक एक मुठी माग्न आउँछ–किन ? भारतको आत्मा राख्न ? मलाई खुवाउन ! ऊ आर्यसभ्यताको खम्बा हो । परमेश्वर माग्न आए एक मुट्ठी, मेरो आत्मालाई सामल दिन विश्वास र श्रद्धाको गेरुमा, मैले उसलाई मित्तै अर्थनीति सुनाएर रित्तो हात पठाएँ ! भारतको आत्मा दुःखदलित स्थिर भिखारी झैं माग्न आइरहेछ मेरो घरमा । हाय ! धर्मको नाममा ऋषिको

प्रतिबिम्बलाई एक मुट्ठी दाना त देऊ । त्यस मुट्ठीमा विश्वपोषण भइरहेछ । त्यो पवित्र मुखमा पर्छ र यता विश्वास झिल्किन्छ; उता श्रद्धा दीप्तिन्छ ! भारतको आत्मा एक रामनाममा अडेको छ ! 'नगर हेलाँ, हरि ! तिनलाई जो आए दीन बनी' भन्दै मेरो हृदय भावको नैसर्गिक कविता बोल्न लाग्दछ, जब मेरो घरमा जटाजूट दर्शन पाउँदछु ! यसको विषयमा एउटा 'भिखारी' नामको पाँच-सात वर्षअगाडिको कविता प्यार लागेर, उद्धृत गर्न मन लाग्यो ।

एक दिन म सुतिरहेकै थिएँ । सपना र विपनाको दोसाँधे प्रभात सुनौलापन, शीतको सुगन्ध र चराको कलरवसँग मीठो जागरण पाइरहेको थियो । म नवीनको द्वारभित्र पस्न लागेझैं लाग्यो, त्यसै वेला एउटा साधु चिम्टा बजाएर गाइरहेका थिए–मेरो थाङ्ने आँगनमा ! आधा बुझियो, आधा बुझिएन तर धोबिनीको स्वागतभन्दा मीठो लाग्यो । उनी भन्ये, शायद :–

**'जाग जाग हे सुचिर सुताहा ! झलमल घाम उदायो ।**
**निर्मल आँसु रुनझुनसँगमा छविसँग झल्की आयो ।**
**रङ्गीविरङ्गी विटपविहारी पंख फिंजीकन धायो ।**
**पूर्व-शिखरमा स्वर्गद्वारको स्वर्ण-कपाट खुलायो ।**
**अन्धकारको निविड अलसपन आँखा खोलन प्यारा ।**
**प्रेमकी तारा झल्किरहेछन् महिमा स्वर्ण उदायो ।'**

यो त त्यो जादूको अणुको टुना हो ! म कविता लेख्ने हुनाले अलिअलि बुझ्छु, व्यक्त गर्न सक्तिनँ ! तिनका यी आवाजहरू घरघरमा कति हृदयहरू अँध्याराबाट ब्यूँझाएर हिँडिरहेका होलान् । अनि मैले ब्राउनिङको 'पिप्पा पासेज' सम्झें–जो मेरो अंग्रेजी पढ्नाको फल हो ।

# मसलाको बोटले के हेर्छ ?

एघार बजे नीलो थोरै कुइरे आकाश छ, जसमा कविको शरत्कालीन नीलो छैन, तर कुइरोको बाफले हावाभित्र घुस्नको एक घण्टाको प्रयासमा निकै सफलता पाएजस्तो छ ! घामले उज्यालो चहकिलोपना छ। साधु नैर्मल्यभन्दा व्यावहारिक ब्राह्मणसात्त्विकतासँग मिल्दो केही धूलो-मैलो सग्लिंदो भाव देखिन्छ। तर जसै म लेख्तछु, त्यो वाष्पाधिक्यको फा सग्लिँदै ऐनामा श्वासको बाफ उडेझैं उडेको जस्तो लाग्दछ। पूर्व-गिरि-शृङ्खलाको होचोपनामाथि जहाजका धूवाँका मुस्ले टुक्राजस्ता दुई-चार बादलका टुक्रा देखिन्छन्, 'जहाजी नीलो' रङ्ग भएको आकाशखण्डमा, जहाँ केही हरियोपनको र छाया कलागिरी रेखाको टड्कारोपनाउपर समीपवर्ती आकाशमा आभासित भएझैं लाग्दछ। पूर्वदक्षिण कुनामा हामी भन्न सक्तैनौं हिमालयका टाकुरा हुन् कि के हुन् ? ध्वाँसे रंगका बादलका चोसा-चोसी अलि उत्तरको कुनातिर हामी ज्यादा सचेत हुनाले (शायद चन्द्रागिरीको उँचाइबाट देखिसकेका हुनाले) खातका खात चोसेमोसे झिल्झिल्यान्न छायापाटे अलि टड्कारा त्रिकोणी रेखाहरू देख्तछौं। त्यहाँ बादल सानो ध्वाँसे विभूतिरंगको किल्ला के भनूँ ? बनाएर गजूर हुन खोज्दछ। अनि ठीक त्यसैमनि स्पष्ट देखिने मौसिमप्रहृत प्राकृतिक प्रख्खातको उकालो पर्ने बाङ्गो रेखामनितिर चाँगुको अधहरा थुम्कोमा एक-दुई खत देखिन्छन् र मेरो आँखा दुर्बीन झैं दुई-चार चित्र अचल मिरमिर रूखमा पर्दछ, जहाँ कवितालाई सोख मिल्न सक्तो हो। म विस्तारै लेखिरहेछु तर दृश्यमा धेरै हेरफेर भइसक्यो। एक अदृश्य रोशनपरीले रङ्गमञ्चको र छाया र बादलका रूपहरूको परिवर्तन गर्दैछ र प्रगतिशीलता नै जीवन हो भन्ने मनमा लाग्दछ। मध्याह्ननजीकको धूप चहक चढाउँदै आइसक्यो। गोधूलीमा वनहरू एक खाँच परेको कल्सेंदो अस्पष्टता लिएर चाँगु र उजेलीकाठको चहक भएको बायाँपट्टिको

पहाडमा सटेको थुम्काको बीचमा, अस्पष्टताको गगन झैं मेरोभन्दा तीव्र कल्पनाको अन्वेषण मान्दछन् । म लेख्तैछु, दृश्य फेरिंदैछ । क्षण-क्षणमा सजीव दृश्यले एकाएक नमूना निकाल्दो छ, मानौं कोही साँच्चिकै दृश्यपटमा अदृश्य बुरुशले फा चढाइरहेछ, थोरै फेरिरहेछ, ह्वैन ? ऊ केदैंन, मेट्तैन–खालि विकास गर्दै लगिरहेछ–त्यो भविष्यक प्रतीक्षाको अलौकिक चातुरीले जो म अपूर्णलाई सूक्ष्मातिसूक्ष्म छ । जीवन अडेको जस्तो देखिन्न, विशालले आफ्नो विकासशील जादूगरीमा सजीवताको सुन्दर चेत हामीलाई दिइरहेछ । मानौं हामी त्यसविना उसलाई बोके वेदान्तको स्पन्दनशून्य चैतन्य सम्झुँला भन्ने उसलाई करुणापूर्वकको त्रास छ । यहाँ चिच्याहट छैन, केही दोहरिन्न, किनकि दोहरावट भन्नु नवीनताको अभाव हो । प्यार सिर्जना 'नित नव' भएर नौलिन्छन् कस्तो मधुर ऐक्यको भावमा ?

यो देख्ने दुई जना छन् । एउटा त्रिचन्द्र कलेजको मसलाको रूख–जो अब न्यानो बनेर अलि-अलि पात झुम्कामा नाचूँ-नाचूँको नैसर्गिक भावले दोलन पाउन लागिरहेछ– कानमा सिर्सिरी पैदा गरेर जसमा मानौं मेरो हृदयलाई शीतलताको सिर्का छन्–र म अहिले अघनीभूत शब्दमा आकाशबाट एक समितिको शब्दकोषलाई नवीन प्राप्ति चढाउँछु 'सिर्सिराएको हावा !'

अब आँखा अलि तिर्मिराउन लागेजस्तो आकाशको झिल्के रहस्यमा ज्यादा चाख राख्नेहरू रातो याद पाउँछन् ! वनकालीतिर नदेखिने बादलखण्डको सानो छायाले छाएर दक्षिणको छेउ कल्सेंदो हुन्छ, तर अरू ठाउँमा हरियो भन्न नसुहाउने, मोहनको अनुपस्थितिमा निर्मोहनी लागेको आजकालको वृन्दावनका धूलीधूसर वृक्षहरूको रङ्ग जस्तो रङ्ग भएका, मौन चित्र झैं अचल वृक्ष– बिरादरी झुप्पा परेको छ । टुकुचापारि रूख र घर 'तँ ठूलो कि म ठूलो' को स्पर्धा देखाउँछन्, र अनेक निवासहरू वृक्षको अँगालोमा बसेका सच्चा नेपाली निकेतनजस्ता देखिन्छन् । यहाँबाट हेर्दा धेरै छानामा शरद्ले पत्ती वर्षाउँछ कि भनेजस्तो देखिन्छ यद्यपि वास्तवमा छाना र रूख धेरै टाढा रहून् ! डिल्लीबजार बगैंचामा बसालेजस्तो देखिन्छ र आफ्नो नामको अधुनिकताबाट वञ्चित भएको देखिन्छ ! एक त्रिकोणी टायलदार चुलिएको अग्लो छानोबाहेक अरू तीन-चार झ्यालवाला राता ईंटाका दुई भ्याँगप्वाले झिंगटीकराले

तीनतले झार उमार्न खोज्ने माटोको नैसर्गिक प्रवृत्ति देखाउलान् जस्ता छानाहरू र त्रिकोणी पाखाहरू झिझिल्यान्न देखिन्छन् । तिनमा समता छैन, अग्ला-होचा लहडी बनौटका छन् र छानाहरू जस्तापाताको सेतो स्लेटपनाले त्यत्तिकै अनौठा देखिन्छन् जत्तिको ऋषिको टाउकोमा अंग्रेजी स्ट्रं ह्याटले ल्याउन सक्ला । एक जनाले मध्यपदी सिद्धान्तमा आफ्नो घर आधा झिंगटी र आधा जस्ताले सिंगारेको रहेछ, तर जस्ताको बायाँ टुक्रा गरीब पाखेले धुँडा टालेको टुक्रा जस्तो देखिन्छ । अनि बैंसका विनम्र लामपाते झीनाहाँगे रूखहरूनजिकै पानी खाने छानाहरू छन्, जो शस्यवती पृथ्वीका परालहरूबाट वार्षिक जीर्णोद्धार चाहन्छन् । यी तिनका छाना हुन् जसलाई हामीहरू झोपडी भन्दछौं । यिनीहरू सच्चा नेपाली माटोले बनेका छन् र यो शहरको सामीप्यमा अल्पसंख्यक भएर छरिएका छन् ।

मलाई यहाँबाट हेर्दा डिल्लीबजार (पुतलीसडकको कुनासम्म) बगैंचे बजार जस्तो लाग्दछ । यहाँका मान्छे प्राकृत हरियोपनबाट वञ्चित देखिन्नन् । सिर्सिरिलोपन त्यहाँ हावामा छहरा झैं बनेर आनन्द देला भन्ने मेरो अनुमान छ । त्यहाँ चरा बोल्दाहोलान् जस्तो मलाई उठाउन मिर्मिरेमा धोबिनी । म भन्न सक्तिनं त्यहाँ ढुक्कुर बराबर कुर्लन्छन् कि कुर्लदैनन् तर कुर्लनुपर्ने ! त्यहाँ झ्यालको समीपवर्ती हरित फुल्दा प्रशाखामा रङ्गीन चराहरू जरूर आउँछन् । तर मेरो घरमा त्यस्तो केही छैन । त्यहाँका मान्छेले बगैंचामा सोख लिनुपर्ने यद्यपि मैले फुर्सतै पाइनं । यो दृश्यबाट अर्को अनुमान मेरो यो छ कि त्यहाँका बासिन्दा संगीतमा सौख राख्ताहुन् जो साधारण प्रवृत्ति भएर फैलिरहेको सपना म अहिले देख्तछु ।

अलि आँखा तिर्मिराए, यद्यपि मैले अघि बताएको 'सिर्सिरिलोपन' प्राकृतिक शरत्कालिक झैं हावामा इन्द्रियग्राह्यरूपले शीतलता भएर स्पर्श गर्न लाग्यो ! यो मध्याह्नमा यस्तो शीतलता हुनु बतासको करुण महिमा हो । मलाई कश्मीरा भए पुग्छ, सुइटरको जरूरत पर्दैन । वर्षामा पानी पिउँदाको शीतलोपन मात्र यहाँ छ, तर ठकठकाउँदा दिनहरूको मिर्मिरे सङ्केत जस्तो मात्र लाग्दछ । मानौं यो दशैंका कुइरोको गुप्तवास आएको श्वास हो ! हाम्रो डिल्लीबजारको बेहानी दूधपानी त लौ हेर ! आकाशमा मसलाको बोटनेर सफेद भएर फेरि निस्क्यो । वाह ! चल्छ– सुर-सुर-सुर ! उत्तरोत्तर मानौं हिमाल नै स्वर्ग हो । त्यसको रूखबाट

मालूम हुन्छ शायद दुई हावाको लहर भेट गरे होलान् जस्तो कल्पनाको लहर वस्तुको याथार्थिक लहराहरूसँग मिल्दै-मिल्दै लेखहरू बन्दछन् । त्यो खँदिलो भयो–सुनसानबाट !

मैले बुझें ! आँखामा चाप पर्नुको कारण तलतिरको झलक रहेछ ! यो पहेंलो धानको मध्याह्नी चहक हो ! धेरै जना दशैंलाई खाने समय सम्झन्छन्, शायद टीका लाउने पनि र जूवा खेल्ने पनि ! तर कोजाग्रत पूर्णिमामा यी धानका खेत सुतेर स्वप्न देख्ता देखेको भए अरू कुरा सम्झन्थे । अहिले यिनमा त्यो नरम स्वप्निलता छैन, यद्यपि शान्ति छ– दूधालु बालाको चञ्चलता छैन–छ अलि-अलि सिर्सिर ! त्यो त बूढै भए पनि जीवनस्वादिनी सङ्केत देखाउने 'रवीन्द्र' स्पन्दनको प्राकृत संकेत जस्तो छ । चौकोस पाताहरू काटिँदैछन् । दुई-तीन कुनिउँले नबताउँदै भन्दछन् कि टुकुचानेरका खेतले तल्सिङ्ग बुझाइसके ! ती कुनिउँनिर परिश्रमशील कृषकले नयाँ सपनाको डयाङ लगाइसक्यो ! के रोप्ला त्यो स्वादिलो पदार्थ जो दरिद्रको डल्लो-डल्लो मजा हो ? अनि त्यहींनेर के त्यो ? म उखु भन्न सक्तिनँ– हो ! शायद जुनेलो होला ? हेर ! धानको बीचमा एउटा रिकेट (सुकेनास) लागेको झीनो बाङ्गे डाँठको रूख टिङ्गरो छ, मानौं सत्यको छाया हो । खेतमा चउन्न थियोरेम् (सूत्र, रेखागणित हल् स्टीभेन्स्को) पढ्न लागेझैं छन् । अनि एउटा चुटाहा पराल झटनीहरूको थुप्रो पिरामिडको रूपमा परिणत गर्न लागिरहेछ । जति किसानको प्राकृत बुद्धिमा रेखागणित र सूक्ष्म विज्ञान होलान् त्यति यी वैज्ञानिक यन्त्रालयहरूमा कहाँ पाइँदा होलान् र ? जीवनसँग नजोडिएको भौतिक रसायनशास्त्रहरू यहाँका ठिटाहरूले कलेजमा पढिरहेछन् ! एक पाटामा चुटेका झटनीहरूको कलात्मक गलैंचा र सुकुलबीचको बिछयौना देखिन्छ ! अनि हेर त्यो झोपडी ! सानो पुतलीघर जस्तो– जहाँ दुई बच्चा फक्ल्याँटो नभएको ढोकामा बसेका– भर्खर धाननेर बिलाए ! त्यसलाई पनि एउटा रूखले राम्रो बनाएको छ– मानौं नेपालमा घर र रूखहरू सामान्य प्रवृत्तिले संगत छोड्न चाहँदैनन् । आग्नेय ढल्का लिएको चारहाते डाँठमा झीनो झुप्पा छाडेर उत्तर लागेको हाँगो भएको दुई हात फेरि बाङ्गिएर झीनो डाँठले शिरझुप्पा आकाशतिर उठाएर 'म पनि जीवन-सुखको स्पन्दन चाहन्छु' भन्दै हल्लन खोज्दछ– मानौं वायुको घचेडको ईश्वरसंकेतपछि स्वर्गको वास्ना छ ! अनि त्यसअघि सानो बार

भ्रौं एक हात बाक्लो होला– धानका बोटहरू बालक्रीडा छेक्न राखेजस्ता छन् । त्यसअघि कालो माटोको रङ्ग कोदालीले खनेको ताजापनमा भेदरङ्गी भएर टड्कारिन्छ । त्यो झोपडीपछाडि कालको हातले आवाज बाँधिएझैं हँसियालाई भुस्स-मुस्स पारिरहेछन् । खलबलिएको केश झैं ! तर यो हाम्रो पर्खालैनेरको क्या हो ? न धान न गहुँ ? अवश्य होइन ! नपाकी थाकेजस्तो छ, हरियो हरियो झ्यासाङम्यासाङ सोतर-प्रवृत्तिको सुनौलापनारहित ठाउँ-ठाउँमा बुरुशले वुर्जा बनाएको डामदार भृङ्गारको नयाँ कलेजोपनको केश तलाशी नजीकै आउँछ ।

उ: चङ्गा ल्यायो सानो केटोले ! मतिर रातो लामो पुच्छर फर्काएर !– यिनीहरू पनि उडाउन चाहन्छन् आफ्ना मनका लहडी सिर्जनाहरू ! मेरो सिद्धान्तमा एरोप्लेनको दाज्यू चङ्गा नै हो ! पखेटाको अभावमा मनुष्यजातिले हृदयमा चोट परेको चेतले चराहरूलाई गिज्याउन चाहन्थे क्यारे ? 'यी क्या हाम्रा चरा पनि उड्दछन् !' भनेर मान्छे परमेश्वरसँग आछन्न डाहाड देखाउँथे ! मनुष्य अविदिततिर भ्रमण गर्न चाहन्छन्– चङ्गालाई उडान दिएर, त्यसका चेतहरू र सजीव अनुभवहरू धागाको नाडीमा बल्केको छाम्न चाहन्छ ।

उता हेर ! कोदाली मच्चिएको ! म जान्दछु फलाम किन सृष्टि भयो ! यो पथमा शान्तिका सुनबाला फल्दछन्, कोदाली-दर्शन झुप्रोमा सुत्दछ, ऊ भन्छ ! 'चाहनाको कमी नै महत्त्व हो !' उ: कोदालीसँग सभ्यता शुरू भयो ! ऊ भन्छ ! 'आनन्दको निद्रा बेदाग अन्त:करण र कामको सच्चाइमा छ !' मेरो दिलमा ज्यापू सुखी हुन्छन्, भादगाउँले टोपी माटाको सरदारको मुकुट हो । म कतातिर ?– साँखु कि सुन्दरीजलनेर ?– झोपडी बनाएर कल्पनामा खेती गर्न चाहन्छु ! हृदय यस्तै होस् तर सब अरू शिक्षा भूल भन्ने मेरो आदर्श छ ।

# वैराग्य

म जबसम्म जवानीको तासीरले गरुँला र भरुँलाहरूका टुनामा आनन्द पाएर सपना देखिरहेको थिएँ, त्यस वेलासम्म मलाई बिलकुल थाहा थिएन कि वैराग्य भनेको कुन चीज हो, यद्यपि म कहिले संसार सपना हो र यसमा सार छैन भन्ने कविता पनि लेख्तथें। आभ्यन्तरिक चैतन्यबाट उठेको वैराग्य मात्र सच्चा स्वरूप धारण गर्दछ र विषयसम्बन्धी दुःखका अनुभवद्वारा भित्रतिर उठेको संसारी निस्सारताको चैतन्य मात्र वैराग्यको आत्मा बन्दछ। खालि पढेर गुनेर मात्र विरक्ति लिनेले अरूहरूको अनुभव-प्रतिबिम्बद्वारा झल्किएका भावहरूलाई रुचाएर संसारको निस्सारताको काल्पनिक अनुभव पाउँदछन् र आफूलाई बुद्धिमान् ठान्दछन्। तर तिनीहरू कच्चा र प्रलोभनशील हुन्छन्। सच्चा वैरागी भनेको त्यो हो जसले जीवनका अनुभवहरूमा अनित्यको परिवर्तनशीलता हुने संयोग, वियोगहरूको तिक्तता अनुभव गर्ने सहृदयता राखेर नित्यको इशारा पाउँदछ र त्यसको पछि दृढतया लाग्दछ– त्यस्तो तीव्र चैतन्यले, जसलाई फेरि विषयको टुनाले बहकाउन सक्तैन।

शुकजीलाई बाल्यावस्थादेखि नै वैराग्य उत्पन्न भएको थियो। हामी देख्छौं कोही-कोही महापुरुष या साधुहरू पूर्वजन्मका संस्कारद्वारा विषयउपर घृणा र पारमार्थिक सारउपर श्रद्धा उत्पन्न भएर सानै उमेरमा संसार त्याग गर्दारहेछन्। तर भित्र मर्मस्थानमा विषयको वेदना यस्तो हुन्छ भन्ने सजीव अनुभव नभई मानिसलाई संसारमा सच्चा तवरले वैराग्य उत्पन्न हुन सक्तो रहेनछ। रोगीहरूको दर्शनमा मिथ्याको स्वरूप झल्किन्छ र हामीहरू असत्यको अत्याचारबाट अमलेख बन्न खोज्दछौं, तर पूर्वजन्महरूका अनुभवद्वारा पनि कोही-कोहीमा सच्चा वैराग्य उठ्न संभव रहेछ।

जबसम्म हामी संसारमा ठूला हुन चाहन्छौं या यति-उति गरौंला

र आफ्नो गौरव देखाऔंला भन्ने भाव राख्तछौं, त्यस वेलासम्म हामीलाई वैराग्य भन्ने चीज असम्भव छ। आसक्तिहरू जति बढ्दै गए उति हामीहरू संसारमा महमा टाँसिएका माखाहरू जस्ता बनेर तिनका स्वरूपतिर नजर लगाउन सक्तैनौ। हामीहरू व्यर्थका पुजारी छौं, मिथ्याका अन्धभक्त छौं, बोक्राका अनुचर छौं, अन्धा छौं। हामीहरूलाई झिलिमिलीले अत्याचार गर्दछन् र 'के के न गरुँला खाउँला'-मा हाम्रो अधिकांश जीवन आशाउपर आशा थप्तै चलिरहेको हुन्छ। क्षणिक विषयले हामीलाई त्यसै दौडाउँछ र अनन्तताले हामीलाई त्यसै तर्साउँछ। हामी जीवनलाई माटोमा मिलाउने काम गरिरहेछौं। हामीलाई सानातिना मोलतोल र नजीकका टुना मात्र छन्। जति आँखा साङ्ग्रा भए, उति मानिसलाई झन्-झन् ठूलो भएजस्तो लाग्दछ; जति गिऱ्यो उति म उचालिएँ भन्ने सम्झिन्छ। जति रित्तो भयो उति ठूलो आवाज मात्र निकाल्दछ। संकुचित हृदयमा घमण्ड ज्यादा रहन्छ।

**'अब यति गरुँला भन्दै राग लिएर अपार !**

**हाय ! हरे ! शिव ! घुम्दछ दुनियाँ धन्य हरे संसार !'**

भनेर भर्तृहरि गाउँदछन्, किनकि उनलाई विषयमा आसक्ति बढाएर अझ अरू उन्नत हुँदै रहुँला या नवीन प्राप्तिहरू हासिल गरुँला भन्ने भावहरू चक्करमा मात्र घुमिरहेका जस्ता थाहा हुन्छन्। एक मिथ्यासँग संयोग राख्यो र त्यसबाट क्षणिक सुख अनुभव गऱ्यो, अनि मिथ्याको स्वभावैद्वारा वियोग उत्पन्न हुँदा त्यस सुखबाट वञ्चित हुन गएर हामी दुःखको अनुभव गर्दछौं। तर त्यसको दुःखले पनि वैराग्य पुऱ्याउन नसकेर फेरि नव-नव संयोगहरू बनाएर हामी आफूलाई हरहमेशा क्षणिकको प्रलोभनमा राख्तछौं। यस्तै गर्दा-गर्दै अनेक चक्करहरू पर्दै जान्छन् र जन्म-जन्मान्तरसम्म हामी मृगतृष्णाका पछि लागिरहेका हुन्छौं। हामीलाई खालि एउटा विशाल भूलभुलैयामा चक्कर मार्नु छ। एक मिथ्याले अर्को मिथ्या उत्पन्न गराउँछ; हामी शून्यमा अलमलिन्छौं र अँधेरीमा चक्कर खान्छौं। हाम्रा मानसिक क्रियाहरूले मिथ्याको आभासमा वक्ररेखा लिएर मनको विशाल स्थितिलाई खालि सत्यको प्राकृतिक शान्तिबाट गडबडाउँछन् र हामी आफ्नै क्रियाका असत्य मायाजालमा लर्बराउँदै धर्मराउँदै रहेका हुन्छौं। यहीं भित्री नरक छ, स्वर्ग पनि, काना गल्लीहरू पनि, बाङ्गाटिङ्गा विषालु बाटाहरू सर्प झैं

गुँडुल्किएका, यहीं च्याँठ, रिस र ग्लानिहरू । ती मार्गका कठिनतामा बस्तछन् र मानिस हरहमेशा दीन हीन विकम्मा बनेर वियोगान्त नाटचको नायक झैं हरहमेशा दुःखको तमाशा देखाइरहेछ । ती आफैंले आफ्ना निमित्त बनाएका चक्कर र घुमावटमा आफूलाई अनन्य वेदना बढाउदै आफैं रुँदै रुमल्लिंदै गरिरहेका मान्छेलाई देखेर साधुहरूका सोझा नजरमा आँसु टलपलाएर आउँछन् । तर मानिस यस्तै, वेचारो, लठेप्रो, ग्वाङ्ग्रो, 'स्वर्ग जान आ' भने मन्टो बटार्छ; नरकमा अमृत देख्छ, देवतालाई राक्षस सम्झन्छ, सत्यलाई वैरी । असत्यसँग मितेरी लाउंछ र मपाईको घमण्डमा हरहमेशा आफूभन्दा अर्को ठूलो देख्दैन । ऊ च्याँठ्िन्छ, छटपटिन्छ, रुन्छ, खालि असत्यसँग बस्न पाइनँ भनेर, खालि मिथ्यालाई नित्य बनाउन सकिनँ भनेर । गोज्याङ्ग्रोपन मानिसमा स्वाभाविक छ । उसलाई 'यो ढुङ्गाको चाचा नपहिर' भन्यो भने रिस उठ्छ । खेलौनाहरू खेल्नु नै जीवन हो । तिनका निमित्त रगडा गर्नु नै सभ्यता, चिथोरा-चिथोर लडाई हुनु, मेरो-तेरो नै राज्य हो । मान्छे जङ्गली हुनुमा नै संसार रहेको छ, चौडा नजरको भए मानव-राज्यमा अदालत नै रहने थिएनन्, न पुलिस, न दण्ड दिने ऐन । तब यो संसारचक्र 'यतिक्र उति'-मै चलिरहेको छ । नाप, जाँच इत्यादिद्वारा विश्वलाई खण्ड बनाएर हामीहरू झगडा नै पोस्तछौं । विश्वको गोला झैं बाटुला सत्यमा विरोधहरू साम्यमा आएका हुन्छन्; त्यहाँ झगडा हुँदैन । तर हामीहरू चक्करमै रहन चाहन्छौं, अड्न चाहँदैनौं । एक आसक्तिमा एक जीवन जन्म्यो र त्यसका निमित्त एक मरणको तीव्र वेदनाद्वारा सत्यको झल्का पाउनु छ । त्यस्ता हजारौं जीवनहरू र मरणहरू पाएपछि पनि अन्धा आत्माहरूमा सत्यको चैतन्य जीवनभरि साथमा रहँदैन । यसरी चक्करहरू मार्दामार्दा आखिर कुनै बेला अज्ञानको अन्धकारमा किरण पाइहाल्यो भने मानव-आत्मा झल्यास्स भएर मोलतोल फेर्दछ । जुन दिन थियो, ऊ निशा भयो, जसलाई मूल्यवान् सम्झिन्थ्यों उसमा नैराश्य मिल्यो, संसार खालि एउटा अँध्यारो कोठरीको परीक्षा जस्तो हुन गयो जसमा बसेर सत्यलाई झलक्क देख्नु नै सच्चा जीवन रहेछ । यहाँ पक्रिने चीज केही छैन, केही समाइन्न, केही लिई जानु छैन । मेरो न सिन्कासम्म छ त्यहाँ जहाँ म तारा झलमल नचाएर शासन गर्दथें । मेरो साथ जाने खालि आसक्तिहरूको फल मात्र छ; म चीज बोकेर जान्नँ । जाँदा भारी गह्रौं हुन्छ भन्ने याद

छ । तैपनि हात पसार्छु, रुन्छु, ले भन्छु, नपाए च्यांठ्निन्छु तब चक्करहरूमा चक्कर थप्नु नै विषयलम्पटता रहेछ । महत्त्वाकांक्षाहरू सिकन्दर जस्तोलाई अनन्तकालको अदालतमा संसारको महामूर्खको फैसलाले सुशोभित गर्दछन् । छि: जित्नु ! म हार्न चाहन्छु ! म अब सुख चाहन्नँ, चाहन्छु सत्यको शासन । संसारलाई सुरक्षित राख्ने अग्निज्वाला । वेदना-पूजा गर्दछु । छि: विषयलम्पटता । छि: त्यो महर, जहाँ पखेटा टाँसिन्छन् र जीवनको छाती नदेखिने आगोले जलेर रहन्छ । म अब यति र उति गरुंलामा जान चाहन्नँ, यताबाट खोस्न उताबाट मार्न, झगडा गर्न च्याँट्निन्नँ । यही शरीरको बोक्रोले त यसरी छकिएँ, आफूलाई यही भन्ठानेर । अझ भित्र मनका अँधेरी कोठरीहरूमा हामी के बुझ्न सक्छौं ? जूनकीरीको पिलपिले बत्ती घमण्ड गर्दछ त्यस अन्धकारमा, जहाँ रूप-रङ्गहरू सबै आँखाकै अगाडि मुर्दातुल्य छन्, जहाँ यसले आफ्नो ज्योति परेको एक मुनालाई पनि राम्ररी आकृति दिन सक्तैन । यही हो ज्ञान, यही मानवविद्या; नासमझको ठेला, 'प'को राज्य सधैं अँध्यारोमा छ । म छिन्न, खोस्न, तान्न चाहन्छु मानौं यो विश्व मेरा निमित्त बनेको हो । मैले त केही नलिनुभन्दा राम्रो केही पनि देखिनँ, जति नछोयो उति आनन्द । 'लौ ला, तँ नै ले सब संसार । नाङ्गा मुठी फुकाएर चल्दछु बस्तिनँ' भन्न सक्ने नै महात्मा हो । कस्तो गधा त्यो, जो ढिकी-जाँतो बोकेर हिंड्न चाहन्छ । के बोकिस् काना ! आखिर संसार त ज्यौंका त्यौं रहेकै छ, न रायो बनाइस्, न रूख, न तैंले एउटा तारा थपिस् ! तर यी सबको गह्रौं भारी बोकिस् । बेकार रुन्छस् । आँसुको काम छैन, त्यहाँसम्म हृदय पग्लिँदैन र सत्यलाई मात्र पक्रेर मिथ्या छोड्न खोज्दैन । तँ आगोलाई शीतल भन्थिस्, अमृतलाई विष । तँलाई अन्नले खायो तैंले अन्न खाइनस्, तँलाई लुगाले लगायो, तैंले लाइनस्, बेकारमा आफू खेलौना बन्छस् । विश्वका शक्तिहरू तँलाई, लात्ती-भकुण्डो खेलाउँछन् । त्यस उँचाइमा, जहाँ तेरा महत्त्वाकांक्षाहरू मिथ्याको उपदान खोजेर मनका लड्डू बनाउन उर्लिरहेछन् । ठूलो सानो हो, सानो ठूलो । बेताल हुनु अहंकारको लक्षण हो । उल्टो आँखाले हेरेर तँ ज्ञानी हुँदैनस् । ए, आगाको पुतली ! तँ विषयको मीठो बत्ती बलेको देखेर होमिन नजा ! छोडिदे आशा । त्यो आशा जो संसारिक शृङ्गारहरू पहिरेर तँलाई भुलाउन आउँछे । बाँकी राख् केही, जो अर्पण हुन सकोस् । 'मलाई भयो, पुग्यो

ईश्वर ! म कृतज्ञ छु' भनेर अहंकारको पापले काँपेर संसार छोड्नु नै सच्चाको मरण हो । तेरो नामलाई कल्की किन चाहियो ? निर्मलता नै धन हो । रङहरू बोक्सीका छलहरू हुन् । भो वाक्क छु, म चाहन्नँ कीर्ति, म दुनियाँको पयरको धूलो हुन चाहन्छु, सबले टेकून् मेरै छातीमाथि मलाई आनन्द त्यहाँ मिल्छ, जहाँ संसार आनन्द पाउँछ । अरू जिऊन्, मैले जिइसकें; मेरा आनन्दहरू क्षणलाई अनन्तको बत्ती बनाएर आउँथे । मैले भोगें ती वेदनाहरू, जसमा कम मानिस सौख लिन्छन् । मैले एकबाजि संसार उचालेर हेरें । अब अरू उचालून्–आफ्नो महत्त्वाकांक्षाका निमित्त । खालि दुनियाँको पयरको धूलो हुन चाहन्छु–दुनियाँ जिउँदो रहेर चलिरहेको देख्नको सौखमा ।

छोटो हुनुमा मजा छ; अरूको महत्त्व कुखुरे कल्की लाएर नाचेको देख्न पाइन्छ । राग शान्त हुनामा आनन्द छ; अरूहरूको गाईजात्रा देख्न पाइन्छ । नलिनुमा प्रशस्तता छ । अरूहरूले मर्कटमुद्राको पकडमा कपाल खौरिमागेको देख्न पाइन्छ । तब आ आ, दुनियाँ ! को चाहन्छ मेरो टोपी ? को मेरो धोती ? म नङ्गा बन्न चाहन्छु । शरीर छोडाउने उपाय भए मलाई बताइदेओ ! म एक कुनामा गएर अँधेरीबाट चियाऊँ–दुनियाँ कसरी हिंड्दछ, कसरी पिउँछ, कसरी मेरो भूलभुलैयाहरूमा परेर तिनमा लरबरिन्छ, कसरी वैराग्यतिर आखिर फर्किन्छ । जीवन-नशाका अनन्त स्पन्दनहरू मलाई भूतपूर्व अनुभवहरू जगाउँदै आनन्द दिन्छन् । अरूले त्यही आनन्द पाएको देख्न म चाहन्छु जो मैले पाएथें । के लेख्छस् त ग्वाङ्ग्रा ? यहाँ केही छैन ।

# आकार र अभिप्राय

विश्वमा आकारमा अन्धोपन देखिँदैन । काकतालीको मात्रा केही देखिए तापनि भित्रभित्र सूक्ष्म चैतन्यका अविश्लेष्य क्रियाहरूको प्रभाव पाइन्छ । हामी जति अचानक भन्छौं त्यसमा पनि अशेष नियमहरूको सूक्ष्मता भएजस्तो विदित हुन्छ । यसकारण हामी अन्धो प्रकृतिमा निर्भर रहन सक्तैनौं । सूक्ष्मातिसूक्ष्ममा चमत्कारी होश राख्ने कोही मानव-चैतन्य काम गरिरहेको स्पष्ट झल्कन्छ । यसैले रस्किनसाहबले भनेथे– 'एउटा मकै उम्रेको हेर ! त्यहीं संसारका ज्ञान छन् ।'

माथि बताइएको दृष्टान्तमा हामीले चित्रात्मक कल्पना लगायौं भने हामीलाई यो चैतन्यको क्रिया स्पष्ट झल्कन्छ । मकैको चाउरे-चाउरे सेतो आँख्ले पहेंलो दानाभित्र बोट पहिले नै सूक्ष्माकारित रहेको थियो । त्यहाँ हाँगा हाल्ने, जरा फैलाउने, रस सोस्ने, तेज र पोषहरू मिलाउने, संचालन गर्ने, व्यायाम लिने, बीज संरक्षण गर्ने विकासी भावहरू प्राथमिक अवस्थामा केन्द्रीभूत थिए, अस्पष्ट र अस्फुटको राज्यमा । जब माटो तयार पारेर त्यो दाना रोपियो, त्यसका अव्यक्त भावनाहरू स्थान पाएर आत्मविस्तारक सिर्जनामा प्राकृतिक फैलाहटको प्रेरणा पाउन लागे । त्यसका परमाणुहरूमा जो चमत्कार गुप्त थियो, सो रहस्यको अँधेरीबाट स्पष्ट हुन र व्यक्त हुन लाग्यो । के उसलाई थाहा थियो कि जरा तलतिर हाल्नुपर्छ र सोझो तल मात्र होइन तर पार्श्वविस्तारमा ? के उसलाई थाहा थियो कि माटाका साना गिर्खाहरू धुलाउनु र तिनबाट खनिज र अरू पोष निकाल्नुपर्दछ ? बढतीमुताबिक टाँस्सिने, पक्डिने र फैलिने क्रियाहरूको हिसाबी जरूरत बढ्दै जान्छ भन्ने के ऊ पहिले नै थाहा पाउँथ्यो ? के उसलाई याद थियो कि वर्षाले खनिज पदार्थका पोषणहरू घोलको रूपमा प्राप्य बनाउँछ र त्यसका निमित्त नलीहरूको जरूरत पर्दछ ? के उसले ओसजन नत्रजन सूक्ष्म

क्रियाहरूको अध्ययन गरिसकेको थियो ? के उसलाई घामको आवश्यकता पहिले नै विदित थियो ? किनकि ऊ बेभूल सहज बुद्धिले माथितिर टुसाएर निस्कन्छ र हावाको राज्यमा आनन्दसँग सिर्सिराउँछ ? के उसलाई यो पनि विदित थियो कि टुसाउन र सपना देख्नुका समयका बीचमा केही आफूभित्रबाटै खाना निकालेर उठ्न र उज्यालो देख्नको आत्मबल लिनुपर्छ ? र हेर ! पहिले यसो घुम्रिएर उठ्दछ मानौं हावाका झोक्काहरूले फाटिहाल्ला । तब सुस्त-सुस्त पत्रिँदै बाँडिँदै हावामा शिशु व्यायाम लिँदै बढ्दछ । जति बढ्दै जान्छ उति डाँठ पनि दह्रिँदै जान्छ मानौं आत्मविकासको हरहमेशा तौल राखिरहेछ । विकासका क्रमहरूमा आँखिलन्छ र डाँठ दुर्बल होला भन्ने त्रास फलको आशा साथसाथै बढ्दै रहेको देखिन्छ । उसलाई यादै छ कि हातहरू फैलाएर हल्लाउनुपर्दछ; नत्र पाचनक्रियामा गडबड पर्न सम्भव हुन्छ । त्यो हरियो रङ कहाँबाट आयो ? त्यसमा पनि मधुर अभिप्राय छ– हाम्रो आँखाका निमित्त र संशोषणात्मक क्रियाहरूका निमित्त । अनि यो सूर्यका किरणले पोषिएको खेलाडी शिशु मृदुल र कठोरको त्यत्ति मात्रामा काँट राख्तछ, जत्तिले विकास उचित किसिमको हुन्छ । यता पातहरू बढ्दैछन्, उता टुसा पलाउँदैछन् । उचित समयमा काम नलाग्ने पातहरू झर्छन् र नवीन पत्तीहरू फैलिएर काम दिँदै जान्छन्, यसलाई समयको होश छ, खुम्चिने फैलिने बखतहरू छन् । यो खेल्दछ, जीवनको आनन्द हरएक नसामा राख्तछ । ऋतुको पहिचान, परिस्थितिको होश यसमा पूरा तवरले रहेको विदित हुन्छ । त्यो जीवनको अङ्कुर कहाँबाट निस्क्यो, जो यसरी हावामा सर्सराउँछ ? मानौं सूर्य र पृथ्वीले रहस्यमा केही-केही वार्ता गरिसकेका थिए । हामी त्यसलाई फेला पार्दैनौं । यसमा संचालन छ, शोषण छ, पाचन छ, नसाहरूमा स्पर्शिता छ र समयको प्रभाव छ, विकासी बुद्धि छ, उज्यालो छेकिए बाङ्गिएर घामतिर फैलिन खोज्दछ । यसलाई योग्यको अतिजीविता याद छ र यो जीवनको सपना सानो दानामा सुतेको थियो । मानौं त्यसलाई याद थियो कि विशालले विश्व बनाएर स्थिति दिएको छ जहाँ यसलाई विश्वाऽस्वादक जीवनानन्द मिल्न सक्यो । त्यही आशामा यो जीवनको अङ्कुर पालन गरेर बसेको थियो । मानौं सानो वासना जस्तो भएर समय पर्खिरहेको थियो । हेर, अब यसका पातहरूमा पनि अभिप्राय झल्किन्छ किनकि त्यसको धारिलोपनमा संरक्षक

भाव स्पष्ट हुन्छ । त्यसको खस्रोपनामा कीराहरूसँगको लडाइँ छ, लम्बे लर्कादार लच्काइमा पकड र प्यासको मधुर प्रतिभा झल्कन्छ । अनि प्रौढावस्थामा यो पनि जुँघा हाल्दछ, जसको कोमलता वयः सांकेतिक हुन्छ, मानौं प्रकृतिले यही मानव-अनुकरण गरेर देखाइरहिछिन् र मानौं फल नपाक्तै मनुष्य झुक्किएलान् भनेर आत्मसंरक्षणका निमित्त इशाराको रूपमा राखिएको छ । बीउ पकाउनु बोटको मुख्य अभिप्राय थियो र यसले अनेक लडाइँ, अनेक खोज गरेर सफलता हासिल गरिरहेछ । कहाँबाट आए ती साना हाँस्दा दानाहरू माउ बीउको प्राथमिक सादृश्यमा ? सदृशले सदृश फलाउँछ । पूर्णबाट पूर्ण निस्किरहेछ । कुन दूध पिए ती बच्चाहरूले ? मानौं पृथ्वीमाता स्तनबाट सबैका आँखा छलेर हेर्न हुँदैन जब मकै पाक्यो जुँघा कल्सेंदो खैरो भएर जरियो, बस । बोटको मूल अभिप्राय खतम भयो । जराहरूले पोषण लिन छोड्दछन् । पातहरू थाकेका हात झैं ओइलिन थाल्छन्, बोट सुक्तछ, संसारमा आफ्नो अभिप्राय सिद्ध भएको जीव झैं मिताहारी बन्दै जीवनको पकड खुकुलो पार्दै जान्छ । अब आगामी ऋतुका शिशुहरूलाई पोषण गर्नलाई मात्र उसको काम बाँकी छ र वृद्धावस्थाको प्राकृतिक वैराग्य झल्काउने बोट माटोमा लडेर पञ्चमहाभूतमा मिल्दछ र पृथ्वीको नवपोषणात्मक शक्ति बढाइदिन्छ । यहाँ एक जीवन र यसका अनुभवहरू छन् ।

कुनै बान्की कुनै रेखा बेमतलबका छैनन् । जराको रातो जालदेखि पातको धारिलोपनासम्म अभिप्राय छ । हरएक झुकाउमा माने छ, हरएक ढङ्ग र चालमा मतलब छ । त्यहाँ म थाहा पाउँछु कि जीवननेर अभिप्राय रहनेछ । क्षण-क्षणमा वृद्धि र चालहरू अध्ययन गर्दै बसे मलाई साधुका दौलत र वैज्ञानिकका चमत्कारहरू त्यहीं झल्कन्थे ! यसमा बठ्याइँ छन् पत्रचातुरीहरू ! मेरो आँखा मोटामोटी कुरा मात्रै देख्तछन् । म राम्ररी बोलाऊँ त शायद बोलि पनि हाल्दो हो कि !

त्यस्तै फूलहरूको रङ्गमा अभिप्राय छ । तिनीहरू ठाँट पार्दछन् । जस्तो स्त्रीजातिहरू बैंसमा ठाँट पार्ने स्वाभाविक प्रवृत्ति देखाउँछन् । मौरी बोलाउँछन् र भाले-पोथी केशर मिलाएर सिर्जना गर्दछन् । तिनका आकारमा सौन्दर्य छ । त्यो देख्ता हामी कलाकारको स्पष्ट संकेत पाउँछौं । हाम्रो मानव-कलाले त्यति पैदा गर्न सकेको छैन । रस्किन्साहबको भनाइमा त्यहाँ दिव्य सौन्दर्य, दिव्य हिसाब र दिव्य मिलाप या संगति छ ।

हरेक आकारमा अभिप्राय झल्किंदा हामी संसारलाई अन्धो शून्यता भन्न सक्तैनौं । परिवर्तनका क्रमहरूको पर्दामा दिव्य चित्रकारी, दिव्य रेखाहरू र रङ्गहरू थपिरहेकै छ। आकारहरू आभासित बन्दछन्, विलाउँछन् । तर हरेकमा दिव्य प्रतिभा झल्केकै देखिन्छ ।

पृथ्वीको गोल आकार, आकाशको रूप, ताराहरूको बनौट सबमा कला पाइन्छ । पृथ्वीको गोलाइले दिन-रात ऋतुसञ्चालनको महिमा राख्तछ, राम्रो समय र देशको नाम-विभाग सजिलो हुनजान्छ । आकाशको गोलाइमा हामी ईश्वरको दिव्य स्थितिको गोलाइ देख्तछौं, जसमा सब चीज ठेगानसँग राखिएको छ । यसको ठूलो गोलामा साना वर्तुलाकृति रूपमा पूर्णका साना पूर्ण झैं ताराहरू झल्किन्छन् ।

शोपन्हारसाहेबको दर्शनमा सारा इच्छाशक्तिकै विकास र तारतम्यको रूपमा संसार दर्शाइएको छ । आकृति केवल इच्छाको विकास हो । रेखाहरू सब अभिप्रायबाट अङ्कित भएका जस्ता विदित हुन्छन् । व्यक्तिमा आभ्यन्तरिक इच्छाहरू रूपमा प्रकाशित हुन्छन् र विश्वमा समष्टिरूप दिव्य इच्छाशक्तिका बनोटहरू जस्ता देखिन्छन् । आँखाको खोपिल्टोमा संरक्षणार्थ अभिप्राय छ । जिभ्रोका गिर्खाहरूमा आस्वादनात्मक चमत्कारहरूका सूक्ष्म कला पाइन्छन् । चेहरामा मन झल्किन्छ । फियोको बनोटमा समरभूमिको तयारी छ, माछालाई पानीभित्र सास फेर्न आकार दिइयो, हात्तीको आकारले सूचना दिन्छ कि उसको बुद्धिमा खालि ठूलो हुनु नै सर्वविजयिता रहेछ । परिस्थिति र जीवनका भागहरूले इच्छाको विकास गर्दछन् र हाम्रा इच्छाहरू सुन्दर र सूक्ष्मतिर विकासिनु सभ्यता हो ।

विश्वमा आकृति र अभिप्राय साथसाथ देखिन्छन् र अभिप्रायकै खँदिलो भौतिक रेखालाई हामी आकारको रूपमा देख्तछौं । मलाई बराबर वस्तुहरू खँदिला छैनन् कि भनेर छाम्न मन लाग्दछ; किनकि संसार खालि विश्वनिर्माण-कर्ताको कल्पनारेखा जस्तो विदित हुन्छ । यहाँ खालि सपना, भावना र इच्छाका खँदिलापनहरू मात्र छन् । परमाणुहरू पनि खालि कम्पनका संख्यामा र ढङ्गमा आकारित भएका जस्ता विदित हुन्छन् ! दिव्य इच्छाका लहरहरू नै अङ्कित हुँदा संसारमा वस्तुहरू खँदिला भएजस्तो हाम्रो भित्री चेतले दर्शाउँछ । यो संसार काकताली होइन, अभिप्रायशील विकासशील आकार हो । बाह्य रूपहरू आभ्यन्तरिक कल्पनातत्त्वहरूका खँदिला प्रदर्शन मात्र हुन् कि भन्ने हामीलाई लाग्दछ ।

संसारको खँदिलोपन खालि इन्द्रियाभासी छ र पाषाणको कठोरता केवल इन्द्रियसम्पन्नका स्पर्शलाई मात्रै हो । हामी संसारत्याग गर्ने बेलामा सब इन्द्रियग्राहित्व हराएर सपना छोडेझैं चेत पाउँदछौं । संसार सपना हो, तर दिव्य सपना हो, र इन्द्रियहरूका विषयमा हाम्रा सम्बन्धात्मक चेतहरूमा अखँदिलो इत्यादिका भावना आउँदछन् ।

जहाँ जडको स्वतः क्रिया छैन त्यहाँ जड स्वयं आकृति पाउनै सक्तैन, किनकि चिदाभासको क्रियाशीलता नपाई उसमा परिवर्तनशीलतासम्म पनि हुँदैन । हरेक आकृतिलाई चेतनशील अभिप्रायको आवश्यकता छ । एकबाजि शून्य थियो भन्ने हरएक धर्मको विश्वास छ, परमेश्वरले बनाएको जगत्‌मा इच्छा-लहरहरू नै अभिप्रायशील आकारमा व्यक्त हुँदै खँदिलो भएको जस्तो लाग्छ । विश्वपदार्थ के थियो; परमेश्वरको काल्पनिक चित्ररेखा रङ्ग कि कुनै ईश्वरभिन्न वस्तु ? जो आकारिएको थिएन तर इच्छाले अङ्कित हुँदै उपस्थित विश्वको रूपमा उद्‌घाटित भयो । यस कुरामा हामी आफ्नो कल्पना फैलाउन सक्तछौं ।

# नेपाली गुण्डो

हामी ज्यादा पोशाकमा भाउ र भडक राख्नेलाई गुण्डो भन्छौं, बोक्रेपन नै गुण्डोको प्रधान लक्षण हो । उसलाई आफू सिंगारिनुभन्दा सूक्ष्म कला कहीं छैन । दुनियाँका नजरमा छाँटकाँट रङ्गले योग्यतामा दावा राख्दछ । ऊ भौतिकवादी छ । बाह्य आकर्षणले आकर्षित हुन्छ र बोक्रे नजरहरूलाई आकर्षण गर्दछ । 'म' जस्तो राम्रो उसलाई केही छैन । ऊ दुनियाँमा आफ्नो विज्ञापन जाहेर गर्दछ । ऊ सामुसम्म पनि आउन सक्तैन । बस्तछ खोलमा नै । धाकी रङ्गहरू उसलाई प्यारा छन् । ऊ मानौं विजेताको छडी घुमाएर सडक नै शासन गर्दछ । मानौं उसको काम आफू सिंगारिनु र दुनियाँको काम उसको तारीफ गर्नु मात्र हो । प्रशंसाले उसको नाक फुल्दछ । पैसाभन्दा उसलाई ठूलो केही छैन । ऊ चार पैसा कमाउँछ तर चार सय खर्च गर्नको रवाफ अपरिचित नजरहरूअगाडि देखाउँछ । ऊ झगडामा पनि उत्तिकै अग्रसर छ र छक्का-पञ्जाका साङ्ग्रा चातुरीहरूलाई जीवन भन्दछ । उसका सुधारलाई संसारै छैन । उसका मुस्कानहरू पछाडि छुरिरहेका हुन्छन् । ऊ डरलाग्दो जन्तु हुन्छ । उसलाई स्वार्थभन्दा मीठो ध्येय दुनियाँमा छैन । ऊ खालि छलले कमाउन, बलले भिच्नमा र देखाउनमा छ ।

उसलाई स्त्रीजातिको सतीत्व त्यत्तिको कदर गर्न लायकको छैन । सौन्दर्यलाई आफ्नै भोगका निमित्त सम्झन्छ । उसको सिद्धान्तमा पवित्र दूधको दखल कट्टरको बोक्रेपन हो । ऊ छल हो र छकाबटले छोपिएका कुराहरूलाई सत्य मान्दैन । दुनियाँको आँखा छल्न पाए भोलानाथ अन्धा भन्ने उसको सिद्धान्त छ । ऊ मासुको उपासक हो न कि आत्माको चाहनाको । समय मात्र उसलाई प्रेमको समय छ । ऊ पाशविक निरुत्तरदायित्वमा खालि आफ्ना मजा खोज्दछ र लहडमा जीवन बिगारिदिन्छ । ऊ खालि भमरो होइन, माखो हो । बिगार्नु र सपार्नु

उसका सूक्ष्म कला छन् । ऊ सतीको भयङ्कर परीक्षा हो र मामूली स्त्रीहरूको यमराज हो । उसको सौन्दर्य मासुमा बस्तछ, यस सिद्धान्तलाई विरोध गर्न परमेश्वरले सत्यको मोहनी उडेको मुर्दा मासुलाई कीरा र गलाइको दशा दिएका छन् ।

तर उही दुनियाँको साँढा छ । उसको संसारमा जङ्गलकानूनको शासन हुन्छ । बलियालाई र लडाकालाई जीतवाजी छ र पोथीहरू भालेका बलका परीक्षा लिन जन्मिएका थिए । उसको अन्तःकरण ठीक पशुको कक्षामा छ, जो दुई खुट्टामा हिंडेर मानव नाममा दावा राख्तछ । दुई वा दुईभन्दा ज्यादा साँढे लड्दा जसले अरू भगायो उही चाहिं पारितोषिकको विजेता हुने नियममा उसको आत्मा काम गर्दछ । तर खालि बल पशुता हो भन्ने उसको ज्ञानकोषमा मिर्मिरे झल्किन्छ र ऊ छलको ज्योंदा प्रशंसा गर्दछ । ऊ दुनियाँका कर्मपथमा अँध्यारो गल्लीमा हिंडिरहेछ । सडलपडलमा सोख राख्तछ, झिलिमिली र नाज-नखराको उपासक छ । तर उही दिनको उज्यालो रङ्गिलो सभ्यताका विज्ञापन झैं दुनियाँलाई फेशन सिकाउँछ । साधुहरू उसदेखि डराउँछन्, सुधा उसका आकर्षणमा फस्तछन् र बदमाशहरू नक्कल गर्दछन् ।

वेश्याहरू उसको पैसा धुत्न चाहन्छन् र झूटा नखराले उसका प्रेमी बन्दछन् । त्यहाँ केही दिव्य प्रेमको मिठास छैन, खालि बोक्रेपन छ । तर त्यही बोक्रेपनलाई सच्चा सम्झेर गुण्डो त्यसमा रहने साध्वीहरूको पवित्र मूर्तिअगाडि पनि त्यही मपाइँ-मोहनीको आकर्षणले पवित्रताको आत्मा बिगारेर आफ्नो अत्याचारको शिकार या हतियार बनाउने आशामा रहन्छ । तर साध्वीका आत्मा घृणापूर्ण दृष्टिले त्यहाँ हेर्दछन् जहाँ गुण्डो आफूलाई मोहनको मोहनी भन्ने सम्झन्छ ।

भौतिक इच्छामा लोभ ज्यादा देखाउनु र त्यो पनि यस्तो परिवर्तनशील संसारमा– कति नीचापनको चिह्न हो, बुझ्नेले बुझ्दछन् । हामी उसका क्षणिक भोगहरूलाई नफरतका नजरले हेर्दछौं । ऊ महमा लटपटिरहेछ । उसका पखेटा आफ्नै लोभले बाँधा छन् । उसमा मपाइँ-मोहनीको अहङ्कार बसेर आँखा खोल्न दिंदैन । सत्यको स्पर्श पाए ऊ आफूलाई कति घृणा गर्दो होला । ऊ आफ्नो आत्मालाई अन्याय गरिरहेछ । उसका आध्यात्मिक शक्तिहरू संगठित हुन सक्तैनन्; छरिन्छन् । ऊ साङ्ग्रा ताक र सस्ता नापमा चलिरहेछ । ऊ आफ्नो अन्तर्दुर्गतिलाई रङ्गिलो

मिथ्याले छोप्दछ । हामी उसलाई देखेर आँसु झार्दछौं–किनकि त्यसभन्दा पापी विकार र अहंमानी दीन दुनियाँमा जन्मेको थिएन । जो मानिस दुनियाँमा आफ्नो मोज सम्झन्छ, त्यसमा सत्यको होश रहनु मुश्किल छ । तर ऊ पछि थाहा पाउँछ–घाँटीमा प्राण झुण्डेपछि । अनि यो दुनियाँ के रहेछ उसको मनले बुझ्छ । भौतिकवादका आडम्बरहरू प्राणावसानका अवस्थामा काँपिर उठ्तछन् र ऊ पनि आखिर 'हे भगवान्' को पुकारले सत्यको उपासना गर्ने आखिरी प्रतिज्ञा गरेर जान्छ । उसले त्यस वेला थाहा पाउँछ–पोशाक बोक्रो हो; रङ खोक्रो हो । मासु र मूर्ति परिवर्तनशील मिथ्या हुन् र एउटा सत्य भन्ने आत्मा मात्र दुनियाँ सत्य हो ।

तर कोही-कोही गुण्डाहरू सुधारशील हुन्छन् । धेरै संसारका प्रमुख प्रतिभाहरू अगाडि गुण्डा रहेका थिए । यही जीवनमै सुध्रिए भने तिनीहरू संसारका पूज्य, उपास्य देवता बन्न जान्छन्– कोही-कोही दृष्टान्तमा ! वैराग्य भनेको त्यसै आउँदैन, परमेश्वरको अनुग्रह चाहिन्छ । अनि सत्यको मोहनी लागेपछि ती सब बोक्रे चातुरीहरू र शृङ्गारकला आत्माको सच्चा मोहनीतिर लाग्दछन् । अनि तिनीहरू खोक्रा हुँदैनन्; खँदिला हुन्छन् ।

# पण्डित लेखनाथ पौड्यालको विषयमा

प्रकृतिको हरियो कुञ्जमा शहरको पुछारनेर औपन्यासिक बालाज्यू जाने बाटोमा हामी एउटा घरको चित्रण गर्न सक्तछौं, त्यहाँ शान्तिको र प्रतिभाको निकेतन छ। मलाई एक-दुई बाजि त्यहाँ जाने सौभाग्य मिलेको थियो। त्यस ठाउँमा जाँदा मलाई सादापनसँग मिलेको प्राचीनतामा र पवित्रताको वातावरणमा पुगेजस्तो लाग्यो। मलाई धेरै दिनदेखि दर्शन गर्नको अभिलाषा भएको हुनाले हो कि अथवा कल्पनामा मोहनी ज्यादा जमेर हो कि, त्यहाँनेर कतातिर कविताको मधुर कुञ्ज छ भन्ने मनमा धारण गर्दथें; तर मैले कता हो केही याद पाएको थिइनँ। मलाई त्यो ठाउँ फेला पार्दा नवीन प्राप्तिको मजा लाग्यो, कुनै मामूली आँखालाई ज्यादा औपन्यासिकता केही देखिँदैनथ्यो। तब त्यहाँ थियो नेपाली प्रथम प्रतिभाको वासस्थान ! केही ऊँचा जग्गामा अलि पारिलो, मानौं गौंथलीहरू त्यहाँनिर चिरीबिरी गर्न आउँछन्। मैले यसो यताउति हेरें त्यहाँ अरू विशेष थिएन। केही वृक्षहरू नजीकै थिए तर शायद तिनैका हाँगामा आउने र रङ्गीन पखेरुहरूको सन्देश पनि हामीलाई दिव्य आनन्द र उपदेशको मोल भएका चीज थिए। यहाँबाट पनि नीला पहाडहरू टाढा थिएनन्, तिनकै छायामनि बसेर मानवआत्मालाई सुन्दरका भावहरू खँदिलो पार्ने सम्भावना थियो। मलाई हाम्रा उत्तम प्रतिभाको मुहार कस्तो होला भन्ने सधैं विद्यार्थी नवयुवकमा हुने चाख छँदै थियो। म भित्र पसें।

दाढीवाल साठीनेरको हँसमुखा रसिलो फरासिलो देख्तैमा ब्राह्मणको चन्दनप्रिय मूर्तिले मलाई बाँकेघरको पूर्वपट्टिको सानो-सानो नेपाली ढङ्गको कोठीबाट स्वागत गऱ्यो। उनको गालामा एउटा कोठीप्रधान चिह्न थियो। दुब्ला-दुब्ला अग्ला-अग्ला र पोशाकभन्दा आध्यात्मिक विषयमा ज्यादा ध्यान राख्नेजस्ता प्राचीनका स्पष्टतया पुजारी, धोती र

भोटोको साथ पूर्वको भ्यालतिर बिछ्याएको लम्पटमा बस्नुभएको देखें। उहाँमा सादापन थियो, भडक र रवाफभन्दा स्थितिसँग गरेको घरजम बेस हुन्छ भनेजस्तो त्यहाँको परिस्थितिले जनाउँथ्यो। उहाँ मस्त हुनुहुन्थ्यो आफ्नै कविताका ध्वनि र बनौटमा। नजीकमा भर्खर व्रतबन्ध गरेको चन्दनदार गोरो, उज्यालो जेहेनदार आँखा भएको ठिटो थियो, जो उहाँको छोरो भन्ने उहाँकै मुखारविन्दबाट मैले सुनें! उसैले कविताहरू कण्ठ पारेको थियो। पैतृक स्नेहसँग उहाँ उसको स्मरणशक्तिको तारीफ गर्नुहुन्थ्यो र लडको पनि तारीफ गर्न लायकको थियो। उसलाई 'लक्ष्मीपूजा' नाटक प्रायः समग्र कण्ठ आउँथ्यो। छोराको साथसाथै लोली मिलाएर हँसिलो मुहारले उहाँ हातको भाउसँग त्यसका श्लोकहरू अनुप्रासको भिठास भएका ध्वनिहरूमा जोड दिदै उच्चारण गरेर सुनाउनमा सोख लिनुहुन्थ्यो। मलाई यस्तो लाग्यो कि प्रतिभाशाली कविहरू आफ्नो सिर्जनामा मस्त त रहेकै हुन्छन् तर आफ्नो आभ्यन्तरिक आनन्दलाई श्रोतृवर्गमा विस्तार गर्नुमा अर्को आनन्द प्रादुर्भाव हुँदोरहेछ। उता अवभासको आनन्द र सिर्जनाको प्रेरणा, यतातिर त्यसैको मधुध्वनिमा सजीव विस्तार!

त्यो धेरै वर्षअगाडि। आजकल धेरै दिन नदेखेको हुनाले मलाई राम्रो चित्र निकाल्न मुश्किल पर्दछ। उहाँलाई मैले त्यस बेला एउटा घाँसिया गीत 'मुनामदन' भन्ने देखाएँ। उहाँले सुन्नुभयो र भन्नुभयो कि राम्रै छ, शायद अभm राम्रो हुन सक्ने थियो र मेरो प्रकृति-वर्णनमा सन्तोष प्रकाश गर्नुभयो। तर जीवनका विषयमा उहाँको रायमा म त्यत्तिको राम्ररी आड्गुरेको थिइनं, किनकि ठिटै थिएँ। परिपक्वता हुँदा मेरा रचनाहरू पनि निक्कै बेस होलान् भन्ने आशा प्रकट गर्नुभयो। त्यस बेलादेखि परिचय भयो तर म उस्तो जाने, बसउठ गर्ने मौका पाउँदिनथें किनकि मलाई जीवनसंग्रामका हौंटहौट ठूलो थियो।

अहिले मलाई खेद लाग्छ किन त्यस्ता महापुरुषहरूको सङ्गत गर्न पाउँदा-पाउँदै मैले कति थोरै मात्रामा ती मौकाको उपयोग गरें। हामीलाई सङ्गतको मूल्य याद हुँदैन! हामीबीचमा रहने, हिंड्ने देवहरू छाया झैं गुम्न जान्छन्। अपरिचितका गिन्तीमा रहन्छन्। दुनियाँले मोल थाहा पाउँदैन त्यस वेलासम्म, जबसम्म यस्ता बहुमूल्य व्यक्तिहरू देशका सामुन्ने अपरिचित रहन्छन्। तिनीहरू दिव्य सन्देश लिएर आएका

थिए, तिनीहरूलाई युगले बुझ्दैन, भविष्य मात्र सम्झनामा रुन्छ । हामी कदर गर्न जान्दैनौं र साधारण समझको मोलतोलले आफ्ना समीपवर्ती जुहारलाई अर्धमोली बनाउँछौं ! हामीलाई चार पैसा जोड्नु नै जीवन छ, अरूको पूजाभन्दा आफ्नै पूजाको ज्यादा चाहना छ, न हामी समयको होश राख्तछौं, र नवीनताको, न प्रदानको ! हामी कामी काना गोरुलाई सधैं पूर्णिमा जस्तै छन् । हामी उन्नतिशीललाई पनि बुझ्दैनौं, उन्नतिलाई पनि । भाव र विचारका क्षेत्रमा खालि तरङ्गका रङ्ग मात्र देख्तछौं । साहित्य र कविता हामीलाई कथेको कथनी-पथनीभन्दा केही ज्यादा मोल राख्ने चीजजस्तो लाग्दैन । हामीहरूमा भावुक प्रशंसाको मात्रा नै छैन, चाहना छैन । हामीले सुन्दरको मुहार देखेर वास्ता नराख्नु नै हाम्रो प्रधान लक्षण हो । भारतको मुर्दा समझले स्वरव्यायामलाई रातको हजार रुपियाँ तिर्दछ, जहाँ सिर्जना कल्पना र भावनाशून्य छन् । हामीहरू औत्सविक कविताहरूमा रुचि देखाउँछौं र पैसा तिर्न पनि खोज्दछौं, मिथ्या पोषणमै हामीहरू दगुर्दछौं । तर सत्यका अनुहार हामीहरूलाई राम्रो लाग्दैन । आधुनिक उपस्थितिमा हामी सत्य र असत्य छुट्ट्याउन सक्तैनौं र हामीलाई कहाँ युग शुरू हुन्छ र कहाँ अन्त हुन्छ याद हुँदैन ।

चिन्नेलाई आँखा भनिन्छ, बुझ्नेलाई मगज, सुन्नेलाई कान र भावना गर्न सक्नेलाई हृदय । यी चार चीजबाट वञ्चित हुनु पशुको लक्षण हो । हीराहरू बाँदरले फ्याँक्छन् किनकि उनलाई मोल थाहा छैन । सुन्दर रचनाहरू बुझ्नु र नबुझ्नु अन्धताभन्दा पनि खराब पशुता हो । यो पाप हो । हामीलाई ईश्वरले दिएका चीजहरू हामी दुर्दुर् गरेर फ्याँक्ने प्रवृत्ति देखाउँछौं । पारखी आँखा हामीमा हुँदैन, यो साधारणको दैनिक लक्षण हो ।

कति कमलाई याद छ कि हाम्रो साहित्य-क्षेत्रमा के युग छ र त्यसलाई बनाउने को हो ? नेपाली भाषालाई अनुहार, भृङ्गार दिने पहिलो हात कसको ? नबनेको चीजलाई कसले माधुर्यका रसिलारसिला दानाहरू मिलाएर हामीलाई कविताको पहिलो सच्चा आनन्द दिएको थियो ? जब नेपालीको नाम राख्नु मुश्किल थियो, कसको आत्माले आबरु राखेर हाम्रो भाषा पनि रचनाशील छ भनेर देखायो ? जुन वेला पण्डितजीहरू भाषाको नाममा नफरत राख्तथे त्यस वेला कसले अकेला

बसेर छिनो लियो ? एकान्तमा कसले कुँद्यो ? के बनाउने उसको इरादा थियो ? जब संसारमा खालि ठण्डा पानी थियो ।

हामी त्यस व्यक्तिका कठिनाइहरू बुझ्न सक्तैनौं । अँधेरीमा उज्याला आत्माहरू काम गर्दछन् । सुनसानमा बल्नु चन्द्रमाको लक्षण हो । त्यहाँ केही थिएन । अब कल्पना र मातृभाषाको श्रद्धाले कति गरेछ त ? रोकावटहरूले, कठिनाइहरूले के गर्न सके ? त्यस सपनालाई–जो उषाको सुर्वणरेखा कुँद्दछु भन्दथ्यो । श्रद्धालाई दिव्य बत्ती झुल्काउन दिइएको थियो र सौन्दर्यको घडा बन्यो । ऊ सुन्दरको खोजमा थियो, मधुरलाई मुखरित गर्न चाहन्थ्यो, गरिछाडयो । सुन्ने देख्ने कोही कहाँबाट त्यसरी आयो होला भनेर छक्क परेर एकै छिन टोह्लाउँथे । विद्वान्हरू पनि आश्चर्य मान्दथे, केही उसलाई दिइएको थियो, जो अरूको भागमा थिएन । यो के थियो ? हामीहरू विश्लेषण गर्न चाहन्छौं तर राम्ररी सक्तैनौं । त्यहाँ अदम्य आत्मा थियो, सुन्दर देख्न चाहन्थ्यो । कठिनाइहरूले तर्साए पनि जित्दै गयो, उचालिदै गयो । त्यहाँ अकेला आविष्कार एकध्येयी मोहनी छ । ऊ भात माग्दा लात पाउँला भन्ने कुरा जान्दछ । सत्यको वोधिवृक्ष पनि सुन्दरलाई समाउन खोज्दा मारले कसरी तर्साउन खोज्छ भन्ने उसलाई याद थियो । तर ऊ डगेन । काँपे पनि जित्यो र उत्तम क्षणहरूमा निर्धक्कसँग सौन्दर्य बहाइदियो । हामी धनी भयौं । यो श्रद्धाको मोहनी हो । सुन्दरको उपासना हो, सत्यको झल्का हो । केही आत्मामा सौन्दर्य नभई दुनियाँ टोह्लाउँदैन । अरूहरूले पनि सो कोशिश गरे, तर त्यतिको टुना राख्न सकेनन् ।

उनी बुद्धिमान् थिए, चतुर थिए, जो परिस्थिति बुझेर त्यसबाट माधुर्यका क्षणहरू निकाल्थे । उनको आत्माले आफूलाई छकाएन । उनलाई सत्य प्यारो थियो । त्यसैले कलमको टुप्पामा ती बुट्टा बसे जो धेरै अनुकरण गर्न व्यर्थ कोशिश गर्दछन् ।

मलाई पहिलो चरा मीठो लाग्छ, पहिलो उज्यालो रसिलो लाग्छ । नेतालाई मेरो आत्मा सधैं नमस्कार गर्छ । हामी बुझ्दैनथ्यौं, त्यति माथि पुगेका थिएनौं । हाम्रो प्रभातमा ती तारा पहिला ज्योति बाल्दथे । नवीन नेपालको संघार सुनौला भएर आयो । तर धेरैजसो मान्छेहरू दिनलाई दिनै भन्दथे, उद्घाटनलाई खालि उज्यालो भएको । उनीहरूले सन्देश पाएनन् ।

हाम्रो व्याकरण गर्भमा थियो, शब्द माटोमा थिए । कलाले अनुहार पाएकी थिइनन् । बाटो अनिश्चित थियो । विद्वान् मूर्खहरू हाँस्तथे । बोक्रेपनलाई साहित्य भन्नुपर्दथ्यो, रस, माधुर्य जन्मेका थिएनन्, बनोट, मिलाप र अन्तर्ध्वनिहरू नसुनेका चिडिया थिए । संस्कृतसँगका नाता बुझिएका थिएनन् । भाषामा शिष्टता पलाएको थिएन, छनाइ र सौन्दर्यात्मक चेत थिएनन् । उनले बनाए जसलाई श्रद्धा थियो ।

आजकल हामी अवहेलन गर्न सिकिरहेछौं त्यस्तालाई जो नेपाली शब्दका मुटुका धड्कन छ्यामी-छ्यामी बूढा भए, जो 'नेपाली' नामको भाषाका मूर्तिमान् मिठास छन्, जसले प्रथम सिर्जना र प्रथम आह्वान गरेथे । अवगुण नहुनु ईश्वरत्व हो, तर हामी उनका उत्तम क्षणमा उनीनजीक पुग्ने थोरै देख्तछौं । अरू बाङ्गाटिङ्गा अनौठा देखिन्छन् । उनमा प्राकृत रेखा सुन्दरले कुँदिझैं रहन्छ । अरू संस्कृतको विरोध गर्दछन् र नवीनतामा दावा राख्तछन् । तर माधुर्यको स्वाद पारखीकहाँ ज्यादा सुन्दर झल्कन्छ । ठेट नेपाली नराम्रो होइन तर नेपाली कुन शिखरमा सुनौला हुन्छ त्यसको विचार बुझ्नेले राख्तछन् । नवीन पद्धतिहरूलाई हामी नफरत गर्दैनौं तर तौल र ओजन, निर्माणकला र लालित्यको सूक्ष्म समझलाई हामी ज्यादा प्रशंसा गर्दछौं । उनी कुँद्न जान्दछन्, अरूहरू कोशिश गर्दछन् । उनी नेपालीको हृदयनजीकै आउँछन्, अरूहरू विदेशी ढङ्गले समाउन खोज्दछन् । अरूहरूमा वक्रता, चोसेमोसेपना, अनौठोपना देखिन्छ, उनी मिलेका छन् । हामी त्यति मिलेको भाषा अझ पाउँदैनौं । उनीभन्दा ठूला कवि भविष्यका गर्भमा होलान् तर उनलाई जित्ने हामीले देखेका छैनौं ।

उनीलाई पण्डितेपनाको अभियोग लगाउँछन् । सचेतता-अलङ्कारी, आडम्बर, अनुप्रासचातुरी, आधुनिकताको अभाव, संस्कृताधिक्य, उपमाजडाउ, माधुर्यको ज्यादा गुलियो, बोलचाली भाषाबाट दूरता, श्लोकटुक्रे विचार, भावको रोकावट, शब्दलालित्यको लोलुपता र अनेक अवगुणहरू उनमा छन् भन्ने आधुनिक सिकारुहरूको भनाइ छ । त्यसउपर ज्यादा गहिराइ केही देखिन्न भन्दछन् । पण्डितेपना प्राचीनका उपासना हो भने हामी तारीफ गर्छौं, किनकि उनी आधुनिक लेखकहरू झैं पुरुखाहरूलाई निन्दा गरेर बीसौं शताब्दीका दोषका नक्कलमा लागेका छैनन् । त्यस शब्दले पुरानो ढङ्ग थाइनेपन भनी जाहेर गर्छ भने जसरी

कालिदास आजसम्म पुरानो र थाङ्नो भएका छैनन् र नवीनयुगी प्रसिद्धिकामुकहरूले उनलाई ती उपाधि लगाउन जसरी योग्य देखिन्न, त्यसै गरी हामी लेखनाथ बुद्धिमान्को विवेकमा पुरानो र थाङ्नो भएको कहिल्यै देखिन्नन् भन्ने आशा राख्तछौं, किनकि उनको भाषा सौन्दर्यको तौलमा चल्छ। उनको ढङ्गमा सरसता कुनै युगलाई हराउन सक्तैन। सचेत कारीगरीको अभियोगलाई हामी बिलकुलै शून्य छ भन्न सक्तैनौं, तर त्यहाँ कारीगरी ह्वैन, कला छ। अलङ्कारी आडम्बर त्यस कुरालाई भन्न सकिन्न जो प्राकृत नियममा आधारित हुन्छ। अनुप्रास वाहियात देख्ने सङ्कुचित नजर हुन्छन्। आधुनिकता आजकलको पना हो भने हामी त्यसको अभावलाई ज्यादा अवगुण सम्झँदैनौं। संस्कृतलाई नफरत गरेर हामी आढ्य हुँदैनौं। यद्यपि बोलचालको भाषा या ठेट नेपालीभा पनि साहित्यको एक हाँगा हुन सक्छ, तर हामी संस्कृत नभए परिष्कृति नै देख्तैनौं त्यहाँ, जहाँ भावको गाम्भीर्य र उच्च रचनाको आवश्यकता छ। नत्र अलिकति अनौठोपन आइहाल्दछ। उपमाहरू जड्नु दोष होइन यदि तिनीहरू मधुर र प्राकृत हुन्। खालि आढ्य कल्पनाको सङ्केत मात्र तिनमा पाइन्छ। मधुरलाई ज्यादा गुलियो भनेर तीतोपनाको भक्त हुन सकिन्न र ज्यादा गुलियोपन उनमा म देख्तिनँ। कविता बोलचालको भाषामा हुनुपर्छ भन्ने कुरामा विवाद छँदैछ। हामी ग्रामीण र पहाडी बोलीबाट माधुर्य निकाल्ने कोशिशलाई प्रशंसा गर्दछौं, तर त्यही मात्र आखिरी फैसला राख्तैनौं। श्लोकटुक्रे विचारमा प्रवाहको रोकावट देखे पनि कविका भावहरू बाटुला हुँदै, बन्दै, कुँदिदै निक्लनुमा उस्तो दोष देखिदैन जतिको जङ्गलीपनाको प्रवाहमा देखिन्छ। पछिल्लामा आत्मदमन हुँदैन। सौन्दर्यका सूक्ष्म चेतहरूले सिर्जनालाई सोद्दै निकाल्दैनन्। भावको रोकावट हामी त्यहाँ अनुभव गर्दछौं, जहाँ खडबडाहट पर्दछ। शब्दलालित्यको लोलुपताको विषयमा हाम्रो रायमा सुन्दर भावहरूले तद्विपरी तद्‌रेखी शब्दहरूसित झुकाव लिने हुनाले शायद भावकै दोष हो कि ? तब अवगुणहरू छैनन् भन्न बिलकुल हामी सक्तैनौं। न त हामी स्तुति मात्र लेखिरहेछौं। न त यहाँ ईर्ष्या काम गर्दछ, हाम्रो हार्दिक सत्यले श्रद्धालु संवर्द्धन गर्दा हामी क्षमाप्रार्थी रहनैपर्दछ। तर हामी लेखनाथ पौड्याललाई नेपालका आधुनिक अद्वितीय महाकवि र महापुरुषका रूपमा देख्तछौं।

राय विभिन्न हुन सक्छ। युगहरू बेग्लै फैसला गर्न राख्छन्। तर श्रद्धालु कृतज्ञतासँग ठक्कर खाने नौला बकबकहरू स्वदेशी हृदयले सधैं सहन सक्तैन र त्यसका विरोधहरू धेरै ठाउँमा निस्कन्छन् र हरेक युगमा।

कविताले आजकाल नयाँ ढङ्ग लिइरहेछ, शैली बदलिंदो छ, मात्रिक छन्दमा छ्यामछ्याम-छुमछुम भइरहेछ। एक पन्थी सुमित्रानन्दन पन्तलाई कविताका सजीव मूर्ति र आदर्श सम्झन्छन्, उनको शैली नक्कल गर्दछन् र कति जना त्यसरी बिग्रे। हामी सम्झेर रुन खोज्छौं, त्यस्तै हाम्रा प्रथम कविजीमा अवगुणहरू छन् तर उनी हाम्रो लागि महान् छन्। दोस्रो पन्थी नक्कलबाज नभए पनि अलि बाङ्गाटिङ्गा देखिन्छन् र प्रसिद्ध नाटककार बालकृष्ण शमशेरको अनुकरण गर्न खोज्दछन्। ध्येय उनीहरूको पनि राम्रो छ। साफ शुद्ध सच्चा नेपालीमा दावा राख्न खोज्दछन्, यद्यपि ठाउँठाउँमा समझको कमी देखिन्छ। तर युग बदलिए पनि, शैली भिन्नै भए पनि, त्यो नेपालीको माधुर्य हामी बिर्सन सक्तैनौं जो महाकवि लेखनाथमा देखिन्छ र उनका चमत्कारहरूमा प्राकृत भएर निस्कन्छन्।

गहिराइको विषयमा, गाह्रो हुनु गहिराइ भनिन्न। कठिन तुल्याउनु कला सम्झिन्न; नबुझिनुमा महत्त्व छैन। पछि बुझ्लान्, कदर गर्लान् कसैकसैले! तर लेखनाथलाई बुझिरहनुपर्ने जरूरत छैन। उनी सजिलैसँग हृदयतिर झल्किहाल्छन्। उनी संस्कृताढ्य भईकन ज्यादा सरल छन्, त्यही कुरा बालकृष्ण शमशेरको विषयमा भन्न गाह्रो हुन्छ। कविताको क्षेत्रमा लेखनाथलाई अहिले अद्वितीय मान्दछौं, नाटकको क्षेत्रमा हामी बालकृष्ण शमशेरलाई त्यस्तै नेता र आधुनिक शिखर सम्झन्छौं।

# सुस्तरी श्वास फेर

मलाई कोपिला टिप्न डर लाग्दछ, मुना चुँड्न हात काँप्तछ। फूल शायद आजसम्म मेरो हातले च्यातेको होओइनजस्तो लाग्दछ। सुन्दरताका मृदुल नमूनाहरूमा क्रूरताको आत्मा कँपाउने के मोहनी हुन्छ ? राम्रो चीज देखे मलाई रूँ रूँ लाग्दछ, मानौं म त्यससँग प्रेम गर्न चाहन्छु, मानौं त्यसमा मेरो आत्मा यस्तो आनन्ददायी मोहनी देख्तछ, जस्तो मेरो हृदय अश्रुमय कृतज्ञतासाथ त्यससँग अनन्तको नाता जोड्न चाहन्छ। त्यसको कोमलताले मेरो आत्माको सब स्वार्थ र लोभलाई हप्काउँछ, र मानौं म अनेक क्रूर भावहरूको पापी शिकार झैं त्यसलाई ताकेर अश्रुमय नजरले कृतज्ञ प्रशंसा गर्दछु। मानौं मेरा हात त्यसलाई छुन ज्यादै खस्रा छन्, मानौं त्यसका मृदुल नसालाई वेदना दिने स्पर्श नै पापको मुटु हो।

यी भावहरू बराबर आए तापनि आदत यस्तो बलवान् छ कि फुस्रा क्षणहरूमा मैले अनेक पाप गरेको छु। मेरो जिभ्रोमा हिंस्रकता छ, म मासु खान्छु। यद्यपि छ बाजि छाडें, मेरो आत्मा नखा भन्छ, मलाई हृदयमा दुःख हुन्छ तर आदतको गाँजामा बेहोश भएर मलाई खाऊँ-खाऊँका जोडले त्यसै लैजान्छ। मैले एक बाजि मोहनलाल काटेको छु, त्यो सुन्दर रङ्गीचङ्गी परेको राजसी बनैया चरो ! मलाई त्यस जीवका आँखाले सरापे—मेरो आत्मा दागी बनेर स्वर्गका निमित्त निराश भइसक्यो। मेरा कविताहरूका आधा मोहनी त्यसैले उडाएर लग्यो, खालि हार्दिक पछुताउको अबोल खेदहरूलाई मात्र अलिकता मिर्मिरे माधुर्य राखेर गयो। चितानजीक हुँदा मैले मासुको गन्ध सुँघें, घीन लाग्यो, अनन्त घीन तर विस्मृति नभए हामी पापमा विलास किन मान्थ्यौं। म यन्त्र बनिसकेको छु, मुर्दा मासु लुछ्नलाई र चपाउनलाई मानवदन्त प्रयोग गर्न मलाई शरमै लाग्दैन कम से कम मासु खाने बेलामा ! तर अकेला

बसेको बेलामा गुमेको आत्मा कहाँ-कहाँ झ्यालबाहिरबाट आउँछ र मलाई आँखाभरिभरि अनौठा आँसुले भरिदिन्छ ! मेरो मुटुमा कमलो कुना थियो–जीवहरू र कलिला पत्तीहरूका निमित्त, तर किन म यस्तो मुर्दा झैं बस्तछु । म आफैं राम्ररी बुझ्दिनँ ।

मलाई संसारका क्रूरताहरूले गिज्याए-त्यस बेला जब म मृदुलको स्पर्श पाइरहेथें मेरो हृदयमा भीषण दक्खल परे । दुनियाँका राता दाह्रा र नङ्ग्राहरू देख्ता मेरो आत्मा चिढिएर कँडियो । मैले भनें– 'म मात्र ज्यादा मृदुल हुनु अतिजीविताबाट वञ्चित हुनु हो !' संसारको ढुङ्गे व्यवहारले नै हाम्रा कोमल नसाहरू ढुङ्गामा जडिदिन्छ । म यतिका मृदुल भावहरूमा सांसारिकताबाट पन्सिन चाहन्छु यति क्रूर दक्खलहरू हृदयमा अनुभव गरेर, दुनियाँ सोझालाई घोचो दिन चाहन्छ कोमललाई दबाउँछ, क्रूरदेखि डराउँछ । तब म मात्र किन बाहेक बनूँ ? यसलाई दाँतले तर्साउनुपर्छ, ठूला आँखाले दबाउनुपर्छ, धूर्तता र असत्यताले यसलाई पेच मार्नुपर्छ । म खालि यसको दलनमा किन धूलो बनूँ ? यस्ता प्राकृत भावहरू संसारका हावाले सजिलैसँग उब्जाउँछन् ।

त्यसको मासु खान आत्मा बराबर घिनाउँथ्यो । मैले सोचें दुनियाँका नङ्ग्रा कति लाल छन् । मासु खाने, धर्मधुरन्धरहरूको प्रवृत्ति देखेर रिस उठ्यो । उनीहरूका धूर्तताका मसिना हतियारले दुनियाँको छाला काट्दै चपाउन चाहन्थे । लुछाचुँडीमा निर्धाको मासु नङ्ग्रालाई सिवाय मैले देखिनँ । आत्माले भन्यो–'धत् उल्लू ! मासु नखानु आडम्बर हो' 'जीवो जीवस्य जीवनम् ।' तब चेतलाई अँध्यारोमा फ्याँकेर मैले भनें– 'ले, त्यो बलियाको शिकारलाई !' मैले आफ्ना त्यस्ता भावनाहरूलाई भनें– 'धत् उल्लू हो ! चूप लाग । यो बोको बलि दिनुमा बलवान्‌को महिमा छ ! म खालि प्राकृत जङ्गल-कानूनमा चलिरहेछु । महामायामा हिंसा छ !' तैपनि जिब्रोलाई छकाए पनि यसभन्दा मीठोपन कहीं अरू ठाउँमा छ भन्दै खान्थ्यो, शायद कन्दमूलमा र वृक्षले आफैं हातले दिने रसभरि दानाहरूमा । म मुर्दा जस्तो हुँदै गएँ र बराबर झल्याँस्स हुन्थें, 'छि: कस्तो, मैलो, मुर्दापन !' मेरो आत्मा बराबर रुन्थ्यो । तर खै के गर्ने ? भनेर मायावी आदतले त्यसै आँखा छोपिदिन्थ्यो ।

म बुझ्थें– म केका निमित्त जन्मिएको थिएँ । तर आफूलाई छकाउँथें । म सम्झन्छु–दुनियाँका व्यवहारका जरामा केही विषालुपन

छ, केही मौलिक वक्रता, जसले शिशुको प्रथम घृणापूर्ण हिंसात्रास मेट्तै लैजान्छ । मैले 'उनको मने' मा जुन भाव प्रकट गरेको छु, त्यो प्राकृत अवस्थामा अझ आउँदै छ । तर म अप्राकृत छु । परमेश्वर मेरो साथ हरहमेशा दिँदैनन् । म आफ्नो मैलो र घीनलाग्दोपनातिर व्यूँझिन चाहन्नँ । मलाई आदतले त्यसै लगिरहेछ ?

अहिले ती लुकेका भावनाहरू कहाँ-कहाँबाट खानेखुसी गर्न आउँछन् । मेरो जिब्रो भद्दा र खस्रो लाग्दछ, दाँतमा टोकूँ-टोकूँपनको क्रूरता तिखारिएको जस्तो लागेर हातखुट्टा गल्दछन्, मलाई राल स्वार्थको पग्लिंदो स्वाद आएर थुकूँ-थुकूँ जस्तो लाग्छ, मलाई पखालिन मन लाग्छ, कहीं गएर चोब्लिऊँ जस्तो । चालामा खिरखिरी पैदा हुन्छ मानौं यो सडिरहेछ– कोरीको शरीर जस्तो ! म के अरू चीज चाहन्छु, अरू जीवन ! अर्कै शीतलता ! हजारौं गालीहरू वन-पोखरी र चराहरूबाट ध्वनित हुन्छन् । मृत्युका चिम्लँदा आँखाहरू मलाई सराप्छन् ।

कोही भन्छन् 'तैंले अमृतको स्वादसँग विषको स्वाद साटिस् । स्वर्गको अपुतालीलाई जन्मेर आफ्नो अधिकार हिलामा फ्याँकिस् । तँ मृदुलको मोहनीबाट वञ्चित छस् ।'

मलाई शिर झुकाउन मन लाग्छ । मानौं सारा दुनियाँको जीवनमा रहने मृदुल परमेश्वर मलाई हप्काइरहेछ । म पापी हुँ भन्ने मलाई थाहा छ । तर अझसम्म मृदुलबाट बिलकुल वञ्चित छैन र सुधार र सफाइ छन् भन्ने आशामा जीवनको अधिकार ईश्वरसँग मागिरहेछु ।

बाघको बच्चालाई पैताला चटाएको उखान मानव-प्रकृतिलाई लाग्दछ । म आफ्नो जीवन भन्दै संसार चुस्ता-चुस्तै नृशंस हुन सक्तछु । संसारमा समर हुनु केटाकेटीलाई मासु-रगतका परिकार चढाउने आदतहरूबाट आएको जस्तो लाग्दछ । मान्छे अरूहरूसँग आफ्नो खाना मिलाउँछ र आफ्ना आँसुहरूले उद्धार माग्दछ ।

म अहिले बुझ्दछु– मैले भूल गरेको थिएँ । 'योग्यको अतिजीविता' सच्चा सिद्धान्त भए योग्यको अर्थ हिंस्रक हुन सक्तैन । मेरो कमजोरीले हार खाएर हिंसामा अनुभव गरेको थियो, जस्तो संसार अहिले गर्दैछ, तर च्याँठ, त्रास र व्यवहारको थिचाइबाट गरिने अनुभव सत्यनजीक पुऱ्याउँदैनन् । मेरो पतनले म तर्सिएको छु, जस्तो संसार कहिले-कहिले तर्सिन्छ ।

मान्छे के चाहन्छ ? सुख ! त्यो कहाँ छ ? परपीडनमा छैन । मेरा प्रहार मैउपर पर्दछन् । यो स्वाद कृत्रिमको छकावट हो । हामी सत्यबाट तर्सेर आदतको गाँजा खान्छौं, भ्रमको माधुर्य मजा लाग्दछ । तर दाँजेर हेर, मृदुले छोएका क्षणहरू र क्रूरको पगिलदो रक्तस्वाद-मानव–जिभ्रोमा ! त्यहाँ आसमान जमीन छ !

खाना त्यो हो, जसमा सबभन्दा कम परपीडन छ । धानलाई पनि दुःख हुन्छ । फल हाँगाको हातले चढाएको भए पनि आफैं नखसुञ्जेल टिप्नु स्वार्थको हात लम्बाएजस्तो लाग्दछ । कोही ऋषिहरू बोटमनि फल झर्नको आशामा चातक झैं बस्ताहुन् । उनलाई टिप्न गाह्रो लाग्दो हो, कन्दमूल खोस्रने मन्त्रहरू होलान्, जस्तो समिधा काट्ने र भात खाने । ऋषिहरू खानालाई सबै प्राणीको पेटमा चढाउँथे र अन्नलाई विश्वहितैषी आत्मत्यागमा मन्त्र सुनाएर खाँदाहुन् । स्वार्थ घुसेको खाना अँध्यारो खाना हो ।

ऋषिले आफ्नो बादलपारि घामको उज्यालो उच्चताबाट हेर्दा संसार कस्तो कस्तो देखिंदो हो ? साङ्ग्रो, छोटो किचिरमिचिर दृश्यमा सिल्मिलाउँदा जीवनहरू खालि 'खाँ ! खाँ ! खाँ !' गरेर मुख बाउँदै दाह्रा किट्दै लुछाचुँडीलाई जीवन भनेर चिची र पापा पिल्सिंदै गरिरहेको घीनलाग्दो नाटक देखिंदो हो । दुनियाँ खाँ खाँ-मा छ । उता चोर्छ, उता धूर्त्याइँ गर्छ, उता हत्या, मासु सिंगाछ–कालका निमित्त ।

ऋषिको आत्माले भन्दो हो, 'हाय ! अन्धा जीव हो ! यो उचाइमा अहिंसाको अमृत छ । यहाँ केही नखानु र नखोस्नुको मिहीन माधुर्य छ । यहाँ मृदुलको मन्दिर छ । सुनका घण्टीहरू बज्दछन् ।'

आत्मौपम्य नै ऋषित्व हो । जब म दुःख दिन्छु म भुल्दछु कि मलाई पनि दुःख हुन्छ । यस जीवनको प्यासी जादूमा मेरो विश्व र ब्रह्म छ । म अरूलाई मार्दा भुल्दछु कि उसलाई पनि त्यस्तै तिर्सना छ । म जीवनका निमित्त कृतज्ञ छैन, कृतघ्न बन्दछु । आफू त्यो चाहन्छु जो म अरूबाट खोस्तछु । दिव्य दृष्टिमा खोस्ने मानिसलाई जीवनमा अधिकार छैन । मलाई त्यस बेलासम्म जिउनको अधिकार छ, जबसम्म म परजीवनको आदर गर्न सामर्थ्य देखाउँछु । तब यो जीवन चोरी हो, डकैती हो, तर यसलाई सत्य र धर्मको तत्त्वमा बलिदान दिएर पखालिने मौका नदिएको भए म मुर्दा भइसक्ने थिएँ ।

बाघले हामीलाई खान्छ भनेर हामी बोको खाइदिन्छौं । तर मानवता त्यहाँ शुरू हुन्छ, जहाँ पशुको निरुत्तरदायित्व छुट्तछ । बाघ खालि हतियार हो, उसमा दोष छैन । तर विवेक र ज्ञानको बक्सिससँग हामीले जवाफदेही काँधमा चढायौं । तर हामी अनन्तको अदालतलाई प्रमाण पेश गरिरहेछौं, आफू बन्धनमा पर्ने प्रमाणहरू खोज्ने मानिस कति अन्धो होला ?

जहाँ हिंसा टुङ्गिन्छ, त्यहाँ मानिसलाई आँखा र अमृत दिइएको छ । हिंसा सत्यको आत्मघाती क्रिया हो । मासु नखानु मात्र, नमार्नु मात्र अहिंसा होइन । म जब फूलका कोपिला टिप्न काँप्तछु, तब ब्राह्मण जस्तो हुन्छु । इस्लामले तरवारको नोकबाट सत्य-समर्थन गर्न खोज्दछ । क्रिस्तानी 'पवित्र सरम' मा आत्मविरोधी उपहास छ । धर्मको शब्द सुन्दै आत्माले मानिहाल्नुपर्दछ, त्यहाँ हिंसाको जरूरत छैन । हामी ब्राह्मण क्षत्रियलाई तल्लो दर्जाको सत्यसमर्थन सुम्पन्छौं । तर हामी आँसु, पुकारा र दीनताद्वारा आफ्नो सत्य राख्तछौं ।

हिंसा नपञ्छ्याई मनुष्यको शैशव सकिँदैन । हाम्रो सच्चा विकास त्यहाँ शुरू हुन्छ, जहाँ संसार भ्रातृभावमा आइपुग्दछ । सभ्यता शुरू भएकै छैन । हामीले जीवनको कदर गर्न सकेका छैनौं । हाम्रो भ्रातृभावात्मक स्थिति भएपछि मात्र सच्चा उन्नति शुरू हुन्छ । अहिले हामीहरू संकीर्ण-विकीर्ण छौं, एक विश्व-मानव-संस्था अझ उघ्रिएको छैन । शक्ति छरिन्छ, एकध्येयी बन्दैन । त्यहाँ जातिलाई डर छ । हामी हजारतर्फ खिचिन्छौं र विरोधी बन्छौं । मानवजाति टुक्रिन्छ, गाँसिन्न ।

कोही-कोही भन्दछन्, 'समर प्राकृत कुरा हो । जीवनको नियम हो । सर्वोत्तम शक्तिहरूको प्रकाशन हो । यो विना जीवन रहँदैन ।' मानौं संसार खालि असत्य हो । मानौं भ्रम नै सत्य हो । मानौं मृत्युको उपासना नै जीवन हो । कोही भन्दछन्, 'समर प्राकृत हुनाको कारण मानव अन्तर्जगत्का विरोधी व्यक्तित्वविषयी भावनाहरू र ध्येयहरू हुन्, हामी तिनलाई भेट्न सक्तैनौं ।' व्यक्तित्व इत्यादि भिन्नता छ भन्ने म जान्दछु, तर त्यसमा मौलिक विरोध रहनु अप्राकृतपना हो । सब देखावटी विरोधहरू एक तत्त्वका हाँगा हुन् र एक तत्त्वमा साम्य लिन्छन्, तब समरहरू टुङ्गिन नसक्नु हाम्रो अर्धविकासको लक्षण हो ।

मलाई मानिसहरू 'सपनाखोरी' भन्ने नाम देलान्, यदि म भनूँ कि म मानव-भ्रातृत्वबाट एक कदम बढेर पशु र चराचुरुङ्गीहरूसँग र वनस्पतिसँग समेत भ्रातृभावमा स्पन्दित हुनलाई सभ्यताको शुरू सम्झन्छु । त्यो भारतले पाँच हजार वर्षअगाडि देखाएथ्यो । त्यसै कारण प्राचीनता मलाई प्यारो छ । त्यस भावमा म खेर जान्नँ, म सँग्लिन्छु, म विश्व जस्तो चौडापनमा आधारिन्छु, सङ्कुचित हुन्नँ, मेरा सहानुभूति सीमित हुँदैनन् ।

मैले अघि बताएँ हिंसामा मानव-जातिलाई भयङ्कर खतरा छ । साम्य नभएका असङ्गत सङ्कीर्णात्मक, विकीर्णात्मक, विवादात्मक भावना र ध्येयहरूमा छरिनु र सधैं रुनु बीसौं शताब्दीको अभाग छ । मानिस एकध्येयी नभएर मृदुल हुन्न, संगठनात्मक भ्रातृभावका मृदुल सहानुभूतिहरू यहाँ बल्किन्नन्, धार धारिन्छ, जीवन च्याँठले चुँडिंदा नसाहरू धोत्रिन्छन्, सबै सत्यध्येयी हुँदैनन् । मानवध्येयको ऐक्य त्यहाँ भावना गर्न सकिन्न जहाँ भ्रातृभावको विकास छैन, छापाका भङेराटाउके भ्रूटा सहानुभूतिहरू हामीलाई काम लाग्दैनन् । यो विशाल मानवशक्ति ध्रुव पाउँदैनन् । अनि खण्डन, मण्डन र संघर्षणमा काटमारका प्रदर्शनीहरू देखाउँछ । अझ मान्छेले बुझेका छैनन्–ती समरहरू खटिरा हुन् । समष्टि शरीरमा फैलिएपछि मानव-रक्त नै विषाक्त बनेर जातिसंहार हुन सक्तछ । यी भीषण लक्षण हुन् । हामी यिनलाई एलोपेथिक इलाजले ठण्डा बनाउन चाहन्छौं ! मानवशक्तिले सत्यको र ऐक्यको दिशा पाएन, गडबडियो । हामी मानवभावले उद्वेलित हुँदै, ध्वनित हुँदै काममा लाग्ने शिक्षा र प्रवृत्ति नपाई बाँदर-नजीकै हुन्छौं ।

यो जीवन एक वीणा हो जहाँ विवादहरू बजाउन दुःख हुन्छ । हामी मृदुलको कलाले आनन्द पाउँछौं । यी नसाहरूमा अवहेलना नराख, खिरखिरी लाग्ला । यो आँखामा ईर्ष्या नराख, विषको बाण रगतमा लाग्ला । यी ओठमा छल नराख, समयको आँखाले भेट्टाउला र गुम्सिएको मिथ्या बारुद झैं पड्केला । नकिच, उल्टिएला । यो मिहीनको कला हो, तारहरू ठीकसँग छोऊ यसरी कि मृदुलको आत्मालाई दुःख नहोस्, यहाँ मृदुललाई बोलाउन सक्नुमा महिमा छ ।

म विश्वको सत्य त्यहाँ छुन्छु जहाँ जीवहरूलाई म सहानुभूति गर्दछु । जस्तो दिव्य करुणा गर्दछ । कीराहरू नमार्नू र कीटाणु नमार्नू

भन्दा धेरै जना हाँस्तछन् । तर तिनलाई सिर्जना नदिनु हाम्रो मुख्य ध्येय हुनुपर्दछ । मूल कारण भेट्टाएपछि हाम्रा सबै कीटाणुहरू आफै हराएर जान्छन् । तिनीहरूको बाहुल्यले भन्दछ–मानिस अधोविकसित छ र नशातिर बढिरहेछ । तिनीहरू जरूर हराउँछन्, मलाई विश्वास लाग्छ, जस्तो अहिंसात्मक तपस्वीको अगाडि बाघको हिंस्रकता हराउँछ । जीवहरूले स्वभाव फेर्दछन् । के विकासमा यस्तो सम्भावना छैन ? बाघहरू हराउँछन्, मृगहरू बढ्दछन् ।

तब नभन, 'संसार संग्राम हो ।' मृदुलमा ध्वनित होऊ । मानव-मानवमा मौलिक विरोध छैन । आफ्नो आत्मालाई दुःख दिनु जीवन होइन । विलयको हँसिलो लाली र रङ्गीचङ्गी चाचाहरू क्षणिक सिंगार हुन् र मिथ्याबाट आउँछन्, यदि तिनीहरू हिंसासँग सम्बन्ध राख्तछन् । वीरको आत्मालाई पनि कहिले-कहिले रुन मनलाग्दो हो ।

लोभ, काम, क्रोध, ईर्ष्याहरू सब हिंसा हुन् । म मान्छे अरू मान्छेका निमित्त बाँचेका देख्न चाहन्छु, स्वैन; अरू पशुहरूका निमित्त समेत, बाघदेखि डराएर तपस्या हुँदैन । मासु खानेलाई सम्झाउनू, नसम्झे मासु चढाइदिनू, जस्तो कोही-कोही साधुको कहानी छ ।

तब मृदुल बन । आफ्नो खानालाई पनि करुणा गर । दुनियाँमा क्रूरता असुन्दरता हो । नलुछ, नतान, आफ्ना निमित्त । सुस्तरी श्वास फेर, नत्र दुनियाँको सार्वजनिक वायुमण्डलबाट ज्यादा अनधिकार श्वास खिचिएला र तिमीमा आत्मग्लानि होला ।

# आमाको दिल

"बोट बनाएँ जीवनको ।
वृन्तहरूको झूल ॥
रङ्ग बनाएँ प्रेम मृदुलको ।
'बाल' बनाएँ फूल ॥
पातहरूको खोपी बनाएँ ।
आकारी शोभन ॥
श्वासहरूले सुस्त झुलाएँ ।
मेरो सुन्दर मोहन !
कण्टकहरूका चिन्तनहरूले ।
रक्षा गर्दै क्षण-क्षण ।
शीतल-शीतल आँसुहरूले ।
गरें प्रतिदिन रोदन ! ॥
तैपनि वैल्यो हाय जुहार ।
कसरी राखूँ म जीवन !"

यहाँ ध्वनिसँग फूलका बोटहरू फूल ओइलिनासाथ जीवनलाई निस्तार देखेर निराश शुष्कताको वैराग्यमा प्राप्त हुन्छन् ।

के कसैले बाल-वियोगमा आमाको दिल रोएको देखेको छ ! त्यो वेदना पत्थरको छातीलाई पगाल्दछ ! सूर्यको मुख अँध्यारो बनाउँछ । मानो अनन्तले धुँक्का लिन्छ । मानौं आकाश त्यसकै स्मरणले अँधेरीमा घुसेर प्रतिदिन असंख्य जगत्हरूलाई 'गहभर भर नीर' बनाउँदछ । हामी जीवन र संसार दुःख रहेछ भनेर त्यही दिव्य करुणालाई समेत चैतन्यले रुलाउने क्रन्दनमा बुझ्दछौं । आशाको आत्मा पनि मलिन भएर दिनको घाममा अँधेरी देख्तछौं । महत्त्वाकांक्षा पनि त्यस ध्वनिमा असारताको स्पर्शले झुकेर झरेका पत्तीहरू माटामा ओइलाइरहेको देख्तछ । पातका

अणुअणुहरू काँपेर त्यसका सामुन्ने विचित्र त्रासले 'हे भगवान्' को अन्तर्ध्वनि निकालेर भित्रभित्रै रुन्छन्, हाँसिरहेका यौवनका आँखाहरू पनि टलपलाएर करुण सहानुभूतिको प्रभावमा सबै फूलहरूका सौन्दर्यमा अन्तर्गत म्लानताको आच्छन्न आँसुहरू निकाल्दछन् । युगयुगका वियोगहरू त्यहीं ध्वनित र प्रकाशित हुन्छन् । मानवताको मुटु, त्यहीं कोकोहलो हाल्दछ !

त्यस वियोगिनीका हृदयबाट सागरहरू पोखिन चाहन्छन्, घोप्टिन चाहन्छन् तर बूँदमा टप्किन्छन्, एक एक बूँद बूँदमा एक एक सागर बनेर अनन्त वेदना व्यक्त हुन चाहन्छ, तर घुड्का घुड्का आँसुमा गहिराइ उचालिन चाहन्छ, तर घुँक्किन्छ । मानौं संसारमा भाषा सीमित र अपूर्ण छ । विश्वका सबै नसानसा आँसुका स्पर्शले सर्सराउँदै वेदनाले बर्बराउँदै उठ्तछन् । कलेजा काँप्तछ । मुटुबाट चिसा सिर्का छुट्तछन् ! प्राणले प्राण बोलाउँदै कोकोहलो हाल्दछ ! वलिन्द्रधारा छुट्तछन् । गाँठो पर्दछ । फुक्न खोज्छ, फुक्तैन 'गयो कि मेरा बाबा !' भन्ने करुण क्रन्दन नैराश्यको अनन्त वेदनासँग वियोगमा अन्तर्ध्वनि झैं जीवनको मुटुबाट निक्लन्छ । मानौं आत्मा बन्धन छाडेर जाने आत्मालाई बोलाउँदै चिच्याउँदै उठ्तछ । आत्माले बिलाएको दृढ मोहनी स्मृतिमा खोज्दै 'यहाँ छ कि उहाँ छ कि' भनेर अतीतका मुटुमा छाम्न खोज्दा झल्केका ध्वनि र झल्काहरूमा 'यसो भन्थ्यौ नि बाबा !' 'यस्तो गर्थ्यौ नि बाबा !' भन्दै घुड्का-घुड्की पिउँदै वेदनामा बराबर निसास्सिदै, अङ्ग-अङ्ग सिर्सिराउँदै उठ्तछन् र प्रत्येक क्रन्दन-ध्वनिमा एक एक अनन्तका जादू संसारहरू चकनाचूर भएर छरिएका बिलौना रुँदै उठ्तछन् । जीवन, धन, सर्वस्व कहीं थियो; हरेक क्षणका चिन्तित आँसुहरूले आँखा भित्रैबाट भिजाई-भिजाई त्यसको स्नेहशील पोषण गरिरहेका थिए । एक च्याँठले हृदयमा 'त्यो बिचरी कहाँ छ ?' भनेर खोज्न लगाउँथ्यो, एक चिल्लाहटले शिर पैतलाभरिका नसाहरू त्रासले काँपेर उठ्थे 'त्यसलाई केही भयो कि ?'– सूक्ष्म भावनाहरूले उसका निद्रामा सुन्दर सपनाहरू भागीभागी सुतेको, कुसुममुहार बराबर पुलुक्क हेर्दै प्यारका नजर तृप्त गर्दथे । उनी हावालाई भन्दथिन्, 'ज्यादा चिसो श्वासले नछोइदेऊ हे !' उनी नाटीकुटीहरूलाई जननीहृदयले धर्म बनाउँथिन्, कहिले सुँघ्थिन्, कहिले स्तनका मुन्टामा थुक्थिन् र लोभका नजरले दूषण पहिला एक-दुई सिर्कालाई भूईंमा

बहाइदिन्थिन् । उनीले भावनाले पोसेकी थिइन्, सपनाले सजेकी थिइन्, श्वास-श्वासको शुभेच्छाले बेह्रेकी थिइन्, उनलाई कान्छी औंलाको टुप्पामा गुलाफी काँढाले कोरेर झिकेको लाल थोपा देख्ता मुटु सिरिङ्ग हुन्थ्यो । आँसु त्यसै पग्लिन्थ्यो । त्यही कोमल सर्वस्व उनी छातीको छाती राखूँ भन्दथिन् । पापी हातहरूले खोसेर पत्थरमा उत्तानो पारेर राखिदिए । उनीले मागिन् । कसरी ? म भन्न सक्तिनँ आकाशतिर हेरेर, सबै मानवताको मुखमा हेरेर, दुवै हात फैलाएर के मागेको हामीले दिन सकेनौं । हामी रोयौं । उनीले आखिरी हिक्काहरू हेर्न सकिनन् । हामी देखेर खालि पिल्पिलाउँथ्यौं लग्यो क्रूरले ! बीच-बीचमा तिनी दाह्रा किट्थिन् । मानौं सब क्रूरका अदृश्य शक्तिहरूसँग लडाईं खेल्न चाहन्थिन् । 'हाय' हामीले भन्यौं, 'यो दृश्य सहन बाँच्नुपर्दछ ।' ती कहाँ अल्पिइन् कसैले जानेन । तर यो जीवनको स्पर्शले, हर्षले तोते बोल्ने मूर्ति 'संसार अनन्त वेदनामय !' भनेर लम्पसार थियो । मानौं आँखा उनका खोजिरहेका थिए, माथितिर कोही देश–जहाँ हामी लड्दैनौं, भिड्दैनौं' आँसु खसाल्दैनौं ।

'हे ईश्वर', मैले भनें, "हामीलाई मार, दुःख देऊ तर बालखबाट यसरी जननीलाई वियोग नदेऊ ।" तर ताराहरूमा चिसो ज्योति थियो, मानौं तिनीहरू भन्दथें, "हामीहरू पनि लाचार छौं ।"

मैले सम्झें, यसै कारण साधुहरू संसार छाड्दा रहेछन् र भित्रबाट आत्माले टोह्लाउँदै भन्यो, 'बिचरा मानिस ! तँ अहङ्कार नगर् ! मैले पठाएका मृदुलताहरू मकहाँ आउन्नन्; किनकि तेरो संसारमा हावाभरि धूलो छ ! तँसँग परमेश्वर हरहमेशा बस्न पाउँछन् ! तँ छिन्न, लुछ्न, च्यातेर हेर्न चाहन्छस्, तेरा आँखा गुलाफका जरामा हेर्नलाई ज्यादै खस्रा छन् । तेरा भावहरू ज्यादा हानथापमा रहन्छन् । तँ त्यो धर्म बुझ्दैनस् जो म तोतेमा बोलिरहेछु ! तेरो छातीमा म लिप्सिन आएथें, तँलाई आमा-बुबा भन्दथें । तर मलाई देखेर तेरो संसारले बहिरो कान लगायो र मेरा सबै ध्वनिहरू हृदयमा लिएन । म ताती गर्दै संसार धारण गरिरहेथें, मृदुलतामा तैंले जीवनको विशाल धर्मको स्पर्श गर्न सकिनस् । मेरो एक मुस्कानमा समस्त क्रूरता निभाउने शीतलता थियो, अमृतको ज्योति ! संसारले समझमा ल्याउन सकेन ! त्यहाँ निर्मलता थियो, त्यो देखेर तँ शर्माइनस् ! त्यहाँ विश्वप्रतिभालाई आफू सँभाल्ने अनन्त मृदुल

नसाका क्रिया थिए । एकएकको दिव्य स्थितिलाई अनन्तको क्रियात्मक प्रतिभाशाली होशको निमेष व्यापारहरूको चमत्कारी आवश्यकता थियो । तर तँ बुद्धू थिइस् : तैंले क्षणहरूलाई अवहेलना गरिस् । त्यो दिव्य कलाका सूक्ष्म सूत्रहरूका मधुर सङ्केतमा मृदुल हुन सकिनस् । त्यहाँ सच्चा दिव्य धर्म थियो । तँलाई मैले त्यो मृदुलद्वारा कर्म सिकाउन खोज्दथें ! तँ खालि मोहन प्राप्तिमा फुर्फुरिएर भौतिक नाताहरूमा सन्तुष्ट बनिस् । तेरा मसीहाहरू र ऋषिहरू त्यसका आभासमा धर्म सिकाउँथे, विश्व-धारणाका चिन्हहरू ! तँ झर्किइस्, तैंले क्षण-क्षण दिव्य मृदु रेखा पक्रने शील लिइनस् । त्यसैले मैले वियोगको हतियारले मेरो हृदयको वज्र फोरें ! अनि तँ सत्यको दिव्य होशले रोइस् !'

सबै धर्म जननीका हृदयभित्र लुकेका छन् । धारणा गर्नु धर्म हो; र शिशुको निमित्त जुन रेखा जननीको मृदुलताले लिन्छ, त्यहीं सब धर्म विकासिन्छ । अरू बगमफुस; हड्डी घोट्ने, दाँतकिटाहा बोक्रेपनाहरूका अहङ्कार हुन् । शिशुले विश्वमा मोहनी छाउँछ र जननीको हृदयले त्यसलाई धारण गर्दछ । पुरुष खालि उनको संरक्षक-शक्ति हो जसले उनको छातीका चिचिराहरूलाई हानि गर्न खोज्नेलाई हिंसा र नाशको तूफान देखाउँछ । शिशुलाई आदर गर्ने संसारमा हिंसाको मात्रा कम हुन्छ, र जुन धर्मले शिशुरक्षणको दिव्य सूक्ष्मता देखाउँछ, त्यही धर्म संसारको सच्चा धर्म हो । अरू धर्ममा खिंचातानी छन् । मृदुलता नै ईश्वर हो र त्यो जननीको हृदयमा बस्तछ, त्यहाँ हेला छैन; सिंगान र आचीदेखि घृणा छैन । त्यहाँ दिव्य स्पन्दनहरू छन् । जीवनको एकै दिव्य ध्येय छ, अनन्तलाई क्षणहरूमा होशदार सुकुमार आदरहरू, जो महात्मालाई अलभ्य छ ।

सत्य भावद्वारा झल्कन्छ । छप्परको साङ्ग्रो घेरामा जोड्नु-घटाउनु मात्र छ । तर हृदयमा ईश्वरको उज्यालो छ । म भाव या भावनालाई प्रथम मान्दछु, इच्छा गर्नु र विचार गर्नु पछिल्ला दर्जाका क्रम हुन् । भावनाका फैलावटमा विचार हाँगिन्छन् । त्यसका प्रेरणामा इच्छाका क्रियाहरूको प्रादुर्भाव हुन्छ । मनोवैज्ञानिक बहस यहाँ गर्न चाहन्नँ । नियममा सूत्रबद्ध नहुने सत्य आफैं भावनाका अनुभूतिहरूसँग बोल्दछ । पुरुषहरू ज्यादा जोड्नु-घटाउनुमा व्यस्त छन् । उनीहरू ज्यादा बोक्रे र लडाका हुन्छन् । स्त्रीहरू भावना गर्दछन्, रसाउँछन् । हामीहरू

तिनका नाटीकुटीहरू अन्धविश्वास र स्वास्नीमान्छेपना भनेर पन्छाइदिन्छौं नफरतको नोकले । तर जस्तो पीठोको रेखीहरूमा माने हुन्छ त्यस्तै तिनका सूक्ष्म नाटीकुटीमा अर्थ बसेको छ । प्रेमका बाङ्गाटिङ्गा रेखाहरूबाट संसार बनेको छ । हामी सबै ठाउँमा अर्थ पत्ता लगाउन सक्तैनौं; तैपनि हामी अज्ञानको घमण्डले जननीहृदयरेखाहरूलाई निरर्थक सम्झन्छौं । त्यो कहाँ बसेको छ भनेर विवेकका आँखा हार खाइरहेछन् ।

मलाई ता यस्तो लाग्छ कि जननीभावमा पृथ्वी दूधभरिला बालाहरू झुलाउँछिन्, जननीभावमा पृथ्वी घुम्दछिन् । विश्वमाता हाम्री त्यहाँ मूर्ति दिन्छिन्, जहाँ हामी शिशुको भावले अनन्तको दिव्य कारुण्य फेला पार्दछौं । अंग्रेजी पढे पनि मेरो हृदयले भन्दछ मेरो विश्वमा एउटी जगज्जननी खँदिलो रूपमा सत्ता राख्तछिन् । हाम्रो हिन्दूधर्म पशुमा माता देख्नुको भावमा निर्भर छ । हामी मृदुल छौं र हामी अरू जातिभन्दा श्रेष्ठ छौं । अहिंसाको विशाल तत्त्व भारतको हो । हाम्रो आर्यसभ्यताको श्रेष्ठता नै जननीभावको श्रद्धामा निर्भर छ । हामी स्वदेशलाई माता भन्दछौं र हाम्रो धर्म र सत्य जननीको हृदयबाट भुलभुलाएर निक्लेको थियो ।

# शिक्षा

हामी ज्यादाजसो शिक्षा जसलाई भन्छौं, त्यसले मानिसलाई मूर्ख बनाइरहेछ । लादिनु र नाकडोरी लगाइमाग्नु नै शिक्षाको मुख्य लक्षण देखिन्छ । भोगटेको चश्मा तिनले लाए, जो पण्डित विद्वान् बने । अक्षरको कालो नाचले आँखा नतिरमिराई मानिसलाई सरस्वती खुल्दिनन् भन्ने हाम्रो साधारण विचार छ । दुनियाँभरको महामहोपाध्याय एउटा महात्मा छ भन्दछन् । अंग्रेजीले रङ्गिने चश्मा लगाएर ज्यादाजसो संस्कृतले सुषुप्तिको अनेक युगमा कुइरोद्वारा मात्र परमेश्वरको उज्यालो भेट्टाउँछ । नासमझ परिपक्व नभईकन विश्वविद्यालयले प्रमाणपत्र दिँदैन । विद्यालयहरू यन्त्र बनाउने कारखाना छन् । समाजको ऐठन परेको शिक्षामा मानवबुद्धिले हातखुट्टा चलाउन पाउन्न । शिक्षकहरू धोत्रिएका आवाजका भ्यागुता छन् । स्वतन्त्र प्रकाशनको अवरोधलाई तालीम भनिन्छ । बालुवादार बाल्यावस्था बाँधिन चाहँदैन, बिचरा चाखदार आँखाले के देख्तछन् ? सेता चिच्याहटलाग्दा भित्ता । ईश्वरले बनाएको संसारको उपन्यासबाट तिलस्मी जादू गुमाउनु बालशिक्षाको ध्येय हो । प्राकृतिक विकास नपाएका रुग्ण कलपुर्जाहरूमा घिच्याइएका वाक्कलाग्दा पाठहरूको समूहलाई हामीहरू किताप भन्दछौं । गुलाफको जरामा हात नहाल्नु नै बुद्धिमानी हो । हामी सबैलाई एकै मिसिनमा छाँटकाँट दिन चाहन्छौं । विचाररेखाहरू हावाका लहर झैं आफ्नो दिशा लेऊन् । म त आफ्नो रायले विकास लिंदो हृदयलाई किन्न चाहन्नँ । तर साधारण शिक्षकहरू मूर्खता लाद्न चाहन्छन् र अल्पज्ञानको कट्टरपनाले ठोकुवा मिजाससँग पढाउँछन् । बेतको अत्याचारले राय लदाउने तानाशाहीहरू आफूलाई विद्वान् सम्झन्छन् । भौतिकता र प्रतिभाको नैसर्गिक प्रभावलाई रोक्ता धेरैजसो कवि र कलाकारहरू अदालतका अध्यक्षताभन्दा माथि पुग्न सकेका छैनन् । हाय ! नबाँध यी काला जञ्जीरले मलाई । म खुला हावामा

शीत सुँघ्न चाहन्छु। शब्दमा ती चित्र बन्दैनन् जो मैले खुला घाममा देखिरहेछु तिम्रो सभ्यता यत्तिकै न हो ? मैले यसमा केही मोहनी पाइनँ।

तर पद्धतिपुजारीहरू भन्दछन्, 'त्यो सिद्धान्त त चरा र पशुलाई शायद बिरुवालाई पो काम लाग्छ। विवेकशील मानिस क्रमिक विकासद्वारा परिपक्व हुन्छ। युग-युगका औताली किन खेर फाल्ने ? तिनमा अनन्त परिश्रमले छाने-बिनेका चीजहरू छन्। हामी पहिलेदेखिन् शुरू गर्न सक्तैनौं। जीवन छोटो छ, मार्गप्रदर्शक नभई विश्वको विशालता त्यस्तै अतर्स्याउने भूलभुलैया बन्दछ। तत्त्वान्वेषक वेदनाशील छ र अरूहरूको दुःखद्वारा आफूले दुःखनिवारणका आविष्कृत उपायहरू हात लगाउनु नै बुद्धिमानी हो। मानिस अनुभवले सिक्छ र जङ्गली अवरोधहीनतामा मानिसको साम्यदार मानवताको विकासशील सौन्दर्य नियत रेखामा स्पष्टीकृत हुन सक्तैन। मानव-संस्थाहरूमा र शिक्षाक्रमहरूमा पूर्णता नरहनु साधारणै कुरा हो, तर शिक्षा पनि एक कला हो, जसको हामी बेपर्वाह राख्न सक्तैनौं।

म तिनीहरूको सबै कुरा काट्न सक्तिनँ तर मेरो मत धेरै कुरामा शिक्षाप्रणालीको विरोधी छ। मलाई शिक्षा भनेको त्यस्तो केही कुरा हुनुपर्दछ जस्तो लाग्दछ जसले किसानको आदत लेओस्, माटो खनोस्, मलिलो बनाओस्। जमीन तयार गरोस् तर प्रकृतिलाई सहायता दिनका निमित्त मात्र, बीउलाई खुला हावा र उज्यालो दिनका निमित्त मात्र, बिरुवालाई स्वर्गको किरणबाट पोषण लिने मौका दिनका निमित्त मात्र। मानिस कृत्रिम छैन भन्न म सक्तिनँ। त्यो त बाबा आदमउपरको सरापै हो। नाङ्गै जन्मिनमा बुन्नु, तान बनाउनाको सङ्केत रहेझैं विवेकसम्पन्न हुनुमा कानून-स्थिति र बन्धनशील विकासहरू अन्तर्गत छन्। तर प्रकृतिको नियम छाडेर एक पाइलाभन्दा पनि मनुष्यतामा सफलता मिल्न सक्तैन भाव र विचारको जगत्मा हामी कतिसम्म प्रकृतिको अनुसार चल्दछौं, अथवा अरूहरूलाई क्रमिक विकास दिनामा हामी कहाँनेर भूल-चूकमा पर्दछौं। जीवनको क्षेत्रमा कुनै रेखागणित छैन। त्यहाँ पूर्णबाट पूर्ण निकाले पनि पूर्ण नै बाँकी रहन्छ। एकभित्र परार्ध छ, अणुभित्र विश्व। विज्ञानले सबै कुरा भेट्टाउन सक्तैन र हाम्रा मनोवैज्ञानिक अध्ययनहरू विवेकको अँध्यारो भित्रभित्रै टुङ्गिन्छन्। यसकारणले कुनै

शिक्षक पनि पढाउन जान्दैन । शिक्षा जञ्जीर नहोस्, सिक्री नहोस्, नहोस् ऐठन; होस् प्राकृत विकासलाई सहायता दिने प्राकृत उपाय । साङ्ग्रो गराओस्, तर हठसिद्धान्ती नबनोस् र चारौंतर्फ देखाओस् । अकाट्य अनन्त नियमहरूको होश दिलाओस् तर संकुचित बन्धनले नजेलोस् । शिक्षाले आत्मालाई बाधा नबनाओस् तर प्रकृतिका र जीवनका क्षेत्रमा स्वतन्त्रतान्वेषक बनाओस् । हाम्रा सबै शक्तिको प्राकृत विकास गरोस् र अर्द्धविकसित अवस्थामा राखेर हामीलाई साङ्ग्रो कट्टर नबनाओस् । पूर्णतातिर लैजानु यसको ध्येय होस् । भित्रबाट प्रकाशका निमित्त ठाउँ खोजिरहेका शक्तिहरूलाई यसले प्राकृत मार्ग दिन सकोस् ।

पढाउनुमा केही कृत्रिमता छैन भन्न कोही सक्तैन । लडकालाई बागमतीमा पौडी खेल्न मन गइरहेछ, तर शिक्षकले कान निमोठेर भन्छ–"पढ ! पढ !! दुई तियाँ छ, दुई चौको आठ" बागीको आत्मा अनन्त च्याँठ अनुभव गरेर भन्दछ "यसमा के मोहिनी ? दोहोऱ्यायो, दोहोऱ्यायो, आखिर उत्तिकै ! यी अङ्का खुट्टा छैनन्, दुई चौको आठै हुनुमा के मज्जा ? कहिले दश, कहिले बाह्र होस् न ! अनि पो मज्जा !" एकोहोरो ठाउँमा सधैं उस्तैउस्तै टुङ्गिनुमा उसलाई मजा लाग्दैन । ऊ बन्धन चाहँदैन; कहिले खुर्र दगुरोस् न "दुई चौका दश, दुई पञ्चे दुई सय" होस् त अनि पौडी खेलेजस्तो हुन्थ्यो । अनि त्यो दुई एउटा पुल होस्, अर्को खोला । अनि त्यो चार मूँगफली छोडाउने सहपाठी हुन् ! त्यसो भए पो मजा । शरीर तौलमा राख्न, टाउको ठाडोको ठाडै पानीमाथि । अनि माछाजस्तो हातरूपी पयरले चालिँदै बहँदै आफ्नो मजाको दिशामा जानु, अलिकति पानी पनि खाइने होओस् ! त्यहाँ छ खतराको मजा ! त्यो नभएको दुनियाँले के काम ? यहाँ खालि कान निमोठ्छन् या हातमा एकै छिन रन्न तातो डाम लगाइदिने त हुन् नि ! यहाँ जीवन ! यहाँ जडाउ र ज्ञानहरू जिल्ददार छन् । "मास्टरजीको चश्माले हेर्नको के चासो ?" यस्ताका विरोधी क्रिया अचेत र सचेत दुवै तवरले चलिरहेको बेलामा त्यो वैवेकिक गणितसूत्रमा मानवात्मा न मोहनी देख्छ, न सार ! जीवनको कुतकुती अरू दिशामा छ ! पौडिनु त्यहाँ डुब्नु छ, पानी खानु छ । अङ्कगणितमा पौडी खेल्दा बेञ्चमनिका खुट्टासम्म चाल्ने मौका रहन्छ ! यसकारण मानवात्मालाई यो बन्धन अप्राकृत असह्य छ । बस ! मास्टरजी कपाल दुख्यो ! ऊँ ऊँ ! आँखा रसाए, म इस्कुल जान्नँ भन्दा

पनि ठग भनेर गाली गर्ने घरमा ! यहीं मर्छु भनेको त हो नि । काल पनि आउन्न !' बस ! बिदा मिल्यो । हिंड् खुट्टा ! अहिले सुस्त, अनि कुनामा मोडिएपछि खुशीको उफरपाफरमा !

यही रीतले आत्मा एक चीज चाहन्छ, शिक्षा अर्को चीज दिइरहेछ । आत्मा भन्छ 'चङ्गा !' इस्कुल भन्छ 'ढुङ्गा' । एउटा केटाकेटीले आफैं टुडिखेलमा बसेर लुमडी जान दुई बगल हिंड्नुभन्दा तेर्सो जान पाए धेरै हुने थियो भन्ने विचार गर्न लागेको थियो । तर घण्टी बज्छ, कराल चेहरा भएको चश्मादार उड्वा मास्टर बेतको छडी लिएर क्लासमा पसे । "लौ भन् ! हल र स्टीभन्सन साहबको एघारौं थियोरेम्", कण्ठस्थ लप्टन जाँचकले सिपाहीको पाठ बुझेझैं । बस ! कपाल कन्याउन लाग्यो, कपाल कन्याइले आएको कुरा कुइरो भयो, 'क ख' र 'ग क' दुईटै भन्दा 'ख ग' ठूलो छ भन्ने प्रमाणित गर्नुपर्‍यो ! "वा: खूब धक्कू लगाउँथिस् त !" "गोबरको मगजमा उम्रिएका यी क्या हुन् ?" तलास खलबलियो । "अरू ! भन् अरू गधा" गधाले रेखागणित प्राकृत तवरले बुझ्यो त्यो लुमडी जाने बाटोमा तर यो अप्राकृतिक तवरमा मानिस गधामनितिर ओल्र्यो मगजै चलेन ! "यो जस्तो बोधो गधा मैले देखिनँ । थाप् हात !" उत्तेजना पाउँदी कल्पना तत्त्वान्वेषिणी बनेर प्राकृत जीवनमा नव-नव प्राप्ति गर्दै संसारको मोहनी अनुभव गर्न चाहन्थ्यो तर त्यो आठ पहर पढाउने खुला विश्वविद्यालयबाट वञ्चित भएर प्राकृत सिद्धान्त र तत्त्वलाई नासमझसँग जोडेको र जबर्जस्तीले रङाएको, बेतदार अनुशासनद्वारा मगजका मोहनीले चुम्बकिंदा गिर्खाहरूलाई बङ्ग्याएर उही मास्टरजीको "विद्या भनेको मेचमा बस्न पाउनु हो" भन्ने स्वाङ बढाउने क्रियामा नआई रेखागणितका निमित्त बिचरो सम्वर्द्धनशील बाल्यमस्तिष्क लाचार रहन्छ ।

हामी खाना दिन जान्दैनौं । दिने तवर पनि ठीक किसिमको छैन । इस्कुलको नास्तिकताले पचास या सय मनुष्यमा एउटै आत्मा हुन्छ भन्दछ । व्यक्तित्वको अभिरुचिअनुसार पोषण छैन । आर्यसंस्कार दिनु आधुनिक शिक्षकको वृत्ति छ । हामी उल्था गर्छौं; विदेशलाई श्रेष्ठता दिन्छौं । शिक्षित नेपालीले आफ्नो घर कहिल्यै पनि बुझ्दैन । नेपाली भाषामा लेखिएका उही चीज नराम्रा हुन्छन्, या तिनमा हृदयस्पर्शिता रहँदैन, अंग्रेजीमा उल्था गरे तिनै चीज दिलदार हुन्छन् । अंग्रेजी शब्दकोषका

लम्बा लबज जान्नु विद्वत्ता कहलाउँछ । आफ्ना भाषामा समझ बोल्ने अशिक्षितभन्दा विदेशी भाषामा नासमझ बोल्ने विद्वान् ठहरिन्छ । हामी अंग्रेजी देख्तै श्रद्धा गर्दछौं । स्वदेशी भावहरू हामीबाट निक्लँदैनन् । हामी हिन्दू जातिलाई हेप्तछौं । तान्ने किसिमका जान्ने हुन चाहन्छौं । सङ्कीर्णता, विकीर्णता नै शिक्षा हो । जीवनबाट दूर गराउनु विद्यालयको क्रम छ । हामीलाई के चाहिएको छ त्यो बुझ्ने थोरै छन् । प्रवृत्तिहरूको संस्कारशील पोषण पाइन्न । मगज विग्रिन्छ जस्तो चर्कुल्लो पिपिले गानको मधुर आत्मा प्रतिभाशाली व्यक्तिहरू मूर्ख बनाउने प्रमाणलाई शिक्षा नाम दिइएको छ । यहाँ गर्व, अहंकार, मद, मात्सर्य, म्लेच्छता, शक्तिप्रेम, हिंसात्मक प्रवृत्तिहरू र असत्यको हरएक किसिमका तत्त्वकला अक्षरहरूद्वारा उचित तवरले पढाइन्छन् । तब ज्ञान मगजमा बस्तछ, हृदय रित्तो बन्दछ र झिलिमिली चतुरताको सिंगार पाएको खप्परे सुगाझैं दोहोरावटमा आत्मशमन राखेर खोक्रो बोली बोल्ने सोखमा फुर्फुरिन्छ ।

हामी कति समय बरबाद गरिरहेछौं यत्तिका निमित्त ! जति मैले बी०ए० सम्म पढें त्यति त मलाई विश्वास लाग्छ तीनै वर्षमा केटाकेटीलाई कथा सुनाएर तिनीहरूसँग कुरा गर्ने एउटा बालकनिकेतन बनाए म सजिलैसँग बालबालिकाहरूका मनमा झन् राम्रो तवरसँग घुसाइदिन्थें । मानिस अझ अर्धशिक्षित छँदै छ र न्यूनसंवर्द्धित । मलाई खेद लाग्दछ कि यत्तिको मिहिनेत बेकार गयो । पन्ध्र वर्ष ता पढिसकें र मेरो जीवन सालाखाला पच्चीस होला । तर के हात लाग्थ्यो ? कागजको खोस्टो, जसले मलाई हरहमेशा गिज्याइरहेछ र संसारलाई हरहमेशा छकाइरहेछ । मैले त्यस कक्षासम्म राम्ररी न पढें न आइपुगें । जाँचको ऐंडीमा नम्बरका निमित्त पढियो । थोरै जिज्ञासाले पढियो होला र ? किताबले राम्ररी मेरो हृदय छुनै सकेन, नत्र मलाई आजकल किताप पढ्नेदेखिन् किन यत्रो आलस्य र वैमनस्य लाग्दथ्यो ? पन्ध्र वर्षको बोध चिच्याहट पाई पढ्दै नपढूँ जस्तो लाग्नु आधुनिक शिक्षाको लक्षण हो । कति सस्तो सन्तोषले हामी बी०ए० एम०ए० हुनासाथ किताब पन्साउँछौं । मुख्य काम छ रोटी कमाउनु, नौनी लगाउनु ! मलाई त्यो कुरा पढाउन शरम लाग्दैन जो म आफैं जान्दिनं ! दुनियाँ आशा गर्दछ म उसलाई निराश गराउन चाहन्नं । यसरी मैले कति सय लडका बिगारिदिएँ हुँला ! उनीहरू

बिग्रनलाई बाबुका निधारका मोतीले तिर्दथे, र यति गर्नका निमित्त जीवनको आधा भाग लगाउनु कुन बुद्धिमानी भयो ? मलाई अपशोच लाग्छ यतिका मूल्यवान् वर्षसम्म राष्ट्रको शिशु निरर्थक आत्मविकारको क्रममा चल्दछ । हामी कहिले परिपक्व हुने ? मलाई हतपत लाग्दछ । गूँगो कलम देख्तै रिस नउठ्नु उन्नतिशीलको लक्षण हो । कलेजले पढाउने कुरासम्म त दश वर्षमा कथाकुथुङ्ग्रीबाटै सिकिहालोस् न यो कुरा कहानीबाट ! अनि सोह्र वर्ष हुँदा दुनियाँ बुझेर अगाडि सरोस् न नवयुवक ! म सुन्दछु बाह्रहाते तीन वर्ष काट्यो क्या र ! तर वर्षको भेडो बन्नुमा के देखियो यहाँ ! पन्ध्र रुपियाँ, एक सय असी घण्टा काम गरेर ! अनि गरीबका बाबुआमाले के मोहनी देखून् ? अझ म चाहन्छु कुरा गर्ने शिक्षकहरू दुनियाँमा डुलून् । खुला इस्कुल बनून् । छानिएका सत्पात्रहरूद्वारा दुनियाँलाई शिक्षित हुन दुई दिनको कुरा छ । पन्ध्र-बीस वर्ष पढेर दाढी पाकेर बिग्रिसकेका हुन्छौं या दोस्रो संसारमा बेपरवाहको नतीजा भोग गर्न पुगिसकेका हुन्छौं । समयको दुरुपयोग देख्दा आत्मा सन्तुष्ट रहँदैन । हामीले शिक्षालाई जीवनमा लगेर घरघरमै घुसाउनुपर्दछ । 'शुरू भएकै छैन' भन्ने पनि छन् नि ? उपाय हजारौं निक्लन्छन् त्यहाँ, जहाँ हामी मगज लगाउँछौं । श्रद्धासँग यो पन्ध्र वर्षलाई काटेर पाँचौं वर्ष गराउन सकियोस् त ? दश वर्ष जीवन राष्ट्रलाई थपिने थियो र हामी दश वर्षका कष्ट नपाई दश वर्ष अग्रसर हुने थियौं र अरू जाति फेरि अरू पन्ध्र वर्ष पढ्दै गर्ने थिए र हामी पाँचै वर्षमा तिनलाई उछिन्ने थियौं । सापेक्षिक दृष्टिमा हामी तिनसँग बीस वर्ष नाफा गरेर जीवनको दौड छाड्ने थियौं । तर हामी मेहनती जाति भए पनि कट्टर प्राचीनवादी छौं । अनुभवदेखि डराउँछौं । तर यहाँ खतरा छैन । खालि दुई-चार मगजदार मिले उपाय निस्किन्छ । हामी दश वर्षका शववेदनाबाट नवयुगका शिशुलाई बचाउँछौं । 'असम्भव' भन्ने पनि कुनै छन् नि ! तिनीहरू सस्तो नैराश्य लिने किसिमका कठिनतावादी हुन् ! शिक्षासुधारमा राष्ट्रको सुनौला भविष्य छ ! झुपडीसम्म किताब पुऱ्याउन सकिन्छ र खेतमा परीक्षा ।

शिक्षा म त्यसलाई भन्दछु, जसले मानिसलाई पूरा मानिस बनाउँछ, जसले जीवनको अल्पतामा दृष्टि राखेर समयको हिसाब उपयोग गर्न सिकाउँछ र सबभन्दा उत्तम मानवोपकारी क्रियाहरूमा जसले सबै

मानसिक र शारीरिक शक्तिहरूलाई बचाउने तवरले मिलापसँग संवर्द्धन दिन्छ; जसले मानवात्मालाई आफ्नो भित्री शक्ति र सूक्ष्मातिसूक्ष्म भावनाहरूमा सचेत गराउँछ, जसले सत्यको पथमा मनुष्यको अनन्त शक्ति पत्ता लगाई विकासशील क्रमहरूद्वारा प्रकाशनशील बनाउँछ, र बढ्दो शक्तिको साथ त्यस्तो अमीर चैतन्यको विकास गराउँछ, जसले हितकारिताको सामर्थ्यदायी नै आत्मबलको गौरव सम्झन्छ । जसले प्राकृत आभ्यन्तरिक उद्‌गारमा साम्य, सौन्दर्य र सत्याभास दिन्छ र हरहमेशा जागरित राख्तछ, विश्वास उत्पादन गर्दछ र विश्वासका अमर नियमहरूद्वारा स्वर्ग र ईश्वरको चेत खँदिलो बनाउँछ, जसले मानवताको आह्वान आत्मालाई कसरविना उचालेर प्रत्युत्तरदायी बनाउँछ ।

# गौरीशंकर यात्रा

बालकको इन्द्रेनीपछि दौडिने र चन्द्रमा हातले पक्रन खोज्ने तिर्सनाहरू सभ्यता र उन्नतिका प्राकृतिक प्रेरणा हुन् । मानौं प्रकृतिमाताले हरहमेशा 'लौ पुग त नानी' भन्ने उत्तेजनाले हाम्रो बालचरण ठड्याउँदै र चलाउँदै गरिरहिछन् । मनुष्य नवीनता र अन्वेषणका मोहनीका पछि लाग्दा अनेक-अनेक चमत्कारहरू प्राप्त गर्दछ । अझसम्म नपुगेका उच्चताहरू हातलागी गर्नामा हामीहरू हरहमेशा अनौठा आनन्द अनुभव गर्दछौं । अविदितले सदा आमन्त्रण गरिरहेछ र अजेयले सधैं हामीलाई नवीन जीतबाजीको प्रेरणा दिइरहेछ । हामी त्यहाँ पुग्न चाहन्छौं जहाँ कोही पुगेका थिएनन् । त्यो चीज ल्याउन चाहन्छौं जो कसैले ल्याएका थिएनन्, त्यो शक्ति देखाउन चाहन्छौं जो कसैले देखाएका थिएनन् । अगम्यको प्रेरणाले हाम्रा पयर सजीव बनाइरहेछ, अगोचरले हाम्रा आँखा आकर्षित हुन्छन्, अनिर्वचनीयले हाम्रो भाषा नवीन सिर्जना र विस्तार पाउँछ; अजेय शिखरहरूले हरहमेशा हाम्रो आत्मालाई स्वर्गको झल्का देखाएर स्वर्गाह्वान गरिरहेछन् ।

हामी त्यस देशका यात्री छौं, जहाँ कोही पुगेका छैनन् । नचिनिएका कुराबाट ज्ञानको मोहनी आउँदछ, र दर्शन नपाएका मन्दिरतिर हामीहरू हरहमेशा ढुङ्गा भएको बाटोमा पनि मोहनी देख्तछौं । मानवात्मा सुत्न चाहँदैन; उठ्न, खोज्न र जित्न चाहन्छ । मलाई सुन झल्किने चुलीहरूमा यात्री हुँदा स्वर्गको खोजमा हिंडेजस्तो लाग्दछ । नेपाली शिखरहरू अनौठो भाषणले बोलिरहेछन् । त्यहाँ सत्यको सुन्दर स्वर्ण मोहनी प्रतिदिन झल्किरहेछ । म पहाड गन्दिनँ यदि शिखर नै मेरो ध्येय छ भने । अन्वेषित ध्रुवहरू मेरा यात्राका विलासहरू छन्, म समुद्रको पींधमा डुबेर मोती खोज्न चाहन्छु । सडकको ढुङ्गाले मलाई टुना लगाउँदैन । नौला चीजमा मोहनी नाच्तछन् । संसारका सबभन्दा ठूला चुलीहरू

अजेय महत्त्वमा मेरो मानव-आत्मालाई स्वर्गको उज्यालो ओढेर विचित्र अधरले आह्वान गरिरहेछन् ।

ती चुलीहरूमा पुग्न कठिनाइको हद छ । त्यसतर्फको बाटामा सयपत्रे पहाडहरू छन्, ढुङ्गाका राज्य, काँढादार जङ्गल, दुस्तर नद छन् । त्यहाँ सभ्य आराम छैन । खालि खोज र प्राप्तिको मिठास छ, खालि कठिनाइको टुना, खालि खतराको मोहनी; त्यहाँ चिसो हावा छ, काट्ने, ठुङ्ने, मलाई बाजे भन्दैन । पृथ्वी तल तान्छिन्, तर फोक्सो फोर्दै म माथि चढ्न चाहन्छु । जति माथि चढ्यो उतिउति हात-पयर गलेर आउँछन् । शारीरिक जीवन हात-खुट्टा छाड्न खोज्छ, हावामा पातलोपन पाइन्छ, म एक्लिन्छु । अकेलापनको भीषणता र आत्मसंरक्षणको सूक्ष्म चतुराइँहरूका भीषण भागहरूले मलाई बराबर निराश गराउँछन् । जस्तो सर्वोत्तम कामहरूमा जति माथि चढ्यो र आश्वासनको कमीले यस्तो थाहा हुन्छ मानौं परमेश्वर असम्भवनेर लगेर मानवात्माको जटिल परीक्षा गरिरहेछन् । त्यस्तै म ती हिमधवल शिखरहरूमा त्यही निराशाको लुगलुगी र असम्भवको चिसो श्वासमा कठ्याङ्ग्रिन खोज्दछु । तर चुलीको मोहनी मेरो आत्ममोहनको मुस्कान झैं आश्वासन दिंदै अलौकिक शक्तिले पयर तताउँदै लैजान्छ । स्वाँस्वाँमा उन्नतिले ढीला पयर चलाउँछ, मरणासन्न खोजहरूले परमेश्वरका झल्का दिन्छन् । पार्थिव जीवनको ओसजन त्यहाँ कम हुन्छ, जहाँ स्वर्गको फिलिङ्गो चोर्न भनेर मानिस देवताहरूको बासतिर उक्लिरहेछ । त्यहाँ महात्माहरूलाई पनि शङ्का र अनौठो त्रासले पक्रन खोज्दछ, तर धुन र ध्येयले पहाड जितिरहेछन् । एक मोहनीले संसारका सर्वोच्च गिरिमालाहरूलाई हँस्सी उडाइदिइरहेछ । मान्छेका रगत नै ठण्डा गराउने भीषण ध्येयहरूमा सभ्यता, विज्ञान, विवेक र अन्दाजका हरकिसिमको न्यानो गराउने सामग्रीको दरकार छ । एक झूटो कदमले पींध नभएको खाल्टो देखाइदिन्छ । एक भूलले अनन्तको आशा चकनाचूर पार्दछ । तर मानवात्मा खतरा र कठिनाइका भीषण उँचाइमा आफ्नो वजनलाई अनुकरणीय चातुरीले मिलाउँदै उच्चताको आशामा अग्रगामी भइरहेछ । शिरोबिन्दु ताक्ने ठाडो उकालामा खुट्किला काटी-काटी ऊ आफ्नो बाटो बनाउँदै जान्छ र आफूले बनाएको बाटो आफैं तताउँदै जान्छ । स्वर्गको सुनौला मोहनीले आत्मालाई रेशमी धागोले तानेर गिरिहरू लङ्घन गराउँदै छ, सौन्दर्यको एक झल्कामा

मृत्युसँग बराबर हात मिलाउँदै मानिस सर्वोच्चताको जादूघरमा प्रवेश गर्न खोज्दछ ।

ऋतुको अल्पताले चढ्ने हामीलाई हरहमेशा आतस दिन्छ । 'यति थोरै समयमा ! त्यत्रो अजङ्को राज्य ! यति सानो पुतली-पयरले !' भन्दै मानिस आफ्नौ दौर्बल्यमा बराबर काँधिएर बस्तछ, तर अविदितले सुस्तसँग कानेखुसी गर्दछ, 'जा, बा ! तँ जादूको पुतली होस्, असीम शक्तिले तेरो आत्मालाई मन्त्र सुनाएको छ । तँ सत्यको सुन्दर, मोहनीको पीछा लाग्, सत्यको दौडमा आत्माले विश्व बोक्छ । अपूर्णमा अनन्तता त्यहाँ हुन्छ, त्यहाँ त्यसका केन्द्रमा सत्यले वास गर्दछ । तँलाई स्वर्ग छुनु छ । तँ माटो होइनस् । आलस्य र नैराश्य दुवै असत्का टुना हुन् । गिर्नु, उठ्नु, जित्न नसकिनेलाई जित्नु, नभेट्टिनेजस्तो भेट्नुमा तँ सत्यको नजीक पुगिरहेको छस् । असम्भवले बनाएको तेरो सत्यमार्गी अनन्त शक्तिमत्तामा प्यास, आस र उद्योगको मोहनी भर्न हो ! तर सम्भवका सीमा छैनन् ।'

'क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परंतप' भन्ने मन्त्र पहाडहरूको नीलो मसीमा लेखिएका हरहमेशा हाम्रा नजरअगाडि मोहनको मोहनी झैं टड्कारो दृश्य छ । मानौं पहाडहरू पृथ्वीमा चरण राखेर स्वर्गतिर दौडँदै भन्दछन् । 'उत्तिष्ठ !' स्वर्ग फेदमा छैन । त्यो सुनौला ज्योति चुलीमा उडेर बसेकी छ मानौं नेपाली जीवनको स्वर्गसमीपको विकासक मोहनी । मानौं सत्यको सौन्दर्यमा प्रथम अवतरण त्यही कान्तिमा मानौं सारा नेपालको भाषा छ । त्यहीं सब स्वर्गीय आह्वान छ । मानौं परमेश्वर र दिन त्यहीं आएर सुनको पोशाकले झलमलाउँदै प्रतिदिनका आदर्शहरू झल्काइरहेछन् । मानौं त्यहीं सिर्जनाको दैनिक उद्घाटन छ । शून्य अन्धकारमय जगत्लाई नवीन रूप, रङ र खँदिलोपन स्थितिमा राख्ने प्राथमिक मोहनी, जो उषासँग ओर्लिन्छन् । हामी त्यहाँबाट प्राथमिक सिर्जनात्मक भावहरू पाइरहेछौं मानौं त्यहीं संगीत मुखरित भइरहेछ, मानौं संसार संगीतबाट या संगीतसँग सिर्जना हुन्छ । बस् ! त्यहाँ पुग्नको महिमा हराउनासाथ हामी मुर्दा जस्ता हुन्छौं । त्यहाँ पुग्दा हामी संसारका सर्वोच्च शिखरहरू चढ्दछौं ।

हामी नेपाली गौरीशङ्करको यात्री भएका अझ छैनौं भने त्यस विषयमा लेख लेख्नु नै लेखकको आधुनिक देशसम्बन्धी अज्ञता बुझिन्छ

भन्ने महाशयहरूले शायद यो पाना पल्टाउने छैनन् तर के पशुपतिनाथको मन्दिरभित्र प्रवेश गर्दा हामी गौरीशङ्करका यात्री हुन चाहँदैनथ्यौं ? के हामीहरू साहित्य, धर्म, ज्ञानको क्षेत्रमा चुलीहरू ताक्तैनौं ? युधिष्ठिर स्वर्ग जाँदा यतै आए। तर हामीहरू घनिष्ठ परिचयले महत्त्व भुलेका मानिस झैं हिमालयमनि बसेर शिखरहरूको उपासना गर्नामा थोरै समय दिन्छौं र बहुत थोरै कर्मजागरूकता देखाउँछौं।

तर प्राप्ति ठूलो कि धैर्य ठूलो ? असफलता र सफलतामा कुनचाहिं गहकिलो ? मेरो क्षुद्र विचारमा प्राप्तिभन्दा पनि ध्येय नै ठूलो छ, पुग्नुभन्दा आशा र खोज ठूला छन्। सफलताको ढुङ्गा भएको निर्मोहनीमा अरू ध्येयहरू फेरि झल्केर नआए मनुष्य मुर्दा हुन्थ्यो। हामी गर्नुलाई जीवनको सत्य ठान्दछौं, श्रद्धालाई शिखरको सत्य ठान्दछौं; मृत्युलाई खतरा मोहनी; असफलतालाई पुनरुद्योगको माधुर्य। 'भयो पुग्यो बाबू ! सफल भइस्' भनेपछि त जीवनको जरूरतै छैन। परमेश्वरले छातीमा लिइहाले नि ! तर गर्नु-उठ्नु-उक्लनुको सच्चाइमा हामी परमेश्वरका सच्चा पुत्र बन्दछौं। शिखरमा शिवको मन्दिर छ, त्यहाँ अनन्तताको कारीगरी छ; त्यहाँ विचित्र सुनका घण्टीहरू बज्दछन्। त्यो उच्चतातिर मानवात्माले हिउँदको निर्मलता लिएर उठ्नुपर्छ। त्यहाँ देव र देवीहरू हात जोडेर बसिरहेछन्–ती, जो पृथ्वीमा सफल भएथे तर जो स्वर्ग पुगे पनि स्वर्गको सिंहासनमा बस्ने सत्यमा अविदितको मोहनी र अनन्तको पूर्णता देखेर अरू जीवनहरूद्वारा त्यहीं चढ्नको मिठास त्यही आज्ञाकारिता र नवीन-नवीन क्षेत्रमा उड्ने हुकूमहरू पर्खेर बसिरहेका छन्।

# जूवा

मानिसले आफ्नो मन बहलाउनलाई गरिएका खेलबहाडहरूमध्ये सबभन्दा रोचक र जीवनको लाभ-हानि, उक्साइ-गडाइनजीक आउने एउटा खेल जूवा छ। यसमा व्यक्तिगत जीवनसँग मिसिएको एउटा मोहनी हुन्छ, जो सबै खेलमा पाइन्न। यसले त्यो–

**'त्यो गोल टन्न बजने नयनाभिराम**
**जस्लाई पक्डन मुसारनमा तमाम**
**छाती पिटेर दुनियाँ रहँदो छ सारा**
**चौका तियाहरू गरेर कराइ मारा'**–

त्यस्तो मनुष्यको मुटु जस्तो तवर्गका दुई अन्तिम अक्षरहरूले नाम बनेको चीजसँग घनिष्ठ सम्वन्ध राखेर यस खेलले सारा दुनियाँको हृदयलाई समुत्सुक बनाउँदै आनन्द भाग्यका सोह्र दन्त हँसाउँदै घोप्टयाउँदै क्षण-क्षणमा विशालका भावहरू उद्वेलित गराउँछ। खेलको मुख्य आत्मा नै सजीव उत्साह हो। जुन खेलमा मानिस शरीर र हृदय दुवैले हाम्फालेर डुबुल्की लिँदैन त्यस खेलमा सजीव रोचकता हुँदैन। जूवाले गरीब र धनी दुवैलाई आफ्ना-आफ्ना कक्षामा मुटु पक्रेकै देखिन्छ। यसले अरू चीजलाई भन्दा हृदयलाई ज्यादा छुन्छ। हार्दिक भावहरू परिवर्तन गराउनु नै यसको लक्षण हो। हेर, भाग्यको विधानमा जिज्ञासु बनेका तीखा समुत्सुक आँखाहरूलाई मानिसले आफ्नो अदृष्ट देख्न हरहमेशा चाख देखाइरहेछ। भविष्यको पाना एकै क्षण अगाडिको भए तापनि उल्टाउन पाए उसलाई गजबको आनन्द मिल्छ। दोस्रो श्वासमा के लेखिएको छ भनेर मुटु ढक्क फुल्दछ, श्वास रोकिन्छ ! मनुष्यका सम्पूर्ण पूर्व-प्रतीक्षक भविष्यजिज्ञासु भावहरू र शक्तिहरू उत्तेजित भएर आउँछन् र अँध्यारोको पर्दाबाट भाग्यका कौडीको उलट-पुलटको संकेत हेर्न उसका दुइटा नानी पूरा मगजको जोडले खुम्चिएर केन्द्रीभूत रहन्छन्।

मानिसको ज्योतिषशास्त्र सारा फजूल होइन । पूर्वनिरीक्षण पनि केही मात्रामा दिइएको छ । उः हेर, अर्कोचाहिं बायाँ हातको पृष्ठमा कार्तिकको कुइरोले खारखेर बनाएको पातलो छाला खुम्च्याएर डचाङहरू गन्दछ ! ऊ एउटा ईश्वरको सहारा लिन्छ र जय महाकाली ठीक-ठीक बताइदेऊ भनेर ती रेखाहरूद्वारा कौडीको मूसे दाँत कतापट्टि हाँस्छ भनेर जीवनको सम्पत्तिबाट सांसारिक खतराको खालमा कतिसम्म कतापट्टि राख्न श्रेय छ भन्ने अन्दाज गरिरहेछ । अडकलपच्चीसी नै जीवन हो र कतिलाई डर लागिरहेछ कि मौकाको राज्यमा मानवपूर्वप्रतीक्षा याथार्थिक साफल्यमा आउँदैन कि ! लाभ र हानिको आशा र नैराश्यमा मनुष्यको आत्मा आनन्दको खेल मनाइरहेछ र व्यापार र जीवनमा लेनदेनको संसारमा उद्वेलित हुने भावहरूका नाटकीय र सजीव याथार्थिकता अनुभव गर्दै तुलबुलाउँदै, धरमराउँदै, अनिश्चितको मोहनीमा खतराबाट फाइदा उठाउनका निमित्त आफ्ना सम्पूर्ण शक्तिहरूको आधारमा अपूर्ण मानव-समझ लगाएर हात फुकेर जाने या खल्ती गरम गर्ने मौका ताकिरहेछ । यस खेलमा सच्चा जीवनको नाटकीयता छ । तर नाटकमा नटुवाहरूले आफूलाई बिर्सेर समय र पात्रसँग तल्लीनता राखेझैं घरको अवस्था र रुपियाँको साधारण मोल बिर्सेको आत्माको अर्धचेती कक्षामा यथार्थ साफल्य हुँदैन कि भन्ने त्रास काम गरिरहेछ । आखिरमा दुनियाँमा निश्चित भन्ने कुरै छैन ! हरेक कदम अनिश्चित छ । जीवनमा आकाशखेतीको रङ्ग छँदैछ । एक झिमिकमा के हुन्छ हामी भेट्टाउन सक्तैनौं । त्यति भेट्टाउन सके संसारबाट र जीवनबाट मोहनी नै हराउँथ्यो ! तब न यो दुनियाँ तिलस्मी उपन्यास छ । सबतिरबाट समालिएको र घनीभूत भएको चेत ईश्वरको कृपाले च्वाट्ट ठाउँमा पऱ्योभने मात्र बस ! जीवनको जूवा जितियो, नत्र अँध्यारोमा झटारो हान्नु छ । ज्योतिष सधैं सफल नहुनु ताराको दोष होइन, नियमलाई नाघ्नेपना न जीवन हो । सबै ग्रहहरूको स्थान ता हेरिसकियो, तर विचार गर्ने वेलाको साइत बिर्सन सकिन्छ, त्यसै कारण मौकावादीहरूका किताब पनि दार्शनिक विवेक ठहऱ्याइएका छन् । नियमको राज्य देखिए पनि विश्वमा आकस्मिकता र मायामा विक्षेप छैन भन्न सकिंदैन । यसै कारण जूवा हारिन्छ, तर जूवाको खेल एक सूक्ष्म कला हो । यसलाई नियममा ल्याउन सकिंदैन र चित्रकार र लेखहरू झैं सत्यान्वेषणमा अगाडि

बढिरहेछ, या पछाडि हटिरहेको छ भन्न मुश्किल पर्छ । यो खेल विवेकलाई त सहजै नाघ्छ र अव्यक्त अदृश्यको देशमा घुसाइहाल्छ, प्रतिक्षण सपना देखिन्छन्, अव्यक्त आशाहरू खँदिलो हुन चाहन्छन् । भाग्यमानी त्यही हो, जसले उड्दो क्षणको मुटु भेट्टायो । क्षणलाई ठाउँमा पक्रन सक्नु नै सफलता हो । जूवा नखेल्ने कितापकीरो बेकार आँखा दुखाइरहेछ । ज्ञान भनेको कौडीको पल्टाइमा रहन्छ । जीवनसँग नगाँसिएका कुराहरू ज्ञानका सामग्री हुन सक्तैनन् । ज्यादाजसो मानवीय शिक्षामा यान्त्रिकता छ । मानिस जीवनको आँखाले पढ्दैनन् । जूवामा नाटकभन्दा रोचक सजीवता रहन्छ । यहाँ जीवनको वास्तविक मोहनी सोह्र कौडीमा खेलिरहेको हुन्छ । चार-चार दिशाका द्वारपाल झैं चार दाउहरू बसेका हुन्छन् । कुनै अदृश्य विधिले क्षण-क्षणामा नयाँ इच्छा प्रकट गर्दछ, सोह्र कौडीभित्रमा अनेकौं हृदयलाई जय-विजय र आशा-निराशाहरूको उलटपुलटको सञ्चालन गर्छ ।

मेरा एक विद्वान् गुरुजी जूवा फुक्नासाथ खालमा उपस्थित हुन्थे र बेहान-बेलुका भात खानको फुर्सतसिवाय लिंदैनथे, यद्यपि अरू बेलामा राती तीन बजेदेखि बेलुका एघार बजेसम्म उनलाई पढ्नु र पढाउनुको जीवन थियो । मलाई आश्चर्य लाग्दथ्यो कि उनी किन जूवामा त्यस्तो चाख लिन्छन् । एक-दुई रुपियाँ बराबर राख्तथे तर रातभर पनि एक ठाउँमा बसेर या त उभिरहन्थे या त मुसुमुसु हाँसिरहेका हुन्थे । मैले एक दिन सोधें, 'किन, मास्टरजी यस्तो जूवामा सोख राख्नहुन्छ ?' उनले जवाफ दिए कि 'यो पनि जीवनको एक तमाशा हो ।' त्यस दिनदेखि मैले जूवालाई राम्ररी बुझें, मलाई यसको नाटकीयता र जीवनसँगको सम्बन्ध खुल्दै गयो र आफ्ना अनुभवहरूद्वारा मिलेका तर्कहरू अहिले लेख्तछु ।

जूवा खेल्नु खराब हो भन्ने जो पनि जान्दछ, तर दुनियाँले खराब ठहराइएका चीजहरूमा पनि औपदेशिकता पाउनु विचारशील मनुष्यको लक्षण हो । सहानुभौतिक दृष्टिले हेर्दा डकैती र चोरीमा पनि नैतिक सामग्रीहरू प्रशस्त मात्रामा पाइन्छन् र संसारले सबभन्दा दुष्ट भनेर 'छिः छिः दुरदुर' गरेका मान्छेमा पनि त्यत्तिका गुणहरू पाइन सक्तछन् कि मामूली कट्टर तर्सेर उठ्तछ ! त्यस्तै जूवा खेल्नु खराब सम्झिएको छ : तर जूवाभित्र पनि अनेक किसिमका उपदेशहरू पाइन्छन् । हामी

कुनै चीजलाई घृणा गर्न सक्तैनौं । नरकको पनि माने छ, सड्नु पनि प्रकृतिको नियमअनुसारको स्वस्थ क्रिया हो तब जूवा खेल्नु चरित्रभ्रष्टको लक्षण भनेर प्रस्ट तवरले भन्न सक्तैनौ ।

मनौवैज्ञानिकलाई जूवा जस्तो राम्रो अध्ययनको विषय केही छैन । यहाँ अनेक किसिमका चेहरा पढ्न पाइन्छन् । कोही मुख राता, कोही नीला । कोही हँसिरहेका हुन्छन्, कोही अनिश्चित तवरले अन्दाज गरिरहेका हुन्छन् । मानिसले धर्मलाई यहीं ल्याएको हुन्छ र मनुष्यको लक्ष्मीपूजाको तमाशा भन्नु यही जूवा हो । अनेक कक्षाका मानिसहरूको अनेक-अनेक किसिमका भावहरू र अनेक-अनेक किसिमका अवस्था र लक्षणहरू यहीं देखिन्छन् । जसले खालमा बसेर जूवा खेलेको छैन त्यसले यी कुराहरू राम्ररी बुझ्दैन । त्यहाँ मनुष्यहरू घुँडा धसेर, छाती फोरेर मारा चिल्लाइरहेका हुन्छन् । पैसाले चमत्कारी आकर्षण र अनेक चुड्किला हँसिला खेल देखाउँछ । कहिले हँसाउँछ, कहिले चम्काउँछ, कहिले अँध्यारो बनाउँछ । मानिसले अन्न खाँदैन, घर सम्झँदैन, निद्रा निको मान्दैन र प्रकृतिका अरू क्रियासम्म पनि रोकिएको थाहा पाउँदैन, तर आशालाई ऊ छाड्ने होइन । ऊ हरहमेशा 'आउँछ कि आउँछ कि' मा छ । मिजास बदलिन्छ, झोकाझोकी पर्दछ । तर उसको आशा सधैं उत्तिकै छ । बराबर आशाले ठक्कर खान्छ तर फेरि उत्तेजित भएर अगाडि सर्दछ । मानिस जित्नका निमित्त हारिरहेछ, उठ्नका निमित्त लडिरहेछ र हरहमेशा मर्दैछ पनि बिउँझिँदै छ पनि ।

जूवा लाग्छ भन्दछन्–जस्तो गाँजा लाग्छ, चरेस लाग्छ, चण्डू लाग्छ । यो पनि एक नशा हो, यो नशा प्राकृत छ । हरहमेशा दुनियाँलाई लागिरहेकै छ । त्यही नशाका लक्षणहरू जूवामा प्रदर्शित हुन्छन् । कोही व्यापारमा दौडिरहेछन्, कोही कारखानातिर, कोही अफिसतिर । के दौडिरहेछन् ? तिनै भावहरू जो हामी यहाँ देख्दछौं । जूवा लागिरहेकै छ । बाबु र छोराको नाता बिर्साउँछ, भलादमी भलादमी झगडा गरिरहेछन् । पैसाको मोहनीले भित्री आँखा बन्द गरिदिन्छ । मान्छे दाउ हेर्दछ अरूहरूलाई बिगार्न र आफ्नो मतलब हासिल गर्न ! उसलाई अरूको परवाह छैन । मेरो नै दुनियाँ छ, आवश्यकतामा विलास थप्नु नै जीवनको दौड छ । स्वार्थसंकेतक गोल चक्कीहरू भाग्यका तमाशामा थपिन, डब्लिन र सोहरिन हरहमेशा चार दिशा घुमिरहेछन् । चञ्चलताले

आफ्नो चकचकी देखाइरहेछ । खोस्नु, तान्नु, दाउ मार्नु नै जीवन छ ! एक-एक किसिमका एक-एक डफ्फा एक-एक पक्षमा लागिरहेछन् र अदृष्टको हुकूममा आफ्नो भाग्यको फैसला पर्खिरहेछन् । झगडा छ तर भित्रभित्र । मलाई-तँलाईसम्मको मात्र । त्यसलाई अविदित भाग्यको हुकूमले रोकावट दिएर मेरो फैसलामा सब कुराको टुङ्गो हुन्छ भन्ने नियम राखिएको छ ।

जूवा लागेको बेलामा मानिसले आँखा देख्न छाड्दछ । हुन त जुवाडेका आँखा बडा तीखा हुन्छन् र भूइँमा कौडी पर्नुभन्दा अगि नै उसले दाउ देखिसक्तछ, तर ज्यादा निश्चय भएको बेलामा या ज्यादा तोड लागेको बेलामा जुवाडेले आफ्नो मनमा झल्केको दाउसिवाय अरू देख्तैन । एक-दुई कौडी घोप्टो-ठाडोसम्म बिलकुल नदेखिने बराबर हुन आउँछ । यस बखतमा कौडी हान्नेले बराबर पैसा सोहर्दछ र झगडाहरू चल्छन्, तर सबभन्दा मजाको बेला त्यस बेला हुन्छ जब कौडी आड परेर या कोल्टिएर बस्तछ । भाग्यले पनि कहिले-कहिले निश्चित तवरले मुद्दाको फैसला गर्न नसकेजस्तो थाहा हुन्छ र यता ढल्काऊँ कि उता ढल्काऊँ भन्ने दोधारैमा चट्ट कौडी हान्नेले कौडी मिल्काइहालेजस्तो बुझिन्छ । दुई दाउलाई आशा देखाएर नयाँ ढङ्गले उलटपुलट खाएका कौडीहरू दुई पक्षको द्वन्द्वयुद्ध गराउँछन्, अनि खाल भरिन्छ, सबै मान्छे पटेर लाग्छन्, बहस चल्दछ, रन्कारन्की पर्दछ, अनेक आवाजहरू फैसला गरेर उठ्तछन् ।

जूवाको नाटकीय रोचकतासाथसाथै निखरा खेलको रूपमा पनि यसको मजा लिन सकिन्छ, यसका हानि-लाभबाट अलग रहेर खालि मनोरञ्जनको विषय गराउन पनि सकिन्छ । निष्कामको भावना लिन सक्ने जुवाडे सबभन्दा उत्तम दर्जाको हो । "सुखदु:खे समे कृत्वा लाभालाभौ जयाजयौ" भन्न सके जूवाको सच्चा मजा पाइन्छ । मेरो यति गयो भन्ने अथवा उसको यति आयो भन्ने केही भावना नहोस् । आफ्नो आर्थिक अवस्थालाई संकट पर्ने गरीकन रुपियाँ नल्याइयोस् त्यति मात्र जतिले गुमे पनि हृदयमा धक्का नपरोस्, ओठले सुस्केरा नहालोस् र मुखले निदाउरो मालिन्य लिएर दर्शकका नजरमा टड्कारो उदासीनता नदेखाओस् । थोरै लिन तर त्यसको सर्वोत्तम उपयोग गरेर सबभन्दा धेरै मनोरञ्जन प्राप्त गर्न सकियोस् । जूवा थैलोको महत्त्वमा रहँदैन, तर

रहन्छ मानसिक अवस्थाको महत्त्वमा । अरू मानिसहरू भाग्यका आत्मपक्षी र विरोधी लहरीहरूले उचालिन्छन् । तर आफू यस्तो मधुर मानसिक काँटमा रहियोस् कि क्याँट लक्कुहरूले मजाको रमरम मात्र दिऊन् । भावनामा ज्यादा धक्का नदिऊन् । चाँडै नै खुशाउनु र चाँडै नै रिसाउनु, प्रभावित हुनु या सेलाउनु अर्धसभ्य र जङ्गलीहरूका लक्षण हुन् । आफ्नो तत्त्वमा निर्भर रहेको आत्मालाई सांसारिक हावाको लहरहरूले हम्मेसी छुन सक्तैनन् र ऊ आफ्नो तराजू नडगाएर शान्त रसिक रहन्छ । ऊ पनि एउटा साधु हो । उसले बदली र हुरीलाई नाघिसकेको हुन्छ । उसको मन सँग्लिसकेको हुन्छ । ऊ संसारको जूवालाई घृणा गर्दैन, तर आफ्नो अडान एक दार्शनिक तत्त्वमा लिन्छ । उसको चेहरा हमेशा बदलिँदैन, संसारमा 'मारा'हरू छन् भन्ने उसलाई थाहा छ र विभिन्न भावका चेहरामा परिवर्तनशील रङ्गहरू पनि । तर उसको चेहरा बदलिँदैन, ऊ लाभका निमित्त पनि आएको छैन, हानिका निमित्त पनि । खराब खेलको मनोरञ्जकता र त्यसको सजीव आनन्दका निमित्त ऊ जीवनमा आएको छ ! अलिकति आफ्नो केही पनि दिन्छ र अरूको आनन्द पनि बढाउँछ र आफ्नो भाग्य पनि बराबर लिन्छ, तर उसलाई चलिरहेको हल्लाले छुँदैन, ऊ घमासानमा छ, तर आफू लडाइँ गर्दागर्दै पनि लडाइँ गर्दैन, आयो भने ओठसम्म मुसुक्क हाँस्तछ, मानौं साधुले गुणको इनाम यही जीवनमा दैवेच्छाले पाएजस्तो भावले ! उसलाई थाह छ कि जीवन पनि एउटा खेल हो, तर हारे पनि जिते पनि खेलको आनन्द र अभिप्राय त्यसै खेलाडीका निमित्त हो, जो सच्चा उत्साहसँग अविचलित भाउले दाउ देखाउँछ । रिस-रागहरू असंवर्धित पुरुषहरूका विकृति हुन् भन्ने उसलाई ज्ञात छ । ऊ खालको एउटा ऋषि हो । ऊ अध्ययन पनि पाउँछ तर उसलाई पूरा तवरले अध्ययन गर्न सक्ने हुँदैन ।

जूवा नखेल्नू भन्ने उपदेशहरू चाणक्यनीति जस्ता औपन्यासिकता-विहीन मामूली कट्टर नीतिपन्थी बोक्रे साँपा उक्तिहरू हुन् । हाम्रा नीतिहरू ज्यादा सस्ता हुनु नै जीवनको दुर्भाग्य छ । अलिकति मौकामा अग्रसर नहुनु त कातरपना हो । खतरा नभएको जीवनमा हामी जिउन सक्तैनौं । आमाको चोलीबाट या बाबुको तुनाबाट सुटुक्क साँचो चोरेर तिहारखर्चलाई कोजाग्रतको जाग्रामको क्षेत्रमा लगेर रोप्ने प्रवृत्तिलाई हामी खालि छडीको फैसला दिन चाहँदैनौं । त्यस्तै लडका ज्यादा जीवनमा सप्रिन्छन् ।

त्यस्तालाई हामी चालीस-पचास रुपियाँ थपेर 'जा बाबु, संसारको यात्रा गरेर आइज' भनेर पठाइदिन्छौं ! त्यो ता मानवआत्माले खतरासम्म खोजेको पो ! महीनाभरि एक सय असी अण्टा बाँधिएर सधैं उस्तै गरी आइरहने बोधो तलब लिनुमा के मोहनी छ ? डब्लिने, तेब्रिने, चौबर, पचबर हुने औपन्यासिकता तीव्र कल्पनावालाले खोज्दछ । रुपियाँको पनि त बाकसमा कुहिरहने जीवन होइन । सडलपडलपन अहंमानी प्रौढको लक्षण हो । चतुरो लडकालाई कल्पनाले मोहनीदार संवर्द्धनको कानेखुसी गर्दछिन् र दुनियाँमा स्वतन्त्र तवरले गएर एक मुठी रोपेर एक मुरी सुनौला बाली हात लगाऊँ भन्ने प्रवृत्ति प्रशंसनीय नै छ ।

बाबुआमाहरू झन् भयङ्कर जूवा खेलिरहेकै थिए । परमेश्वरले मनुष्य-जातिलाई दिएको एउटा दौलत समय हो, जसका अमूल्य क्षणरत्नहरू उनीहरू हरहमेशा फ्याँकिरहेछन् र बडो बेहोशीसँग । आफ्नो दाउसम्म पनि उनीहरूलाई याद छैन । उनीहरू जथाभावी थापिदिन्छन् । पुत्ररूपी सुनौला राम्रो मौका उपयोग गर्न जान्दैनन् । पुरानो खतराहीन बाटोमा लगाउन चाहन्छन् । भीरुता आफै दण्ड पाउँछ; बागी बुद्धि जीवन खोज्दछ र टट्टाउँदा अक्षरहरूलाई छाडेर खतराको क्षेत्रमा दगुर्दछ ।

चार-पाँच जना ग्र्याजुएटहरू या पण्डितहरू एक-एक रुपियाँ साटेर एउटा छिंडीमा जूवा खेल्न बसून् र चुड्किला गफहरू गरून् । कौडीको उलटपुलटउपर राम्रा-राम्रा श्लोकहरू निकालून्, भाग्यको लहडी खेलउपर अध्ययनका नजर लगाऊन् र आफ्नो सर्वस्व गुमेको र डब्लिएको उपर समालोचना गर्दै आऊन् । यो पनि एक किसिमको मजा हुन्छ । पण्डित लेखनाथ पौड्यालले जूवा नखेलेको भए त्यो राम्रो चुड्किलो बहुमूल्य नाटक 'लक्ष्मी-पूजा' को नामले नेपाली साहित्यको क्षेत्रमा आउने थिएन । 'जूवा खेलेको छ, जूवा खराब हो, जूवा खेल्नलाई साथीभाइलाई बोलाउनु आत्म-विरोधजस्तो देखिन्छ तर सबै विरोधहरू तेस्रो तत्त्वमा साम्य पाउँछन् ।' उहाँ कौडी पनि हान्नुहुन्थ्यो र बराबर आफ्ना चुड्किला श्लोकहरू सुनाउनु पनि हुन्थ्यो । उहाँका मुखमा खालि प्रसन्नता देखिन्थ्यो, निखरा खेलको पवित्र आनन्द ! तर त्यस आनन्दलाई साहित्यिक बनाउन सक्नुमा तारीफ थियो, वहाँ रुपियाँलाई सेता मौरी र पैसालाई राता मौरी भन्नुहुन्थ्यो; उहाँका नजरमा तिनीहरूका पखेटा थिए र उड्दथे, चार दाउका चार दिशातिर । उहाँ एक किसिमको

भोजनभट्ट हुनुहुन्थ्यो; र केही पात्रहरू बटुलेर जीवनरूपी जूवालाइं उत्साहपूर्वक अध्ययन गर्नुहुन्थ्यो । कहिले संस्कृत श्लोकहरू र कहिले नेपाली श्लोकहरू बराबर निक्लन्थे । जूवाको चेहरामा साहित्यको रङ पर्दथ्यो ! मेरो विचारमा उहाँका निमित्त जूवाको एउटा दुनियाँ नै बनिसकेको थियो, जसमा काल्पनिकता र वास्तविकता मिसिएका थिए । जस्तो नाटकमा उहाँले जूवालाई जीवन जस्तो बनाउनुभएको छ र गम्भीर भावहरू मामूली शब्दद्वारा झल्काउनुभएको छ, त्यस्तै उहाँले जूवा खेल्दा जूवाभित्र अर्कै औपन्यासिकता देखिंदो हो ।

मलाई जूवा मजा लाग्दछ, मन बहलाउन र अध्ययन गर्न यसमा प्रशस्त मौका देख्दछु । कोही मानिसहरू यसलाई जीवनको पेशा नै बनाउँछन् ! कौडी जोखेर ऐनामाथि अभ्यास गर्दै हातको ओजन र कौडीको रखाइमा अभ्यास गर्दै जूवा जितेर घरजम गरुँला भन्ने मनुष्यहरू आशावादीको श्रेणीमा रहन्छन् । तर असम्भव भनेको केही रहेनछ । कोही-कोही यस्ता छन् कि कौडी र हात घोटी-घोटी अभ्यस्त हुँदा-हुँदा चौपट चौका, बागपञ्जा, छट्टू छक्का र तेजी तीया बनेका हुन्छन् । धेरैजसो जूवा यिनीहरू हार्दैनन् र अक्किल गरेर जूवाबाट केही-न-केही लाभ प्रतिवर्ष गरिरहेकै हुन्छन् । यिनीहरूको सिको सिक्नेहरू अनेक किसिमका ढङ्ग देखाउँछन्, कोही जमीन र हातको अन्तर कुरेतले नापेर कौडी छोड्छन् । कोही कौडी मुठी पार्नको कला देखाउँछन् । पेशादार जुवाडेहरू सोह्र कौडीलाई आफ्नो वशमा ल्याउन सक्तछन् भन्ने कुरामा कोही-कोहीलाइं आश्चर्य लाग्दछ, तर तिनीहरूलाई कौडी नै एउटा किताप छ जो तिनीहरू हरहमेशा अध्ययन गरिरहेछन् । रासायनिक तराजूको काँटा मनुष्यका हातमा दीर्घ अभ्यासले आउँछ, नसाहरू आफ्नो फेंकको जोड सूक्ष्म तवरले अन्दाज राख्तछन्; हातको छालाले हरेक कौडीको मुटुका प्रवृत्तिहरू छामेर सम्भावनाको तौल लिन्छ र यस बेला यति घोप्टो र यति ठाडो पर्ला भन्ने अन्दाज राख्तछ । सूक्ष्मातिसूक्ष्म विज्ञान उनीहरू नै बुझ्दछन्, जो कौडीलाई जीवनसमर्पण गर्दछन् । नमार्ने पहिले नै ज्यादाजसो थाहा पाउँछन्; तर मानिसको कलपुर्जामा हरहमेशा कलात्मक समाधि रहन सक्तैन । खित्रिक्क ठाउँ-ठाउँमा बिग्रिन्छ र जस्तै जुवाडे भए पनि म सधैं धोक्रो भर्छु भन्ने निश्चय राख्न सक्तैन । तैपनि त्यतिसम्म गर्न सक्नु पनि अन्दाज, अडकल, अक्किल र जूवा-

चेतको चमत्कार हो; जस्तै : जूवाचेत पनि साह्रै लाभदायक हुन्छ र यो समझविना जूवा खेल्ने मानिसहरूलाई जूवा खेल्न जान्नेले मनमनै मूर्ख ठहऱ्याउँछ।

एकदिन मलाई हिसाब पढेको काम लागेको छ। एक जना इञ्जिनीयर र म कोजाग्रतमा जूवा हेर्न गएका थियौं, दुवै जनाको पाकेटमा एक-एक मोहर थियो। मैले सूचना गरें कि 'शिक्षित पुरुषहरूले यस मौकाको खेलमा गणितात्मक सूक्ष्म विज्ञानको उपयोग गरेर साधारण मनुष्य जूवा खेलिरहेका ठाउँमा अलिकति श्रेष्ठतापूर्वक रुपियाँ निकाल्न सकेनौं भने ता हामीले पढेकै व्यर्थ भयो।' तब बस्यौं एक खालमा र इञ्जिनीयरको पाकेटबाट एउटा कागज निकालेर जूवाको नक्सा बनायौं दाउहरू बराबर तवरसँग बाँडिएका छँदैछन्, यद्यपि चौकाले अलिकति आधिक्य पाएको छ, तब सोह्र कौडीको उलटपुलटमा यस नियमको दुनियाँमा नियमै पाउन सकिन्न भन्न सकिन्छ र ? यहाँ सम्भावनाको गणित लाग्दछ। सबै दाउहरू उत्तिकै बराबर पर्ने सम्भावना राख्तछन्। जो ज्यादै परिसकेको छ, त्यो फेरि पर्ला भन्ने सम्भावना कम हुन्छ। जो ज्यादै कम परेको छ, यो सबभन्दा ज्यादा पर्ला भन्ने सम्भावना छ। तब खिंच एउटा रेखा र सरको टुप्पाले दाउहरूको आवतजावत र भेटघाटहरूको नमूना बनाउन सम्भावनाको अन्दाज राखेर निश्चित तवरले यही दाउ पर्ला भन्नेजस्तो भएको बेलामा पहिला मोहर राखिहाल। त्यो खाइदियो दोस्रो मोहरको भाग्यपरीक्षा गरुँला, त्यो पनि खाइदियो भने आफूलाई गरीब नठानौं, घरतिर फर्कौंला। बल्झियो भने हाम्रो रुपियाँको जीवनचरित्र शुरू भइहाल्यो। दुईचार बाजि अन्दाज ठीक भएर बल्झिएपछि त सम्भावनामुताबिक मोहर-रुपियाँ डब्लिने मौका दिँदै जाउँला। त्यति मात्र पनि होइन, जब पाँच रुपियाँ हुन्छ एक मोहर निकाल्यो र नौ मोहर खल्तीमा दाखिल गऱ्यो र खतराको मात्रा कम गराउनलाई त्यस एक मोहरलाई उही पहिलेको रुपियाँसँग एक जीवनयात्रा दिएर सफल भए फेरि दश रुपियाँसम्म त्यसले ल्याउँला। अनि तेस्रो क्रममा चौध रुपियाँ पाकेट दाखिला गरेर एक रुपियाँलाई नवीन इतिहास शुरू गर्न लगायो– बीस रुपियाँ नहुञ्जेलसम्म। तर रिस-राग नगर, सम्भावनाको नियमपछि चल, तर नरन्केऊ। यही सल्लाहमुताबिक हामी खेल्न थाल्यौं, धेरैजसो पहिला थपनी चौथा हातमा राख्तथ्यौं। दिन बित्यो, साँझ पऱ्यो, बत्ती

बल्यो, बराबर मारताल चलिरहेकै थियो । हामीले खल्तीका रुपियाँ गन्यौं दुई सय पुगेछ, तब थोत्रा मोहरहरूको सम्भावना परीक्षा गरेर पञ्चानब्बे-पञ्चानब्बे रुपियाँ लिएर घर फर्क्यौं ।

एक जना महाशय जूवा खेल्छन्, तर रोज रुपियाँका निमित्त । एक रुपियाँ हात लाग्यो कि उनी उठे । 'सन्तोषं परमं सुखम् ।' काम नगरीकन रोज रुपियाँ कमाउनु पनि ठूलो अक्कल हो । एक रुपियाँ रोजको कमाएपछि म्याट्रिक, आइ.ए.ले जागीर खाएजत्तिकै भैहाल्यो नि ! लहडको राज्यमा डिट्ठाड्डी पाउनु पनि त एक रोजका निमित्त ठूलो सौख हो । दिन-दिनै सरकारिया अड्डाले काम गरेर रुपियाँ दिन्छ । कार्तिकको याममा दिनभरि कठाङ्ग्रिंदो हातले खेलेर पाँच बजे त रित्तो हात बटार्दै घर फर्किहाल्नुपर्छ । तर यहाँ खतराको कुमारीचोक बुझाइसकियो । एउटा सड्लो खँदिलो चहकदार लालमोहर लागेको (वा सेतो मोहर लागेको भनूँ) टिन्न बज्ने यथार्थता जस्तो ग्राह्य ओजनदार चक्की हासिल ता भयो । धेरै माग्नेलाई खतराले गाला ठोक्छ । मानिसहरू जूवा हार्छन्, साङ्ग्रो घाँटीमा ज्यादा मकै पक्रिने बन्दरमुठ्ठे जस्ता बनेर थोरै लिई नगुमाउनु टापनटिपनको चतुरता नै ज्यादा काम लाग्छ । अब एक पेट मिठाई खाए पनि भयो, जीवनसंग्रामको सम्झनाले गुलियो तीतो भएन । अथवा कन्तुरमा लगेर खसालिदेऊ । जसमा सित्तैं आएका पैसाहरू भविष्यलाई बटुलिन्छन् अथवा दुई छाक खरीद गर । अब गुमाउनुमा समझदारको विवेक होइन । बस, उनी उठे, पुग्यो । उनको सिद्धान्त यही थियो । हुन पनि कति राम्रो र कति सजिलो, एक रुपियाँसम्म नआउने कुनै जूवाको दिन हुँदैन । पाँच रुपियाँ तिहार, एक रुपियाँ कोजाग्रत, एक चैते दशैं, एक-दुई रुपियाँ भोटो देखाउने जूवा, अरू पर्व-पर्वमा जस्तो टघूनिसिया विजयमा इत्यादि मेहनतविना थोरै आउनुमा पनि मोहनी छ । लक्ष्मीले विशेष निगाहा गरेजस्तो लाग्छ । अरू रुपियाँ हाकिमको हप्काइ, कामको डटाइ, बिरामीसँगको विरोध र दैनिक दुःखहरूसँग गाँसिएर महीनाको एकबाजि उब्जन्छन् । तर राम्रो मोल जान्नेले यो एक प्रसन्नवदन सहजप्राप्य आफूखुशी उडेर आएको सेतो मौरीलाई निरादारको दृष्टिले हेर्दैन ।

जूवा जहर पनि होइन, अमृत पनि होइन, यो लहड हो । जूवा खेल्नु खेलको निमित्त, मोज लिनु मजाका निमित्त । सभ्य संसार पनि

जूवा खेल्दछ रेसमा, शेयरमा र अनेक किसिमका कुरामा, तर हामी सोह्रओटा कीराको गूँड लिएर सच्चा स्वदेशी तवरले भाग्य-परीक्षा गर्दछौं ! यो खेल एक पैसादेखि एक करोडसम्मलाई हातको नजीक र उत्तिकै रोचक छ । कुशलताका क्रीडाहरूभन्दा यसमा भाग्यको उलटपुलट झन् रोचक छ, झन् अविदितको मोहनी धारण गर्दछ र निखरा पूर्वीय भाग्य-सिद्धान्तको रङ लिन्छ । पहिले नै नतीजा अन्दाज गरिन सकिनु जूवाको प्राकृत भावसँग विरोध राख्तछ र यस संसारमा छट्टू र चतुरलाई नै दुनियाँको धन बटुल्ने मौका दिए चातुर्यलाई भाग्यको खेलले एकदम नाघ्दछ र सबलाई अर्काको रुपियाँ थुत्ने दाउ गर्नमा अनिश्चितता र बराबर मात्राको खतरा छ । आफ्नो जति दिन सक्यो उति पाइने सम्भावना हुन सक्तछ र अर्काको धन सित्तैं लिन खोजेको बापतमा अर्काले लिइदिन पनि सक्तछ । यहाँ अन्याय छैन, भावीलाई दोष लगाउन पाईंदैन । आफूखुशी खतरामा पस र साहसमुताबिक आफ्नो भाग्य गर, खालि हरामज्यादाहरू मात्रै बिग्रन्छन् । जीवनको सर्वस्व नै खेलमा लगेर थचार्न र भाग्यभन्दा कर्म पनि काम दिने हुन्छ र विवेक र समझको पनि दिव्य अभिप्राय छ भनेर सम्झन नसक्ने मूर्खहरू सच्चा हरल जुवाडे हुन्छन् ।

# जुँघा

म के लेखूँ के लेखूँ जस्तो भएर विचारशून्य क्षणमा घोरिइरहेको वेलामा आदती तवरले मेरा बायाँ हातका बूढी र चोर औंला माथिल्लो ओठका ती मर्दमर्यादास्वरूप रोमगुच्छ तह लाउने काममा पुगेछन्, जसलाई 'जुँघा मुसार्नु' भन्दछन् । मैले के भावले जुँघामा ताउ लाउन लागें म भन्न सक्तिनँ, न त म मनोवैज्ञानिक छु । तर जब मगज रित्तो भएर आत्मबल र आत्मतेजको कमीमा मर्दको आत्मा सचेत भएर आउँछ; तब आफूलाई आश्वासन दिने एक मर्दाना तवर शायद यो रहेछ कि जुँघालाई सम्याउनु !

यो कागज-कलम, मसीका क्षेत्रमा पनि लडाइँ छ, यहाँ पनि वीरताको आवश्यकता छ । मलाई संसारका मगजसँग लडेर जितेर रोटी र नाम दुवै कमाउनुपर्दछ । मैले लेखेका कुरामा छि: छि: गरिदेलान् भन्ने त्रास हरहमेशा भित्र छिपेर सावधानी दिइरहेछ । यो जोडतोडको दुनियाँमा म पछि पर्न चाहन्नँ । प्रख्याति र आत्मप्रदर्शनको मीठो ऐंडीले मर्दको पयर संसारमा अघि बढाइरहेछ । मेरो मगज अहिले रित्तो छ, मिठी भावनाहरू शून्य छन्, कविताको गन्ध पनि हृदयमा छैन । अहिले म यो बोधो चिच्याहटमा छु, जो थाकेकी प्रकृतिले आराम खोज्दा मगजको कारखानालाई शून्यजस्तो बनाएर बीच-बीचमा पैदा गर्दछिन् । कति कपाल कन्याएँ, तर व्यर्थ भयो, मगजका जादूगरी गिर्खाहरू कुनै विषयमा झल्कँदै, रुनझुनाउँदै जाग्रत हुन सकेनन् । मउपर एक उराठ बदली लागेजस्तो भयो, जसमा बिजुली छैन । तब पुरुषले आफ्नो पुरुषार्थको चिह्न नपाउँदा आफ्नो तेज र तागतको कमीमा सचेत भएर आउँदा अर्को चीज के सम्झियोस् बरा !– ओठमाथिको जुँघासिवाय ?

तपाईंले याद गर्नुभएको होला– जब पूर्णवयस्क युवकलाई कसैले नामर्दको शब्दले गाली गर्दछ, तब अरू आड नपाएर आफ्ना औंलाद्वारा

पहिले जुंघाकै आधार लिन्छ र ओठमाथिको स्पष्ट, निःसन्देह निश्चित रूपको मर्दको चिह्न मुसारेर तपाईंको ध्यानको टङ्कारै प्रदर्शन गर्दछ। यो आत्म-आश्वासनको सरल उपाय दिने प्रकृतिलाई हामी धन्यवाद चढाउँछौं !– किनकि जब जुँघा छुन्छ तब तब उसलाई एक किसिमको नवीन स्फूर्ति, नवोत्साह र नयाँ जोश पैदा हुन्छ। जुँघाका टुप्पा-टुप्पाबाट एक किसिमको बिजुली निस्कन्छ, जस्तो बिजुली मेशीनका काइयाँले जम्मा गर्दछन्। त्यही विचारले होला मेरा औंला जुँघाको ताउ लाउन पुगे, जब मैले आफ्नो लेखन-शक्तिमा धिक्कार दिन आँटेको थिएँ।

वास्तवमा विचारीहरू जुँघा नभए दाह्री नभएका बोके जस्ता हुन्छन्। गौर गर्नलाई सबभन्दा सजिलो उपाय हुन्छ– जुँघा बटार्नु, निमोठ्नु या ताउ लाउनु। कोही-कोही आँखा पल्टाएर जुँघाका टुप्पालाई बटारबुटुरको सास्ती दिंदा-दिंदा आखिर आफ्ना समस्याका हलमा आइपुग्छन्, कसैको बानी हुन्छ– जुँघा उखेल्ने। मैले कसैकसैले जुँघा उखेल्दै टोक्दैसम्म गरेको पनि देखेको छु। कोही खालि ताउ लाइरहन्छन् मानौं त्यस क्रियाबाट हरेक पटक उनीहरूलाई एकै किसिमका आत्म-सूचनशक्ति मिल्छ। यो कुरा धेरैबाट सिद्ध हुन्छ कि जतिजति जुँघालाई सास्ती दियो उति पुरुषको स्फूर्ति र जाँगर बढ्दो रहेछ। तर हाय ! ती असल-असल मगरहरू– जसका नास्ति जुँघा न दाह्री।

जुँघा भनेको मर्दको सौन्दर्य हो, पुरुषार्थको चिह्न हो, ओठमाथिको आभूषण हो, पूर्णवयस्कताको टङ्कारो छापा हो, पराक्रमको झुप्पा हो, स्फूर्तिको बिजुलीकाइँयो हो, निराशपनाको आधार हो, भालेको कल्की हो र यही कालो गुच्छादार रेखीमा संसारका मर्दको मर्यादा र रवाफ रहेको रहेछ। जतिजति बल बढ्दै गयो उति-उति माथिल्लो ओठमा कालो रेखी बस्तै जान्छ। जतिजति मर्दले संसार बुझ्दै गयो उतिउति त्यो लम्बिंदै जान्छ र जतिजति पुरुषार्थ गर्दै गयो उतिउति त्यो सम्मिंदै जान्छ। 'ओठमाथि जुँघा छ भने तेरो पाइन हेरूं त' भन्ने दुश्मनको हाँक हुन्छ। स्यालका 'जुँघा नउखेली !' भनेर रिसाएको मर्द बुर्लुक्क उफ्रन्छ। बाघका जुँघा उखेलेर शिकारीले बहादुरी देखाउँछ। संसारमा जता हेर जुँघाको महत्त्व घामको उज्यालोमा झल्किरहेछ। मकै जस्तो जड चीजले पनि जुँघाको महत्त्व पहिचानेको छ। बिरालो जस्तो चोर जन्तुलाई पनि जुँघाको उपयोगिता याद छ।

'हाय ! ती दिनको सम्झनालाई आँसु छ, जब भारतका महावीरहरू शत्रुको हृदय थर्काएर आफ्ना पराक्रम देखाउँथे' भन्ने किसिमको कविरोदन कुनै हिन्दी काव्यमा देखेजस्तो लाग्छ । तर जति प्राचीन भारतवीरको तसवीर म देख्तछु, ती सबमा म पाउँछु– जुँघाको भयङ्करता । शिवाजीको तसवीर हेर्नुहोस्– क्या काले, कराले, मूठे जुँघाको भयङ्कर प्राचुर्य र वीरतासंकेतक तालीम ! राजपूत महावीरहरूमा जुँघाको महान् महत्त्व देखिन्छ । तरवार र ढालभन्दा पनि तिनका जुँघा डरलाग्दा देखिन्छन् । जुँघाहीन वीरता आइसल्याण्डको साँपको उखान जस्तो जँच्तछ । प्राचीन पुरुषहरूमा गठिलो व्यक्तित्व थियो, देख्दै काला-काला डरलाग्दा जुँघे वीर थिए । उनीहरूको व्यक्तित्वको स्पष्ट प्रकाशन ओठमाथिको जुँघामा देखिन्थ्यो । रौद्र, भयानक, भीम जुँघा खोज्नुपरे हामीले भारतको प्राचीन इतिहासका चित्रदार पाना पल्टाउनु मात्र पर्दछ ।

तर हाय ! यो नामर्द युग ! यसमा पुरुषको ओठमाथिको रौंसम्मको संकेत पाइन्न ! आत्मनिन्दाको क्रूर छुरा धार लगाएर, प्रकृतिको यस्ता कृष्ण-सुन्दर गहकिलो वरदानलाई सफाचट गरेर वेश्याको पीठो घसेको माथिल्लो ओठजस्तो मसिनो पार्ने यो वक्र सभ्यताको अधोगतिलाई धिक्कार छ ! आधुनिकताको भूत सवार भएका नवयुवकहरूको रोमहीन ओठमाथि मर्दपना रोई-रोई त्यसै बिलाइरहेछ । मर्दको यो अपराध देख्ता मलाई त पुरुषजाति स्वास्नीमान्छेको अनुकरणमा चलिरहेको जस्तो लाग्दछ । आजकलका नवयुवकहरू नखरे, नाजुक, ओठम्म लाली लाएका स्त्रीहरू जस्ता देखिन्छन् । सभ्यता ज्यादै सुकुमारीपनतिर ढल्किरहेछ । विलास, आलस्य, स्वास्नीमान्छेपना र शृङ्गार मात्र यस सभ्यतामा राज्य गर्दछन् ।

जुँघा राख्नामा केही बलियो, गठिलो, हाँकिलो पुरुषार्थ र मजबूत मर्दपनाको संकेत पाइन्छ । यी प्रकृतिका काला फर्माइश निरर्थक छैनन् । यिनमा स्त्रीजातिको अनुचित अनुकरणको विरुद्ध मर्दपनाको मीठो बलवा छ । हामी घरकी कुखुरीले ठुँगिन चाहँदैनौं । हामी दुर्बल थाङ्ना सह्यार्ने जातिको अगाडि ओठमाथिका आभूषणमा ताउ लगाएर, आफ्नो पौरुषभेद जनाएर अकडिएर मर्दको हुंकारी मर्यादा राख्न चाहन्छौं । आधुनिक पुरुषहरूमा भयंकरताको मात्रा बहुत कम भएको कारण जुँघाको सफाचट हो, यस्तो अनुमान गर्न सकिन्छ– जुँघाहीन पुरुष भएका घरमा घोडी नै

राज्य गर्दछ। पुरुषहरूलाई केही पुरुषता नै चाहिन्छ। सिंहलाई जस्तो यालको जरूरत छ त्यस्तै पुरुषलाई जुँघाको, जसमा गम्भीर, शासक हाँकदार मर्दको बडप्पन स्पष्टीकृत हुन्छ। जुँघा उखेल्ने जोइटिङ्ग्रे हुन्छन्, जुँघा राख्ने– जवान।

मैले 'ले हण्ट' नामक प्रसिद्ध प्रबन्धलेखकको एक हास्यप्रधान लेखमा पढेथें कि कुनै रानीले आफ्नो स्वामीका बागीहरूको पक्ष लिइन्, किनकि राजाले उनको जनाना गाला जस्ता मसिना गाला लिएर (याने दाह्री खौरेर) उनको सामना गरेका थिए। त्यस वेलासम्म सभ्यताको कदम शायद ठीक दिशामा रहेछ। तर आजकलको महान् परिवर्तन हेर्नुहोस्! 'लोग्नेको जुँघा राखे रे भन्ने रिसले एक मेमसाहेबले पिस्तोलको गोलीले विवाहको बन्धनको विच्छेद गरिदिइन् रे।' आधुनिक स्त्रीहरू जुँघाको किन यस्तो रिस गर्दछन्, म भन्न सक्तिनँ। आजकल स्त्रीहरूले पुरुषलाई मिच्तै ल्याएका छन्; उनीहरू सम अधिकारको मागबाट पनि अगाडि बढिसके, र पुरुषजातिको यस्तो हाँकदार मर्दाना कालो चिह्न देख्यो कि शायद उनका नजर जल्दा हुन्। मनोवैज्ञानिक कारणहरू अनौठो छद्मवेशमा बाहिरका क्रियामा काम गर्दछन्।

तर मलाई पनि यस्तो लमजुँघे मन पर्दैन जो दुई कानमाथि जुँघाका मूठा बटारेर चढाउँछ र विशेषताको राक्षसी अधिकार राख्तछ। मेरो सिद्धान्तमा प्रकृतिले उब्जाउने र बढाउने कुराहरू ज्यौंका त्यौं राख्नु भन्ने छैन, अलिकति छाँटकाँट नगरेदेखिन् त मान्छे र भालुमा के फरक छ? भालु-नङ पाल्ने, काने जुँघा राख्ने, झाडी आँखीभौं बढ्न दिने पुरुषहरू सौन्दर्योपासनाका नजरका कसिङ्गर हुन्। ती अजायबघरलाई नमूना राख्न सुहाउँछन्, तर संसारको गृहस्थी जीवनलाई अयोग्य नै ठहऱ्याउनुपर्छ।

जुँघा पनि थरी-थरीका हुन्छन्। कोही जुँघा घोप्टा हुन्छन् मानौं जूवाको खालमा सब कौडी घोप्टिएर चौका परेको हो। घोप्टेजुँघेहरूमा उत्साह कम हुन्छ, उनीहरू शायद जे भने पनि मान्छन् र 'जी हाँ हजूर' किसिमका पुरुष हुन्छन्; मर्दको नूर नै गिरेजस्तो देखिन्छ। तिनका ठीक उल्टा हुन्छन्, उपरफर्कुवा। जो जुँघा बटार्छन् र माथितिर फर्काएर घुमाउँछन् मानौं यिनका थर 'मै-हुँ-म' हो। तीखोटुप्पे सुइरे जुँघा भन्दछन्, 'कोही टेरे टेर, नटेरे नटेर' यो संसार मेरा निम्ति, म हुँ कुबेर!' कोही

पुतलीकट हुन्छन्; यिनीहरूलाई नाजिज्मभन्दा ठूलो सिद्धान्त दुनियाँमा हुँदैन र लडाइँ संकुचित राष्ट्रियतामा विश्वास राख्तछन् । एक-एक जुँघामा एक-एक व्यक्तित्व छ र म ओठ नचले पनि जुँघा देख्तै मानिसको चरित्र बुझिहाल्दछु । तर असल-असल मगर र भोटेहरूले भने मेरो मनोवैज्ञानिक परीक्षालाई नस हालिदिन्छन् ।

जुँघामा केही शासन गर्न सक्ने आदरोत्पादक गुणहरू अवश्य छन् । म जब स्कूलमा थिएँ– तब मलाई अरूको उत्तिको डर लाग्दैनथ्यो जत्तिका जुँघे माष्टरजीको । बेतको छडीभन्दा उनका हुङ्कार डरलाग्दा थिए । जब उनी जुँघामा हात लगाएर कर्के आँखाले हेर्दथे, तब क्लासको मुटु थर्कन्थ्यो, सबका आँखा कितापमा लाग्दथे । उनी अग्ला, काला, भयङ्कर थिए, त्यसउपर जुँघाको कालो मुस्लोले गर्दा त उनको चेहरा र स्वरूपमा त्यो भयङ्करता, त्यो अदब राख्न सक्ने त्रासोत्पादक तेज देखिन्थ्यो जो लडकाको मनमा सहजसँग प्रभाव गर्दछ । लडकाहरू भन्दथे– जब उनी दायाँ हातले जुँघा मुसार्थे तब केही डर थिएन, त्यस दिन दायाँ हातमा बेतको छडी हुँदैनथ्यो र उनी मजा-मजाका गफ र कहानीले क्लासै बहलाउँथे, तर जब उनी बायाँ हातले जुँघा मुसार्थे तब या त दायाँमा छडी हुन्थ्यो या त चडकनचिउरा । ती जुँघा मेरो मनमा यस्तो प्रभावकारी भएर अङ्कित भए कि एक दिन पाठ घोक्तै-घोक्तै निदाएको मैले सपना देखें– माष्टरजीको जुँघा ! मान्छे पनि थिएन, स्वरूप पनि थिएन, तर साढे तीन अङ्गुलका दुई टुक्राबीचमा अलिकति फाटेर कसोकसो जोडिएका रहेछन् । म तिनलाई आफ्ना ओठमा चढाउनको प्रयत्न गर्दोरहेछु जस्तो कहिले मकैको जुँघा लाउन केटाकेटीको सोख हुन्छ । त्यो सपनाको मतलब त्यस बेला बुझें जब आफ्ना ओठले जुँघा हाले र म माष्टरको वृत्तिमा लागें ।

# एउटी चरीको चिरीबिरी

म घुम्दै रानीवनमा पुगेछु। टोपी फुकालेर शीतल हावाको स्पर्शले आनन्द मानेर बसें। नजीकमा खोला कलकल गर्दै चल्दथ्यो !

भ्रमणभन्दा रमाइलो विश्राम हुँदो रहेछ। हिंड्नु त्यस बेलाको तयारी हो जुन वेला हामी ठाउँ रोजेर थकाइ मार्दछौं। कामका निमित्त इनाम जत्तिको मीठो हुन्छ, हिंडाइपछिको आराम उत्तिकै आनन्ददायी हुन्छ। त्यहाँ ढुङ्गामा बस्नु मलाई कामको दिनपछिको आरामी डस्नामा लेट्नु थियो, जहाँ विपना हावा हुँदै जान्छ र सपना खँदिलो हुँदै जान्छ। नखलिस्तानको मोहनी त्यहाँ बुझिन्थ्यो। त्यहाँ गाइनेको गीतबाट मोहनी निक्लेर हावामा घुस्तथ्यो। त्यहाँ मैले बुझ्न थालें– जल किन कलकलाउँछ ? किन पृथ्वी हरियो हुन्छ ? र मैले त्यहाँ त्यो आनन्द अनुभव गर्न लागें– जसलाई भाषा हुँदो रहेनछ।

दृश्यमा केही विशेषता छैन। वरिपरि पहाडहरू उठेका छन्– कतै हरिया, कतै साङ्ग्रा, कतै बाक्ला वनले ढाकिएका। मनेरको रूखमा एउटा चरा मीठोसँग बोल्दछ।

संसारमा अरू चीज त्यत्तिको मीठो बोल्दैनन्, जत्तिको त्यो भुवादार फुरफुरिलो चीज बोल्दछ, जसलाई हामी चरा भन्दछौं। बुझिने भाषा मानेदार सीमा नाघ्न सक्तैनन्; नअर्थिने शब्दहरूको माधुर्य प्रकाशन होइनसक्नासाथ भावको देशबाट निक्लन्छ। बुझ्नेलाई आखिरमा निरर्थक केही छैन। यो दुनियाँमा ईश्वरको जादूगरी मतलब नलिई बोल्दैन। हामी सधैं ईश्वरसँग हिंडेका हुँदैनौं। बराबर हृदयले दिएको ध्वनि पाउँछ र फुल्दछ, भित्र अर्थ जस्ता तर आग्रह्य सूचनाहरू आउँछन्; बुझिएला-बुझिएला भनेजस्तो लाग्दछ तर बुझ्नाको र बुझाउनाको पार भाव बन्दछन्, सूचना बन्दछन्, बिलाउँछन्। जब मैले त्यस चराको शब्द सुनें मैले बुझें– चराहरूलाई किन भाषा दिइएको थियो। मेरो

ओठबाट त्यस्तो ध्वनि निक्लन असम्भव थियो, म त्यसको नक्कल गर्न सक्तिनथें । म मानेदार बनाएर ध्वनि बिगार्थें, मेरा शब्दहरू साना संकुचित सीमाभित्र निक्लन्थे; तिनमा त्यो प्राकृत जादू हुँदैनथ्यो– यो विशालको टुना, जो त्यसको थर्कंदो पातले चरीजिभ्रोबाट ध्वनि भएर निक्लन्थ्यो, मेरो खस्रो छातीमा भावनासम्म दिइएको थियो । म चरो हुन्थें बरु ! केही मिहीनाउन त पाउँथें ! यो विवेक बहसपूर्ण वस्तुभेदी बोलीभन्दा मलाई त्यो मीठो लाग्यो ! मानौं त्यहाँ पहाडहरू जम्मै मिलेर मुटुबाट ध्वनि बन्थे ! मानौं विशालको अविदित भाषा त्यसको कण्ठ थियो, त्यो बोल्थी त्यस आत्मप्रकाशनको ऐडीले– जो सिर्जनाको आनन्दमा उठ्तछ ।

मलाई कहिले-कहिले यस्तो लाग्दछ कि माटाको पूर्णता फूल हो र फूलको पूर्णता चरा हो ! फूलहरू बोल्न खोज्दछन् तर शब्द निक्लँदैन; म सूचनाबाट तिनको भाषा टिप्तछु । तर चराहरूमा रङ पनि हुन्छ, कोमलता पनि; त्यसउपर तिनीहरू स्पष्ट बोल्दछन् । हृदयको उद्गार गर्ने शक्ति चरामा देखिन्छ । मानौं सिर्जनाको सुख जीवनको केन्द्रबाट माधुर्य लिएर कुर्लिन्छ । चरी जीवनको हरियो कुञ्जमय रहस्यरञ्जित अनुभूति सुरिलो बनेर भावुक केन्द्रबाट उद्गारित हुन्छ– वेभाषाको टुनादार माधुर्यमा मानौं स्रष्टाको प्रेम विभिन्न चातुरीमा अनेक बनेर एक जीवनको जीवन-आस्वादनको कृतज्ञता प्रकाशक मधुरध्वनि सुन्न चाहन्छ । मलाई यस्तो-यस्तो लाग्दछ कि जीवन भनेको विशालको आस्वादन हो; पूर्णको भाव हो, विश्वको समष्टिरूपको केन्द्रीभूत चैतन्य हो । यसैकारण दृश्यजगत् उसको ध्वनिमा कुर्लेर आउँछ; मेरो जीवन सहानुभूतिको भावले अनुस्पन्दन पाएर आफ्ना आभ्यन्तरिक अनुभवहरू खोज्न कान थापेर अघि सर्दछ ।

म त्यस्तै सानो कुञ्जमा बास गर्दथें, मेरो हरियो रानीवन रमाइलो थियो, म त्यसैलाई रोजेर प्रकृतिमा गुँड बनाएर बसेको थिएँ । मलाई तिनै आकाशमा उड्न मन लाग्दथ्यो, जहाँ त्यस चरीले उषासँग दिन-दिनका सुनौला रहस्यहरू सोध्न जान्थी । त्यही कलकले जलले मेरो आँत रमाउँथ्यो, जहाँ त्यो चरी चुच्चो डुबाउँथी । तिनै पहाडहरूको मोहनीले मलाई घेर्दथे, जसले चरीलाई बिउँझाएका थिए । नेपाली मट्टीबाट बनेको सानी मूर्तिले त्यही नेपालानुरागी भावुक हृदय लिएर

आएकी थिई, जो मेरो हृदयको हृदय थियो । त्यो उठ्थी, गाउँथी जस्तो म गर्न चाहन्थें । मेरो भाषा त्यहींबाट निक्लन्थ्यो, जहाँबाट यसले यो मीठो शब्द टिपेकी थिई । तर मैले जति गाएँ, तिनीहरूमा त्यो माधुर्य थिएन, न त त्यो मोहनी । मलाई विवेकले हरेक कदममा छकाइदिन्थ्यो, अविश्वास र भ्रमले बराबर लरबराइदिन्थ्यो । यसमा त्यो स्पष्ट मोहनी थियो, जो विश्वास जस्तो सुरिलो छ ।

# मान्छेलाई घडीबाट हानि

घडीको आविष्कार हुनुभन्दा अगाडि मनुष्य जातिलाई समयको होश दिने प्रकृति नै थिइन् । आजकलका मान्छेलाई 'कुखुरी काँ' को मोल थाहा छैन । उहिले-उहिले यो सिउरदार चरो समय देखाउने चीजहरूमध्येको भाले थियो । त्यस्तै हामी आजकल तारा हेर्दैनौं । तर उहिलेका मान्छेलाई आकाशमा जादू मात्रै थिएन । समयको संकेत पनि थियो । छायाको अध्ययन बीसौं शताब्दीको नजरमा त्यत्तिको मूल्यवान् छैन जत्तिको घडीअगाडिको युगलाई जँच्दथ्यो । परेवाको कुर्लन र अनेक संकेतहरूबाट समयको विचार गर्न मानिसहरू हामी जस्ता लापरवाही थिएनन् र यो कुरा स्पष्टतया बहसविना मालूम हुन्छ कि घडीको आविष्कारले मनुष्यजातिलाई हानिसिवाय केही गरेन ।

हामीहरूले अब यन्त्रद्वारा प्रकृतिको कार्यक्रमको अध्ययन गर्न सिक्यौं र आफ्ना निमित्त विचार गर्नुभन्दा यन्त्रद्वारा विचार गर्न थाल्यौं । हाम्रो मगजमा मेशीनको अत्याचार बढ्यो र स्वतन्त्र अन्वेषण र प्राप्तिको मोहनीबाट सभ्य मानिस हरहमेशा वञ्चित छ । घडीविना विचार गर्ने व्यासजी बने, घडी लिएर विचार गर्ने लक्ष्मीप्रसाद भनाउँदो । हामी आजकल खियौटे ठेट्ना बनिरहेछौं र हाम्रा मुटुका ढुकढुकी यन्त्रका टिकटिकीसँग तालमा मिल्दछन् । हामी यन्त्र बनाउँछौं, उनीहरू मन्त्र बनाउँथे । जहाँ आधुनिक पुरुषलाई पाङ्ग्रा र कमानीको तालीममा काम गर्नुपर्दछ, पहिलेका मान्छेहरू प्रकृतिका संकेत र सूचनाहरू पाएर विशालको तालीममा काम गर्दथे ।

प्राचीन युगमा मनुष्यहरू त्रिकालदर्शी हुनुका कारण यो एक हुन सक्तछ कि उनीहरू समयलाई यसरी टुक्रा पार्दैनथे र अनन्तको आह्वानलाई सानो टिकटिकीमा परिणत गर्दैनथे । हाम्रो आंशिक दृष्टि छ, उनीहरूको समष्टिरूपको दृष्टि थियो, त्यसैले प्राचीनकालमा ऋषि

भए, अर्वाचीनमा छ्यासमिसे । पुराना महात्मा सबको आत्माको माहात्म्य देख्थे, तर आजकलका महात्मा आफ्नै आत्माको महात्म्य देख्तछन् । पहिले-पहिले ऋषिले पलेंटी कसे भने दिन बितेको थाहा पाउँदैनथे, तर एकै छिन समाहित भएर बसें भने मलाई घडी हेर्न मन लाग्दछ । जहाँ घडीको संकेत हुँदैन, त्यहाँ मानव-आत्माले अनन्तसँग नाता जोडेको देखिन्छ तर म समयलाई साना-साना टुक्रामा हेरेर दीर्घकालदेखि तर्सन्छु र थोरै क्षणको धैर्यले मेरो नाक फुल्दछ । अनन्तबाट म त्यत्तिकै सधैं दूर छु, जत्तिको होश हराएका भारद्वाज समाधिस्थ अवस्थामा मभन्दा माथि देखिन्छन् ।

हामीहरू जीवनलाई सेकेण्डमा बाँडेर टुक्रचाइरहेछौं, ध्येयशून्यताको चक्करमा बाटुला घडीहरूको सुईका यात्रामा समय व्यतीत गरिरहेछौं । हामीहरू छरिइरहेछौं, संकीर्ण हुनु विकीर्ण हुनु हाम्रो सभ्यताको लक्षण हो । हामी एक घडीलाई धेरै देख्तछौं, त्यसलाई साठी मिनेटमा र हरएक मिनेटलाई साठी सेकेण्डमा बाँड्दछौं । हाम्रो आजकल कनिकाकेलाइ छ । महान् तत्त्वहरू सेकेण्डका होशमा उफ्रँदैनन् र हामीहरू देवताको दिन र ब्रह्माको युगको कल्पना गर्न सक्तैनौं । हामीहरू छोटकरी बनिरहेछौं, खुम्चिरहेछौं, बोक्रा पढ्दछौं, सतह हेर्दछौं, हिसाबको क्षेत्रमा घुम्दछौं, आत्मालाई छाडेर रक्तसञ्चालनका नियमहरू अध्ययन गर्दछौं । मेरो विचारमा त यो घडीहरूकै अत्याचारले भएको हो ।

किनकि आजकल हामीहरू घडीले उठतछौं र घडीले बस्तछौं । अध्यापक क्लासमा आउँदा घडी हेरेर आउँछन्, घडी हेरेर जान्छन् । आजकलको विद्या र प्रमाणपत्रका बोक्रेपनमा विचार गर्ने मान्छेले थाहा पाउँछ मानव-आत्मामा घडीको कत्रो अत्याचार छ। पहिले-पहिलेका गुरुहरू हरहमेशा दिनरात शिक्षा दिएर विद्यार्थीको आचार-व्यवहारसमेतमा ध्यान राख्तथे । आजकालका माष्टरजीहरू घडी हेरेर पढाउन बाह्रकोठे बाटुलमुखेका काला अङ्कहरू गनीगनी पैसा लिन्छन् । विद्याको धारो समयमा खुल्दछ र समयमा बन्द हुन्छ, उपदेशको घडी तौलले खरीद-बिक्री हुन्छ अनि हामी बोक्रे हुनु कुन गजबको कुरा हो र ?

हामीलाई परिश्रमको बाँड सिकाउने घडीको आविष्कार हो । बरु यन्त्रहरूको जेठो दाजु नै घडी हो । हामीहरू हमेशा बेफुरसती छौं, सास फेर्न पाइन्न ! यो स्वाँ-स्वाँको युगमा हामी घडीका सुईका

मार्गप्रदर्शनमा छौं । हाम्रा सुईहरू मूसा दौडेझैं दौडन्छन् । अनि आधुनिक कविहरू किन विलौना नगरून्:– यो जाबो जीवन के हो, यदि चिन्ताले परिपूर्ण भएर हामीले एकै छिन उभिएर एकोहोरो हेर्नकै फुरसत पाउन्नौं भने ? साँच्ची नै लोखर्केले सुपारी लुकाउने ठाउँ हेर्न हाम्रो फुरसत छैन : हामी पैसा-पैसा भनी मरिरहेछौं । घडीले हामीलाई सिकायो कि जीवन व्यापार हो तर एकाग्रीकृत अभिप्राय होइन । हामी टिकटमा दौडिरहेछौं । हामी विशालका मुटुको ढुकढुकी सुन्न सक्तैनौं । यो लेख लेख्तालेख्तै मेरो कानमा नजीकको घण्टाघरले चार टङ्कारा प्रहार गर्दछ र टिनटिनाहटले मेरो अफिसको समय सिद्धियो भन्ने असर जनाउ दिन्छ । कति मीठोसँग पाठक महाशयसँग कुराकानी चलिरहेको थियो र अरू कति मीठा कुरा निकालौंला भनेजस्तो लागेको थियो । तर अपशोच, मेरा सहकारीहरू सबै फट्फटाउन लागिसके । घण्टाघरको राज्यमा मानव-मगजलाई यत्तिकै अधिकार छ र बीसौं शताब्दीको लेखको नमूना यही हो ।

# सत्य सोझो हुन्छ

सत्य प्राकृतिक छ असत्य अप्राकृतिक । मेरो आत्मा झूटो चाहँदैन । 'मनुष्यको आत्माभित्र सेतो हुन्छ, सबै कालो हुन्न' ठूला-ठूलाको भनाइ छ । ईश्वर साथ हुन्, मानवात्मा शान्ति-पोषण पाउँछ । असत्य आत्मघाती छ ।

म झूटो बोल्दा दोहरो चलाकी गर्छु, सत्य बुझ्ने र सत्यलाई छिपाउने । झूटो बोल्नासाथ मभित्र वक्रताको प्रादुर्भाव हुन्छ । अनि झूटोलाई स्वीकार नगरुञ्जेल मलाई झूटोउपर झूटो थप्ने प्रवृत्तिहरू बढेर बाङ्गो बाटोमा विभिन्न पत्रे भूलभुलैया बनाइदिन्छन् । सच्चा आत्मा झूटोबाट डराउँछ, मिथ्याका निमित्त उसको सामर्थ्य नै हुँदैन । यिनै वक्रताहरू विकृति हुन्, नरकको कुण्ड भनेको यिनैका क्रिया हुन् । यिनमा ज्वलन छ, अँधेरी आतस कम्प ! अनन्त कालको थिचाइले मानवात्मालाई बङ्ग्याएर राख्तछन् ।

त्यो जाति जिउन सक्तैन, जो असत्यको पोषण गर्दछ ! उसका अङ्गहरू बाङ्गिँदै जान्छन् । विचारधाराहरूले अनन्त वक्रता लिंदा अनन्तको उत्तर भागको शक्तिले सत्यतर्फ नसोझिउञ्जेल त्यसलाई दुःख दिँदै लैजान्छन् । असत्यको आधार गरेर जीवनको आशा हुन सक्तैन । संसारको सत्यले त्यस जातिलाई थिचाइमा संहार गर्छ, जो असत्यको वक्रतामा संसारसँग लडाइँ गर्दछ । ज्यादा दीर्घ लडाइँले त्यसका सब अङ्ग नाश हुन सक्छन्, तर थोरै समयको वक्रताले खण्डनाशसँग थोरै अङ्गभङ्गबाट सत्यको होश मिलेर बच्न सक्तछ ।

त्यसकारण, हे समयका शिशुहो ! सत्यमा लाग । बाङ्गो नबन, आत्मघात वीरता होइन । फोस्रो इज्जत, रवाफ र महत्त्वले आत्मवञ्चनामा नपस । सत्यको विरुद्ध बहादुरी काम लाग्दैन । तिमीहरू त्यहाँ नास्तिक हुन्छौ, जहाँ सत्य छाडेर बोक्रे बन्छौ । ईश्वर र अनन्तकाल छकिन्नन् ।

तिमीहरू सोझो बन, अन्तःकरणको आवाजपछि लाग। धर्म भनेको स्वार्थी झगडा होइन। आत्मविरोधले आफैसँग लडाइँ गरेर पाताल पुऱ्याउँछ। डराऊ धर्मसँग, सत्यदेखि, ईश्वरसँग। तलबितलमा नाशहरूका रेखा लेखिएका छन्। तिमीहरू असत्यको आडमा इज्जत राख्न सक्तैनौ, असत्यपछि लागेर स्वर्ग चढिन्न, क्षण-क्षणमा ईश्वरसँग सत्यको होश माग।

म असत्यको अडान लिने जातिलाई एउटा अनौठो मुर्दाको रूपमा चित्रण गर्दछु– जसका नसाहरू उल्टिएका छन्, हड्डीहरू बाङ्गिएका छन्, आँखा उल्टापट्टि लागेका छन्, दाँत किटिएका छन्, होश उडेका छन्।

सत्य ओठमा सजिलोसँग आउँदछ, सजिलोसँग हृदयमा बस्तछ। हामीले होश पाउनुभन्दा अघि विश्वमा झल्किन सक्तछ। अरूलाई असत्यद्वारा अहिले गरूँ भन्नेचाहिं आफ्नो आत्मालाई गुम्स्याएर दुःख दिँदै नरकको बाटो चलिरहेछ। तिमीहरू अनन्तलाई के छकाऔला ? आत्मालाई के मारौला ? के अँधेरोमा सधैं राखौला ? ल्वैन, नहिंड असत्यको गाँजामा। चाँडै नै सत्यतिर फर्किहाल !

तिमीहरूलाई दुःखको विलास छ। ज्वलन चाहन्छौ। केका निमित्त यति दुःख पाउनु मानिसले ? यदि सत्य जस्तो धन गुम्दछ भने ! तर तिमीहरू सत्य मार्न असत्यमा ढिपीदार बन्दछौ। हे आत्मा, नरिसाओ, तिमीहरूलाई सत्यले यति दिनसम्म छोडिसकेको छ कि सत्यको आवाज सुन्दैमा तिमीहरू च्याँठिन्छौ र रिसाउँछौ। नरक मीठो छ, स्वर्ग तीतो छ, तर सत्यको जिभ्राले स्वाद लेऊ, मोल उल्टिन्छ।

भित्र केही भावना नछिपाऊ जो तिमी छद्मवेशमा प्रहार गर्न चाहन्छौ; यसले मलाई होइन, तिमीलाई दुःख हुन्छ। तिमी नजल, सत्यमा ठण्डा होऊ, दोमुखे जीवन आफै हार खाएर सेलाउँछ। उल्टी-पुल्टीको वेताली यातना खानु मानवविवेक पनि होइन फेरि मानवात्माको आत्मसम्मान पनि होइन।

सोझो बन। सत्य प्राकृतिक छ, शान्त, धीर छ। कता बढ्ने ? अनन्त अँधेरीतिर कि अनन्त उज्यालोतिर ? असत्यमा आशा नराख। नदेखिने तरवारहरू हरहमेशा तिम्रा आशा काटिरहेछन्। धर्म नरोक, आत्माको सत्य नथिच, त्यो एक दिन उल्टेर तिमीलाई उल्टाउन आउनु परमेश्वरको स्वाभाविकै नियम हो। सत्य थिचिदैन, मर्दैन, नास्तिक

आशा काम लाग्दैनन् । यस नीतिको विश्वमा असत्यलाई अनन्त कालसम्म दण्ड छ र मृत्युको पार पनि ! त्यसकारण नबाझिओ ।

धर्म केका निमित्त ? सत्यको स्थापनानिमित्त ? असत्यदोषीहरू धार्मिक हुन सक्तैनन् । असत्यमा नास्तिकता छ । परमेश्वर असत्यको मार्गलाई पूरा गर्दैनन् । असत्यद्वारा सुन्दैनन् ।

असत्यको अभिप्राय राख्नु स्वार्थको दोष हो । के तिमी ईश्वर चाहन्छौ ? के तिमीलाई स्वर्गको राज्य चाहिन्छ ? स्वार्थको लेश छाडेर मकहाँ आऊ र एक उपदेश सुन– 'सत्य सोझो छ ।'

# महाकवि देवकोटाका केही कृतिहरू

**उपन्यास**

चम्पा

**कथा/कहानी**

लक्ष्मी कथासङ्ग्रह

**कविता/खण्डकाव्य**

कुञ्जिनी
कृषिबाला
गाइने गीत
दुष्यन्त-शकुन्तला भेट
पुतली
महाकवि देवकोटाका कविता (डा. कुमारबहादुर जोशीद्वारा सम्पादित)
मुनामदन
राजकुमार प्रभाकर
रावण-जटायु युद्ध
लक्ष्मी गीतिसङ्ग्रह
लक्ष्मी कवितासङ्ग्रह (डा. चूडामणि बन्धुद्वारा सम्पादित)
लूनी
सीताहरण
सुनको बिहान
म्हेन्दु

**महाकाव्य**

पृथ्वीराज चौहान
वनकुसुम
शाकुन्तल
सुलोचना

**नाटक/एकाङ्की**

सावित्री-सत्यवान

**निबन्ध**

दाडिमको रूखनेर (राजेन्द्र सुवेदीद्वारा सम्पादित)
प्रसिद्ध प्रबन्धसङ्ग्रह
लक्ष्मी निबन्धसङ्ग्रह

**समालोचना**

स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा (राजेन्द्र सुवेदीद्वारा सम्पादित)

9 789993 326151

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५२१०२३